# इतिहास

कक्षा -९

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© **प्रकाशकमा**

**प्रथम संस्करण :** वि. सं. २०७६

मुद्रक : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

**मूल्य** : रु.

ISBN : 9789937-601-37-5

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान्, अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्यासम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा समाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । माध्यमिक शिक्षा ऐच्छिक इतिहास विषयको पाठ्यक्रमलाई मूल आधार मानी शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषण समेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

डा. राजाराम सुवेदी, श्री होमनाथ पौडेलद्वारा लिखित यस पाठ्यपुस्तकलाई यो स्वरूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, श्री कृष्णप्रसाद काप्री, डा. कर्णबहादुर बानियाँ, डा. नीलप्रसाद पन्त, श्री ज्ञानी जोशी, श्री सुरेशकुमार जोशी, श्री प्रेमकुमार भट्टराईलगायतका महानुभावहरूको विशेष योगदान रहेको छ । यस पाठ्यपुस्तकको विषयवस्तु सम्पादन श्री विष्णुमाया सापकोटा, श्री सरस्वती भट्टराई, भाषा सम्पादन श्री गणेशप्रसाद भट्टराई, श्री विष्णुप्रसाद अधिकारी, श्री चिनाकुमारी निरौला, लेआउट डिजाइन श्री खडोस सुनुवारबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

वि. सं. २०७६

# विषयसूची


| एकाइ | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **एकाइ- १** | **प्राचीन र मध्यकालीन नेपाल** | **१-२९** |
| पाठ- १ | इतिहासको अर्थ र स्रोत | १ |
| पाठ- २ | नेपाल शब्दको उत्पत्ति र अर्थ | ५ |
| पाठ- ३ | गोपाल, महिषपाल र किराँत | ७ |
| पाठ- ४ | किराँतकालीन सभ्यताको झलक | ९ |
| पाठ- ५ | मिथिला र कपिलवस्तु सभ्यता | १२ |
| पाठ- ६ | लिच्छविकालीन सभ्यता | १५ |
| पाठ- ७ | राजा अंशुवर्मा (वि.सं. ६६१-६७८) | १८ |
| पाठ- ८ | राजा नरेन्द्रदेव (वि.सं. ६९९-७३५) | २१ |
| पाठ- ९ | लिच्छवि सभ्यता | २३ |
| पाठ- १० | मध्यकालमा नेपाल एकीकरण गर्ने प्रयास | २५ |
| पाठ- ११ | नेपाल एकीकरण पहिलेको अवस्था | २७ |
| **एकाइ- २** | **आधुनिक नेपाल** | **३०-११५** |
| पाठ- १ | नेपाल एकीकरण अभियानको पहिलो चरण | ३० |
| पाठ- २ | उपत्यकामाथि आक्रमणको तयारी | ३६ |
| पाठ- ३ | उपत्यकामाथि नाकाबन्दी | ४० |
| पाठ- ४ | उपत्यका विजय र पूर्व-पश्चिम अभियान | ४३ |
| पाठ- ५ | एकीकरण अभिययानको दोस्रो चरण | ४७ |
| पाठ- ६ | नेपाल-तिब्बत चीन युद्ध: कारण र परिणाम | ५० |
| पाठ- ७ | नेपाल एकीकरणको तेस्रो चरण | ५६ |
| पाठ- ८ | नेपाल अङ्ग्रेज युद्धका कारण | ५८ |
| पाठ- ९ | नेपाल अङ्ग्रेज युद्ध: तयारी र घटना | ६१ |

| | | |
|---|---|---|
| पाठ- १० | नेपाल अङ्ग्रेज युद्धका परिणाम | ६८ |
| पाठ- ११ | राणाशासनको उत्थान र पतन | ७१ |
| पाठ- १२ | राणाशासनकालको राजनीतिक, सामाजिक र आर्थिक अवस्था | ७६ |
| पाठ- १३ | नेपालमा जनजागरणको आरम्भ | ७९ |
| पाठ- १४ | राणा शासन विरुद्ध राजनीतिक पहल | ८३ |
| पाठ- १५ | २००७ सालको क्रान्तिका कारण | ८८ |
| पाठ- १६ | २००७ सालको क्रान्ति र यसका उपलब्धिहरू | ९२ |
| पाठ- १७ | २००७ देखि २०१७ सालसम्मको संसदीय राजनीतिको अभ्यास | ९७ |
| पाठ- १८ | आमनिर्वाचन २०१५ र प्रजातान्त्रिक सरकार | १०४ |
| पाठ- १९ | राजा महेन्द्रको प्रत्यक्ष शासन | १०९ |
| पाठ- २० | २००७ सालदेखि २०१७ सालको अवधिमा भएका सुधारका प्रयासहरू | ११३ |
| **एकाइ ३** | **विश्वका सभ्यताहरू** | ११६–१२९ |
| पाठ : १ | मिश्रको सभ्यता | ११६ |
| पाठ : २ | बेबिलोनको सभ्यता | १२२ |
| पाठ : ३ | ह्वाङ्हो सभ्यता | १२५ |
| पाठ : ४ | सिन्धु घाँटीको सभ्यता | १२८ |
| **एकाई ४** | **विश्वका क्रान्तिहरू** | १३०–१७२ |
| पाठ- १ | अमेरिकी स्वतन्त्रता सङ्ग्राम | १३० |
| पाठ- २ | अमेरिकी स्वतन्त्रता सङ्ग्राम : घटना र विवरण | १३५ |
| पाठ- ३ | गौरवमय क्रान्ति | १४० |
| पाठ- ४ | गौरवमय क्रान्ति: घटना र परिणाम | १४४ |
| पाठ- ५ | कृषि क्रान्ति | १४७ |
| पाठ- ६ | औद्योगिक क्रान्ति | १५० |

| | | |
|---|---|---|
| पाठ- ७ | औद्योगिक क्रान्तिका क्षेत्र र परिणाम | १५२ |
| पाठ- ८ | फ्रान्सको क्रान्ति | १५७ |
| पाठ- ९ | फ्रान्सको क्रान्तिमा बौद्धिक र आर्थिक कारण | १६२ |
| पाठ- १० | स्टट्स जनरलको अधिवेशन र क्रान्ति | १६६ |
| पाठ- ११ | फ्रान्सेली क्रान्तिका परिणामहरू | १७० |
| **एकाइ ५** | **प्रथम विश्वयुद्ध** | **१७३–१८८** |
| पाठ- १ | प्रथम विश्वयुद्धका कारण | १७३ |
| पाठ- २ | प्रथम विश्वयुद्धका घटना | १८१ |
| पाठ- ३ | प्रथम विश्वयुद्धका परिणाम | १८४ |
| **एकाइ- ६** | **विश्वव्यापी सङ्गठनको अवधारणा** | **१८९–२०९** |
| पाठ- १ | दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) | १८९ |
| पाठ- २ | सार्कका उद्देश्य, सिद्धान्त तथा अङ्ग | १९३ |
| पाठ- ३ | सार्क शिखर सम्मेलन तथा कार्यक्रम | १९७ |
| पाठ- ४ | दक्षिणपूर्व एसियाली राष्ट्रहरूको सङ्गठन | २०२ |
| पाठ- ५ | आसियानका गतिविधि | २०५ |
| **एकाइ ७** | **प्रयोगात्मक क्षेत्र** | **२१०–२१८** |
| पाठ- १ | ऐतिहासिक खोजी | २१० |

# प्राचीन र मध्यकालीन नेपाल

एकाइ १

## पाठ - १ इतिहासको अर्थ र स्रोत

### १. इतिहासको अर्थ

विभिन्न कालखण्डमा भएका गतिविधिहरूको तथ्यगत र प्रमाणसहितको सङ्कलित वयान इतिहास हो । पहिले भएका गतिविधि र तिनीहरूका परिणामहरूका बारेमा जान्नका लागि इतिहास पढ्नुपर्छ । इतिहासको अध्ययन मानव जीवनका लागि निकै महत्त्वपूर्ण छ । इतिहासले विगत र वर्तमानको मूल्याङ्कन गरी भविष्यका योजना बनाउने क्षमताको विकास गराउँछ । त्यसै गरी पहिले सम्पन्न भइसकेका कामको जानकारी दिलाई नयाँ पुस्तालाई नयाँ कामको थालनी गर्न अभिप्रेरित गर्ने काम पनि इतिहासकै हो । इतिहासको अध्ययन भएन भने पूर्वजले गरेका काम नै पछिका पिँढीले दोहोराइरहन्छन् । यसले गर्दा मानिसले नयाँ काम गर्न सक्दैन । एउटै काममा समय र पैसा खर्च हुने हुँदा विकासले गति लिन सक्दैन । इतिहासको माध्यमबाट पहिलेको कुरा सिकेर मानिसले सभ्यताहरूको विकास गरेको हो । संसारमा अस्तित्त्वमा रहेका र विलीन भइसकेका मानव, पूर्वाधार, जनावर, मौसम, तारागण, नक्षत्र आदि जस्ता हरेक कुराको आआफ्नो इतिहास हुन्छ । हाल नेपालबाट मानगृह, भद्राधिवास, कैलाशकुट भवन आदि विलीन भइसकेका छन् । विश्वमा डाइनोसर जस्ता प्राणीहरूको पनि अस्तित्त्व छैन । तैपनि तिनीहरूको आफ्नो इतिहास छ । कुनै पनि कुरालाई कहिले, कहाँ, किन, कसरी, के भयो आदिका आधारमा गरिने सिलसिलेवार अभिलेख नै इतिहास हो । यी सबै कुरा थाहा पाउन इतिहासको खोजी गर्नु पर्दछ । इतिहासले पहिले यस्तो यस्तो भएकाले अहिले यस्तो भइरहेछ, अहिले यस्तै भइरह्यो भने भविष्यमा यस्तो हुनेछ भनी धमिलो चित्र समेत देखाउँछ । यस संसारमा अहिले धेरै देशहरू छन् । पहिले थोरै देशहरू थिए, पछि देशहरूको सङ्ख्या बढ्न वा घट्न सक्छ भन्ने कुरा इतिहासको अध्ययनले दर्साउँछ । संसारका हरेक देशको आफ्नो इतिहास हुन्छ । इतिहास नहुने कुनै चिज, वस्तु वा ठाउँ हुँदैन । त्यसैले इतिहास सबै विषय र सबै ज्ञानको गुरु मानिने हुनाले सबैले यसको अध्ययन गर्नु आवश्यक छ । इतिहासका विभिन्न शाखाहरूमध्ये मानिसले गरेको विकासको अध्ययन मानव इतिहास (Human History) हो ।

कारण (causation), घटनाक्रम (course) र परिणाम (consequences) इतिहासका ती प्रमुख तत्त्वहरू हुन् । बिना कारण र बिना काम कुनै पनि परिणाम निस्किदैन । संसारका हरेक वस्तु कारण, घटनाक्रम र त्यसका परिणामबाट उत्पन्न भएका हुन् । आज हामीले बुझेर वा नबुझेर गरेका कामको असर भोलि आउने पुस्तालाई पर्दछ भने, आज जे भएको छ त्यो विगतको परिणाम हो । इतिहासले विगतको मूल्याङ्कन,

वर्तमानको विवेचना र भविष्यको योजना निर्माणमा सहयोग पुऱ्याउँछ ।

संसारमा धेरै जातिका मानिसहरू बसोवास गर्दछन् । ती सबै जातजातिको आआफ्नो इतिहास हुन्छ । जुन जातिलाई आफ्नो इतिहास थाहा हुन्न त्यो जाति अर्को जातिमा विलीन भएर जान्छ । त्यस्ता अरूसँग घोल भएर, बिलाएर जाने जातिको कुनै अस्तित्त्व र महत्त्व रहँदैन । आफ्नो जातिको माया लाग्छ भने त्यस जातिको इतिहासको खोजी गर्नुपर्दछ, संस्कृतिको जगेर्ना गरिहाल्नुपर्छ । जातिहरू मिलेर समाज हुन्छ, समाजहरू मिलेर देश हुन्छ । एउटै समाजको छुट्टै देश पहिले हुन्थे तर अब संसार साँघुरो भएकाले त्यस्तो बनाउन सम्भव छैन । एउटै देशमा धेरै जातजाति बसेका हुन्छन् । एउटै जातजातिमा धेरै देशहरू हुँदैनन् । धर्म र जातजाति एउटै होइन किनकि एउटा धर्ममा धेरै जातजातिहरू छन् । धर्मका आडमा संसारमा धेरै देश पराइका गुलाम समेत बनेका छन् । केही देशहरू मात्र सुरुदेखि नै स्वतन्त्र र पवित्र छन् । विदेशीले शासन गरेको देशमा त्यहाँको इतिहास धमिलो बनेको हुन्छ र समाजको जग भत्किएको हुन्छ । रहनसहन, खानपिन, वेशभूषा, बोलीभाषा, संस्कृति आदिमा विकृति पस्नाले मौलिकता र शुद्धता हुँदैन । ती देशमा आफ्नोपन, राष्ट्रिय अस्मिता र ममतासाथ काम गर्ने चाहना हुँदैन । हाम्रो देश नेपालमा अहिलेसम्म कुनै पनि विदेशी मुलुकले शासन नगरेको हुनाले यो देश विश्वको सर्वोत्तम, स्वतन्त्र र पवित्र देश हो । यसैमा हाम्रो राष्ट्रिय गौरव रहेको छ ।

## २. इतिहासका स्रोतहरू

इतिहासको खोजी गर्नका लागि विभिन्न किसिमका स्रोतहरूको आवश्यकता पर्दछ । हामीलाई पहिलेका गतिविधिहरूका बारेमा जानकारी गराउने सबै कुराहरू इतिहासका स्रोत हुन् । इतिहासका स्रोतहरूलाई मुख्यत: लिखित र मौखिक गरी दुई भागमा विभाजन गरिन्छ । यस्ता स्रोतहरूको सङ्क्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ :

### (क) लिखित स्रोतहरू

(अ) **पुरातात्त्विक स्रोत** : पहिले लेखेर छोडेका र पछि खोजी गर्दा पाइएका इतिहासका सामग्रीलाई पुरातात्त्विक स्रोत भनिन्छ । त्यस्ता सामग्रीहरूलाई सरकारको पुरातत्त्व विभागले जम्मा गरेर सुरक्षित राखेको हुन्छ । पुराना ढुङ्गा, धातु, काठ, तामापत्र (तामाका पातामा लेखिएका), स्वर्णपत्र (सुनका पातामा लेखिएका), अशिपत्र (हतियारमा लेखिएका), भित्ता, पर्खाल, खम्बा, निदाल (दलिन), धार्मिक भवन आदिमा लेखिएका कुराहरू, माटाका भाँडा, धातुका भाँडा, घण्ट, शङ्ख, चँवर, ध्वजा, निशान, नगराबाजा आदिमा लेखिएका कुराहरू इतिहासका पुरातात्त्विक स्रोतहरू हुन् ।

(आ) **मुद्रा वा सिक्काहरू** : बेलबेलाका शासकहरूले टकमारी गरेर चल्तीमा ल्याएका सिक्काहरू इतिहासका स्रोत मानिन्छन् । जस्तै: पुराना रुपियाँ, मोहर, सुकी, पँचनी, आनापैसा, प्वाल पारेका सिक्का, आदिमा लेखिएका कुराहरू पनि इतिहासका स्रोतहरू हुन् ।

(इ) **दस्तावेजहरू** : पुराना पुस्ताले व्यवहार चलाउनलाई लेखेर छोडेका कागजपत्रहरूलाई दस्तावेज

भनिन्छ । लालमोहर, सनदपत्र, रुक्कापत्र, बिर्तापत्र, फिरादपत्र, प्रतिउत्तरपत्र, तमसुक, रसिद, सामान किनेका बिल भरपाई, बकसपत्र, दानपत्र, आदि दस्तावेजहरू हुन् ।

(ई) **पुष्पिकावाक्य** : पुराना पुस्तक, पात्रा (पातुडा), कर्मकाण्ड, धर्मग्रन्थ आदि सरोट गरेका पाण्डुलिपिका अन्त्यमा लेखिएका वाक्यहरूलाई पुष्पिकावाक्य भनिन्छ । यस्ता पुष्पिकावाक्य, परिचय श्लोक र लेखकको परिचयका कुरा पनि इतिहासका स्रोत हुन् ।

(उ) **वंशावलीहरू** : पूर्वजहरूले लेखी छोडेका पुर्ख्यौली वयान, नामावली, पुस्तावली, पुर्खाको नामसूची आदिलाई वंशावली भनिन्छ । यिनीहरूबाट इतिहासको जानकारी दिने महत्त्वपूर्ण स्रोतहरू हुन् ।

(ऊ) **यात्रा विवरण** : कुनै पनि यात्रीले विभिन्न स्थानहरूको भ्रमण वा तीर्थ जाँदा वा अन्य कामले एक स्थानबाट अर्को स्थानमा जाँदा लेखेका टिपोट, डायरी र ठ्यासफुहरू पनि इतिहासका स्रोत हुन् ।

(ख) **मौखिक स्रोतहरू**

(अ) **मुखवाणीहरू** : धामीझाँक्रीले बोल्ने वाक्य, कुलदेवताका आखर, वंशावली, पुस्तावली, घटनावली, आयव्यय विवरणका बारेमा एक पुस्ताले अर्को पुस्तालाई सिकाउँदै आएका दैनिकीका कुराहरू मुखवाणी हुन् र यिनीहरू इतिहासका स्रोत हुन् ।

(अ) **लौकिक भाकाहरू** : गाउँघरमा चलनमा रहेका लोककथा, लोकगीत, वीरगाथा, गन्धर्बगीत, तीज गीत, भजन/कीर्तन आदि जस्ता लोकसाहित्यहरूले पनि तत्कालीन सामाजिक, राजनीतिक एवम् आर्थिक अवस्थाको जानकारी गराउने हुनाले लौकिक भाकालाई पनि इतिहासका स्रोत मानिन्छन् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) इतिहास भनेको के हो ?

(ख) मानव इतिहासको परिभाषा लेख्नुहोस् ।

(ग) इतिहासका तत्त्वहरू के के हुन्, लेख्नुहोस् ।

(घ) पुष्पिकावाक्यमा के कुरा लेखिएको हुन्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) इतिहासले मानव सभ्यतालाई कसरी बचाएर राख्छ ?

(ख) इतिहासलाई किन "संसारमा भएका सारा ज्ञानको स्रोत भनिएको हो ।" आफ्ना शब्दमा स्पष्ट पार्नुहोस् ?

(ग) इतिहासका लिखित र मौखिक स्रोतहरूका बिच के फरक छ ? तालिका बनाई उदाहरण दिएर कुनै चार फरकहरू लेख्नुहोस् ।

(घ) बुढ्यौली भनाइ र कुलदेवताको धामीले पतुर्ने (देववाणीमा बोल्ने) कुराले इतिहास कसरी जान्न सकिन्छ ?

## परियोजना कार्य

तपाईंको परिवार वा वंशका कुनै ज्येष्ठ नागरिकको सहयोगमा आफ्नो बंशको विवरण तयार गरी तलको नमुनामा लेख्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

### मेरो वंशावली विवरण

वंश/थर :

उत्पत्ति भएको स्थान :

वंशका सबैभन्दा पुराना मानिसको (मूलव्यक्ति) नाम :

मूलव्यक्ति र उनका सन्तानको पेसा :

बसाइँसराइ भएका स्थानहरू :

बसाइँसराइ गर्नुपर्ने कारण :

हाल रहेको स्थान :

हालको स्थानमा आएका व्यक्ति :

यस स्थानमा आएर बसेका अन्दाजी वर्ष :

यस स्थानमा आउनुपर्नाको कारण :

## पाठ – २ नेपाल शब्दको उत्पत्ति र अर्थ

नेपाल शब्दको उत्पत्तिसम्बन्धी विभिन्न मत र धारणाहरू रहेका छन् । एउटा मत अनुसार 'नीप' शब्दबाट नेपाल शब्दको उत्पत्ति भएको हो । यो 'नीप' शब्दका विभिन्न अर्थहरू लाग्दछन् । गोपालराज वंशावलीअनुसार 'नीप' ('नीप' भनेका गोपाल हुन् र गोपालको अर्थ गाई पाल्ने जाति वा वंश हो) जातिले नेपालमा बसी सर्वप्रथम यहाँ शासन गर्न थालेका हुन् । 'आलय' को अर्थ घर वा बासस्थान हो । 'नीप'हरूले राज्य स्थापना गरी यहीँ बसेका हुनाले यो स्थानलाई 'नीपआलय' भन्दाभन्दै नेपाल भन्न थालियो भन्ने एउटा मत पाइन्छ ।

पशुधन भएका राजाहरूलाई 'नीपराज' भनिन्छ । गोपाल र आभीरहरूको मूलपेसा कृषि र पशुपालन नै हुनाले यही 'नीपराज' शब्दबाट नेपाल रहन गएको हो भन्ने अर्को तर्क छ । नीपजाति शाल्व, शक, खस, सूरसेन, मथुरा जस्ता गणराज्यमा गनिन्थे र यिनीहरू विभिन्न गणजातिमा पर्दथे । यिनीहरू भारतको पश्चिमोत्तरतिरबाट नेपाल पसेको विश्वास गरिन्छ ।

प्राचीन कालदेखिनै 'नेपाल' भन्नाले काठमाडौँ उपत्यकालाई चिनिन्थ्यो । यहाँ नेवारहरूको बसोबास हुनाले नेपाल शब्दको उत्पत्ति नेवारी भाषासँग पनि सम्बन्धित छ भन्ने राय पनि पाइन्छ । नेवारी भाषामा 'नेपाल'लाई 'नेपा:' भनिन्छ । यो भाषामा 'ने' को अर्थ 'केन्द्र वा बिच भागमा रहेको' र 'पा' अर्थ 'देश/भूमि' हुन्छ । काठमाडौँ उपत्यका पहाडहरूको बिचमा पर्ने भएकाले यही 'नेपा' शब्दबाट नेपाल शब्दको उत्पत्ति भएको हो भन्ने भनाइ पनि रहेको छ । अर्को मतअनुसार 'नेपाल' तिब्बती भाषाका 'ने' र 'पाल' बाट बनेको हो । तिब्बती भाषामा 'ने' को अर्थ 'घर' र 'पाल' को अर्थ 'उन' हो । नेपालमा भेडाको पालनबाट प्रशस्त ऊनको उत्पादन हुने भएकाले तिब्बती भाषाका 'ने' र 'पाल' शब्दबाट नेपाल बन्न गएको हो । नेपालका लेप्चा जातिको भाषामा 'ने' को अर्थ 'पवित्र/पावन' र 'पाल' को अर्थ 'गुफा' हो । काठमाडौँ उपत्यका चारैतिर पहाडले घेरिएको गुफाजस्तो लाग्ने तथा यहाँ बसोबास गर्ने मानिसहरूहो तीथस्थल समेत भएकाले लेप्चा भाषाबाट नेपाल शब्दको उत्पत्ति भएको पनि हुन सक्छ ।

नेपाल महात्म्यमा उल्लेख भएअनुसार प्राचीन कालमा 'ने' नाम गरेका मुनीले यहाँ तपस्या गरेर बस्दथे । 'पाल'को अर्थ 'पालिएको' हुन्छ । त्यसकारण उनै मुनि र उनका कृपाले पालिएको हुनाले नेपाल रहन गएको भन्ने भनाइ पनि छ ।

यस्ता विभिन्न किसिमका प्रमाणहरू दिएर 'नेपाल' शब्दको उत्पत्तिलाई अर्थपूर्ण बनाउने प्रयास गरिएको छ । तर पनि नेपाल शब्दको उत्पत्तिका बारेमा स्पष्ट यकिन भने भएको छैन ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेपाल महात्म्यमा नेपालसम्बन्धी के कुरा लेखिएको छ ?

(ख) 'आलय' शब्दको अर्थ के हो ?

(ग) तिब्बती भाषाका के कस्ता शब्दबाट नेपाल शब्द बनेको हो भन्ने तर्क रहेको छ ?

(घ) प्राचीन कालमा नेपाल भन्नाले कुन स्थानलाई चिनिन्थ्यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) तिब्बती भाषाअनुसार नेपाल शब्दको उत्पत्ति कसरी भएको मानिन्छ ?

(ख) नेपाल शब्दको उत्पत्तिबारे विभिन्न मतहरू रहेका छन् । त्यसमध्ये तपाईँलाई कुन मत उपयुक्त लाग्यो ?

(ग) 'नीप' शब्दका के कस्ता अर्थ रहेछन् ? तालिका बनाई लेख्नुहोस् ।

# पाठ - ३ गोपाल, महिसपाल र किराँत

परापूर्वकालमा काठमाडौँ उपत्यका ठुलो सरोवर थियो । सरोवर भनेको ताल हो । यो तालको पानी वाणभन्ज्याङबाट महेश खोलामा मिसिन्थ्यो र गल्छीमा पुगी त्रिशूली नदीमा विलय हुन्थ्यो । त्यसैबेला गाईपालन गर्ने मानिसहरू वाणभन्ज्याङबाट मातातीर्थ पुगी बसोबास गरे । गाईपालन गर्ने मानिसलाई गोपाल भनिन्छ । यिनीहरू नीप जातिका मानिस थिए । मातातीर्थमा बस्दा गोपालहरूले तालको किनारामा अनौठो सुनौला माछा आएको देखे र त्यही माछाको सम्झनामा मत्स्यनारायणको स्थापना गरे । त्यसपछि तिनीहरू त्यहाँबाट दक्षिणपूर्वतिर बढ्दै फर्पिङ पुगे । त्यहाँ रहँदा दक्षिणकालीको भन्ज्याङ काटी यहाँको पानी बगाइदिए । यसैको सम्झनामा आफ्ना नायक गोपालेश्वरको मन्दिर स्थापना गरे । काठमाडौँ सरोवरको दक्षिणी भाग खुलेपछि उत्तरतिरका तालहरू खोल्दै चोभारको गल्छी पनि गोपालहरूले काटीदिए । त्यसपछि उनीहरूले पशुपतिनाथको ज्योतिर्लिङ्ग पत्ता लगाई त्यसको स्थापना गरे । गौरीघाटमाथिको ताल पनि उनीहरूले खोलिदिए । काठमाडौँ उपत्यकामा इनार खन्दा तलैया माटो, कालोमाटो भेटिन्छ । यसले यो उपत्यका पहिले ताल थियो भन्ने कुरा प्रमाणित गर्दछ । ताल खोलेपछि यस उपत्यकामा मानव बसोबास सुरु भयो । यसप्रकार काठमाडौँ उपत्यकामा बसोबासको थालनी गराउने गोपालहरू हुन् भन्ने कुराको जानकारी पाइन्छ ।

काठमाडौँ उपत्यका मानव बसोवासको थालनी भएपछि गोपालहरूले आफ्नो राज्य स्थापना गरी शासन गर्न सुरु गरे । यो वंशका आठजना राजाहरूले यहाँको शासन चलाएका थिए । यो वंशका प्रथम राजा भूमि गुप्त र अन्तिम राजा विष्णु गुप्त हुन् । हालका कीर्तिपुर, फर्पिङ, खोप्रिङ, थानकोट, बलम्बु, टिस्टुङ, पालुङ जस्ता ठाउँहरूमा त्यसबेला गोपालहरूको बाक्लो बस्ती थियो । ती गोपालका सन्तति 'गोपालीहरू' भएको अनुमान गरिएको छ ।

गोपालहरूको शासन अन्त्य भएपछि महिषपालहरूले आफ्नो राज्य स्थापना गरी तीन पुस्तासम्म शासन गरे । महिषपाल वंशका पहिला राजा वरसिंह र अन्तिम राजा भुवनसिंह हुन् । यिनीहरूलाई आभीर वा अहिर पनि भनिन्छ । महिषपालको शाब्दिक अर्थ भैँसी पालन गर्ने जाति हो । टौखेलमा पुरानो भैँसी खर्क रहेको लोक इतिहास हुनाले महिषपालहरू त्यतै बसोबास गर्ने गरेको अनुमान गरिन्छ । गोपाल र महिषपालहरू प्रकृति, गाई, पितृ र देवीदेवताको पूजा गर्ने मानिसहरू थिए भन्ने कुरा मातातीर्थ, गोकर्ण पितृपूजा, मत्स्यनारायण, पशुपतिनाथ आदिको स्थापना र पूजा व्यवस्थाबाट बुझ्न सकिन्छ । जसरी गोपालहरूलाई महिषपाल-आभीरहरूले सत्ताबाट हटाए, त्यसरी नै किराँतहरूले उनीहरूलाई हटाए ।

आछाम कामरूप कामाख्यादेखि पश्चिम बढ्दै किराँतहरू नेपाल पसेका हुन् । यिनीहरूले महिषपाल राजा भुवनसिंहलाई पराजित गरी आफ्नो शासन सत्ता स्थापित गरे र बत्तिसपुस्तासम्म राज्य गरे । किराँत वंशका

पहिला राजा यलम्बर हुन् । उनी निकै प्रतापी थिए । त्यसपछिका प्रसिद्ध राजाहरू जुलम् (वर), स्थुँको र अन्तिम राजा खिंगु (गस्ती) थिए । यस वंशका करिब २५ जना राजाहरूले झन्डै ८०० वर्षजति नेपालमा शासन गरेको अनुमान गरिन्छ । गौतमबुद्धको जन्मभन्दा ३०० वर्ष पहिले नै किराँतहरूले नेपालमा शासन गर्न थालेका थिए । विक्रम संवत् सुरु हुँदा नेपालमा लिच्छविहरूको शासन सुरु भएको थाहा हुन्छ । किराँतहरू नेपाल आउँदा यिनीहरूले आफ्नो पवित्र ग्रन्थ 'मुन्धुम' पनि आफूहरूसँगै ल्याएका थिए । गोपाल र महिषपाल राजाहरूबाट सुरु भएको नेपालको सभ्यतालाई किराँतहरूले अझै अगाडि बढाए । छाउनी सङ्ग्राहलयमा रहेको किराँत राजाको यज्ञोपवित (जनै) लगाएको मूर्ति र विरुपाक्षको मूर्तिले त्यस सभ्यताको प्रतिनिधित्व गर्दछन् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) परापूर्वकालमा काठमाडौँको पानी कहाँबाट जान्थ्यो ?

(ख) गाईपालन गर्ने मानिसहरू कुन बाटो हुँदै काठमाडौँमा प्रवेश गरेका थिए ?

(ग) मातातीर्थ र मत्स्यनारायणको स्थापना कसरी भयो ?

(घ) इतिहासमा उल्लेख भएअनुसार काठमाडौँ उपत्यकाका पहिला शासकहरू कुन वंशका थिए ?

(ङ) गोपालहरूका बसोबास हालका कुन कुन स्थानहरूमा भएको अनुमान गरिन्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) गोपालेश्वरको मन्दिर कसले र किन निर्माण गरेका हुन् ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ख) काठमाडौँ उपत्यका पहिले ताल थियो भन्ने कुरा विभिन्न प्रमाणहरूका आधारमा पुष्टि गर्नुहोस् ।

(ग) अहिर (महिषपाल) वंशको छोटो परिचय दिनुहोस् ।

(घ) किराँतहरू कसरी नेपाल आई आफ्नो राज्य स्थापना गरेका थिए ?

(ङ) गोपाल, महिषपाल र किराँत वंशका प्रथम र अन्तिम राजाहरू को को थिए ? तालिका बनाई लेख्नुहोस् ।

❍❍❍

# पाठ - ४ किराँतकालीन सभ्यताको झलक

## १. प्रशासन पद्धति

किराँतकालमा पनि गोपाल र महिषपाल राजाहरू जस्तै ३२ ओटा राजाहरूको नाम उल्लेख भएका वंशावलीहरू छापिएका हुनाले किराँती प्रशासन राजतन्त्रात्मक भएको बुझिन्छ । किराँतकालीन प्रशासनका नामहरू लिच्छविकालको प्रशासनमा चलनमा आएका छन् । ती नामहरू संस्कृत, प्राकृत वा पाली भाषाका नभई किराँत मूलका भाषाबाट बनेका भन्ने जानकारी पाइएको छ । किराँतहरूले आफ्नो प्रशासनलाई व्यवस्थित बनाउनका लागि विभिन्न अड्डाहरूको स्थापनासमेत गरेका थिए । यस कालमा प्रशासन चलाउनका लागि बनाइएका कार्यालय (अड्डा) हरू यसप्रकार थिए :

(क) **कुथेर अधिकरण** : किराँतकालीन यो अड्डाले राजस्व एवम् मालपोत जस्ता कर उठाउने काम गर्दथ्यो ।

(ख) **सुल्ली (शोल्ल) अधिकरण**: पञ्च अपराध (हत्या, चोरी, राजद्रोह, परस्त्रीहरण, मिलेमतो) आदिजस्ता आपराधिक क्रियाकलापहरूमा न्याय निसाफ गर्नका लागि यो अड्डाको स्थापना भएको थियो ।

(ग) **लिङ्गवल अधिकरण** : यातायात, पानीको धारा, पाटीपौवा, वन, गौचरण आदि जस्ता संरचनाहरूको निर्माण र संरक्षण गर्ने अड्डाका रूपमा लिङ्गवल अधिकरणको स्थापना भएको थियो ।

(घ) **माप्चोक अधिकरण** : यो अड्डाले विवाह, पारपचुके, यौन अपराध, ठगी, जाली जस्ता मुद्दा हेर्ने र न्याय निसाफ गर्ने काम गर्दथ्यो ।

माथिका चारओटै अड्डाहरू किराँत शासनपछिका लिच्छवि शासकहरूले पनि यथावतै राखेबाट उनीहरूका काम र कार्यक्षेत्र बारे थाहा पाइएको छ । अरू अड्डाहरू के कस्ता थिए भन्ने स्पष्ट जानकारी पाइएको छैन । खोप्रिङ, खोपासी, साँगा, कुर्पासी, टेङ्खु, हाङपाङ, पाङकु, बलढेङ, दाङ, पाङ, फाप्लु आदि जस्ता शब्हरू किराँत भाषासँग सम्बन्धित देखिन्छन् । त्यसकालका गाउँ वस्तीका नामहरू हालसमेत प्रचलनमा रहेका हुनाले किराँत कालमा भाषा र प्रशासनको राम्रो विकास भएको अन्दाज लगाउन सकिन्छ । त्यस्तै कर प्रणालीका तिलं, सिङ्कर, हाम्हु, आदिजस्ता शब्दहरू पनि किराँती प्रकृतिका जस्ता देखिन्छन् ।

## २. सामाजिक जीवन

किराँती समाज नारीप्रधान थियो । यस समाजमा नारी र पुरुषको स्पष्ट कार्यविभाजन भएको पाइन्छ । विवाह, सम्पत्ति, पारिवारिक निर्णय, गृहकार्य एवम् मनोरञ्जनका तजबिजमा नारीको प्रधानता रहेको पाइन्छ भने सामाजिक नेतृत्व, गाह्रोसाह्रो काम, खेतबारी, देशपरदेश, बन्दव्यापार, आदानप्रदान आदि जस्ता काम गर्न पुरुषहरूले नारीको सल्लाह लिने गर्दथे । यिनीहरू पशुपालन, कृषि, व्यापार, कुटिर उद्योग, युद्धकला,

बाटोघाटो निर्माण यिनीहरूका आर्थिक क्रियाकलापहरू थिए । मनोरञ्जन र आपसी भेटघाटका लागि किराँतहरू विभिन्न चाडपर्व, मेलाजात्रा, नाचगानमा सरिक हुन्थे । यिनीहरूको संयुक्त परिवार हुन्थ्यो र एकै चुल्होमा खाना खाई लहरै भएर सुत्दथे । माछा, मासु, दुध, फलफूल, मदिरा, सागपात यिनीहरूका मुख्य भोजनमा पर्दथे । यिनीहरूले सिरुपाते खुकुरी नाच, धाननाच, धनुकाण, साँढेजुधाइ आदि गरी आनन्द लिन्थे । स्थायी बसोबास गर्ने किराँतहरू एक घरसँग अर्को घर पृथक पृथक बनाएर तगारो जोडेर गाइवस्तु, मानिस आदिको आउजाउ गर्दथे ।

### ३. धार्मिक विश्वास

किराँतहरू मुन्धुम ग्रन्थअनुसार मुन्धुम धर्म मान्दथे । उनीहरू हावापानी, पहाड चट्टान, रुख बिरुवा, सूर्य चन्द्र, नदी, आगो आदिको पूजा गर्दथे । उनीहरू नाग, सिंह, चरा, चट्याङ, आदिको समेत पूजा गर्दथे भने किराँतेश्वर महादेवको पूजा, उँधौली-उभौली, चण्डीदेवी, थोंलुं (ब्रम्हा), खावालुँ (विष्णू), श्रीलुं (शिव), पारुहाङ-सुम्निमा (शिव-पार्वती) आदिका पूजक थिए । उनीहरू बनेलको सिकार गरेपछि महादेवलाई चढाउँथे । देवीदेवतालाई पशुवली दिने उनीहरूको परम्परा थियो । म्याङलुङ, छिन्ताङ, बुढासुब्बा, दन्तकाली, रक्तकाली, याशोकेदेवी, वनदेवी, आदि किराँतहरूका ग्राम देवीदेवता मानिन्छन् । दु:खबिमारमा उपचारको लागि बिजुवाधामी राख्ने चलन थियो ।

### ४. आर्थिक अवस्था

किराँतहरू जडीबुटी, कृषि, पशुधन, व्यापार, कुटीर उद्योग आदिमा संलग्न थिए । किराँततिक्त भन्ने वनस्पति यिनीहरूले नै पत्ता लगाएका थिए । यो निकै ठुलो औषधी हो र हाल यसलाई चिराइतो भनिन्छ । यिनीहरू संयुक्त परिवारमा बस्ने भएकाले उत्पादन संयुक्त हुन्थ्यो । किराँतकालको उन र उनी उत्पादन पाटलीपुत्रसम्म प्रख्यात थियो । खास गरी कालो भेडाको उनबाट बुनेको आठपाटे राडीले पाटलीपुत्र (हालको पटना) मा निकै राम्रो मूल्य प्राप्त गर्दथ्यो । त्यतिबेला जडीबुटी, कस्तूरी, चिराइतो, पशुको हाड छाला, रक्तचन्दन, दुम्सीको काँडा, गैँडाको खाग आदिको व्यापार हुन्थ्यो । नेपालमा राई, लिम्बु, याक्खा, सुनुवार, मुर्मी, मुखिया र धिमाललाई किराँत भनिन्छ ।

■■■

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेपालमा जम्मा कति जना किराँती राजाहरूले शासन गरेका थिए ?

(ख) किराँत कालमा नारीहरूले के कस्ता कामहरू आफ्नो तजबिजमा गर्दथे, लेख्नुहोस् ।

(ग) किराँतकालीन समाजमा मनोरञ्जनका साधनहरू के के थिए, लेख्नुहोस् ।

(घ) किराँतहरूको धर्म के थियो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) किराँतकालमा के कस्ता अड्डाहरू स्थापना भएका थिए ? सूची बनाउनुहोस् ।

(ख) किराँतकालीन सामाजिक अवस्थाको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

(ग) किराँतहरू प्रकृतिका पुजारी थिए भन्ने कुरा स्पष्ट पार्नुहोस् ।

❍❍❍

# पाठ - ५ मिथिला र कपिलवस्तु सभ्यता

## १. मिथिला सभ्यता

काठमाडौँ उपत्यकामा गोपाल, लिच्छवि एवम् किराँत सभ्यताको विकास भए जस्तै हालको जनकपुर क्षेत्रमा मिथिला सभ्यताको विकास भएको थियो । मिथिलालाई बृहदारण्य, तीरभुक्ति तथा जानकी जन्मभूमि जस्ता नामले चिनिन्थ्यो । यो राज्यको सिमाना पूर्वमा कौशिकी (कोसीनदी), पश्चिममा सप्तगण्डकी, उत्तरमा हिमालय र दक्षिणमा भागीरथी नदीसम्म फैलिएको थियो । 'निमि' भन्ने राजाले यो राज्यको स्थापना गरेका हुन् र निमिका पुत्र मिथिको नामबाट यस राज्यलाई मिथिला नामकरण गरिएको हो । यो वंशको २३ पुस्तामा शिरध्वज जनकले राज्य गर्दथे । उनै राजाकी छोरी सीताको अयोध्याका युवराज रामसँग विवाह भएको थियो ।

मिथिला राज्य तपस्या, गोपालन, शास्त्रार्थ आदिको केन्द्र थियो । जनकपुरको पूर्वतर्फ विश्वामित्र, पश्चिमतर्फ वाल्मीकि, उत्तरतर्फ याज्ञवल्क्य र दक्षिणतर्फ गौतम ऋषिहरूका आश्रम निर्माण गरिएका थिए । यो राज्य ज्ञान र विद्याका लागि प्रसिद्ध भएकाले बेलाबेलामा विभिन्न स्थानका ऋषि मुनिहरू शास्त्रार्थका लागि आउजाउ गर्दथे । यस राज्यमा नारी शिक्षालाई महत्त्व दिइएकाले भुज्यू, मैत्रेयी, उसस्ती, कहोउ, गार्गी आदि जस्ता विदूषि (नारी विद्वान्) हरूले प्रसिद्धि कमाएका थिए । उनीहरू ऋषिमुनिसँग शास्त्रार्थ गरिरहन्थे । त्यस राज्यमा सभा, गोष्ठी, पठनपाठन र प्रतियोगिताहरू भइरहन्थे ।

मिथिलामा जनक वंशका ५६ राजाहरूले राज्य गरे । त्यस वंशका अन्तिम राजा महावशी जनकले जनताहरूमाथि निकै अत्याचार गरेकाले उनलाई त्यहाँबाट धपाइयो । त्यसपछि बृज्जिहरूले गणतन्त्रीय शासन चलाउन थाले । त्यो क्रम कपिलवस्तु राज्यमा शाक्यवंशी क्षत्रीहरूको शासन स्थापना हुँदासम्म चलिरह्यो । कर्नाटकका सेननायक नान्यदेवले सिम्रौनगढको राज्य स्थापना गरी मिथिलालाई पनि आफ्नो राज्यमा मिलाए । कर्नाटकलाई मुसलमानहरूले ध्वस्त पारिदिए । पछि त्यहाँ औलो रोग र मुसलमानको आतङ्कले गर्दा जनकपुर जङ्गल बन्न गयो । पन्ध्रौँ शताब्दीमा पुनः जनकपुर सभ्यताको खोजी भयो । त्यहाँ प्राचीन अवशेषहरू, ठुला जलाशयहरू भेटिए । टिकम्गढकी महारनी वृष भानुदेवीले नौलाख खर्च गरी जानकी मन्दिरको निर्माण गराइदिएपछि विवाह पञ्चमीको दिनमा ठुलो मेला लाग्न थाल्यो । अयोध्याबाट वरपक्ष र जनकपुरबाट बेहुली पक्षको विवाह बर्सेनि यस दिनमा हुने परम्परा कायमै राखिएको छ । त्यसपर्वमा देशविदेशका तीर्थालु र पर्यटकहरू जनकपुरको मेला भर्न हजारौँको सङ्ख्यामा भेला हुन्छन् । वर्तमान समयमा बृहत् जनकपुर विकास परियोजनाले त्यहाँको अवस्था सुधार गर्ने प्रयास गरिरहेको छ ।

## २. कपिलवस्तु सभ्यता

बुद्ध साहित्य र दर्शनअनुसार नेपालको प्रागऐतिहासिक कालको सबैभन्दा पछिल्लो सभ्यता कपिलवस्तुको सभ्यता हो । कपिलवस्तु सभ्यताको विकास महर्षि कपिलबाट भएको हो । महर्षि कपिलको समयमा कोशल/साकेत देशका राजाले आफ्ना छ जना राजकुमारी र पाँच जना राजकुमारहरू निर्वासित गरे । यसरी आफ्नो देशबाट निर्वासित भएका राजकुमारी र राजकुमारहरू यिनै महर्षि कपिलको शरणमा आए । त्यस समय हालको कपिलवस्तुमा सालको जङ्गल थियो । ती राजकुमार र राजकुमारीहरूको निष्कासित भएको राज्य साकेत र शालको नामबाट उनीहरूलाई शाक्य भनियो । उनीहरूले महर्षि कपिलको आज्ञाअनुसार साकेत/कोशलबाट आफ्ना मानिसहरू ल्याई त्यही जङ्गलमा वस्ती बसाले र राज्य स्थापना गरी शासन सञ्चालन गर्न थाले ।

एक समय कपिलवस्तुले मिथिलालाई समेत एकीकरण गरी आफ्नो सिमाना पूर्वमा कोसीसम्म पुऱ्याएको थियो । त्यसबेला पश्चिममा राप्ती, उत्तरमा पहाड र दक्षिणमा भगिरथी नदीसम्म यो राज्यको सिमाना फैलिएको थियो । कपिलवस्तुको पूर्वमा रोहिणी नदी थियो र यसले कोलिया राज्यसँग कपिलवस्तुको सिमाना छुट्याउँथ्यो । कपिलवस्तु राज्यको राजधानीलाई सन्थागरशाला भनिन्थ्यो । सडक सञ्जाल निर्माण गरी राजधानीलाई विभिन्न स्थानहरूसँग जोडिएको थियो ।

कपिलवस्तुका राजा शुद्धोदनका महामाया र प्रजावती नामका दुई रानीहरू थिए । महामाया गर्भवती भएकी थिइन् । त्यसबेला सुत्केरी हुन माइत जानुपर्ने नियम थियो । उनी आफ्नो माइती भवानीपुर/देवदह जान लाग्दा लुम्बिनीको बगैँचामा सिद्धार्थ नामक बालकको जन्म भएको थियो । वि.सं. सुरु हुनुभन्दा ६८० वर्षअगाडि वैशाख पूर्णिमाको दिनमा सिद्धार्थको जन्म भएको थियो । अध्ययनका क्रममा महर्षि कपिलको साङ्ख्यवादी दर्शनको अध्ययनले उनलाई ज्ञानको भोक जगायो । उनी विभिन्न कारणले आफ्नो बाबुको राज्य कपिलबस्तुबाट जनकपुरधामतिर भ्रमण गर्न समेत गए ।

सिद्धार्थको विवाह कोलिया गणराज्यकी कुमारी यशोधरासँग भएको थियो र उनीहरूबाट राहुल नामका एक छोराको समेत जन्म भयो । सिद्धार्थ समय क्रममा देशको राजकाज सम्हाल्नुभन्दा पनि ज्ञानगुन र न्यायका कार्यमा बढी केन्द्रित हुन लागे । उनी २९ वर्षका हुँदा कपिलवस्तु र कोलिय राज्यका बिच रोहिणी नदीको पानी बाँडफाँडका विषयमा विवाद उठ्यो । यो विवादमा सिद्धार्थले कोलिय राज्यको समर्थन गरेका हुनाले उनी आफ्नो राज्य छाडी निर्वासित हुनुपऱ्यो । त्यसपछि उनी ऋषि अलारकलामको आश्रममा गई हिन्दुदर्शन र योगाभ्यासको गम्भीर अध्ययन गर्न लागे । अध्ययन पूरा भएपछि निराहार रही योगाभ्यास र तपस्या गर्दा उनी कृषकाय (निकै दुब्ला) भए । अनि उनले आधापेट खाना खाई तपस्या गर्न थाले । एकदिन गयास्थित पिपलको वृक्षमुनि तपस्या गरिरहेको बेला उनलाई दिव्यज्ञान प्राप्त भयो । त्यसपछि उनले सारनाथमा गई आफ्नो ज्ञानको प्रचारप्रसार गर्न लागे । ज्ञानी एवम् ज्ञानको प्रचारक भएकाले कालान्तरमा उनी बुद्ध कहलिए । यी ज्ञान, करुणा एवम् शान्तिका प्रतीक गौतम बुद्धले ८० वर्षको उमेरमा वैशाख पूर्णिमाको दिनमा कुसीनगरमा

महापरिनिर्वाण प्राप्त गरे । यसरी लुम्बिनी, बोधगया, सारनाथ र कुसीनगर बौद्धमार्गीहरूका चार धाम मानिन्छन् ।

कपिलवस्तु सभ्यता बुद्धकालमा नै ध्वस्त भयो । श्रीवस्तीका राजा प्रसेनजितलाई कपिलवस्तुकी राजकन्या भनी कुनै केटी विवाह गरिदिए । उनले पुत्र पैदा गरिन् । उनको नाम विरुद्दक रहन गयो । बिरुद्दकले सानै हुँदा आफ्नो मावली जाने रहर गरे । आफ्ना मावलीहरू कपिलवस्तुका राजा हुन् भनी त्यहाँ जाँदा कपिलवस्तुका मानिसले दासीपुत्र भनी उनको ठुलो अपमान गरे । यसरी अपमानित हुनु परेकाले बिरुद्दकले आफ्ना पितासँग सल्लाह गरी कपिलवस्तुमाथि हमला गरे । तर सिद्धार्थ गौतमले 'अपमानित हुनुपर्दैन' भनी यो कुरालाई मिलाए । विरुद्धक दोस्रो पटक कपिलवस्तु जाँदा पनि पुनः अपमानित हुनुपर्‍यो । केही समय सिद्धार्थले यो कुरालाई मिलाउने प्रयास गरे । अतन्तः पटकपटकको अपमान सहन गर्न नसकी बिरुद्दकको सेनाले कपिलवस्तुमाथि आक्रमण गरी तोडफोड, आगजनी एवम् हत्या र अपहरण गरी यो सभ्यतालाई सधैँका लागि नष्ट गरी दिए ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेपालमा विकास भएका कुनै दुई समकालीन सभ्यताहरूको नाम लेख्नुहोस् ।

(ख) मिथिला राज्यको स्थापना कसले गरेका हुन् ?

(ग) जानकी मन्दिरलाई किन नौलखा मन्दिर भनिएको हो ?

(घ) कुन महर्षिको नामबाट कपिलवस्तुको नामकरण गरिएको हो ?

(ङ) कोलिया र कपिलवस्तुका बिच किन विवाद भइरहन्थ्यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) जनकपुर/मिथिला राज्य शिक्षाको केन्द्र थियो भन्ने कुरालाई तर्कसहित पुष्टि गर्नुहोस् ।

(ख) मिथिला सभ्यता कसरी ध्वस्त भयो ? तपाईंका शब्दमा छोटकरीमा लेख्नुहोस् ।

(ग) स्थापना कालमा कपिलवस्तु राज्य निकै ठुलो थियो भन्ने कुरालाई यसको सिमानाका आधारमा स्पष्ट पार्नुहोस् ।

(घ) सिद्धार्थ को हुन् र उनले कसरी बुद्धत्व प्राप्त गरे ? तपाईंको ज्ञानका आधारमा छोटकरीमा लेख्नुहोस् ।

(ङ) कपिलवस्तु सभ्यताको पतन कसरी भयो ? छोटकरीमा चर्चा गर्नुहोस् ।

## पाठ - ६ लिच्छविकालीन सभ्यता

गौतम बुद्धको समयमा सोर जनपदमध्ये लिच्छवि जनपद वैशालीमा स्थापित थियो । जनपद भनेको समान, धर्म, भाषा, संस्कृति, रहनसहन आदि भएका मानिसहरूको भौगोलिक तथा प्रशानिक संरचना/एकाइ हो । भारतका सम्राट् चन्द्रगुप्त र समुद्र गुप्तका अभिलेखमा लिच्छविको उल्लेख भएको पाइन्छ । गुप्तवंशी र लिच्छविवंशी राजाहरूबिच वैवाहिक सम्बन्ध पनि थियो । वैशालीमा जनपद स्थापना गरेका लिच्छविहरू पछि मगध, वैशाली र कोशल देशबाट नेपाल पसेका भन्ने थाहा हुन्छ । बिहारको वैशालीबाट नेपाल पसेका लिच्छविहरूले किराँत राजाहरूलाई परास्त गरी आफू राजा भएका थिए । लिच्छवि भन्नाले देव, वर्मा, गुप्त र गोमी थरका मानिसलाई जनाउँछ । उनीहरूले किराँतहरूलाई हराएपछि आपसमा मिलिजुली शासन गरेका थिए । लिखित प्रमाणका आधारमा हालसम्म जयवर्मा नेपालका प्रथम लिच्छवि राजा भएको प्रमाणित हुन्छ । उनको पूर्णकदको ढुङ्गाको शालिकको पादपीठमा भएको व्यहोरा हेर्दा उनी नै पहिला लिच्छविकालीन राजा देखिएका छन् । वंशावलीमा भने लिच्छवि राजाहरूको नामको लामो सूची छ ।

### १. **राजा जयवर्मा** (वि.सं. २४७)

वि.सं. २४७ को अभिलेखले राजा जयवर्माको अस्तित्त्व सावित हुन गएको छ । त्यसबाट यस कालमा वर्मा थरका मानिसहरू पनि राजा भएको भन्ने प्रमाणित कुरा पाइन्छ । वर्माहरूको विहावारी देवहरूसँग भएको कुरा राजा मानदेवका ससुरा किन्नर वर्मा भएबाट थाहा हुन्छ । त्यस्तै शिवदेवका भान्जा र ज्वाइँ पनि अंशुवर्मा भएको बुझिन्छ । लिच्छवि शासनको पहिलो शासक वंश वर्माहरू भएको प्रमाणित हुन्छ । जयवर्मा पछिको लिखित प्रमाण राजा मानदेवको मात्र पाइन्छ ।

### २. **राजा मानदेव** (वि.सं. ५२१-५६२)

राजा मानदेवले चाँगुनारायणमा कुदाएको शिलालेखमा उनका तीन पुस्ताका पूर्वजहरूको नाम पाइन्छ । वृषदेव, शङ्करदेव र धर्मदेव मानदेवका पुर्खाहरू थिए । वृषदेव र शङ्करदेव राजा हुन् कि होइनन् भन्ने कुरा सो शिलालेखमा स्पष्ट छैन तर धर्मदेव राजा भएको कुरा स्पष्ट उल्लेख भएको छ । राजा धर्मदेवको मृत्यु भएपछि उनकी रानी राज्यवती सती जान खोजेकी थिइन् । तर मानदेवले आफ्नी आमालाई सती जानबाट रोकेका थिए ।

राजा मानदेव प्राचीन कालका प्रतापी राजा थिए । उनले धेरै राज्यहरूलाई युद्धमा पराजित गरी प्राचीनकालमा नेपालको एकीकरण गरेका थिए । राजा धर्मदेवको मृत्युपछि वरपरका सामन्तहरूले मानदेवको हुकुम नमानी छाडा हुन गए । आफ्नो पूर्वका विद्रोहीहरूलाई उनले आफ्नै सेनाद्वारा वशमा पारे । तर पश्चिमका मल्लहरूलाई वश गर्न कठिन देखेर आफ्ना मामाको सहयोग मागे । उनका मामाले पनि हात्तीको सहयोगले गण्डकी पारगरी मल्लपुरी पुगी मल्लहरूलाई वशमा पारेका थिए । यसरी मानदेवले आफ्नी आमाको अर्ति र उपदेशअनुसार त्यसबेला नेपालको एकीकरण गरेका थिए ।

(क) **राजा मानदेवको योगदान**

(अ) **धार्मिक योगदान**

मानदेवले युद्ध जिती धेरै धन आर्जन गरेकाले त्यो धन धर्मकार्य तथा परोपकारमा खर्च गरे । उनले आफ्नी आमाको सुझावअनुसार धेरै मठ, मन्दिर, विहार, देवल, धारा, पोखरी आदि बनाए । मानदेवले बनाएको प्रख्यात मन्दिर चाँगुनारायण हो । उनकी आमा राज्यवतीले त्यसैबेला ब्राह्मणहरूलाई अक्षय दान गरिन् । त्यतिवेलादेखि नै नेपालमा ब्राह्मणहरूको बसोबास रहेको प्रमाणित हुन्छ । मानदेवले आफू क्षेत्रिय भएकोमा गौरव गर्दै राजाको कर्तव्यस्वरूप प्रजापालन गरेको कुरा चाँगुनारयणको शिलालेखमा उल्लेख भएको छ । राजा मानदेव विष्णुका भक्त थिए । त्यसैले उनले नमस्कार गरेको गरुडको मूर्ति कुँद्न लगाई आफ्नो अनुहारसँग मिल्दोजुल्दो शिर बनाउन लगाए । चाँगुनारायणको सो मन्दिर त्यतिबेला प्रचलित कलाको उच्च नमुना मानिएको छ ।

राजा मानदेवले चाँगुनारायणबाहेक मानगृह दरबारको पनि निर्माण गरे । पशुपतिनाथ मन्दिरको जीर्णोद्वार गरे । तिलङ्गा र लाजिम्पाटमा वामन अवतारको मूर्ति बनाए । मानमानेश्वरी देवीको मन्दिर, पलाञ्चोक भगवतीको मन्दिर, मानविहार आदिको निर्माण मानदेवले नै गराएका हुन् ।

राजा मानदेवले सबै धर्मलाई बराबर सम्मान गर्दथे । आफू हिन्दु भए तापनि बौद्धबिहार बनाई त्यसको नाम मानबिहार राखे । उनी धार्मिक समन्वयवादी राजा थिए । उनका पूर्वजहरू पनि सबै धर्मको उचित कदर गर्दथे ।

(आ) **शैक्षिक/प्राज्ञिक योगदान**

मानदेवका शिलालेखहरू संस्कृत भाषामा छन् । संस्कृत भाषाका पद्यश्लोकहरू पढ्दा उनका पालामा ठुलाठुला विद्वानहरू भएको अन्दाज हुन्छ । त्यसपछिका संस्कृत कवितात्मक अभिलेखहरूको तुलना गर्दा मानदेवका अभिलेखहरू उत्कृष्ठ ठहरिएका छन् । विद्याको उन्नति राम्रो नभई त्यस्ता कृतिहरू तयार हुन सक्ने थिएनन् । टाढाटाढाका विद्वान्हरू मानदेवको दरबारमा आई विद्याको अभ्यास गर्दथे । राजा मानदेवको दरबारमा ठुलाठुला कलाकार, वास्तुशास्त्रका ज्ञाताहरू, योद्धा, विशिष्ठ शिल्पी आदिको भव्य स्वागत सत्कार हुन्थ्यो । ती विद्वान्हरूले आफ्नो ज्ञान अनुसारको कार्य गरेका हुनाले नेपाल राज्यको उन्नति हुनसकेको थियो ।

(इ) **आर्थिक योगदान**

मानदेवले तामाका पैसा चल्तीमा ल्याएका थिए, जसलाई 'मानङ्क' भनिन्थ्यो । ती मुद्राका माध्यमबाट व्यापार व्यवसायको उन्नति भएको थियो । राज्यको आय विभिन्न किसिमका कर र शुल्कहरूबाट वृद्धि हुन्थ्यो । सामन्ती राज्यहरूबाट प्रशस्त धन प्राप्त हुन्थ्यो । त्यस्ता आम्दानीबाट राजा मानदेवले धर्मशाला, सडक, पुल आदि निर्माण गर्दथे ।

### (ई) राजा मानदेवको मूल्याङ्कन

लिच्छवि वंशका प्रख्यात राजा मानदेव कुशल र दूरदर्शी शासक थिए । उनले धेरै महत्त्वपूर्ण कार्यहरू गरेका थिए । सानै उमेरमा राजा भएका हुनाले आफ्नी आमाको मदतले उनले शासन सफलपूर्वक सञ्चालन गरे । त्यही अनुभवले उनी दूरदर्शी, वीर, कुटनीतिज्ञ, पुरुषार्थी र धैर्यशाली राजा बने । उनलाई धार्मिक, सहनशील, विवेकी, नारीको इज्जत गर्ने, अर्थनीतिज्ञ, प्रजाप्रेमी, कलाप्रेमी एवम् प्रतिभाशाली नायक भनी चिनिन्छ । उनले त्यसबेला नै आफ्नो राज्य विस्तार गरी विशाल र एकीकृत नेपालको जग बसालेका थिए ।

### (ग) राजा शिवदेव प्रथम (वि.सं. ६४७-६६१)

राजा मानदेवपछि उनका छोरा महिदेव र नाति वसन्त देवले शासन गरे । वसन्तदेवको १३ औँ पुस्तामा शिवदेव प्रथम राजा भए । उनीभन्दा पहिलेका पूर्वजहरू कमजोर रहेको पाइन्छ । त्यसको परिणामस्वरूप तत्कालीन भारदारहरू शक्तिशाली भएर राजासँगै शासन गर्न थालेका थिए । शिवदेव प्रथम राजा हुँदा देशको राजनीतिक, आर्थिक तथा सामाजिक अवस्था बिग्रिसकेको थियो ।

शिवदेव नेपालका राजा हुँदा गुप्त थरका भारदारहरू निकै शक्तिशाली थिए । भौमगुप्त त्यसबेलाका प्रधान अमात्य (मन्त्री) थिए र राजालाई शक्तिहीन बनउने गर्दथे । तर शिवदेव प्रथमले भौमगुप्तलाई हटाई अंशुवर्मालाई प्रधान अमात्य बनाए । अंशुवर्मा योग्य र लगनशील चरित्रका भएका हुनाले राजा शिवदेव प्रथमलाई मदत गर्न सफल भए । पछिल्ला दिनहरूमा शिवदेव प्रथमले अंशुवर्मालाई पनि शासनमा सरिक गराउन थाले । शिवदेव प्रथम धार्मिक प्रवृत्तिका राजा भएकाले राजकाजमा अंशुवर्माले दिनदिनैको जिम्मेवारी बोक्नुपर्‍यो । अंशुवर्माको योग्यताबाट प्रभावित भएर शिवदेव प्रथमले उनलाई आफ्नो उत्तराधिकारी समेत बनाए ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) जयवर्मा कुन वंशका राजा हुन् ?

(ख) के कस्ता प्रमाणहरूले जयवर्मा राजा भएका थिए भन्ने कुरा बताउँछन् ?

(ग) मानदेवकी आमाले राजकाजमा कसरी मदत गरिन् ?

(घ) राजा शिवदेवले भारदारीमा कसरी फेरबदल गरे ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) राजा मानदेवको ऐतिहासिक मूल्याङ्कन गर्नुहोस् ।

(ख) राजा मानदेवका कार्यहरूको सूची बनाउनुहोस् ।

(ग) गुप्त भारदारहरूलाई राजा शिवदेवले किन हटाउनुपरेको हो ? कारण दिनुहोस् ।

| पाठ - ७ | राजा अंशुवर्मा (वि.सं. ६६१-६७८) |
| --- | --- |

लिच्छविहरूको शासनकालमा राजा मानदेवपछिका प्रसिद्ध राजा अंशुवर्मा हुन् । उनी राजाका छोरा होइनन् तापनि आफ्ना मामा (ससुरा) का मदतले देशको सर्वोच्च शक्तिमा पुग्न सफल भए । उनको योग्यता र क्षमताका कारण राजा शिवदेव प्रथम प्रभावित भएकाले मानदेवलाई सामन्त र श्रीसामन्तको पदवी दिए । यति मात्र नभई राजाले उनलाई आफूपछिको राज्यको उत्तराधिकारी समेत घोषणा गरे ।

शिवदेव प्रथम बुढो हुँदा उनका छोराहरू उदयदेव र ध्रुवदेव नाबालक थिए । शिवदेव प्रथमको मृत्युपछि अंशुवर्मा नेपालका राजा बने । आफू देशको राजा बने पनि अंशुवर्माले आफ्ना छोरालाई राज्यको उत्तराधिकारी घोषित नगरी शिवदेव प्रथमका छोरा उदयदेवलाई राज्यको उत्तराधिकारी बनाए । उनी सुरुमा दरबारमा प्रवेश गर्दा भारदार, सामन्त र महासामन्त थिए । अन्त्यमा उनी महाराजधिराज श्री अंशुवर्मा बन्न गए ।

### १. अंशुवर्माका सुधार

### (क) राजनीतिक सुधार

अंशुवर्माले शिवदेव प्रथमको शासन कालदेखि नै राजकाजसम्बन्धी अनुभव प्राप्त गरेका थिए । मानदेवले राज्य सञ्चालनका लागि जङ्गी, निजामती र न्यायिक सेवाका कर्मचारीहरू नियुक्त गरेका थिए । कर्मचारीको कामअनुसारका पदहरू तोकिएका हुन्थे । राजालाई मदत गर्ने पदलाई अमात्य भनिन्थ्यो भने टाढाका इलाकाको प्रशासन चलाउन नियुक्त गरिएका ससाना प्रशासकहरूलाई सामन्त भनिन्थ्यो । ती सबै समान्तहरूलाई निर्देशित र नियन्त्रित गर्नका लागि सामन्तहरूको पनि नायक तोकिन्थ्यो र त्यसलाई महासामन्त भनेर चिनिन्थ्यो । राजदरबारको ढुकुटी र भण्डार हेर्ने काम भण्डारनायकले गर्दथ्यो भने राजपरिवार र विशिष्ट व्यक्तिहरूको सुरक्षाका लागि उनीहरूको ढोकामा सुरक्षा दिने काम द्वौवारिकले गर्दथे । त्यसै गरी न्याय सेवामा पनि सुधार भएको थियो । विभिन्न स्थानहरूमा न्यायधीशहरूको नियुक्ति भएको थियो । यी न्यायधीशहरू अपराधीलाई दण्ड दिने अधिकारी भएका हुनाले यिनीहरूलाई दण्डनायक भनिन्यो । राज्यको सुरक्षा गर्ने प्रमुख जिम्मेवारी सेनाको थियो । सेनालाई व्यवस्थित रूपले चलाउनका लागि बलाध्यक्षको नियुक्ति हुन्थ्यो । बलाध्यक्ष नै प्रधान सेनापति हुन्थ्यो ।

### (ख) सामाजिक कार्य

लिच्छविकालमा १८ थरका मानिसहरू बस्दथे र राजा अंशुवर्माले ती सबैका सामाजिक रीतिस्थितिलाई मान्यता दिएका थिए । तत्कालीन समाजमा हिन्दू, बोन्पो, बौद्ध, किराँत आदि धर्महरू मानिन्थे । अंशुवर्मा उदार शासक हुनाले सबै धर्मलाई समान रूपले आदर गर्दथे । त्यसो हुनाले समाजमा धार्मिक सहिष्णुता कायम

भएको थियो । यही सहिष्णु भावनाका कारणले मानिसहरूका बिच राम्रो मेलमिलाप थियो । मानिसहरूमा धार्मिक विश्वास भएकाले समाजमा अपराधिक घटनाहरू निकै कम हुन्थे ।

(ग) **शैक्षिक कार्य**

अंशुवर्मा आफैँ पनि पढेलेखेका मानिस भएकाले विद्वान र शिक्षित मानिसको ठुलो सम्मान गर्दथे । राजाको इच्छा भाषा, साहित्य र लेखन कलामा थियो । अंशुवर्माले "शब्दविद्या" भन्ने भाषाविज्ञानको पुस्तकसमेत लेखेका थिए । तर त्यो पुस्तक हालसम्म पाइएको छैन । यिनको पालामा 'अग्रहार' नामक निकायले शिक्षाको काम हेर्ने गर्थ्यो । यिनको शैक्षिक नीतिको कारणले यस बेला शिक्षाको राम्रो विकास भएको थियो ।

(घ) **आर्थिक कार्य**

अंशुवर्माको शासनकालमा कृषि, पशुपालन, व्यापार आदिको राम्रो विकास भएको थियो । नेपालको व्यापार तिब्बत र भारतमा समेत हुन्थ्यो । त्यतिबेलाको व्यापारमा कपडा, तेल, भाँडाकुँडा, चँवर, फलाम, तामा, उन, कस्तुरी, शृङ्गारका सामान, खाद्यान्न, जडीबुटी, शङ्ख आदिजस्ता वस्तुहरूको विनिमय गरिन्थ्यो । राज्यमा पैठारीभन्दा निकासी व्यापार ज्यादा हुनाले आर्थिक सन्तुलन र उन्नति भइरहेको थियो । राज्यभरका जनता आफ्नै उत्पादनबाट आत्मनिर्भर थिए र घरेलु उद्योगको समेत विकास भएकाले पेसाअनुसारको जीविका सबैले चलाएका थिए । अंशुवर्माले राज्यको आय बढाउनका लागि जनतालाई ६% प्रतिशत कर लगाएका थिए । त्यतिबेला भूमिकर, पशुकर, व्यापारकर, सिकारकर, मनोरञ्जनकर, धुरीकर, आदिबाट राज्यको आम्दानी हुन्थ्यो । खानीको काम राज्यकै तर्फबाट गरिन्थ्यो । समाजसेवी, कलाकार, सिल्पी, विद्वान् र योद्धालाई कुनै किसिमको कर लाग्दैनथ्यो ।

राजाले टकमारी गरी सिक्का प्रसारण गरेका थिए । अंशुवर्माको राज्यकालमा टकमारीको विकास उच्चकोटीमा भएको देखिन्छ । सिक्कामा संवत्, राजाको नाम, राष्ट्रिय जनावर, सिक्काको मूल्य, कला, धातुको स्तर, विद्याको अवस्था आदि झल्कने सङ्केतहरू अङ्कित हुन्थे ।

त्यति बेला मगध (भारत) मा हर्षवर्द्धन र तिब्बतमा स्रङचङ गोम्पोले शासन गरिरहेका थिए । यी दुवै राज्यहरूले आफ्नो राज्य विस्तार गर्ने नीति बनाएका थिए । यी दुवै राज्यहरूका बिचमा नेपाल पर्ने हुनाले नेपाललाई यिनीहरूबाट खतरा थियो । त्यसैले अंशुवर्माले दुबै देशसँग घनिष्ट सम्बन्ध स्थापना गरेका थिए । यसप्रकार अंशुवर्माको शासनकालमा नेपालको परराष्ट्र सम्बन्ध पनि सन्तुलित थियो ।

## अंशुवर्माको व्यक्तित्त्व र चरित्र

राजा अंशुवर्माको दूरदर्शी कुटनीतिक स्वभावका भएका कारण नेपाल स्वतन्त्र देश रहन सकेको थियो । नेपालको उत्तर र दक्षिणतिर तत्कालमा पनि शक्तिशाली राज्यहरूबाट स्वतन्त्र रक्षा गर्न ज्यादै कठिन परेको थियो । अंशुवर्मा जस्तै सफल र योग्य शासक हुनाले नेपालले आफ्नो अस्तित्त्व रक्षा गर्न सकेको थियो । राजा

धैर्यवान् र समृद्धशाली हुनाले नेपालमा विदेशी आक्रमण हुन पाएन । सानो पदबाट महाराजधिराजसम्म बनेका अंशुवर्मा दु:खमा आत्तिने र सुखमा मात्तिने राजा थिएनन् । उनले कैलाशकुट भन्ने राजदरबार र राजगृह भन्ने बौद्धविहार निर्माण गराएका थिए । उनले विकास गरेको वास्तुकलाको चर्चा नेपाल बाहिर पनि भएको छ । अंशुवर्माका यस्तै कामहरूले गर्दा उनको शासनकाललाई नेपालको इतिहासमा स्वर्णयुग भनेर समेत चिनिन्छ ।

■■■

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कुन लिच्छवि राजाले अंशुवर्मालाई आफ्नो उत्तराधिकारी बनाए ?

(ख) लिच्छवि कालमा सामन्त भनेको कस्तो पदवी थियो ?

(ग) लिच्छविकालमा नेपालमा के कस्ता धर्महरू मानिन्थे ? कुनै चारओटा धर्मको नाम लेख्नुहोस् ।

(घ) अंशुवर्मा विद्वान थिए भन्ने कुराको कुनै एउटा प्रमाण दिनुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) अंशुवर्मा राजाका छोरा नभए पनि कसरी राजा हुन पाए ? चर्चा गर्नुहोस् ।

(ख) लिच्छवि कालमा राजनितिक सहयोगका लागि ककसलाई के कस्तो जिम्मेवारी दिइएको हुन्थ्यो ? चर्चा गर्नुहोस्।

(ग) अंशुवर्माले के कस्ता आर्थिक सुधारका कार्यहरू गरेका थिए ? उदाहरणसहित लेख्नुहोस् ।

(घ) राजा अंशुवर्माको मूल्याङ्कन गर्नुहोस् ।

## सामुदायिक कार्य

लिच्छविकालीन समाज र वर्तमान समाजमा के के समानता र के भिन्नता पाइन्छन् ? तुलना गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

❍❍❍

# पाठ - ८ राजा नरेन्द्रदेव (वि.सं. ६९९-७३५)

राजा अंशुवर्माको मृत्युपछि शिवदेव प्रथमका छोरा उदयदेव नेपालका राजा भए । तर पहिलेबाट भारदारी छुटेका जिष्णुगुप्तले उदयदेवका विरुद्ध ध्रुवदेवलाई उचाली विद्रोह गरे । त्यो विद्रोहको सामना गर्न नसकेर राजा उदयदेव सपरिवार तिब्बतमा शरण लिन वाध्य भए । उदयदेवको उतै निधन भएकाले उनका छोरा नरेन्द्रदेव तिब्बतमा टुहुरो र असहाय राजकुमार भएका थिए ।

नेपालको राजगद्धीमा ध्रुवदेव रहेपछि जिष्णुगुप्तले सारा राजकाज आफ्नो हातमा लिई राजालाई शक्तिहीन बनाए । त्यसै बेला ध्रुवदेवको मृत्यु भएपछि भीमार्जुनदेव राजा भए । भीमार्जुनदेव ध्रुवदेवका छोरा हुन् कि हैनन् भन्ने कुरा अझै स्पष्ट हुन सकेको छैन । केही समयपछि जिष्णुगुप्तको पनि निधन भएकाले उनका भाइ विष्णुगुप्त प्रधान अमात्य भए । केहीकाल विष्णुगुप्त र भीमार्जुनदेवको संयुक्त शासन चल्यो । यस बेलासम्म तिब्बतमा बसेका नरेन्द्र देव युवक भइसकेका थिए । उनले तिब्बतका राजा श्रङचङ गोम्पोको सैनिक सहयोग लिई वि.सं. ६९९ मा आफ्नो राज्य फिर्ता लिए । उनी राजा भएपछि द्वैध शासनको अन्त्य भयो । उनलाई नेपाली जनताले सहयोग गरेका हुनाले नरेन्द्र देवले राज्यमा धेरै सुधार गरे । उनका पालामा भएको सुधारलाई निम्नानुसार उल्लेख गरिएको छ ।

## १. प्रशासनिक कार्य

राजा नरेन्द्रदेवले प्रशासनलाई दरिलो बनाएर समाजमा अन्याय गर्नेलाई कठोर सजाय दिने व्यवस्था मिलाए । गाउँको शासन हेर्ने ग्रामपाञ्चाली गठन गरी निष्पक्ष न्याय दिने व्यवस्था गरे । सामन्तहरूलाई पनि मानवीय प्राकृतिक न्याय गर्नुपर्ने भनी ग्रामीण जनताको सुखसुविधालाई ध्यान पुऱ्याउन आदेश दिए । जनताको हीत गर्न र जनतालाई सुखी पार्न अंशुवर्मा झैं चिन्तन गर्ने उनी लिच्छविकालका प्रसिद्ध राजाहरूमध्ये एक हुन् ।

## २. परराष्ट्र र कुटनीतिक कार्य

राजा अंशुर्माको समयदेखि नै नेपालको परराष्ट्र सम्बन्ध राम्रो थियो । नरेन्द्रदेवले पनि छिमेकी राज्यहरूसँग सुमधुर सम्बन्ध स्थापना गरे । तिब्बत, चीन र भारतसँग उनको सम्बन्ध घनिष्ट थियो । भारतका राजा हर्षवर्द्धनको मृत्यु हुँदा उनका नाबालक छोराको संरक्षक प्रधान अमात्य अरुणाश्व भएका थिए । तर अरुणाश्वले नाबालक राजाको हत्या गरी आफैं राजा भए । त्यसै बेला चिनियाँ राजदूत हर्षवर्द्धनको दरबारमा पुग्दा नयाँ राजा अरुणाश्वले सो भ्रमण दलमाथि हमला गरे । चिनियाँ टोली ज्यान जोगाई नेपालमा शरण लिन आयो । त्यस बखत नरेन्द्रदेवले पनि चिनियाँ टोलीलाई सात हजार घोडचढी सेना दिएर अरूणाश्वको राज्यमा हमला गर्न सहयोग गरेका थिए ।

### चिनियाँ यात्री युआन च्वाङको वयान

युआन च्वाङ चीनका बौद्ध भिक्षु तथा लेखक थिए । बुद्धग्रन्थहरूको अध्ययन र तीर्थयात्राका लागि वि.सं. ६८६ देखि ७०० सम्म उनले नेपालको भ्रमण गरेका थिए । त्यतिबेला नेपालका राजा अंशुवर्मा थिए । उनी पहाडको बिच उपत्यकामा चिसो र स्वच्छ आहार गरी राज्य गर्थे । नेपालीहरू कमै पढेलेखेका, बलिया, छरिता, कलाकार र विश्वासी छन् । २००० ब्राहमण पण्डितहरूले शास्त्र पढेका छन् । राजा लिच्छवि क्षेत्री कुलका हुन् । उनले शब्दविद्या भन्ने किताब लेखेका छन् । नेपालको पूर्वदक्षिणमा प्राकृतिक ज्वाला छ र त्यो ज्वालाले पोल्छ । राजाको दरबार कैलाशकुट भवन झलल्ल झल्केको छ भन्ने कुरा उनको यात्रा वृत्तान्तमा उल्लेख थियो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) राजा अंशुवर्माको मृत्युपछि नेपालका राजा को भए ?

(ख) उदयदेव किन तिब्बतमा शरण लिन गए ?

(ग) भीमार्जुनदेवको शासनकालमा नेपालका प्रधान अमात्य को थिए ?

(घ) नरेन्द्रदेवले कहिले आफ्नो राज्य फिर्ता लिए ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) नरेन्द्रदेव न्यायप्रेमी राजा थिए भन्ने कुरा पुष्टि गर्नुहोस् ।

(ख) श्रङचङ गोम्पो को हुन् र उनले नरेन्द्रदेवलाई किन सहयोग गरे ?

(ग) लिच्छविहरूको गुमेको इज्जत र मर्यादालाई राजा नरेन्द्रदेवले कसरी बचाए ?

(घ) राजा अंशुवर्मा, नरेन्द्रदेव र मानदेवलाई किन नमुना पुरुष मानिन्छ ?

# पाठ - ९ लिच्छवि सभ्यता

नरेन्द्रदेवपछि शिवदेव द्वितीय नेपालका राजा भए । उनले जनतालाई औषधीमुलो गर्न वैद्यहरूको गाउँ नै खडा गरिदिए । उनका छोरा जयदेव द्वितीय वडा धार्मिक स्वभावका राजा भए । उनले पशुपतिमा आफ्ना पूर्वजहरूको नाम अङ्कित विवरणसहितको शिलालेख राख्न लगाए । त्यसबाट लिच्छवि राजाहरूका बारेमा धेरै कुरा थाहा पाइन्छ ।

लिच्छविहरू वैशालीबाट नेपाल आई राज्य स्थापना गरेका हुन् । उताबाट आउँदा उनीहरू गणतन्त्रमा अभ्यस्त भए पनि नेपालमा आएर राजतन्त्रको स्थापना गरी किराँतहरूको परपम्परालाई निरन्तरता दिए । फरक के थियो भने किराँत राजाहरू सोझै केन्द्रबाट शासन गर्दथे तर यिनीहरू सामन्त राजाहरूलाई कज्याएर शासन गर्ने र विकेन्द्रीकरणको अभ्यास गर्ने गर्दथे । यिनीहरूले देशको शासनलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि विभिन्न पदहरूको सिर्जना गरेका थिए ।

लिच्छविकालमा प्रत्यक्ष र स्थानीय शासन गरी दुई प्रकारले प्रशासन चल्दथ्यो । नजिकका स्थानहरूमा केन्द्रले र टाढाका स्थानहरूमा स्थानीय सामन्तहरूले शासन गर्दथे । ती प्रशासकहरूलाई आर्थिक, न्यायिक, सामाजिक र धार्मिक स्थिति दुरुस्त राख्ने जिम्मेवारी दिइएको हुन्थ्यो ।

## १. सामाजिक अवस्था

लिच्छविकालीन समाज वर्णाश्रम धर्ममा आधारित थियो । वर्णाश्रम भनेको ब्राह्मण, छेत्री, वैश्य र शुद्र वर्णका मानिसहरूले आफ्नो वर्णअनुसारको कर्म गर्ने पद्धति हो । लेखपढ गर्ने, शिक्षा लिनेदिने, दान लिनेदिने, यज्ञयज्ञादि कार्य गर्ने/गराउने जस्ता कर्महरू ब्राह्मणका हुन्थे । त्यस्ता विद्वान्हरू चोखा र सात्विक आहार गर्दथे । त्यसै गरी राज्य चलाउने, प्रशासन चलाउने, शान्तिसुरक्षा कायम गर्ने, बाह्य र आन्तरिक विद्रोह रोक्ने, युद्ध गर्ने, कानुनको पालना गराउने काम क्षत्रियहरूको थियो । राजाहरू क्षत्रिय धर्म पालन गर्दथे । त्यस्तै प्रकारबाट कृषि, पशुपालन, उद्योग, व्यापार, उत्पादन र वितरण गर्ने वर्गलाई वैश्य भनिन्थ्यो र यो वर्ग आर्थिक रूपले राज्यको मेरुदण्ड थियो । प्रत्येक कार्यमा समाजलाई सहयोग पुऱ्याउने, समाजसेवा गर्ने, उपकार गर्ने, अशक्तको मदत गर्ने, कर्मठ र स्वावलम्बी वर्गलाई शुद्र मानिन्थ्यो । समाजमा जातिभेद र रङ्गभेद थिएन । वैदिक समाजमा जस्तै यो समाजमा पनि फरक वर्णका बिच विवाह हुन्थ्यो ।

## २. अष्टादश प्रकृति

अष्टादश भनेको अठार हो र अष्टादश प्रकृति भन्नाले अठार जातिका मानिसहरू भन्ने बुझिन्छ । यी अष्टादश प्रकृतिका मानिसहरू आपसमा मिलिजुली एकै बाटो, एकैपाटो, एकै पानीपँधेरो र एकै जिउजस्ता भई बसोबास गरेका हुनाले त्यसवेला आदर्श समाजको निर्माण भएको थियो । सबै जातका मानिसमा संयुक्त परिवार प्रथा

थियो । उमेरअनुसार घरको कार्य विभाजन गरिन्थ्यो । सामाजिक काम गर्दा संयुक्त रूपमा गरिन्थ्यो । त्यसलाई गोष्ठी भनिन्थ्यो र गोष्ठीका सदस्यलाई गौष्ठिक भन्ने चलन थियो । गोष्ठीहरू धेरै प्रकारका थिए र तिनीहरूले साझा सामाजिक काम गर्दथे । जस्तै धारा, कुवा, जलाशय बनाउने, मठमन्दिर, विहार, धर्मशाला, बाटोघाटो बनाउने, पशुचरिचरन, पशुधन नश्ल सुधार गर्ने बिरामी, घाइते, सुत्केरीलाई औषधी गर्ने, आदि कार्यमा सबै जातका मानिसहरू जुट्ने गर्दथे ।

### ३. समाजमा नारीको अवस्था

लिच्छवि नारीलाई छानी विवाह, विधवा विवाह र पुर्नविवाहका अवसरहरू भए पनि सतिप्रथा कायमै थियो र उच्चवर्ग, कलाकार र व्यापारी वर्गका नारीहरूले शिक्षा आर्जन गर्दथे । नारीहरूलाई धार्मिक शिक्षा बढी दिइन्थ्यो । योग्य गृहलक्ष्मी हुनु र आफ्नो परिवारमा अनुशासन कायम गराउनुलाई नारीको धर्म मुख्य मानिन्थ्यो । आफ्ना आश्रित र सन्तानलाई सही मार्ग निर्देशन गर्ने काम पनि नारीहरूकै थियो । धार्मिक अनुष्ठान गर्दा स्नान गर्ने, शुद्ध हुने, जुठोबिटुलो हुन नदिने, चोखिनिती गर्ने काममा नारीहरू नै सरिक हुन्थे । केही नारीहरू मन्दिरमा देवदासी भई पूजा अर्चना पनि गर्दथे । नारीहरूले अनुहार बाहेक शरीरको सबै ढाकिने पोसाक पहिरन हुनुपर्दथ्यो । नारीहरूले विविध शृङ्गारका सामानहरूको प्रयोग गर्दथे र गीत, सङ्गीत, नृत्य, आदिमा गर्न सरिक हुन्थे । आफ्नो ग्राहस्थ जीवन सफल पार्न, परिवारजनलाई पूर्ण सन्तुष्टि दिन नारीहरू नै अग्रसर हुन्थे । राजपरिवारका नारीहरूको शासनमा सहयोग प्रमुख भूमिका रहन्थ्यो ।

## अभ्यास

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

- (क) कुन राजाले पशुपति नाथमा आफ्ना पूर्वज को नाम राख्न लगाए ?
- (ख) लिच्छविहरू कहाँबाट नेपाल आई राज्य स्थापना गरेका हुन् ?
- (ग) अष्ठादशको अर्थ लेखनुहोस् ।
- (घ) लिच्छविकालमा नारीले कस्तो शिक्षा पाउँथे ?

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

- (क) लिच्छविकालीन सामाजिक अवस्थाको चर्चा गर्नुहोस् ।
- (ख) लिच्छविकालमा नारीको सामाजिक अवस्था कस्तो थियो ?

## सामुदायिक कार्य

तपाईंको गाउँघरमा पाइने लिच्छविकालीन सामग्रीहरू सङ्कलन गरी सानो टिप्पणी तयार पार्नुहोस् ।

ooo

# पाठ - १० मध्यकालमा नेपाल एकीकरण गर्ने प्रयास

पृथ्वीनारायण शाहको दूरदर्शी कार्ययोजनाबाट वर्तमान नेपालको स्वरूप तयार भएको हो । उनी नेपालका पछिल्लो समयका एकीकरणकर्ता हुन् । उनीभन्दा पहिले पनि विभिन्न राजाहरूले नेपाल एकीकरण गर्ने पहल गरेका थिए । लिच्छवि राजा मानदेवले तत्कालीन नेपालको स्वरूप झन्डै वर्तमान नेपालको जत्रै पारेका थिए । उनले ठाउठाउँका सामन्तहरूमाथि विजय प्राप्त गरी आफ्नो वशमा पारेका थिए । नेपालको सो भुभाग राजा जयदेव द्वितीयको शासनकालसम्म कायम रहेको देखिन्छ । लिच्छविहरूले देशको आर्थिक अवस्थालाई दिगो र आत्मनिर्भर गराउन लागि कृषि, पशुपालन, उद्योग तथा व्यापारलाई महत्त्व दिएका थिए । उनीहरूको यही आर्थिक सवलीकरण र राजनीतिक दूरदर्शिताका कारणले झन्डै ५०० वर्षसम्म एकीकृत नेपाल कायम रहेको पाइन्छ ।

मध्यकालमा आएर नेपालको एकीकरण सिम्रौनगढको कर्नाटक वंशका राजा नान्यदेवले गरेका थिए । उनले राप्ती नदीदेखि कोसीसम्मको तराई र चुरे प्रदेशलाई आफ्नो अधीनमा पारी नेपालको स्वरूपलाई पुन: स्थापना गर्ने प्रयत्न गरेका थिए । राज्य गर्दागर्दै मुसलमानी आक्रमणबाट यो राज्य ध्वस्त हुन पुगेको थियो । सिम्रौनगढ सम्पन्न हुँदाहुँदै पनि विदेशी आक्रमणका कारण त्यहाँको सभ्यता नष्ट हुन गयो ।

सिम्रौनगढ राज्य विस्तार भइरहेको अवस्थामा वि.सं. ११५० मा कर्णाली प्रदेशको सिंजा उपत्यकालाई राजधानी बनाई दक्षिण पश्चिम तिब्बतका राजा नागराजले हिमालवारी र हिमालपारी फैलिएको एउटा राज्य स्थापना गरे । नागराजको चौधौँ पुस्ताका राजा निर्बल र नि:सन्तान रहँदा वि.सं. १४५० त्यो साम्राज्य छिन्नभिन्न हुन गयो । त्यसको सिमाना पूर्वमा नुवाकोट, पश्चिममा लद्दाख, उत्तरमा गुगे र दक्षिणमाा भगिरथी नदीसम्म फैलिएको थियो । हालको नेपाली भाषा, नेपाली संस्कृति, नेपाली खाना, नेपाली पहिरन, नेपालको प्रशासन र विभिन्न जातिका थरहरू बन्नु त्यही सभ्यताको देन हो । यो सभ्यतालाई खस सभ्यता भनिन्थ्यो ।

नेपालको इतिहासको पूर्वमध्यकालको अन्त्य हुने अवस्थामा मुसलमान शासक समसुद्दीन इलियासको सेनाले काठमाडौँ उपत्यकामा आक्रमण गरी पूर्वाधार र सभ्यतासमेत ध्वस्त पारिदियो । राजा जयस्थिति मल्लको उदयपछि यो अवस्थामा क्रमिक सुधार भयो । यिनले तराइ, पहाड, हिमाल र उपत्यका भित्रका विद्वान्हरूको भेला गराई मानव न्यायशास्त्र संहिता तयार गर्न लगाए र सामाजिक थिति बलियो पारे । राजा जयस्थिति मल्लले समाज सुधार, मानापाथी, ढकतराजु, नापतौल, जमिनको मात्र स्थिति नबसाली नेपालको एकीकरण कार्यलाई समेत तीव्र बनाए । उनका सुधार कार्यहरू विशाल क्षेत्रमा लागू गराएका थिए । उनकै मार्गमा लागेर राजा यक्ष मल्लले पनि नेपालको परिधि विस्तार गरेका थिए ।

नेपालको इतिहासमा उत्तरमध्यकालको सुरुतिर पाल्पालाई केन्द्र बनाएर राजा मुकुन्द सेनले नेपालको

मध्यपहाड र तराइको भागलाई एकीकरण गर्दै पूर्व टिस्टा र पश्चिम महाकालीसम्म आफ्नो प्रभुत्व विस्तार गर्न सफल भए । पाल्पा र मकवानपुरलाई केन्द्र बनाई राजा मुकुन्द सेनले वर्तमान नेपालको दक्षिणी भाग र मेचीपूर्व टिस्टा, पश्चिम कुमाउँसम्म नेपालको एकीकरण गरेका थिए । मुकुन्द सेनको अन्त्यपछि सो विशाल नेपाल उनका छोराहरूले बाँडिचुँडी लिएकाले यो एकीकरण दिगो हुन सकेन । अन्त्यमा गोरखाका राजा पृथ्वीनारायण शाहले नेपालको एकीकरण कार्यलाई सार्थक पारे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) मानदेवको एकीकरण झन्डै कति वर्षसम्म कायम रह्यो ?

(ख) मध्यकालमा नेपालको एकीकरण गर्ने राजाको नाम लेख्नुहोस् ।

(ग) नेपालमा खस राज्य कति वर्षसम्म कायम रह्यो ?

(घ) जयस्थितिभन्दा अगाडि काठमाडौँको सभ्यतामा कसरी सङ्कट उत्पन्न भयो ?

(ङ) मुकुन्द सेनका मृत्युपछि उनले गरेको एकीकरण किन छिन्नभिन्न भयो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) लिच्छवि राजाहरूले गरेको एकीकरण लामोसमयसम्म कायम रहनुका कारणहरू शिक्षकसँग सल्लाह गरी लेख्नुहोस् ।

(ख) सिम्रौनगढ राज्यको परिचय दिनुहोस् ।

(ग) काठमाडौँ उपत्यकाका राजाहरूमध्ये जयस्थिति मल्ल किन महत्त्वपूर्ण मानिन्छन् ? उनको योगदानको चर्चा गर्नुहोस् ।

(घ) राज्य एकीकरण हुने र टुक्रिने कारणहरू के के हुन सक्छन् ? शिक्षकसँग सोधपुछ गरी कुनै चार कारण लेख्नुहोस् ।

# पाठ - ११ नेपाल एकीकरण पहिलेको अवस्था

पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्व हालको नेपाल धेरै टुक्रा र धेरै खण्डहरू विभाजित थियो र भारतको पनि एकीकरण भइसकेको थिएन । सप्तकर्णाली प्रवाह क्षेत्रमा बाइसी राज्यहरू थिए । जुम्ला, डोटी, बोगटान, दैलेख, दुल्लु, दर्ना, अछाम मङ्गलसेन, बिमकोट, खुम्री, गजुल, बभ्काङ, सुलीकोट, थलहरा, बाजुरा, दाङसुखौरा आदि गरी ३७ भन्दा बढी भुरे टाकुरे राज्यहरू बाइसे राज्यका नामले कर्णाली क्षेत्रमा अस्तित्त्वमा थिए । सप्तगण्डकी क्षेत्रका पर्वत, गलकोट, धुर्कोट, मुसिकोट, गुल्मीचारपाला, इस्मा, अर्घा, खाँची, पाल्पा, तनहुँ, बुटवल, रिसिङ, घिरिङ, दर्छारामपुर, गजरकोट, प्युठान, ढोर, सतहुँ, भिरकोट, नुवाकोट, कास्की, सराङकोट, अर्घौं, लमजुङ, गोरखा, गरहौं, पैयुँ, बलिहाङ, मनाङ, मुस्ताङ, आदि राज्यहरू चौबिसे राज्यका नामले चिनिन्थे ।

त्यसै गरी बाग्मती नदी प्रवाह भएको उपत्यका भित्रका कान्तिपुर, ललितपुर (पाटन), भक्तपुर (भादगाउँ), बनेपा (केहीकाल) राज्यहरू एकअर्कासँग स्वतन्त्र थिए । त्यस्तै पूर्वी नेपालमा मकवानपुर, चौदण्डी (अमरपुर, भाँगाभोली), विजयपुर आदि जस्ता राज्यहरू थिए । पूर्वी पहाडी भागमा १६ खुम्बु, १० लिम्बु र ८ राई जस्ता ससाना मुख्यौली थुमहरू थिए । ती सबै पूर्वी राज्यको सम्प्रभु भने सेन राज्यमा केन्द्रित थिए ।

माथिका बाइसी, चौबिसी, उपत्यका र पूर्वी राज्य गरी पूरा सङ्ख्या ५२ हुनुपर्नेमा ७५ सम्म पुगेको अवस्था थियो । त्यति बेला अहिलेको भारतमा ७५० भन्दा धेरै राजारजौटाहरू एकआपसमा स्वतन्त्र शासन गरिरहेका थिए । ती रजौटाहरूमा आपसी वैरभाव थियो । यिनीहरूको यही वैरभावको फाइदा उठाई इङ्ल्यान्डले भारतमा आफ्नो साम्राज्य निर्माण गरिरहेको थियो । नेपालका यी टुक्रे राज्यहरूमा पनि आपसी सम्बन्ध र मित्रता नभएका कारणले इङ्ल्यान्डले नेपालमा पनि आफ्नो साम्राज्य खडा गर्ने दाउ हेरिरहेको थियो ।

नेपालका बाइसी राज्यहरूमा डोटी र जुम्ला तथा चौबिसी राज्यहरूमा पाल्पा, पर्वत र लमजुङ दरिला थिए । उपत्यकाभित्रको कान्तिपुर राज्य व्यापारले समृद्ध र सम्पन्न थियो । पूर्वका मकवनपुर र विजयपुर राज्य कृषि तथा पशुजन्य पुँजीका धनी मानिन्थे । अङ्ग्रेजी साम्राज्यसँग भिड्न सक्ने ताकत नेपालका कुनै पनि राज्यसँग थिएन । त्यो कुरा गोरखाका राजा पृथ्वीनारायण शाहले पाल्पाली मामाहरूबाट बुझेका थिए । त्यसैले उनले बाइसी, चौबिसी, मल्ल र सेन राजाहरूसँग पत्राचार गरी अङ्ग्रेज विरुद्ध विशाल हिमाली सैन्य सङ्गठन गर्ने अठोट लिएका थिए । त्यो कुरा बुझेर पनि उल्टै चौविसी र उपत्यकाभित्रका राजाहरूले गोरखा राज्य विरुद्ध सैनिक मोर्चाबन्दी गरेर पटकपटक गोरखामाथि आक्रमण गर्ने नीति लिए । यसरी टुक्रे राज्यहरू आफ्नो विरुद्धमा लागेपछि पृथ्वीनारायण शाहले ती सबैलाई परास्त गरी विशाल र एकीकृत नेपालको सिर्जना गर्ने निर्णय गरे । त्यसका लागि उनले निम्नानुसारको नीति अवलम्बन गरेका थिए ।

१. **क्षमतावानको सम्मान** : राज्यलाई अग्रगति दिनको लागि राष्ट्रमा विभिन्न क्षमता भएका मानिसहरूको आवश्यकता पर्दछ । पृथ्वीनारायण शाहले विद्वान, योद्धा र कलाकारको कदर गरी सके जति राज्यले सुविधा दिने नीति अवलम्बन गरे ।

२. **मरवटको नीति** : कुनै पनि योद्धाले युद्धमा वीरगति पाएको अवस्थामा राज्यले निजका नाबालक छोराछोरी र परिवारको भरणपोषणको जिम्मेवारी लिने तथा छोराको उमेर १७ वर्ष पुगेपछि उसलाई बाबुकै पदमा नियुक्त गर्ने र छोरीलाई मिल्दो वरसँग बिहे गरिदिने चलन मरवट हो । पृथ्वीनारायण शाहले गोरखामा मरवटको नीति कार्यान्वयन गरे ।

३. **लब्धप्रशमन** : आफ्ना मित्र तथा आफ्नो आधिपत्य स्वीकार गर्ने राज्यप्रति गरिने सकरात्मक व्यवहारलाई लब्धप्रशमन भनिन्छ । पृथ्वीनारायण शाहले गोरखासँग मित्रताको सन्धि भएका राज्य स्वतन्त्र हुने, युद्धमा पराजित राजाहरू र जनताले पराजय स्वीकार गरेमा उनीहरूप्रति नरम र मित्रवत् व्यवहार गरी राज्य थामिदिने नीतिको अवलम्बन गरे ।

४. **प्रजाप्रेमी नीतिः** जनता नै देशका लागि महत्त्वपूर्ण हुन्छन् । पृथ्वीनारायण शाहले पराजित राज्यका जनतालाई गोरखाली सरह व्यवहार गर्ने नीति कार्यान्वयन गरे ।

माथि वर्णन गरिएका चारओटा नीतिहरूलाई नेपालका अन्य कुनै पनि राज्यले पालना नगरेकाले चारैतिरका योग्य, सक्षम, वीर, कालकार, विद्वान् र बुझेकाहरूले धमाधम गोरखा रज्यमा प्रवेश गरी राजाश्रय र राज्याश्रय लिन थाले । त्यसबाट गोरखा राज्यको दिनानुदिन उन्नति हुँदै गयो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक शब्दमा उत्तर लेख्नुहोस् :**

(क) पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्व सप्तकर्णाली क्षेत्रका राज्यहरूलाई के भनिन्थ्यो ?

(ख) चौबिसे राज्यहरू कुन क्षेत्रमा रहेका थिए ?

(ग) एकीकरणपूर्व नेपालमा जम्मा कतिओटा राज्यहरू थिए ?

(घ) बाइसे र चौबिसे राज्यहरूमा कुन कुन राज्यहरू निकै बलिया थिए ? नाम लेख्नुहोस् ।

(ङ) पाल्पाली राजाले पृथ्वीनारायण शाहलाई के कुराको जानकारी दिए ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) पृथ्वीनारायण शाहले अङ्ग्रेज विरुद्ध कस्तो नीति अवलम्बन गर्न भनी अन्य राजाहरूसँग पत्राचार गरेका थिए ? उनको नीति किन सफल हुन सकेन ? स्पष्ट पार्नुहोस् ।

(ख) गोरखाले के कस्ता चारओटा नीतिहरू अवलम्बन गऱ्यो ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ग) तपाईंको कापीमा तलको जस्तै तालिका बनाई एकीकरण पूर्वका राज्यहरूको नाम लेख्नुहोस् ।

| बाइसे राज्य | चौबिसे राज्य | उपत्यकाका राज्य | पूर्वी राज्य |
|---|---|---|---|
| | | | |
| | | | |


## परियोजना कार्य

पाना भरिने गरी तीनओटा नेपालका नक्सा बनाउनुहोस् । त्यसमध्ये पहिलो नक्सामा बाइसे, दोस्रोमा चौबिसे र तेस्रोमा उपत्यका र पूर्वी राज्यहरू देखाउनुहोस् ।

❍❍❍

एकाइ
२

# आधुनिक नेपाल



(पृथ्वीनारायण शाहको एकीकरण अभियान)

## पाठ - १ नेपाल एकीकरण अभियानको पहिलो चरण

नेपाललाई प्राचीन, मध्यकालीन र आधुनिक गरी तीन ऐतिहासिक कालहरूमा विभाजन गरिएको छ । पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाको एकीकरण सम्पन्न गरेपछिको ऐतिहासिक काललाई आधुनिक काल भनेर चिनिन्छ । एकीकरणभन्दा अगाडिको समय मध्यकाल हो । यसलाई मल्लकाल समेत भन्ने गरिन्छ । मल्लकालमा अहिलेको नेपाल विभिन्न स्वतन्त्र राज्य, उपराज्य, भुरे राज्य एवम् टाकुरे राज्यहरूमा विभाजित थियो । मल्लकालीन यी राज्यहरूमा मेलमिलाप थिएन । आफ्नो राज्य विस्तारका लागि यी राज्यहरूबिच प्राय: लडाइँ भइरहन्थ्यो । यसको कारणले गर्दा जनताहरू सधैँ त्रासको जीवन बाँचिरहेको थिए । त्यसैगरी नेपालको उत्तरतर्फबाट तिब्बत र दक्षिणतर्फबाट इस्ट-इन्डिया कम्पनीले समेत आफ्नो भूभाग विस्तार गरी रहेका हुनाले नेपालको स्वतन्त्र अस्तित्त्व पनि सङ्कटमा पर्ने सम्भावना थियो । देशमा स्थायी शान्ति स्थापना गर्न र नेपालको अस्तित्त्व जोगाइ राख्नका लागि नेपाल एकीकरणको आवश्यकता थियो । नेपालको एकीकरण एकै पटक सम्पन्न नभई चरणबद्ध रूपमा गरिएको थियो । यसलाई एकीकरणको पहिलो, दोस्रो र तेस्रो गरी तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

## १. पृथ्वीनारायण शाहः परिचय र एकीकरणको थालनी

नेपाल एकीकरणका प्रणेता पृथ्वीनारायण शाहको जन्म तत्कालीन चौबिसे राज्य गोरखामा भएको हो । उनका पिता नरभूपाल शाहको पहिलो विवाह खाँचीकी राजकुमारी चन्द्रप्रभावतीसँग भएको थियो । चन्द्रप्रभावतीको कोखबाट कुनै पनि सन्तानको जन्म नभएपछि पाल्पाकी राजकुमारी कौशल्यावतीसँग दोस्रो, पर्वतकी बुद्धिमतिसँग तेस्रो र तनहुँकी सुभद्रावतीसित चौथो विवाह भएको थियो ।

वि.सं. १७७९ पुस २७ गते नरभूपाल शाहकी महिली रानी कौशल्यावतीको ७ महिनाको गर्भबाट पृथ्वीनारायण शाहको जन्म भयो । यसको केही समयपछि साहिँली रानी बुद्धिमतीको १० महिनाको गर्भबाट बृन्दकेशर शाहको जन्म भयो । यी दुई राजकुमारहरूको जन्मले कसलाई जेठो मानेर राज्यको उत्तराधिकारी घोषणा गर्ने भन्ने सामान्य अन्योल समेत गोरखा दरबारमा सिर्जना भयो तर केही समयपछि नै वृन्दकेशर शाहको निधन भएकाले यो समस्या समाधान भयो । त्यसै गरी माइली रानी कौशल्यावती कै गर्भबाट दलमर्दन शाह र पृथ्वीपति शाहको समेत जन्म भएको थियो । तर पृथ्वीपति शाहको ब्रतबन्ध नहुँदै निधन भयो । साहिँली रानी बुद्धिमतीका गर्भबाट शूरप्रताप शाहको जन्म भयो । कान्छी रानी सुभद्रावतीका गर्भबाट महोद्धमकीर्ति शाह र दलजीत शाह नामका दुई छोराहरूको जन्म भयो । जेठी महारानी चन्द्रप्रभावती भने सन्तानहीन नै रहिन् । यसप्रकार नरभूपाल शाहका तीनओटी रानीबाट जन्मेका सात छोराहरूमा पाँच जीवित रहे ।

### (क) बाल्यकाल र शिक्षा

पृथ्वीनारायण शाहको हेरचाह, पालनपोषण र शिक्षादीक्षाको जिम्मेवारी चन्द्रप्रभावतीले लिइन् । उनकै सल्लाह, सुझाव र निर्देशनअनुसार भानु अर्याल र महेश्वर पन्तले पृथ्वीनारायण शाहलाई शास्त्र, कुटनीति एवम् युद्धकला सिकाए । चन्द्रप्रभावतीको कारणले पृथ्वीनारायण शाहमा वीरता, शाहस, सत्चरित्र, दूरदर्शीता एवम् कुटनीतिजस्ता गुणहरू विकास भएका हुन् ।

### (ख) वैवाहिक सम्बन्ध

पृथ्वीनारायण शाहको पहिलो विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग सम्पन्न भयो । तर यो विवाह सफल नभएकाले पृथ्वीनारायण शाहले केही कालपछि बनारसका राजपूत अहिमानसिंहकी छोरी नरेन्द्र लक्ष्मीसँग दोस्रो विवाह गरे ।

## २. एकीकरणको थालनी

### (क) मकवानपुरसँगको सम्बन्ध र नुवाकोटमाथि आक्रमण

वि.सं. १७९४ मा नुवाकोटमाथिको आक्रमणमा पराजित भएपछि नरभूपाल शाह चिन्तित भई राज्य सञ्चालनमा समेत वेवास्ता गर्न थालेका हुनाले पृथ्वीनारायण शाहले राजकाजको जिम्मेवारी सम्हालिरहेका थिए । एकीकरणलाई सफल पार्नका लागि कुटनीतिक पहलसमेत गर्नुपर्दछ ।

उपत्यकाको सामाजिक र राजनीतिक अवस्थाको जानकारी लिने यसै उद्देश्यले पृथ्वीनारायण शाहले भक्तपुरको भ्रमण गरे । त्यसबेला भक्तपुरलाई भादगाउँ भनिन्थ्यो र यहाँका राजा रणजीत मल्ल थिए । भादगाउँका युवराज वीरनरसिंह मल्लसँग मितेरी सम्बन्ध स्थापित यहाँ बसेर पृथ्वीनारायण शाहले उपत्यकाको राजनीतिक र सामाजिक अवस्थाको अध्ययन गरेका थिए ।

वि.सं. १७९९ को चैत्र १९ गते नरभूपाल शाहको मृत्यु भएपछि २० वर्षको उमेरमा पृथ्वीनारायण शाहको राज्यरोहण भयो । यो खबर पाएर मकवानपुरका राजा हेमकर्ण सेनले आफ्नी छोरी इन्द्रकुमारीलाई गोरखा पठाउने चाहना गरे । पृथ्वीनारायण शाहले पनि मकवानपुरसँग सम्बन्ध सुधार भएमा नुवाकोटमाथि हमला गर्ने आफ्नो योजनमा सहयोग पुग्ने अपेक्षा गर्दै आफ्नी रानी लिनका लागि मकवानपुर गए । तर यी दुईका बिचको सम्बन्धमा भने सुधार आउन सकेन ।

मकवानपुरसँगको सम्बन्धमा सुधार नआए तापनि पृथ्वीनारायण शाहले नुवाकोट हुँदै काठमाडौँ/नेपाल उपत्यकासम्म आफ्नो आधिपत्य कायम गर्ने विचारलाई मनमा अडिग राखे । यसरी गोरखाले नुवाकोटलाई नै पहिलो निशाना बनाउनुका पछाडि निम्नलिखित कारणहरू थिए:

- पृथ्वीनारायण शाहको काठमाडौँ उपत्यकामा आफ्नो आधिपत्य कायम गर्ने मनसाय थियो र गोरखाबाट काठमाडौँ/नेपाल उपत्यका प्रवेश गर्ने मूल बाटो नुवाकोट थियो ।
- कान्तिपुर राज्यका मानिसहरू व्यापारका लागि नुवाकोटको बाटो हुँदै तिब्बत जानुपर्दथ्यो । नुवाकोट कब्जा गर्न सकेमा कान्तिपुरमाथि नाकाबन्दी गरी आर्थिक अवस्था कमजोर बनाइदिन सकिन्थ्यो ।
- नुवाकोट अग्लो स्थानमा रहेको हुनाले यहाँबाट चारैतिरका गतिविधि हेर्न र सैनिक किल्ला बनाउन सकिन्थ्यो ।
- नुवाकोटको बाटो हुँदै गोरखाले तिब्बतसँग व्यापार गरी आफ्नो आर्थिक अवस्था सुधार्न सक्थ्यो ।
- नुवाकोटमा राम्रो उब्जनी हुने भएकाले गोरखामा पर्नसक्ने खाद्यान्नको अभाव पूर्ति गर्न सकिन्थ्यो ।
- नरभूपाल शाहको नुवाकोटमा पराजय भएकाले नुवाकोट विजय गर्न सकेमा बदलाको भावना सिद्ध हुने थियो र आत्म सन्तुष्टि मिल्ने थियो ।

आफ्नो योजना र नीति अनुसार पृथ्वीनारायण शाहले वि.सं. १८०० मा बिराज थापाको नेतृत्वमा गोरखाली फौज नुवाकोट आक्रमण गर्न पठाए । यो फौजले तत्काल नुवाकोटमाथि आक्रमण नगरी त्रिशूली नदी तरी खीनचेत भन्ने स्थानमा अड्डा जमाइ बसेर नुवाकोटका गतिविधिहरू अध्ययन गर्दै उचित समयको प्रतिक्षा गरिरहेको थियो । तर फौजले तत्काल नुवाकोटमाथि हमला नगरेकोले पृथ्वीनारायण शाहको मनमा विराज थापाप्रति अविश्वास पैदा भयो । त्यसैले उनले महेश्वर पन्तको नेतृत्वमा तत्काल नुवाकोटमाथि धावा बोल्ने आदेशका साथ अर्को फौज पठाए । यो फौजले ढिला नगरीकन नुवाकोटमाथि धावा बोल्यो । यो फौजलाई

नुवाकोटको सैन्य शक्ति र भौगोलिक अवस्थाका बारेमा जानकारी थिएन भने विराज थापाको नेतृत्वमा गएको फौजसँग कुनै किसिमको सम्पर्क पनि भएको थिएन । अत: यो युद्धमा गोरखालीहरूले पराजय भोग्नु पऱ्यो ।

### (ख) युद्धको तयारी

नुवाकोटसँगको पराजयपछि पृथ्वीनारायण शाहलाई युद्धको लागि विशेष तयारी गर्नु पर्ने आवश्यक्ता महसुस भयो । यसका लागि आफ्ना दोस्रो ससुरा अहिमानसिंहको सहयोगको आसा गर्दै बनारसतिर लागे । उनी तीर्थयात्राका नाममा बनारस गएका थिए । युद्धमा आफ्ना सगोत्रीहरूको समेत हत्या हुने हुँदा गोत्रहत्याको पाप नलागोस् भनेर कासी/बनारसमा गई आफ्नो गोत्र भारद्वाजबाट परिवर्तन गरी काश्यप बनाए । ससुरा अहिमानसिंह र एकजना साधुको सहयोगमा केही हातहतियार र ती हतियार चलाउन सक्ने केही दक्ष प्राविधिकहरूको प्रबन्ध गरी गोरखा आए ।


काजी कालु पाण्डे

बनारसबाट फर्केपछि राजमाता चन्द्रप्रभावती, केही महत्त्वपूर्ण व्यक्ति, भारदार र बाइसे-चौबिसे राज्यहरूसँग समेत राय लिई कालु पाँडेलाई गोरखाको काजी नियुक्त गरी आफ्नो आन्तरिक प्रबन्ध मिलाए ।

आफू युद्धमा गएको बेला चौबिसेहरूले गोर्खामाथि धावा बोल्न सक्ने सम्भावना पनि भएकाले उनीहरूसँग विभिन्न किसिमका कुटनीतिक सन्धि सम्झौता र वार्ताहरू गरी वाह्य प्रबन्ध मिलाउनु आवश्यक थियो । त्यसैले लमजुङ, तनहुँ, कास्की र पाल्पासँग वार्ता गरी कुटनैतिक सम्झौताहरू गरिए । भादगाउँबाट कान्तिपुरलाई एक्लाउनको लागि कान्तिपुरको अधीनमा रहेका चाँगु र साँखु भादगाउँलाई दिने आश्वासन दिई कुरा मिलाइयो ।

त्यसै गरी सैन्य शक्तिमा मजवुत हुनका लागि गोरखामा कारखाना खोलेर हतियार निर्माण गर्ने र युवाहरूलाई सैनिक तालिम दिने काम हुन लाग्यो । यस्ता तीन कार्यले गोरखाका आन्तरिक, बाह्य र सैन्य समस्या समाधान भए । गोरखामा बलियो सैनिक सङ्गठन बन्यो ।

### (ग) नुवाकोट विजय

नुवाकोट कान्तिपुर राज्यको एक भाग थियो र गोरखाका पुराना भारदार जयन्त राना त्यहाँका सेनापति (उमराव) थिए । वि.सं. १७९४ मा नुवाकोटमाथिको हमलामा पराजित भएपछि जयन्त रानालाई गोर्खाबाट निकाला गरिएको थियो । उनलाई कान्तिपुरका राजा जयप्रकाश मल्लले शरण दिई नुवाकोटको उमराव बनाएका थिए । नुवाकोट आक्रमणको बेला पृथ्वीनारायण शाहले जयन्त रानालाई “तँ हाम्रो मानिस होस् हामीसँग मिल्न आइज ।” भनी आत्मसमर्पण गराउने प्रयास गरेका थिए तर जयन्त रानाले “म गोरखाको मानिस भए

पनि जयप्रकाश मल्लको नुन खाइसकें ।" भनेर जवाफ पठाएका थिए ।



नुवाकोट दरबार

गोर्खाले जुनसुकै बेला पनि नुवाकोटमाथि हमला गर्न सक्छ भन्ने कुरामा जयन्त राना विश्वस्त थिए र आफ्ना सैनिकलाई तयारी अवस्थामा राखेका थिए । तर यो सैन्य शक्ति गोरखालीसँग मुकाविला गर्न अपुग थियो । त्यसैले आफ्ना छोरा शङ्खमणि रानालाई नुवाकोटको जिम्मेवारी सुम्पेर थप सैनिक सहयोगको माग गर्नका लागि उनी कान्तिपुर गए । यसैबिच वि.सं. १८०१ असोज १५ गते शनिवार बिहानै गोरखाली फौजले नुवाकोटमाथि धावा बोल्यो । अन्त्यमा, १२ वर्षका दलमर्दन शाहको हातबाट शङ्खमणि राना मारिएपछि नुवाकोटको फौज तितरबितर भयो ।

जयप्रकाश मल्लसँग थप सहयोग माग्न कान्तिपुर गएका जयन्त रानाले कुनै सहयोग नपाएकाले नुवाकोट आउँदै गर्दा बिचबाटोमा यो खबर पाए । त्यसैले उनी नुवाकोट नगई बेलकोटतिर गएर फौजलाई सङ्गठित गर्न लागे । उता, जयन्त रानाले बेलकोटमा सैनिक सङ्गठन गरिरहेको सूचना पाएपछि गोरखाली फौज बेलकोट पुग्यो । यहाँको घमासान युद्धमा गोरखाली पक्षको पनि क्षति भयो । अन्त्यमा बेलकोट पनि गोरखालीहरूको कब्जा आयो । यसपछि उमराव जयन्त रानालाई गिरफ्तार गरी छाला काढेर अमानवीय तबरले मारियो ।

नुवाकोट गोरखालीहरूको हातमा जानु कान्तिपुरको लागि ठुलो क्षति थियो । त्यसैले नुवाकोट फिर्ता लिनका लागि जयप्रकाश मल्लले काशीराम थापाको नेतृत्वमा एक फौज पठाए । गोरखालीहरूको अगाडि केही जोर नचलेपछि काशीराम थापा ज्यान जोगाई युद्ध मैदानबाट भागे ।

**केही तिथिमितिहरू**

वि.सं. १७७९ पुस २७ पृथ्वीनारायण शाहको जन्म

वि.सं. १७९४ गोरखाद्वारा नुवाकोटमाथि असफल आक्रमण

वि.सं. १७९९ चैत्र १९ पृथ्वीनारायण शाहको राज्यरोहण

वि.सं. १८०१ असोज १५ नुवाकोट विजय

## कक्षा कार्य

(क) पृथ्वीनारायण शाहले आफ्नो आक्रमणको पहिलो निशान नुवाकोटलाई बनाउनुका कारणहरू भन्नुहोस् ।

(ख) कालु पाँडेमा कुरा मिलाउन सक्ने, नेतृत्व दिन सक्ने, अरूको विचारलाई सम्मान गर्ने, मिलनसार, बुझेर निर्णय गर्नेसक्ने आदि जस्ता क्षमता र गुणहरू भएकाले पृथ्वीनारायण शाहले उनलाई काजी बनाए थिए । तपाईंमा के कस्ता क्षमता र गुणहरू छन् ? तपाईंका साथीलाई सोध्नुहोस् र तपाईंको साथीका राम्रा पक्षहरू तपाईंले बताइ दिनुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेपाललाई कति ऐतिहासिक कालहरूमा विभाजन गरिएको छ ?

(ख) वि.सं. १८२६ लाई नेपालको इतिहासमा किन आधुनिक कालको थालनीको वर्ष मानिएको होला ?

(ग) पृथ्वीनारायण शाहको जन्म कहिले भएको थियो ?

(घ) पृथ्वीनारायण शाहको पहिलो विवाह कहाँ भएको थियो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) नेपालको इतिहासका तीन कालहरूको नाम लेखी मध्यकालको राजनीतिक अवस्थाको जानकारी दिनुहोस् ।

(ख) गोरखालीहरूको नुवाकोमा पराजय हुनुका कारण लेख्नुहोस् ।

(ग) जयन्त राना को हुन् र उनले कसरी नुवाकोटको जिम्मेवारी पाए ?

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) कापीको पाना भरिने गरिने गरी नेपालको नक्सा कोर्नुहोस् र त्यसमा तपाईंको घर रहेको स्थान, गोरखा, नुवाकोट, मकवानपुर र भक्तपुर देखाउनुहोस् ।

(ख) 'पृथ्वीनारायण शाहको काल नेपाल एकीकरणका लागि उपयुक्त थियो ।' यो भनाइसँग तपाईं सहमत हुनुहुन्छ कि हुनुहुन्न ? कारणसहित स्पष्ट पानुहोस् ।

## परियोजना कार्य

"कुनै पनि बालकको भविष्य उसकी आमाले निर्धारण गर्छिन् ।" भन्ने विषयमा चित्र, कथा, गजल वा कवितामध्ये केही तयार गर्नुहोस् ।

❍❍❍

## पाठ - २ उपत्यकामाथि आक्रमणको तयारी

नुवाकोट विजयको झन्डै १२ वर्षसम्म पृथ्वीनाराय शाह काठमाडौँ उपत्यका विजयको तयारीमा लागे । यस अवधिमा गोरखालीहरूले उपत्यका र चौबिसेहरूको सम्पर्क विच्छेद गराउने, उपत्यकामाथि आर्थिक नाकाबन्दी गर्ने, राज्यहरूबिच फुट ल्याउने, भारदारहरूलाई भड्काउने र आफ्नो अवस्था सुधार गर्ने काममा लागे । नाकाबन्दीका लागि गरिएका केही क्रियाकलापहरूलाई यसप्रकार अध्ययन गर्न सकिन्छ ।

### १. भादगाउँसँग सम्बन्ध स्थापना

यसबेला भादगाँउका राजा रणजीत मल्ल गोरखालीका गतिविधिहरूबाट सशङ्कित थिए । कसैगरी उपत्यकाका मल्ल राजाहरूको मेलमिलाप भयो भने पृथ्वीनारायण शाहको विजय अभियान पनि अबरुद्ध हुन्थ्यो । त्यसैले पृथ्वीनारायण शाहले मल्ल राजाहरूका बिच फाटो ल्याउनु आवश्यक थियो । आफ्नो यो योजना फत्ते गर्नका लागि उनले परशुराम थापालाई आफ्नो दूत बनाई भादगाउँ पठाए । पृथ्वीनारायण शाहको निर्देशनअनुसार परशुराम थापा भादगाउँ गई कान्तिपुरका विरुद्ध भादगाउँले गोरखालाई सहयोग गरेमा कान्तिपुरको अधीनमा रहेका चाँगु, साँखु, नालदुम र महादेव पोखरी कब्जा गरी भादगाउँलाई दिने भन्ने प्रस्ताव राखे । यी स्थानहरू भादगाउँको सन्धिसर्पन पर्ने भएकाले भादगाउँलाई पनि लोभ लागेको थियो । त्यसैले भादगाउँले गोरखालाई सहयोग गर्ने भयो । गोरखाले यी क्षेत्रहरू विजय गरी भादगाउँलाई दियो ।

### २. चौबिसेहरूको हमला र त्रिविक्रम सेनलाई कारबाही

अर्कोतर्फ नुवाकोट विजयले चौबिसेहरूमा गोरखाप्रति सन्देह उत्पन्न भयो । गोरखाको बढ्दो शक्ति चौबिसेहरूका लागि खतरनाक हुने भएकाले तनहुँ, लमजुङ, कास्की र पर्वतले वि.सं. १८१२ गोरखाको सिरान चोकमाथि असफल हमला गरे । यस पटक चौबिसेहरूमाथि विजय प्राप्त गरे पनि गोरखाका लागि यो स्थायी समाधान थिएन । त्यसैले पृथ्वीनारायण शाहले यिनीहरूका बिच फाटो ल्याई यिनीहरूको एकतालाई छिन्नभिन्न पार्ने प्रयास गरे । तर यसमा उनलाई सफलता नमिलेपछि कुनै प्रकारको प्रपञ्चद्वारा तनहुँका राजा त्रिविक्रम सेनलाई सजाय दिने योजना बनाए ।

तनहुँ पृथ्वीनारायण शाहको मावली राज्य थियो । यहाँका राजा त्रिविक्रम सेन र पृथ्वीनारायण शाहका पिता नरभूपाल शाहले गुरु गौरेश्वर पन्तबाट दीक्षा लिएका थिए । पृथ्वीनारायण शाहले यिनै गुरुको सहयोगमा त्रिविक्रम सेनमाथि बदला लिने योजना बनाई त्रिविक्रम सेन र आफ्नो बिच मेलमिलाप गराइदिन गुरु गौरेश्वर पन्तसँग अनुरोध गरे । गुरु गौरेश्वर पन्तले यी दुई राजाहरूबिच मेलामिलाप गराउनका लागि बिनाहात हतियार त्रिशूली नदीको किनारको ज्यामिरे घाटमा बोलाए । पृथ्वीनारायण शाहले भने पहिले नै आफ्ना मानिसहरूलाई बालुवाभित्र हतियार लुकाई राख्न भनेका

थिए । गुरुको आज्ञाबमोजिम दुवै जना राजाहरू ज्यामिरेघाटमा उपस्थित हुनासाथ पृथ्वीनारायण शाहका मानिसहरूले बालुवामा लुकाई राखेका हतियारहरू झिकी त्रिविक्रम सेन र गौरेश्वर पन्तलाई आफ्नो नियन्त्रणमा लिए । यो घटनापछि चौबिसेहरूको गुट समाप्त भयो ।

## ३. कीर्तिपुरमाथि पहिलो हमला


तत्कालीन कीर्तिपुर

नुवाकोट विजयको केही वर्षपछि पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि हमला गर्ने सम्बन्धमा भाइभारदार हरूसँग सल्लाह गरे । यस बखत मल्ल राजाहरू सचेत थिए भने भादगाउँलाई दिएका नालदुम र महादेव पोखरी आफैँले फिर्ता लिएको हुनाले भादगाउँका राजा पनि पृथ्वीनारायण शाहसँग असन्तुष्ट थिए । त्यसैले काजी कालु पाँडेलगायतका भाइदारहरूले तत्काल कीर्तिमाथि धावा नबोल्ने सल्लाह दिए । अर्कोतर्फ ज्योतिष कुलानन्द ढकालले पनि कीर्तिपुरमाथि हमला गर्ने साइत जुराउन सकेनन् । भाइभारदारहरूले आफ्नो चाहनाअनुसारको सल्लाह नदिएको हुनाले पृथ्वीनारायण शाह रिसाई काजी कालु पाँडे “युद्धमा मर्न डराउने” मानिसको संज्ञा समेत दिए ।

पृथ्वीनारायण शाहको जिद्धीको अगाडि कसैको जोर नचलेपछि वि.सं. १८१४ जेठ १९ गते काजी कालु पाँडेको नेतृत्वमा गोरखाली फौजले कीर्तिपुरमाथि हमला गऱ्यो । यो युद्धमा तीनओटै मल्ल राज्यहरूको संयुक्त फौज गोरखालीहरूको मुकाविला गर्न तयार भएर आएको थियो । ५ घण्टासम्म चलेको यो युद्धमा मल्ल सेनाहरूको वीरताको कारणले गोरखाली सेना आत्तियो । आफ्ना सेनाको मनोबल बढाउन एकातिरबाट काजी कालु पाँडे अर्कोतर्फबाट पृथ्वीनारायण शाह स्वयम्ले सेना सञ्चालन गरिरहेका थिए । यसैबिच दुश्मनको तीर टाउकामा लागेर काजी कालु पाँडे रणभूमिमा मारिए । आफ्ना सेनापति मारिएपछि गोरखाली फौजमा भागाभाग भयो । एकजना मल्ल सिपाहीले पृथ्वीनारायण शाहको ज्यान लिनका लागि खुँडा ताकेको थियो तर अर्को सेनाले “राजालाई मार्नु हुँदैन” भन्दै उसको हात समाति दिएकाले पृथ्वीनारायण शाहको ज्यान जोगियो ।


जयप्रकाश मल्ल

## ४. मल्लराजाहरूमा फुट ल्याउने पहल

कान्तिपुरका राजा जयप्रकाश मल्लको पहलमा गोरखाली विरुद्ध यिनीहरूको मेलमिलाप भएकाले कीर्तिपुरमाथि गोरखाली फौजको पराजय भएको थियो । कीर्तिपुरको किल्ला पाटन राज्यभित्र पर्ने हुँदा

यहाँको विजयले कान्तिपुरलाई कुनै किसिमको प्रत्यक्ष लाभ भएको थिएन । उल्टै जयप्रकाश मल्लले जनधनको ठुलो क्षति बेहोर्नु परेको थियो । उता, पृथ्वीनारायण शाहलाई मल्ल राजाहरूको मेलमिलाप कायम रहेसम्म आफ्नो विजय अभियान सफल हुँदैन भन्ने लागेको थियो । त्यसैले पृथ्वीनारायण शाह मल्ल राजाहरूबिचको मेलमिलाप टुटाउने अभियानमा लागे ।

मल्ल राजाहरूमा जयप्रकाश मल्ल प्रभावशाली भएकाले यिनलाई यो समूहबाट एक्लाउन सकेमा पृथ्वीनारायण शाहको लागि अनुकूल परिस्थिति बन्दथ्यो । त्यसैले कान्तिपुरलाई मल्ल गुटबाट फुटाउने उद्देश्य ले वि.सं. १८१४ को पौष महिनामा गोरखा र कान्तिपुरबिच निम्न सर्तहरूमा वाणिज्य सन्धि भयो :

- कान्तिपुर र गोरखाका मुद्राहरू दुबै राज्यमा चलाउने
- दुबै राज्यले बराबरी सङ्ख्यामा शुद्ध चाँदीका मुद्रा भोट पठाउने
- भोटबाट प्राप्त भएको सुन दुबै राज्यले बराबर बाँडने
- कान्तिपुर र गोरखा दुबै राज्यले भोटमा आफ्ना प्रतिनिधि राख्ने
- गोर्खाले वि.सं १८०३ मा कब्जा गरेको कान्तिपुर राज्यको नालदुम कान्तिपुरलाई नै फिर्ता गर्ने
- कान्तिपुरले नुवाकोटको बाटो हुँदै भोटसँग व्यापार गर्ने

यसप्रकारले कान्तिपुरलाई पाटन र भादगाउँबाट एक्लाएपछि पृथ्वीनारायण शाहले उपत्यकाको आर्थिक नाकाबन्दीलाई अझै कडा बनाई यहाँको अर्थतन्त्र धरासायी बनाउन लागे । शिवपुरी, काभ्रेपलाञ्चोक, चौकोट, कविलासपुर आदिजस्ता उपत्यका वरिपरिका स्थानहरू आफ्नो नियन्त्रणमा आएपछि पृथ्वीनारायण शाहले उपत्यकामा नुन र कपासको आपूर्तिमा प्रतिबन्ध लगाए । यसको कारणले उपत्यकाको जनजीवन अस्तव्यस्त हुन लाग्यो ।

## कक्षा कार्य

“पृथ्वीनारायण शाहले तनहुँका राजा त्रिविक्रम सेनमाथि गरेको कारबाही विश्वासघात नभएर कुटनैतिक अभियान थियो ।” भन्ने विषयमा तपाईंको कक्षामा वादविवाद प्रतियोगिता गर्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) पृथ्वीनारायण शाहले कसलाई दूत बनाई भक्तपुर पठाए ?

(ख) गोरखाले भादगाउँलाई कस्तो आश्वासन दिएर आफ्नो मतमा मिलायो ? एकवाक्यमा लेख्नुहोस् ।

(ग) चौबिसेहरूको मेलमिलाप गोरखाको लागि किन हानीकारक थियो ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) गोरखाले भादगाउँसँग किन र कसरी सम्बन्ध स्थापना गऱ्यो ?

(ख) गुरु गौरेश्वर पन्तले पृथ्वीनारायण शाह र त्रिविक्रम सेनको मेलमिलापका लागि गोरखा वा तनहुँको राजदरबारमा नलगी किन त्रिशूली नदीको किनारमा बोलाएका होलान् ? कुनै चार कारण लेख्नुहोस् ।

(ग) कीर्तिपुरमाथिको पहिलो हमला असमयमा गरिएको थियो भन्ने भनाइलाई तत्कालीन परिस्थितिका आधारमा स्पष्ट पार्नुहोस् ।

(घ) कीर्तिपुरमाथिको पहिलो हमलाले पृथ्वीनारायण शाहलाई किन दुःखी बनायो ? स्पष्ट पार्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) मल्ल राजाहरूको आपसी मेलमिलापले उपत्यकामा पर्ने सक्ने सकरात्मक र गोरखालीलाई पर्न सक्ने नकरात्मक प्रभावको चर्चा गर्दै तपाईंका साथीलाई एउटा चिठी लेख्नुहोस् ।

(ख) नुवाकोटको विजयपछि पृथ्वीनारायण शाहले के कस्ता तयारी गरि कीर्तिपुरमाथि आक्रमण गरे ? त्यस बेलाका घटनाहरूको आधारमा पुष्टि गर्नुहोस् ।

❍❍❍

# पाठ - ३ उपत्यकामाथि नाकाबन्दी

कीर्तिपुरमाथिको आक्रमणमा असफल भए पनि पृथ्वीनारायण शाह कुनै किसिमले आत्तिएनन् । उनले थप नयाँ योजनाहरूका साथ अगाडि बढ्ने प्रतिज्ञा गरे । उनको उपत्यकामाथि आर्थिक नाकाबन्दी गर्ने प्रयास पूर्ण सफल भएको थिएन । त्यसैले उपत्यकामाथि पूर्ण घेराबन्दी लगाई सम्पूर्ण नाकाहरू बन्द गर्ने रणनीतिका साथ आफ्नो अभियानलाई निरन्तरता दिए ।

## १. मकवानपुर विजय

भोटसँगका व्यापारिक नाकाहरू प्राय: थुनिइसकेका हुनाले मल्ल राजाहरूले मकवानपुरको बाटो हुँदै कम्पनी सरकारसँग व्यापार गर्न थालेका थिए । यसकारण उपत्यकामाथिको आर्थिक नाकाबन्दी पूर्ण सफल हुन सकेको थिएन । त्यसै गरी पृथ्वीनारायण शाहको मकवानपुरसँग राम्रो सम्बन्ध नभएकाले अङ्ग्रेजहरू मल्ल राजाहरूको सहयोगका लागि मकवानपुरको बाटो हुँदै उपत्यकामा प्रवेश गर्नसक्ने सम्भावना पनि थियो । त्यस्तै पृथ्वीनारायण शाहले विजय गरेका पहाडी भूमि आर्थिक दृष्टिले सम्पन्न थिएनन् । त्यसैले मकवानपुर माथिको विजयले गोर्खालीलाई आर्थिक र सैनिक दृष्टिले सम्पन्न तुल्याउँथ्यो ।

वि.सं. १८१९ भाद्र ९ गतेको शुभसाइतमा महोद्धमकीर्ति शाह, दलजीत शाह र दलमर्दन शाहको नेतृत्वको गोरखाली फौजले मकवानपुरमाथि धावा बोल्यो । मकवानपुरका राजा दिग्बन्धन सेन र मन्त्री कनकसिंह बानियाँ आफ्ना परिवारसहित हरिहरपुरतर्फ भागे । झन्डै एक महिनाको अवधिमा गोरखाली सेनाले तिमाल, सिन्धुली र हरिहरपुरमाथि समेत विजय प्राप्त गर्‍यो ।

## २. मिर कासिमको सेनामाथि विजय

मिर कासिम बङ्गाल र बिहारका नबाब हुन् । उनी आफ्नो चलाखी र धुर्त्याइँले कम्पनी सरकारलाई रिझाई त्यहाँको नबाब बनेका थिए । नबाब बनिसकेपछि भने गोप्य रूपले कम्पनी सरकार विरुद्ध नै सैनिक सङ्गठन गर्दै थिए ।

यता मकवानपुर, तिमाल, सिन्धुलीगढी र हरिहरपुर समेत गोरखालीहरूको अधीनमा परेपछि मकवानपुरका राजा दिग्बन्धन सेनले मिर कासिमसँग आफ्नो राज्य फिर्ता गर्नका लागि सहयोग गरिदिन अनुरोध गरे । गोरखालीहरूको बढ्दो सफलताले मिर कासिम पनि सशङ्कित थिए । त्यसैगरी उनले कम्पनी सरकार विरुद्ध सैनिक सङ्गठन पनि गरिरहेका थिए । दिग्बन्धन सेनलाई सहयोग गर्दा गोरखालीको बढ्दो शक्ति पनि रोकिने र आफ्ना सैनिकलाई अभ्यास पनि हुने कुरा सोची यसलाई उनले एक अवसरको रूपमा स्वीकार गरे ।

मिर कासिमले दिग्बन्धन सेनको सहयोगका लागि गुरगिन खाँको नेतृत्वमा ठुलो फौज पठाए । वि.सं. १८१९

माघ १० गते मकवानपुरको लडाइँमा गुरगिन खाँका झन्डै १७०० सेनाले ज्यान गुमाए । बाँकी रहेका सेनाहरूका साथ गुरगिन खाँ ज्यान जोगाई युद्धस्थलबाट भाग्न सफल भए । दिग्बन्धन सेनलाई परिवारका साथ गिरफ्तार गरियो । यस युद्धमा गोरखालीहरूले बङ्गाली सेनाका झन्डै ५०० जति बन्दुक, २ ओटा तोप र दिग्बन्धन सेनका ७ ओटा हात्ती प्राप्त गरे ।

मिर कासिमका सेनामाथि विजय प्राप्त गरेलगत्तै गोरखाली फौजले तराइका बारा, पर्सा, सर्लाही, महोत्तरी आदि क्षेत्रहरू लगायत धुलिखेल, पनौती, बनेपा, साँगा, नाला आदि क्षेत्रहरूमाथि आफ्नो आधिपत्य कायम गऱ्यो । यो विजयपछि उपत्यकामाथिको आर्थिक नाकाबन्दी झनै प्रभावकारी भएकाले यहाँका जनताहरू मूल्यवृद्धि र अभावको चरम मारमा परे ।

### ३. कीर्तिपुरमाथि दोस्रो हमला

मीर कासिमको फौजमाथि विजय प्राप्त गरेपछि सैनिक दृष्टिकोणले गोरखाली फौजको शक्ति बढ्यो भने उपत्यकाको नाकाबन्दी पनि कडा भएको थियो । उपत्यका वरिपरिका स्थानहरू गोरखालीको नियन्त्रणमा परिसकेकाले चौबिसे र उपत्यकाको सहज सम्पर्कमा पनि बाधा परेको थियो । यस प्रकार समय आफ्नो अनुकूल देखेपछि शूरप्रताप शाहको नेतृत्वको गोरखाली फौजले अदम्य साहस र आत्मबलका साथ वि.सं. १८२१ को असोज २ गते कीर्तिपुरमाथि दोस्रो पटक हमला गऱ्यो । तर यो पटक पनि कीर्तिपुरेहरूको भाला र तीरले कैयौं सरदार र सिपाहीहरूको ज्यान गएपछि गोरखाली सेना हतोत्साहित भयो । आफ्ना सेनाको मनोबल बढाउँदै शूरप्रताप शाहले भऱ्याङ हाली पर्खाल चढ्न लाग्दा कीर्तिपुरेहरूको तीर लागि उनले आफ्नो आँखा गुमाए । यसप्रकार गोरखालीहरू युद्ध मैदानबाट पछि हट्नुपऱ्यो ।

### ४. कीर्तिपुर विजय

कीर्तिपुरसँगको पहिलो र दोस्रो हमलामा पराजित भएपछि गोरखा निकै रिसाएको थियो र जतिसक्दो चाँडो पराजयको बदला लिन चाहन्थ्यो । त्यसैले कीर्तिपुर विरुद्ध कुटनीतिक प्रपञ्च रची फसाउने योजना भयो । यही योजनाबमोजिम गोरखालीहरूले कीर्तिपुरको आसपास अस्थायी चौकीहरू स्थापना गरी कीर्तिपुरलाई घेराबन्दीमा पारी पूर्ण नाकाबन्दी लगाए । अर्कोतर्फ कीर्तिपुरमा आपूर्ति भइरहेको पानीको कुलो भत्काइ दिए । दैनिक उपभोग्य सामग्री र पानीको अभावले आत्तिएका कीर्तिपुरे वि.सं. १८२१ चैत्र ३ गते आत्मसमर्पण गरेपछि बिना रक्तपात कीर्तिपुर विजय भयो ।

कीर्तिपुरमाथिको विजयले मात्र पृथ्वीनारायण शाहको आक्रोस शान्त हुन सकेन । त्यसैले उनले त्यहाँका मानिसको नाक र ओठ काटेर अपमानजनक सजाय दिएँ । एक महान् योद्धा पृथ्वीनारायण शाहले कीर्तिपुरेहरूको बहादुरीको सम्मान गरेको भए हुने थियो ।

| |
|---|
| केही तिथिमितिहरू |
| वि.सं. १८१९ भाद्र ९ मकवानपुर विजय |
| वि.सं. १८१९ माघ १० मिर कासिमका सेनामाथि विजय |
| वि.सं.१८२१ असोज २ कीर्तिपुरमाथि दोस्रो पटक हमला |
| वि.सं. १८२१ चैत्र ३ कीर्तिपुर विजय |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) गोरखालीहरूले मकवानपुर कहिले विजय गरे ?

(ख) मकवानपुरको युद्धमा गोरखालीहरूले कुन कुन स्थानहरू विजय गरे ?

(ग) गुरगिन खाँ गोरखाली फौजसँग किन आत्तिए ?

(घ) गोरखाली फौज कीर्तिपुरमाथिको दोस्रो हमलामा किन पराजित भएको होला ?

(ङ) कीर्तिपुरसँगको दोस्रो युद्धमा गोरखाली फौज किन आत्तियो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) गोरखालीका लागि मकवानपुर किन महत्वपूर्ण थियो ?

(ख) मकवानपुर विजयबाट गोरखालीलाई कस्तो आर्थिक लाभ हुन्थ्यो ?

(ग) मीर कासिम को थिए र उनी किन मकवानपुरलाई सहयोग गर्न राजी भए ?

(घ) गोरखालीको उपत्यका विजय अभियानमा लागि मकवानपुरको विजय कसरी सहयोगी बन्यो ?

(ङ) मिर कासिमले गोर्खाली उपर हमला गर्नुका कारणहरू छलफल गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) पृथ्वीनारायण र जयप्रकाश मल्लबिचको वाणिज्य सन्धिका बुँदाहरू लेख्दै यो सन्धि कान्तिपुर र गोर्खाबिच भएको मैत्रीपूर्ण सन्धि नभई पृथ्वीनारायण शाहको कुटनीति मात्र थियो भन्ने विषयमा आफ्नो विचार दिनुहोस् ।

(ख) गोरखाको कीर्तिपुरमाथिको दोस्रो हमला समयअनुकूल थियो भन्ने भनाइ पुष्टि गर्दै एक अनुच्देछ लेख्नुहोस् ।

(ग) "गोरखालीको कीर्तिपुर विजय कुटनीतिक विजय थियो" भन्ने पक्षमा आफ्ना तर्कहरू पेस गर्नुहोस् ।

| पाठ - ४ | # उपत्यका विजय र पूर्व पश्चिम अभियान |
|---|---|

कीर्तिपुरमाथि गोरखालीको विजयले मल्ल राजाहरूको आत्मबल गिरेर सातो गइसकेको थियो । आफ्नो राज्यमाथि दुश्मनले हमला गर्दा जस्तोसुकै नीति अवलम्बन गरेर भए पनि देश र जनताको सुरक्षा गर्नु राजाको कर्तव्य हो । उपत्यकाका तीनै जना मल्ल राजाहरूले यो कुरा बुझेको भए पनि कान्तिपुरका राजा जयप्रकाश मल्लबाहेक अन्य राजाहरूले यस विषयमा ठोस कदम चालेको देखिँदैन । पृथ्वीनारायण शाहको कुटनीति, भादगाउँको दोहोरो नीति र पाटनको अपरिपक्वताले गोरखालीसँग मुकाविला गर्ने आफ्ना प्रयासहरू सफल हुन नसकेपछि जयप्रकाश मल्लले गोरखाको विरुद्ध कम्पनी सरकारको सहयोग मागे ।

## १. कम्पनी फौजमाथि गोरखाको विजय

क्रिस्चियन धर्मको प्रचार र आफ्नो उत्पादनको व्यापार गर्दै उपत्यकामा बसेका केपुचिन पादरीहरूलाई पनि नाकाबन्दीको असर परेको थियो । त्यसै गरी कम्पनी सरकारले गोरखाको विजय अभियानमा रोक लगाउने अवसर खोजिरहेको थियो । त्यसैले जयप्रकाश मल्लले सहयोगको अपिल गर्नासाथ कम्पनी सरकारले कप्तान किनलकको नेतृत्वमा सेना पठायो ।

कम्पनी सरकारको फौजलाई रोक्नका लागि गोरखाली फौज सिन्धुलीगढीमा तैनाथ थियो । बि.सं १८२४ मा सिन्धुलीगढीको बाटो हुँदै उकालो चढिरहेको कम्पनी सरकारको फौजमाथि गोरखाली सेनाले हमला गऱ्यो । यो हमलामा कम्पनी सरकारको ठुलो नोक्सानी भयो ।

## २. कान्तिपुर विजय

गुरगिन खाँ र किनलकका अभियान केवल गोरखाली सेना विरुद्धका अभियान थिएनन् । यी युद्धहरूमा गोरखाली सेनाको पराजय भएको भए नेपालको स्वतन्त्र अस्तित्वमा समेत दीर्घकालीन असर पर्दथ्यो । त्यसैले जतिसक्दो चाँडो उपत्यकामाथि विजय प्राप्त गरी विदेशीहरूको चलखेल र हस्तक्षेप रोक्नु आवश्यक थियो ।

वि.सं. १८२५ असोज १३ गते इन्द्रजात्रा पर्व परेकाले कान्तिपुरका राजा-प्रजा यही पर्व मनाउनमा व्यस्त थिए । त्यसैबेला रातको समय पारी गोरखालीहरूले कान्तिपुरमाथि हमला गरे । धार्मिक समारोह र रातको समय परेकाले कान्तिपुरका सेनाहरू युद्धका लागि तयारी अवस्थामा थिएन । एकैछिनको युद्धपछि कान्तिपुरले गोरखाली सामु आत्मसमर्पण गऱ्यो । राजा जयप्रकाश मल्ल पाटनमा शरण लिन पुगे ।



वसन्तपुर दरबार

कान्तिपुरको गद्धी आरोहण गरेपछि पृथ्वीनारायण शाहले कान्तिपुरका जनताहरूलाई कुनै त्रासबिना इन्द्रजात्रा पर्व मनाउन आदेश दिए र आफूले पनि विधिबमोजिम कुमारीको पूजा गरे । यसप्रकार, आफ्नो संस्कृतिको सम्मान गरेकोमा कान्तिपुरका जनताहरूले पृथ्वीनारायण शाहलाई आफ्नो राजाको रूपमा स्वागत गरे ।

### ३. पाटन विजय

उपत्यकाका मल्ल राज्यहरूमा पाटनको राजनीतिक अवस्था भिन्न किसिमको थियो । यस राज्यमा छ प्रधानहरू निकै शक्तिशाली थिए । यिनीहरूले आफ्नो इच्छा अनुसार कुनै पनि व्यक्तिलाई राजगद्धी आरोहण गराउने, राज्यच्यूत गर्ने र जुनसुकै किसिमको सजाय पनि दिने गर्दथे । त्यसैले उनीहरूलाई राजा बनाउने King Makers का रूपमा समेत लिइन्थ्यो ।


पाटन दरबार

कान्तिपुर विजयपछि पृथ्वीनारायण शाहले श्रीहर्ष पन्तलाई दूत बनाई पाटन पठाए । पाटनले आत्मसमर्पण गरेकोले वि.सं. १८२५ असोज २४ गते बिना रक्तपात गोरखालीहरूले पाटनमाथि विजय प्राप्त गरे । पाटनका राजा तेजनरसिंह मल्ल र पाटनमा शरण लिइरहेका कान्तिपुरका राजा जयप्रकाश मल्ल भादगाउँको शरणमा गए ।

### ४. भादगाउँ विजय

भादगाउँका युवराज वीरनरसिंह मल्लको रहस्यमय मृत्यृ भएपछि यहाँको दरबारमा राजगद्धी उत्तराधिकारी सम्बन्धी विवाद सिर्जना भएको थियो । यो परिस्थितिले रणजीत मल्ल अन्योलमा थिए भने पृथ्वीनारायण शाह र जयप्रकाश मल्लले यसलाई आफू अनुकूल उपयोग गर्दै थिए ।


तत्कालीन भक्तपुर

भादगाउँमाथि हमला गर्न बिलम्व गर्नु भनेको मल्ल राजाहरूलाई तयारी गर्ने अवसर दिनु हो भन्ने लागेकाले वि.सं. १८२६ कार्तिक २९ गते राति गोरखाली फौजले भादगाउँमाथि धावा बोल्यो । अर्को दिन गोरखाली फौज दरबार प्रवेश गरी मल्ल राजाहरू बसिरहेको दरबारमा आगो लगाइ दियो । मल्ल राजाहरू सो दरबारबाट अर्को दरबारमा सर्ने क्रममा गोरखाली सेनाको गोली लागेर मल्ल सेनाका नायक जयप्रकाश मल्ल घाइते भए । अब कुनै उपाय नलाग्ने भएपछि रणजीत मल्लले आफ्नो शिरको पगरी झिकी झ्यालमा झुन्डाएर आत्मसमर्पण गरे । यस प्रकार वि.सं. १८२६ मङ्सिर १ गते पृथ्वीनारायण शाहले भादगाउँको गद्धी आरोहण गरे ।

भादगाउँले आत्मसमर्पण गरेपछि पृथ्वीनारायण शाहले उपत्यकाका तीनैजना राजाहरूका चाहनाहरू सोधपुछ गरे । रणजीत मल्लले काशी जाने इच्छा जाहेर गरेकाले उनलाई काशी पठाउने प्रबन्ध भयो । जयप्रकाश मल्ल अन्तिम अवस्थामा आर्यघाटमा थिए । पृथ्वीनारायण शाह आर्यघाटमै पुगेर जयप्रकाश मल्लको इच्छा सोधे । जयप्रकाश मल्लले "छाता र जुत्ता" माग गरे । छाताको अर्थ श्रीपेच र जुत्ताको अर्थ भूमि थियो । जयप्रकाश मल्लले राजा बन्ने इच्छा प्रकट गरेका थिए । तर पृथ्वीनारायण शाहले उनको यो इच्छा पूरा गर्न सकेनन् । उता तेज नरसिंह मल्लले भने कुनै जवाफ नदिएकाले उनलाई नजरबन्दमा राखियो ।

उपत्यका विजय भएपछि सानो गोर्खा राज्यबाट विशाल नेपालको अवधारणा विकास भयो । यसै बेलादेखि नेपालमा आधुनिक कालको थालनी भएको समेत मानिन्छ । यसपछि पृथ्वीनारायण शाहले नौतले दरबार बनाउन लगाई वि.सं. १८२७ को वैसाखदेखि कान्तिपुरलाई नेपालको राजधानी बनाए ।

## ५. पूर्व पश्चिम अभियान

पृथ्वीनारायण शाहले आफ्नो राजकाजका २६ वर्षको अथक प्रयासपछि काठमाडौँ उपत्यका विजय गरी नेपालको सिर्जना गरे । उपत्यका विजय लगत्तै काजी वंशराज पाँडे, सरदार केहरसिंह बस्नेत, प्रभुनारायण मल्ल आदि जस्ता सेनापतिको मातहतमा नेपाली फौजलाई चौबिसे राज्यहरूतर्फ पठाए । यो फौजसँग डराएर तनहुँका राजा कुमारीदत्त सेनले आत्महत्या गरे । नेपालको आधिपत्य स्वीकार्ने सर्तमा हरकुमारदत्त सेनलाई तनहुँको राजा बनाई नेपाली सेना अगाडि बढ्यो । तनहुँको पतन र नेपाली सेनाको प्रभाव देखेर लमजुङका राजा वीरमर्दन शाह र कास्कीका राजा सिद्धिनारायण शाहले समेत आत्मसमर्पण गरेकाले रिसिङ, ढोर, भीरकोट आदि राज्य कब्जा गर्दै नेपाली फौज पल्लो नुवाकोट (हालको स्याङ्जा) पुग्यो ।

नेपाली फौजको बढ्दो प्रभाव नियन्त्रण गर्नका लागि पर्वतका राजा कीर्तिबम मल्ल र पाल्पाका राजा मुकुन्दसेन द्वितीयको पहलमा चौबिसेहरूको गठबन्धन गरियो । वि.सं. १८२८ मा चौबिसे गठबन्ध र नेपाली फौजको सतहुँमा युद्ध भयो । यो युद्धमा धेरै नेपाली सेनाहरूले ज्यान गुमाए । ढोरको युद्धमा नेपाली सेनाले आत्मसमर्पण गरी आफ्ना हतियार समेत चौबिसेहरूलाई बुझाउन बाध्य भएपछि चौबिसे राज्यहरू एकीकरण गर्ने अभियानबाट पृथ्वीनारायण शाह पछि हट्नुपऱ्यो ।

त्यसबेला पूर्वी क्षेत्रमा सेन वंशका दुई स्वतन्त्र राज्यहरू थिए । यिनीहरूको एकीकरण गर्नका लागि रामकृष्ण कुँवर र पारथ भण्डारीको नेतृत्वमा नेपाली फौज पठाइयो । वि.सं. १८३० को साउन महिनामा चौदण्डीका राजा कर्ण सेन विजयपुरमा शरण लिन गएपछि यो राज्य बिनायुद्ध नै नेपालमा एकीकृत भयो ।

विजयपुर राज्यका मन्त्री बुद्धिकर्ण राईले राजाको हत्या गराई राजकीय शक्ति आफूले नै अभ्यास गर्दै आइरहेका थिए । चौदण्डीका राजा कर्णसेन आफ्नो शरणमा आएकाले बुद्धिकर्ण राईले उनैलाई राजा बनाए । वि.सं. १८३१ साउन ३ गते बुद्धिकर्ण राई र कर्ण सेन भारततिर भागेपछि विजयपुरको एकीकरण सम्पन्न भयो ।

यसै बखत ज्वरोले थला परी वि.सं. १८३१ माघ १ गते ५२ वर्षको उमेरमा देवीघाटमा उनको निधन भयो ।

**केही तिथिमितिहरू**
बि.सं १८२४ को कम्पनी सरकारको फौजमाथि विजय
वि.सं. १८२५ असोज १३ गते कान्तिपुर विजय
वि.सं. १८२५ असोज २४ गते पाटनमाथि विजय
वि.सं. १८२६ मङ्सिर १ गते भादगाउँ विजय
वि.सं. १८३० को साउन चौदण्डी एकीकरण
वि.सं. १८३१ साउन ३ विजयपुरको एकीकरण

## कक्षाकार्य

वि.सं.१८०१ देखि १८२६ सम्म गोरखालीहरूले गरेका युद्धहरू कुन कुन थिए तालिका बनाउनुहोस र साथीलाई सुनाउनुहोस् । अनि कुनै थप सुझाव प्राप्त भए आफ्नो तलिकामा थप्नुहोस् ।

## अभ्यास

१. **अभ्यास तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**
   (क) कम्पनी सरकारको फौज कसको सहयोगका लागि युद्ध गर्न आएको थियो ?
   (ख) कान्तिपुरका अन्तिम मल्ल राजाको नाम के थियो ?
   (ग) छ प्रधानलाई किन किङ मेकर भनिन्थ्यो, लेख्नुहोस् ।
   (घ) भादगाउँको एकीकरण कहिले भएको थियो, पूरा मिति लेख्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**
   (क) सिन्धुलीगढीमा अङ्ग्रेजी सेनाको पराजय हुनुका कारणहरूको सूची बनाउनुहोस् ।
   (ख) उपत्यकाको कस्तो परिस्थितिले जयप्रकाश मल्ललाई निराश बनाएको थियो ? छोटकरीमा लेख्नुहोस् ।
   (ग) कान्तिपुरेहरूले इन्द्रजात्रा मनाइरहेको समयमा गोरखालीले हमला गर्नु उचित थियो कि थिएन ? किन ?
   (घ) नेपाल एकीकरणको समयमा पाटनको राजनीतिक अवस्था कस्तो थियो ? चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**
   (क) पृथ्वीनारायण शाहले चौबिसेहरूको एकीकरण स्थगित गरी किन पूर्वी राज्यतर्फ आफ्ना सेना पठाएका होलान् ?
   (ख) पृथ्वी नारायण शाहले जयप्रकाश मल्लको “छाता र जुत्ता” को अन्तिम इच्छा किन पूरा नगरेका होलान् ? यो इच्छा पूरा गरेको भए के हुन्थ्यो होला ? आफ्नो विचार लेख्नुहोस् ।

| पाठ - ५ | एकीकरण अभिययानको दोस्रो चरण |
|---|---|

## १. नेपाल एकीकरणमा राजेन्द्रलक्ष्मी र बहादुर शाहको योगदान


राजेन्द्रलक्ष्मी

पृथ्वीनारायण शाहको देहान्त भएपछि प्रतापसिंह शाहले नेपालको गद्धी आरोहण गरे । उनको गद्धी आरोहणसँगसँगै नेपाल एकीकरण अभियानले दोस्रो चरणमा प्रवेश गऱ्यो । प्रतापसिंह शाहले जम्मा २ वर्ष १० महिना मात्रै नेपालको राजकाज सम्हाले । यिनको शासनकालदेखि नेपालको दरबारमा जालझेल र षड्यन्त्रले प्रवेश गऱ्यो । नेपालको राजगद्धी सम्हालेपछि राजा प्रतापसिंह शाहले आफ्ना पिताले थालेको नेपाल एकीकरणको कामलाई निरन्तरता दिए । त्यसबेला चितवन नेपालमा एकीकरण नभएकाले सो बाटो हुँदै कम्पनी सरकारले नेपाल प्रवेश गर्न सक्दथ्यो । त्यसैले चितवनलाई नेपालमा एकीकरण गर्नु पर्ने आवश्यकता महसुस गरी अभिमानसिंह बस्न्यात र स्वरूपसिंह कार्कीको नेतृत्वमा त्यतातिर फौज पठाए । यो फौजले उपर दाङगढी, कविलासपुर र सुमेश्वरगढीको एकीरण गरी नेपालमा मिसायो ।

## २. राजमाता राजेन्द्र लक्ष्मीको अभियान

वि.सं. १८३४ मा राजा प्रतापसिंह शाहको मृत्यु भएपछि साढे दुई वर्षका बालक रणबहादुर शाह राजा भए । राजमाता राजेन्द्रलक्ष्मीले रणबहादुर शाहको नायव भई शासनसत्ताको जिम्मेवारी आफूले लिइन् । उनी नै आधुनिक नेपालकी प्रथम नायब हुने महारानी/राजमाता हुन् ।

प्रतापसिंह शाहको मृत्युपछि पाल्पा, पर्वत, कास्की, तनहुँ र लमजुङले संयुक्त फौज गठन गरी गोर्खाको सिरानचोक कब्जा गरे । चौबिसेहरूसँग मुकाविला गर्न राजेन्द्र लक्ष्मीले सरदार अमरसिंह थापा र बलभद्र कुँवरको नेतृत्वको नेपाली फौजलाई त्यसतर्फ पठाइन् । नेपाली फौजले तनहुँ र लमजुङको एकीकरण गऱ्यो ।

नेपाली सेनाको बढ्दो विजयलाई रोक्नका लागि पर्वत र कास्कीको संयुक्त फौजले वि.सं.१८४१ मा मकै डाँडामा हमला गऱ्यो । तर यो हमलामा कास्की र पर्वतको नराम्रोसँग पराजय भयो ।

राजमाता राजेन्द्रलक्ष्मीले आफ्ना ससुरा पृथ्वीनारायण शाहले थालेको एकीकरणको कार्यलाई निरन्तरता दिँदै चौबिसेहरूबाट नेपाललाई सुरक्षित राखिन् । नेपाल एकीकरणको कार्यलाई निरन्तरता दिइरहेको बखत वि.सं. १८४२ को साउन २ गते उनको निधन भयो ।

### ३. बहादुर शाहको मुख्तियारी

पृथ्वीनाराण शाहका कान्छा छोरा राजकुमार बहादुर शाहको जन्म वि.सं. १८१४ मा भएको थियो । यिनी एक कुसल योद्धा, दूरदर्शी नेता, चतुर कुटनीतिज्ञ र महत्त्वाकाङ्क्षी प्रशासक थिए । वि.सं. १८४२ मा राजेन्द्रलक्ष्मीको मृत्यु भएपछि उनले बालक राजा रणबहादुर शाहको नायवका रूपमा एकीकरणको अभियानलाई निरन्तरता दिन थाले ।

### ४. भेरी नदीसम्मको एकीकरण अभियान

बहादुर शाह शक्तिमा आउँदा गण्डकी क्षेत्रका पर्वत, पाल्पा, इस्मा, प्युठान आदि राज्यको एकीकरण भएको थिएन । बहादुर शाहले पाल्पासँग सम्बन्ध विस्तार गरी एकीकरण अभियानलाई अगाडि बढाउने निर्णय गरे । यसोगर्दा पाल्पाले समेत बहादुर शाहलाई सहयोग गर्न सक्दथ्यो । आफ्नो योजना फत्ते गर्नका लागि यिनले पाल्पाका राजा महादत्त सेनकी छोरी विद्यालक्ष्मीसँग विवाह गरे । त्यसै गरी एकीकरण अभियानमा पाल्पाले कुनै अबरोध नगर्ने र नेपाली सेनाले विजय प्राप्त गरेका केही स्थानहरू पाल्पालाई दिने सहमति समेत भयो ।

यसपछि काजी दामोदर पाँडे र अमरसिंह थापा (राना) को नेतृत्वको नेपाली फौजले १८४३ जेठ १० गते गुल्मी विजय गऱ्यो । केही महिनाको तयारीपछि भदौ महिनाको २६ गते चन्द्रकोट र खाँचीलाई नेपालमा एकीकरण गरियो । यसको लगत्तै धुरकोट, इस्मा, पर्वत, प्युठान, दाङ र रोल्पाको पनि एकीकरण भयो । यसप्रकार बहादुर शाहले वि.सं. १८४३ जेठदेखि कार्तिकसम्मको अवधिमा नेपालको सिमाना भेरी नदीको आसपाससम्म विस्तार गरे ।

### ५. भेरी नदी पश्चिमको एकीकरण अभियान

महत्त्वाकाङ्क्षी योजनाका साथ अगाडि बढेका बहादुर शाहलाई भेरी नदीसम्मको एकीकरणले मात्र चित्त बुझ्ने कुरै भएन । गुल्मी, अर्घा र खाँची पाल्पालाई हस्तान्तरण गरेर नेपाली सेना भेरी नदी पारीको अभियानमा खटियो । नेपाली फौजले देलैख, दुल्लु, अछाम आदि राज्यहरू विजय गरेपछि डोटी, जुम्ला र कुमाउँमाथि पनि विजय गर्ने योजना बनायो । यी राज्यहरूमा जुम्ला निकै शक्तिशाली भएकाले यसलाई "पश्चिमको साँचो" समेत भनिन्थ्यो । दुई वर्षसम्मको लडाइँमा पनि नेपाली फौजलाई जुम्ला विजय गर्न निकै कठिन पऱ्यो । यसै बखत भक्ति थापाको नेतृत्वमा थप नेपाली फौज जुम्ला पुग्यो । अत: वि.सं. १८४६ मा यहाँका राजा भागेपछि जुम्ला, बझाङ र डोटीलाई नेपालमा एकीकरण गरियो । यसबेला नेपालको पश्चिमी सिमाना महाकाली नदीसम्म कायम भयो ।

महाकाली नदीसम्मको विजयले उत्साहित नेपाली फौजले महाकालीसम्म मात्र आफ्नो सिमाना कायम नगरी महाकाली तर्ने निधो गऱ्यो । त्यसबेला महाकाली पारी कुमाउँ र गढवाल राज्यहरू थिए । कुमाउँको राजदरबारमा शक्ति सङ्घर्ष चलिरहेको थियो । यही अवसरमा वि.सं. १८४७ चैत्र ११ गते कुमाउँको

राजधानी अल्मोडा कब्जा गरी नेपाली फौज गढ्वालतिर अगाडि बढ्यो । छोटै समयमा गढ्वालको राजधानी श्रीनगर पनि नेपालीको नियन्त्रणमा आयो ।

यसैबिच नेपाल र चीन युद्धको अवस्था आइपरेकाले नेपाली सेनालाई एकीकरणको अभियान छाडी काडमाडौं आयो ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. १८३४ | रणबहादुर शाहको गद्धी आरोहण । |
| वि.सं. १८४२ | राजेन्द्रलक्ष्मीको मृत्यु । |
| वि.सं.१८४३ भदौ २६ | चन्द्रकोट र खाँची विजय । |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नायव भनेको के हो ?

(ख) प्रतापसिंह शाहले किन एकीकरण अभियानलाई पूर्णता दिन सकेनन् ?

(ग) बहादुर शाहले पाल्पा राज्यलाई कसरी आफ्नो पक्षमा पारे ?

(घ) कुन राज्यलाई पश्चिमको साँचो भनिन्थ्यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) आफ्नो छोटो शासन कालमा प्रतापसिंह शाहले के-कस्ता उल्लेखनीय कार्यहरू गरे ? सूची बनाउनुहोस् ।

(ख) राजेन्द्रलक्ष्मीको एकीकरण अभियानलाई छोटकरीमा बयान गर्नुहोस् ।

(ग) बहादुर शाहको भेरी नदीसम्मको एकीकरण अभियानको चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) "राजमाता राजेन्द्रलक्ष्मी कमजोर नारी नभएर महान बीरङ्गाना थिइन् ।" ऐतिहासिक तथ्यका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) बहादुर शाहको एकीकरण अभियानमा जुम्ला विजयलाई किन निकै महत्त्वपूर्ण मानिन्छ ? जुम्ला विजय अभियानको पृष्ठभूमि उल्लेख गर्दै लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको आफ्नो समाजका समाज सुधारमा सक्रिय कुनै महिलाको परिचय दिदैं उहाँले गरेका कामहरूको सूची बनाउनुहोस् ।


❍❍❍

| पाठ - ६ | नेपाल-तिब्बत युद्ध (वि.सं. १८४५-४६) |
|---|---|

नेपाल र तिब्बतबिच निकै पुरानो सम्बन्ध थियो र तिब्बतमा नेपाली मुद्राको प्रयोग पनि हुन्थ्यो । यही मुद्रा र व्यापारको कारणले गर्दा यी दुई देशबिच बेलाबेला मतभेदहरू भइरहन्थे । बहादुर शाहको नायवी कालमा भएका मतभेदहरूको कारणले गर्दा यी देशहरूले युद्धहरू लड्नुपर्‍यो । जसलाई निम्नलिखित रूपमा चर्चा गरिएको छ :

## १. कारण र परिणाम

वि.सं. १८४६ श्रावणमा नेपाल र तिब्बतबिच युद्ध भई केरुङ सम्झौता सम्पन्न भयो । जसलाई नेपाल तिब्बत युद्ध भनिन्छ । यसका कारण र परिणामहरू (केरुङ सम्झौताका सर्तहरू) यसप्रकार छन् ।




### (क) मुद्रासम्बन्धी विवाद

तिब्बतले कान्तिपुरले प्रचलनमा ल्याएको मुद्रा चलाउँथ्यो । उपत्यकाको एकीकरणपछि पृथ्वीनारायण शाहले समेत भोटमा आफ्नो मुद्रा प्रचलनमा ल्याए । कान्तिपुरका अन्तिम राजा जयप्रकाश मल्लले कमसल खालको मुद्रा बनाई भोटसँग व्यापार गर्ने गरेका थिए । यसको कारणले गर्दा नेपालको अर्थतन्त्रमा नकरात्मक प्रभाव परेको थियो । नेपालले यो कमसल र नक्कली मुद्रा हटाउने प्रस्ताव गर्दा तिब्बतले अस्वीकार गरेको थियो,

जसको कारणले यो समस्या समाधान हुन सकेको थिएन । बहादुर शाहले युद्धकै माध्यमबाट यो समस्या समाधान गर्ने चाहना गरे ।

**(ख) तिब्बतले नेपालसँगको व्यापारलाई प्राथमिकता नदिनु**

नेपाल र तिब्बतको पुरानो समझदारी अनुसार तिब्बतले केरुङ र कुतीका मार्ग मात्र प्रयोग गरी नेपालसँग मात्र व्यापार गर्नु पर्दथ्यो । तर राजेन्द्रलक्ष्मीको नायवी कालदेखि तिब्बतले सिक्किमको बाटो हुँदै कम्पनी सरकारसँग व्यापार विस्तार गरेकाले यो पनि युद्धको एउटा कारण बन्यो ।

**(ग) नेपालको एकीकरणको नीति**

नेपालले आफ्नो एकीकरणको नीति बमोजिम बहादुर शाहको शासन कालमा पश्चिममा गढवाल तथा पूर्वमा टिस्टा नदीसम्म विजय गरिसकेको थियो । नेपालको बढ्दो प्रभाव तिब्बतका लागि समेत खतरनाक हुने भएकाले तिब्बत नेपालसँग खुसी थिएन । अत: नेपालको एकीकरण गर्ने नीति पनि यो युद्धको एउटा कारण बन्न गयो ।

**(घ) नेपाल आउने नुनमा तिब्बत सरकारले मिसावट गर्नु**

नेपालले आफूलाई आवश्यक पर्ने नुनका लागि तिब्बतमा भर पर्नुपर्दथ्यो । तर तिब्बतले नेपाल आउने नुनमा मिसावट गरिदिएकाले नेपाल असन्तुष्ट थियो ।

**(ङ) तत्कालीन कारण**

श्यामार्पा लामा समेत भनिने समर त्रुलुक लामा तिब्बतका प्रभावशाली व्यक्ति थिए । बौद्ध मठको सम्पत्ति सम्बन्धी विवाद भएपछि आफ्नो जिउधन असुरक्षित भएकाले वि.सं. १८४५ मा नेपालमा शरण लिन आए । उनले आफ्ना साथमा प्रशस्त धन दौलत पनि ल्याएका थिए । आफ्ना विद्रोहीलाई शरण दिएकोमा नेपालसँग रिसाएर तिब्बतले केरुङ र कुती नाकाहरू बन्द गरी सिक्किमको बाटो हुँदै कम्पनी सरकारसँग व्यापार गर्न लाग्यो ।

तिब्बतले नेपालमाथि गरेको यो व्यवहार नायव बहादुर शाहलाई सह्य भएन । यसले नेपालको अर्थतन्त्रमा समेत नकरात्मक प्रभाव पर्न गयो । नेपालले मेलमिलापको प्रस्ताव राख्दा तिब्बतले कुनै वास्ता गरेन । तिब्बतको यस्तो व्यवहारबाट रुष्ट भएको नेपालले काजी दामोदर पाँडे, सरदार प्रबल राना, पारथ भण्डारी आदि सेनापतिहरूको नेतृत्वमा फौज पठाई केरुङ, कुती, डिगर्चा, सिकारजोङ आदि स्थानहरूमाथि आफ्नो नियन्त्रण कायम गऱ्यो । यसैबिच चीनको सेना नेपाल विरुद्ध युद्ध गर्नका लागि तिब्बत आइपुग्यो । फलत: वि.सं. १८४६ साउन १२ गते नेपाल र तिब्बतबिच केरुङ सम्झौता सम्पन्न भयो । यसका सर्तहरू निम्न थिए :

**केरुङ सम्झौता सर्तहरू**

**आर्थिक सर्त:** तिब्बतले प्रचलनमा ल्याएका मल्लकालका खोटा (कमसल) दुईओटा सिक्काको सट्टा नेपालको एउटा शुद्ध सिक्का किन्ने । तिब्बतले नेपाललाई प्रतिवर्ष निश्चित रकम बुझाउने ।

**भौगोलिक सर्त:** तिब्बतले पहिलो किस्ता रकम बुझाएपछि नेपालले कब्जा गरेको तिब्बतको भूभाग छोड्ने ।

**सम्मानजनक व्यवहारको सर्त:** नेपाले ल्हासामा आफ्नो प्रतिनिधि राख्ने । ल्हासामा रहेका नेपाली र नेपालसँग सम्बन्धित विषयमा तिब्बतले हस्तक्षेप नगर्ने ।

**व्यापारिक सर्त:** तिब्बतले नेपाललाई शुद्ध नुन दिने । तिब्बतले कम्पनी सरकारसँग व्यापारका लागि नेपालको बाटो प्रयोग गर्ने ।

## २. नेपाल तिब्बत चीन युद्ध

तिब्बतले वि.सं. १८४६ को केरुङ सम्झौताका सर्तहरू बिस्तारै उलङ्घन गर्दै जान लाग्यो । फलत: दुई वर्ष नबित्दै दोस्रो युद्ध हुन गयो । यो युद्धका कारणहरू र परिणामहरू यसप्रकार थिए :

### (क) तिब्बतले आफूले तिर्नु पर्ने रकम नेपाललाई नतिर्नु

केरुङ सम्झौता अनुसार तिब्बतले नेपाललाई बुझाउनु पर्ने वार्षिक ५०००१।- (पचास हजार एक रुपियाँ) पहिलो किस्ता बुझाएपछि बाँकी किस्ता बुझाएन । नेपालले यसलाई आफ्नो अपमान सम्झी बदला लिन चाहन्थ्यो । त्यसैले यो युद्धको एउटा कारण बन्यो ।

### (ख) केरुङ सन्धिमा तिब्बत सरकारको स्वीकृति नहुनु

केरुङ सम्झौता तिब्बतका केही लामाहरूको इच्छाअनुसार उनीहरूकै रोहवर गरिएको हुँदा यसमा तिब्बत सरकारले स्वीकृति प्रदान गरेको थिएन र चीनका सम्राटलाई पनि यस विषयमा जानकारी गराइएको थिएन । त्यसैले तिब्बतका प्रतिनिधिहरूले यसलाई सम्झौता मानेका थिएनन् । यसरी नेपालसँग गरेको सम्झौताका बारेमा तिब्बत सरकारले स्वीकृति नदिनु र चीनका सम्राटलाई जानकारी नदिनु नेपालमाथि धोका हो भन्ने नेपालको बुझाई भएकाले नेपालले यसको बदला लिन चाहन्थ्यो ।

### (ग) तिब्बतमा रहने नेपालीमाथि दुर्व्यबहार

सम्झौता भइसकेपछि तिब्बतले सम्झौताका सर्तहरूको उलङ्घन गर्दै नेपालबाट तिब्बत जाने सामानमा भन्सार दर बढाएर नेपाली व्यापारीहरूलाई दु:ख दिन लाग्यो भने तिब्बतमा बसेका नेपालीहरूमाथि लुटपाट मच्चाउन थाल्यो । यसले नेपाल तिब्बतसँग असन्तुष्ट भएको थियो र युद्धबाटै यो समस्याको समाधान गर्न चाहन्थ्यो ।

(घ) **तिब्बतको युद्ध गर्ने चाहना**

तिब्बतले नेपाल विरुद्ध कम्पनी सरकारसँग सहयोग माग्दै आफ्ना प्रतिनिधिहरू कलकत्ता पठाएको थियो र चीनका सम्राटबाट सहयोग पाउने आश्वासन पाएको थियो । त्यसैले तिब्बतले केरुङ सम्झौताका सर्तहरू उलङ्घन गरिरहेको थियो ।

(ङ) **तत्कालीन कारण (तिब्बतको छल)**



सिगात्सेको टासीलाम्पो गुम्बा

तिब्बत सरकारले केरुङ सम्झौताका विषयमा छलफल गर्ने प्रस्ताव राख्दै नेपाली प्रतिनिधिहरूलाई कुती बोलायो । दुई देशबिचको विवादलाई सहमतिबाट सधैँको लागि समाधान गर्ने उद्देश्यले काजी दामोदर पाँडे, सरदार प्रबल राना, समर त्रुलुक लामालगायतका प्रतिनिधिहरू कुतीका लागि प्रस्थान गरे । तर छोस्याङ पुग्दा तिब्बतीहरूले समर त्रुलुक लामालाई गिरफ्तार गर्ने प्रयास गरे । तिब्बतीको यस्तो छलले नेपालीहरू आक्रोशित भई तिब्बतका सबै प्रतिनिधिहरूलाई पक्राउ गरी काठमाडौँ पठाए ।

तिब्बतले नेपालप्रति गरेको व्यवहारले नेपालको आत्मसम्मानमा चोट लाग्यो । त्यसैले वि.सं. १८४८ मा नेपालले काजी दामोदर पाँडे, बम शाह र देवदत्त थापाको नेतृत्वमा ४००० जनाको फौज तिब्बततिर पठायो । तिब्बतीहरूको व्यवहारले रिसाएको नेपाली फौजले डिगर्चा (हालको सिगात्से)मा रहेको टासीलम्पो गुम्बा नियन्त्रणमा लिई त्यहाँको सम्पत्ति लुटेर नेपाल पठायो । यो लुटमा चीनका सम्राटले डिगर्चाका लामालाई प्रदान गरेको पदक समेत परेको थियो ।

यसैबिच ल्हासा दरबारले चीनका सम्राटसमक्ष सहयोगको अपिल गरेका हुनाले हातहतियारले सुसज्जित ठुलो चिनियाँ फौज तिब्बत आई नेपाली सेना उपर हमला गऱ्यो । नेपाली सेनाले डिगर्चा छाड्नु पऱ्यो । चिनियाँ फौज नेपाली फौजलाई लघार्दै नुवाकोटको बेत्रावतीसम्म आइपुग्यो । अब चिनियाँ सेनालाई काठमाडौँ आइपुग्न केवल २६ माइल (करिब ४२ किलोमिटर) मात्र बाँकी थियो । यो फौज राजधानी प्रवेश गर्न सक्ने सम्भावनाले नेपाल निकै आत्तियो र देशको राजधानी काठमाडौँबाट मकवानपुर सारियो । अर्कोतर्फ तिब्बतबाट धेरै टाढा आएको, थाकेको, खानेकुराको अभाव भएको, आफ्ना धेरै सेना मारिएको र नेपालको बारेमा जानकारी नभएकाले चिनियाँ सेना पनि आत्तिई सकेको थियो । यसैबिच नेपाली सेनाले बेत्रावतीमा चिनियाँ सेनामाथि अप्रत्याशित हमला गर्दा चिनियाँ फौजमा ठुलो नोक्सानी भयो । अन्त्यमा, वि.सं. १८४८ आश्विन १६ (सन् १७९२ सेप्टेम्वर ३०) मा नेपाल र चीनबिच बेत्रावती सन्धिमा हस्ताक्षर भयो ।

## ३. नेपाल तिब्बत चीन युद्धका परिणामहरू

नेपाल तिब्बत चीन युद्धका निम्नलिखित परिणामहरू देखा परे :

### (क) जनधनको नोक्सानी तथा बेत्रावती सन्धि

युद्धमा केही सेनाको ज्यानजानुका साथै कतिपय घाइते भए । त्यसै गरी युद्धको समयमा नेपालले प्रशस्त आर्थिक लगानीसमेत गर्नुपर्‍यो । यो युद्धपछि नेपाली मुद्रा तिब्बतले प्रचलनमा नल्याउने भएकाले व्यापार वाणिज्यमा समेत नोक्सानी पर्‍यो । बेत्रावती सम्झौताअनुसार नेपाल र तिब्बतका बिच मैत्री सम्बन्ध स्थापना गर्ने, यी दुई देशबिच विवाद भएमा तिब्बतमा रहेका चिनियाँ खम्बा (प्रतिनिधि) को रोहबरमा कुरा मिलाउने, नेपालले हरेक पाँच वर्षमा चीनका सम्राटलाई उपहार पठाउने र त्यसको बदलामा चीनका सम्राटले पनि नेपाललाई बहुमूल्य उपहार पठाउने, अब उप्रान्त नेपाली मुद्रा तिब्बतमा प्रचलन नगर्ने, टासिलम्पो गुम्बाबाट नेपालले लुटेको सम्पत्ति फिर्ता गर्ने आदि सर्तका आधारमा यो सन्धि भएको थियो ।

### (ख) तिब्बतमा चीनको प्रभाव

यो युद्ध हुनुभन्दा अगाडि तिब्बतमा नेपालको राम्रो प्रभाव रहेको थियो । चीनका एक जना अम्बामात्र तिब्बतमा रहन्थे । युद्धको परिणामस्वरूप तिब्बतमा चिनियाँ सेनासमेत रहन लाग्यो । यसले गर्दा चीनले तिब्बतको आन्तरिक मामिलामा समेत हस्तक्षेप गर्न सुरु गर्‍यो ।

### (ग) नेपाल र चीनबिच सम्बन्ध तथा तिब्बतमा रहेका नेपालीमाथि सम्मान स्थापित

बेत्रावती सन्धिअनुसार नेपालले हरेक पाँच वर्षमा चीनका सम्राट्लाई उपहार पठाउनुपर्ने र त्यसको बदलमा चीनका सम्राटले पनि नेपाललाई बहुमूल्य उपहार पठाउनुपर्ने थियो । यसअनुसार नेपाली प्रतिनिधि मण्डल चीन जाँदा आफ्ना कुराहरूसमेत सम्राट समक्ष राख्ने अवसर मिल्यो । जसले गर्दा नेपाल र चीनबिच सम्बन्ध स्थापित भयो । तिब्बतमा रहेका नेपाली व्यापारी र वकिलमाथि बेलाबेला लुटपिट र दुर्व्यवहार हुने गर्दथ्यो । यो युद्धपछि नेपालीमाथि हुने गरेको दुर्व्यवहार अन्त्य भयो ।

### (घ) नायव बहादुर शाहको पतन

नेपाल एकीकरणको सफलताले नेपाल, भारत र तिब्बतमा समेत बहादुर शाहको चर्चा चल्दथ्यो । उनको बढ्दो प्रभाव केही भारदारहरूलाई मन परेको थिएन । यो युद्धमा नेपालको पराजय भएपछि उनका बिरोधीहरूले यसलाई चर्को रूपमा उठाउन लागे ।

यसबेला रणबहादुर शाह पनि २० वर्षका भइसकेका थिए । उनले आफ्ना काकाको अधीनमा नरही स्वतन्त्र रूपमा राज्य गर्न चाहन्थे । त्यसैले उनीमाथि प्रतापसिंह शाह, राजेन्द्रलक्ष्मी र रणबहादुर शाहको हत्या गर्न खोजेको, आफैँ राजा बन्ने चाहना गरेको, चीनका विरुद्ध अङ्ग्रेजसँग मिलेको, अङ्ग्रेजको समर्थक भएको, भ्रष्टाचार गरेको आदि जस्ता झुट्टा आरोपहरू लगाइयो । अन्त्यमा नेपाल चीन तिब्बत युद्धमा भएको खर्चको हिसाब देखाउन नसकेको आरोपमा तत्कालीन राजा रणबहादुर शाहले उनलाई जेल हाले । नायव बहादुर शाहको जेलभित्रै दुःखद् निधन भयो ।

| |
|---|
| केही तिथिमितिहरू |
| वि.सं. १८४६ केरुङ सम्झौता |
| वि.सं. १८४८ आश्विन १६ (सन् १७९२ सेप्टेम्वर ३०) बेत्रावती सन्धि |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) समर त्रुलुक लामा किन नेपाल आएका थिए ?

(ख) नेपालको मुद्रा तिब्बतमा चलाउनुको कारण के थियो ?

(ग) केरुङ सम्झौता कहिले भएको थियो ?

(घ) नेपाल र चीनबिचको सम्झौतालाई किन बेत्रावती सन्धि भनिएको होला ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) नेपालले किन तिब्बत र कम्पनी सरकारबिचको व्यापार मन पराउँदैनथ्यो ?

(ख) समर त्रुलुक लामासम्बन्धी कस्तो विवादका कारणले नेपाल तिब्बत चीन युद्ध भयो ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ग) नेपाल चीन तिब्बत युद्धमा नेपाली फौज युद्ध मैदानबाट किन पछाडि हट्नुपरेको होला ? छलफल गरी कुनै चार कारण लेख्नुहोस् ।

(घ) नेपाली सेनामाथि विजय प्राप्त गर्दै राजधानीको नजिकसम्म आइपुगेको चिनियाँ सेना किन आत्तिएको थियो ? स्पष्ट पार्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) नेपाल तिब्बत पहिलो युद्धका कारणहरूलेखी सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

(ख) "केरुङ सम्झौताले नेपालको शिर उच्च पारेको थियो ।" यो भनाइप्रति तपाईंको विचार स्पष्ट पार्नुहोस् ।

(ग) बेत्रावती सन्धि नेपालको लागि किन बाध्यात्मक थियो ? स्पष्ट पार्नुहोस् ।

## सामुदायिक कार्य

नेपाल तिब्बत युद्धको पाठ पढिसकेपछि तपाईंको मनमा उठेका भावना र सिकेको पाठ समेट्दै आफ्नो साथीलाई एक पत्र लेख्नुहोस् ।

❍❍❍

# पाठ - ७ नेपाल एकीकरणको तेस्रो चरण

## १. नेपाल एकीकरणमा भीमसेन थापाको योगदान



भीमसेन थापा

भीमसेन थापाको जन्म वि.सं. १८३२ मा गोरखाको बोर्लाङमा भएको हो । नेपाली सेनामा प्रवेश गरेपछि उनी स्वामी महाराज रणबहादुर शाहको अङ्गरक्षकमा नियुक्त भए । रणबहादुर शाह कासीबासमा रहँदा नेपालका भारदारहरूले उनलाई कासीमै राख्नका लागि कम्पनी सरकारसँग सन्धि गरेका थिए । भारदारहरूको निजी स्वार्थका कारणले देशको अवस्था दिनप्रतिदिन कमजोर हुँदै जान लागेको थियो भने कम्पनी सरकारको हस्तक्षेप बढ्दै थियो । देशको आन्तरिक र वाह्य अवस्था मिलाई एकीकरण अभियानलाई पूर्णता दिनका लागि राजा नेपालमै रहेर विवेकपूर्वक कार्य गर्नु आवश्यक थियो । त्यसैले भीमसेन थापाको पहलमा राजा रणबहादुर शाहले काशीबास त्यागी नेपाल फर्के । आफूलाई कठिन परिस्थितिमा साथ दिएको र प्रभावशाली व्यक्तित्त्वको धनी भएकाले रणबहादुर शाहले भीमसेन थापालाई नेपालको मुख्तियार पदमा नियुक्त गरे ।

बलियो र समृद्धशाली नेपालको निर्माण गर्नु मुख्तियार भीमसेन थापाको प्रमुख लक्ष्य थियो । यसका लागि सर्वप्रथम दरवारको आन्तरिक प्रबन्ध मिलाउनुपर्दथ्यो । त्यसैले उनले रणबहादुर शाहलाई असहयोग गर्ने, कम्पनी सरकारसँग सन्धि गर्ने र अन्य किसिमले आफूलाई असहयोग गर्ने भारदारहरूको दमन गरी देशको शक्ति र राजनीतिलाई आफू अनुकूल बनाए ।

दरबारिया किचलोका कारणले देशको सैन्य शक्ति पनि कमजोर हुँदै गइरहेको थियो । त्यसैले भीमसेन थापाले सेनालाई नयाँ संरचनाअनुसार सङ्गठित गरी बलियो सैन्य शक्ति निर्माण गरे । उनले नेपाल एकीकरण अभियानलाई पूर्णता दिई बलियो र समृद्धशाली नेपालको निर्माण गर्न चाहन्थे । अत: देशको आन्तरिक प्रबन्ध मिलाई सकेपछि एकीकरणको अभियानलाई अगाडि बढाए ।

नायव बहादुर शाहले नेपाल एकीकरण अभियानलाई गढ्वालसम्म पुऱ्याएका थिए । भीमसेन थापाले यो कामलाई निरन्तरता दिए । नेपाली फौजले वि.सं. १८६१ को असारमा गढवालको एकीकरण गऱ्यो । नेपालको सिमाना सतलज नदीको आसपाससम्म पुग्दा पनि पाल्पा र सल्यानको एकीकरण भएको थिएन । यी राज्यहरूको एकीकरण नभएसम्म विशाल नेपालको निर्माण हुन सक्दैन्थ्यो । त्यसैले भीमसेन थापाले पाल्पाका राजा पृथ्वीपाल सेनलाई काठमाडौँ झिकाई बन्दी बनाए र पाल्पाको एकीकरण गरे । त्यसै गरी सल्यानकी

महारानी (पृथ्वीनारायण शाहकी छोरी) विलासकुमारी काठमाडौँ आएको मौका पारी उनलाई फकाइफुल्याई सल्यानको पनि एकीकरण भयो ।

उता गडवाल विजय गरेपछि नेपाली सेनाले सतलज नदी पार गऱ्यो । सतलज नदीपारी निकै बलियो काँगडा राज्य थियो । यस राज्यलाई पनि आफ्नो हातपारी कास्मिर दखल गर्ने चाहना भएकाले नेपाली फौजले काँगडाको किल्लामाथि हमला गऱ्यो । यो किल्ला उपरको युद्ध निकै लामो भयो । लगतार चार वर्षसम्म यहीँ रहेर नेपाली फौजले काँगडा एकीकरण गर्ने प्रयास गऱ्यो । नेपालीहरूले पटक पटक आक्रमण गरिरहँदा काँगडाका राजा आत्तिएर पञ्जाब केसरी (पञ्जाबका राजा) सँग सहयोग मागे । फलस्वरूप पञ्जाबले काँगडाको सहयोगका लागि फौज पठायो । वि.सं.१८६६ साउनमा शिख पल्टनसँग भएको युद्धमा ठुलो क्षति भएकाले नेपाली सेना पछि हट्यो । यो पराजयले नेपालको पश्चिमी सिमाना सतलज नदीसम्म कायम गऱ्यो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा जवाफ दिनुहोस् :**

(क) भीमसेन थापाको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) रणबहादुर शाह काशीमा रहँदा भारदारहरूले के उद्देश्यले कम्पनी सरकारसँग सन्धि गरेका थिए ?

(ग) नेपालको सिमाना सतलज नदीसम्म पुग्दा पनि कुन कुन राज्यहरूको एकीकरण हुन सकेको थिएन् ? नाम लेख्नुहोस् ।

(घ) काँगडाको किल्लामा नेपाली फौज कति समयसम्म युद्ध गरिरह्यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) देशको कस्तो परिस्थितिको कारणले गर्दा भीमसेन थापाले रणबहादुर शाहलाई काशीबाट नेपाल फर्काए ?

(ख) रणबहादुर शाहसँग काशीबाट नेपाल फर्केपछि भीमसेन थापाले कसरी देशको आन्तरिक र सैन्य प्रबन्ध मिलाए ? चर्चा गर्नुहोस् ।

(ग) नेपालले काँगडाको किल्ला विजय गर्न नसक्नुका कुनै चार कारणहरू खोजी गरी लेख्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) पाल्पा र सल्यानको एकीकरण धोका नभएर कुटनैतिक पहल थियो भन्ने विषयमा आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

(ख) भीमसेन थापाको नेपाल एकीकरण अभियानको चर्चा गर्नुहोस् ।

# पाठ - ८ नेपाल अङ्ग्रेज युद्धका कारण (वि.सं. १८७१-७२)

वि.सं.१८६६ ताका नेपालले आफ्नो सिमाना पूर्वमा टिस्टा र पश्चिममा सतलजसम्म पु¥याए पनि एकीकरणको अभियान अझै पूर्ण भएको थिएन । नेपाली फौजको कास्मिरसम्म पुग्ने चाहना शिख पल्टनसँग काँगडामा भएको पराजयले स्थगित गरेको थियो । तर यसैबखत नेपालले कम्पनी सरकारसँग युद्ध लड्नुपरेकाले एकीकरण अभियान स्थगित भयो । नेपाल- अङ्ग्रेज युद्धका केही कारणहरू यसप्रकार थिए :

## १. राजनीतिक कारण

पृथ्वीनारायण शाहको शासनकालदेखि नै नेपालले अङ्ग्रेज बिरोधी नीति अपनाएको थियो । अङ्ग्रेज बाट नेपालको स्वतन्त्रता र सार्वभौमिकतामा खतरा हुनसक्ने कुरा भीमसेन थापाले राम्ररी बुझेका हुनाले नेपालको स्वाधीनताका लागि अङ्ग्रेजलाई ठिक ठाउँमा राख्न चाहन्थे । त्यसै गरी नेपाल एकीकरणको सिलसिलामा आफ्नो राज्य गुमाएका बाइसे चौबिसे राजाहरू भारतमा बसेर कम्पनी सरकारलाई नेपाल विरुद्ध सहयोग गरिरहेका थिए । यी राजा रजौटाहरूको आग्रह र सहयोग गर्ने आश्वासनले कम्पनी सरकारको नेपालमाथि हमला गर्ने चाहना बढेको थियो । अर्कोतर्फ भीमसेन थापाले अङ्ग्रेजलाई एसिया महादेशबाटै धपाउने योजना बनाई एसियाली एकताको पहल गरी रहेका थिए । यसरी नेपालले गुटबन्दी गर्नु कम्पनी सरकारका लागि खतराको कुरा थियो । यसप्रकारको यस्तो राजनीतिक परिस्थिति नेपाल-अङ्ग्रेज युद्धको एउटा कारण थियो ।

## २. व्यापारिक कारण

आफ्नो व्यापार विस्तार गर्ने नीतिका साथ भारत प्रवेश गरेका अङ्ग्रेजहरूले भारतका विभिन्न स्थानमा कम्पनी स्थापना गरी त्यहाँका राज्यहरूमाथि कब्जा जमाएका थिए । कम्पनीका नामले भारतमा शासन चलाएका हुनाले अङ्ग्रेजलाई कम्पनी सरकार भनिएको हो । कम्पनी सरकारले नेपालको बाटो हुँदै तिब्बतसम्म आफ्नो व्यापार विस्तार गर्न चाहन्थ्यो । तर नेपालले अङ्ग्रेज व्यापारीलाई प्रवेश गर्न दिएको थिएन । अत: अङ्ग्रेजको व्यापारिक नीति नेपाल- अङ्ग्रेज युद्धको एउटा कारण बन्यो ।

## ३. प्राकृतिक कारण

तराइको उब्जाउ भूमि र चारकोसे जङ्गलले अङ्ग्रेजलाई लोभ्याएका थिए भने पहाडमा प्रशस्त खानीहरू समेत हुनसक्ने उनीहरूले अनुमान गरेका थिए । नेपाल प्रवेश गरी यहाँको माटो, जङ्गल, खनिज र जलसम्पदाको सदुपयोग गरी नाफा कमाउने अङ्ग्रेजको उद्देश्य थियो । त्यस्तै यहाँको शीतल जलवायु र प्राकृतिक सौन्दर्यको उपभोग गर्दै नेपाललाई आफ्नो निवास स्थलको रूपमा प्रयोग गर्ने अङ्ग्रेजको चाहना थियो । उनीहरूको यही लोभ नेपाल अङ्ग्रेज युद्धको एउटा कारण बन्यो ।

## ४. नयाँ गभर्नर जनरको नीति

इङ्ल्यान्ड सरकारले भारतको मामिला हेर्नका लागि गभर्नर जनरल नियुक्त गरी पठाउने गर्दथ्यो । वि.सं. १८७० को असोज (१८१३ अक्टोबर ४) मा लर्ड मारक्वीष्ट अफ हेस्टिङ भारतका लागि नयाँ गभर्नर जनरल नियुक्त भई आए । उनलाई नेपालले स्वतन्त्र राज्यको रूपमा आफ्नो अस्तित्त्व कायम राखेको मन परेन । लर्ड हेस्टिङको यो चाहना पनि नेपाल-अङ्ग्रेज युद्धको एउटा कारण बन्न गयो ।

## ५. तत्कालीन कारण/सीमा विवाद

नेपाल र कम्पनी सरकारबिचको सीमा विवाद यो युद्धको तत्कालीन कारण थियो । यस बखत नेपाल र कम्पनी सरकारले आफ्नो राज्य विस्तार गरिरहेका हुनाले यी दुई मुलुकहरूबिच कुनै किसिमको स्पष्ट सिमाना थिएन । लर्ड हेस्टिङ गभर्नर जनरल भएर आएपछि नेपालको नियन्त्रणमा रहेका रौतहटका २२ गाउँ एवम् बुटवल र स्युराज कम्पनी सरकारको भएको दावी गरे । रौतहटका २२ गाउँहरू पृथ्वीनारायण शाहको कालदेखि नै नेपालको अधीनमा थिए भने बुटवल र स्युराज प्रदेशहरू पाल्पाले अवधका नबाबसँग लिएको थियो । पाल्पाको एकीकरण हुँदा बुटवल र स्युराज नेपालमा समावेश भएका थिए । त्यसैले ती प्रदेशहरूमाथि नेपालले पनि आफ्नो दावी छाडेन ।

कम्पनी सरकारले युद्ध नै गर्ने मनसाय राखी बि.सं १८७० चैत्र २७ (सन् १८१४ मार्च ११) को दिनमा विवादित क्षेत्रहरू छाडिदिने निर्देशन दिँदै नेपाललाई धम्कीपूर्ण पत्र लेख्यो । तर नेपालले अङ्ग्रेजलाई यी प्रदेशहरू नदिने अडान राख्यो ।

नेपालले कम्पनी सरकारको पत्रको कुनै जवाफ दिएन । कम्पनी सरकारले युद्धको घोषणा नगरी वि.सं. १८७१ वैशाख ८ (१८१४ अप्रिल २२) गते बुटवल र स्युराजमाथि आक्रमण गऱ्यो । अन्त्यमा वि.सं. १८७१ कार्तिक १७ (सन् १८१४ नोभेम्वर १) मा लर्ड हेस्टिङले नेपालसँग विधिवत रूपमा युद्धको घोषणा गरे ।

**केही तिथिमितिहरू**

वि.सं.१८७० चैत्र २७ (सन् १८१४ मार्च ११) - कम्पनी सरकारको चेतावनी पत्र

वि.सं.१८७१ वैशाख ८ (१८१४ अप्रिल २२) - युद्धको घोषणाबिना कम्पनी सरकारको आक्रमण

वि.सं. १८७१ कात्तिक १७ ( सन् १८१४ नोभेम्वर १) - कम्पनी सरकारले नेपाल विरुद्ध युद्धको घोषणा

### कक्षाकार्य

पाना भरिने गरी नेपालको नक्सा बनाई नेपाल र अङ्ग्रेजबिच सीमा विवाद भएका क्षेत्रहरू देखाउनुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) लर्ड हेस्टिङ को थिए ?

(ख) अङ्ग्रेजहरू के बहानामा भारत आएका थिए ?

(ग) कम्पनी सरकारले नेपालका कुन स्थानहरू दावी गऱ्यो ?

(घ) कम्पनी सरकारले नेपाल विरुद्ध युद्धको घोषणा कहिले गरेको थियो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) नेपाल अङ्ग्रेज युद्धको राजनीतिक कारणको चर्चा गर्नुहोस् ।

(ख) एसियाली एकता भनेको के हो ? यसले अङ्ग्रेजलाई के कस्ता बेफाइदा हुन्थे ? कुनै चार बुँदामा लेख्नुहोस् ।

(ग) नेपाल-अङ्ग्रेज युद्धका राजनीतिक कारणहरू चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो दिनुहोस् :**

(क) "नेपाल स्वतन्त्र रहनु कम्पनी सरकारका लागि सधैँ ठुलो चुनौती थियो ।" विभिन्न ऐतिहासिक प्रमाणहरू दिँदै पुष्टि गर्नुहोस् ।

(ख) कम्पनी सरकारलाई बुटवल र स्युराज दिनु हुँदैन भन्ने नेपालको अडान उचित थियो भन्दै साथीलाई पत्र लेख्नुहोस् ।

❍❍❍

| पाठ - ९ | नेपाल अङ्ग्रेज युद्धः तयारी र घटना |
|---|---|

## १. युद्धको पृष्ठभूमि


कम्पनी सरकारको पत्र प्राप्त भएपछि नेपाल दरबारमा खैलाबैला मच्चियो । अनुभवी भारदार एवम् कुशल योद्धाहरू सन्धिको पक्षमा थिए भने भीमसेन थापा युद्धको पक्षमा थिए । आवश्यक वार्ताका लागि नेपालका तर्फबाट राजदूत चन्द्रशेखर उपाध्याय र कम्पनी सरकारका तर्फबाट मेजर ब्राडशाको भेटघाट भइरहेको थियो । उता कम्पनी सरकारले युद्ध गर्ने निर्णय गरिसकेकाले चन्द्रशेखर उपाध्यायसँग स्पष्ट कुराकानी नगरी वार्तालाई लम्बेतान पार्दै आफ्नो तयारीमा लाग्यो । तयारी पूर्ण भइसकेपछि कम्पनी सरकारले वार्ता नगरी युद्धको घोषणा गऱ्यो र चन्द्रशेखर उपाध्यायलाई पक्राउ गरी नजरबन्दमा राख्यो ।

## २. प्रमुख युद्धस्थलहरू

नेपालको शक्तिलाई विभाजन नगरी विजय प्राप्त गर्न सकिँदैन भन्ने कुरा कम्पनी सरकारले बुझेको थियो । त्यसैले एकैपटक पाँच स्थानबाट नेपालमाथि हमला गर्ने तयारी गऱ्यो । यो युद्धमा कम्पनी सरकारले आफ्ना झन्डै ३३ हजार सेना परिचालन गरेको थियो भने नेपालका तर्फबाट करिब १६ हजार सेना सहभागी भएका थिए । यो युद्धका प्रमुख मोर्चाहरू तलको तालिकामा उल्लेख गरिएको छ :

| क्र.सं. | स्थान/मोर्चा | कम्पनी कमान्डर | नेपाली कमान्डर |
|---|---|---|---|
| १. | काँगडा/मलाउँ | मेजर जनरल अक्टरलोनी । ७,००० सेना र २२ ओटा तोपसहित | बडाकाजी अमरसिंह थापा |
| २. | कुमाउँ/गढवाल | मेजर जनरल रोबर्ट रोलो जिलेस्पी । १०,००० सेना र २२ ओटा तोपसहित | चौतारिया बम शाह |
| ३. | बुटवल | मेजर जनरल सुलिभान उड । ५,००० सेना र १५ तोपसहित | कर्णेल उजीरसिंह थापा |
| ४. | मकवानपुर हुँदै काठमाडौँ | मेजर जनरल बेनेट मार्ले । ८००० सेना र २६ तोपसहित | कर्णेल रणवीरसिंह थापा |
| ५. | कोशी क्षेत्र | मेजर बरी लेटर । २७०० सेनासहित | काजी बख्तावरसिंह थापा |

यस प्रकार कम्पनी सरकार र नेपालले तयारी गरेपछि विभिन्न स्थानमा युद्ध छेडिएको थियो । त्यसमध्ये केहीको चर्चा तल गरिएको छ ।



तत्कालीन नेपाल

### (क) मकवानपुरको युद्ध

कम्पनी सरकारले मेजर जनरल मार्लेलाई ८००० सेना र २६ ओटा तोपका साथ मकवानपुर हुँदै काठमाडौँ प्रवेश गर्ने जिम्मेवारी दिएको थियो । यिनले आफ्नो जिम्मेवारीबमोजिम सेनालाई तीन भागमा विभाजन गरी काठमाडौँमाथि हमला गर्ने तयारीमा थिए । यसैबखत कर्णेल रणवीरसिंह थापाको नेतृत्वको नेपाली फौजले अप्रत्याशित हमला गरी उनीहरूका चौकी जलाउने र हतियार लुट्ने गर्‍यो । यो एकाएकको आक्रमणका कारण अङ्ग्रेजी अफिसरसहित केही जवानले ज्यान गुमाएकाले अङ्ग्रेजी सेनामा भागाभाग भयो । नेपाली सेनाको बहादुरीदेखि आत्तिएर वि.सं. १८७१ माघ २६ (सन् १८१५ फेब्रुअरी १०) का दिनमा मेजर जनरल मार्ले पनि कसैलाइ केही नभनी युद्धस्थलबाट ज्यान जोगाइ भागे ।

### (ख) बुटवल/जितगढको युद्ध

कम्पनी सरकारले गोरखपुर हुँदै पाल्पामाथि आक्रमण गर्नका लागि ५००० सेना र १५ ओटा तोपसहित मेजर जनरल सुलेभान उडलाई जिम्मेवारी दिएको थियो । उता अङ्ग्रेजसित मुकाविला गर्न नेपालका तर्फबाट कर्णेल उजीरसिंह थापालाई जिम्मेवारी दिइएको थियो । अङ्ग्रेज फौज पाल्पातिर जान लाग्दा नेपाली फौजसँग बाटोमै युद्ध भयो । नेपालीहरूको बहादुरी देखेर जनरल उड डराइसकेका थिए । त्यस अङ्ग्रेज फौज बुटवलबाट उकालो लाग्न सकेन । जनरल उड ज्यान जोगाउन अन्यत्र गएकाले नेपालीले सहजै यो क्षेत्रमा आफ्नो नियन्त्रण कायम गर्‍यो ।

### (ग) नालपानीको युद्ध

"यस किल्लाका कमान्डर हाम्रा बहादुर शत्रु बलभद्र र अन्य वीर गोरखालीहरूको सम्मानमा..."

नालापानी (खलङ्गा) को किल्लामा अङ्ग्रेजले स्थापना गरेको शिलालेखमा माथिको भनाइ लेखिएको छ । नेपाल-अङ्ग्रेज युद्धको बेला हालको भारतको देहरादुन नजिकैको नालापानीको किल्लामा महिला र केटाकेटी सहित ६०० जनाको नेपाली फौजको नेतृत्व कप्तान बलभद्र कुँवरले गरिरहेका थिए भने मेजर जनरल रोबर्ट रोलो जिलेस्पीको नेतृत्वमा झन्डै ३००० जति अङ्ग्रेज सेनाले चारै दिशाबाट यो किल्लालाई घेरा हालेको थियो । हुन त यो युद्धको घोषणा घोषणा वि.सं. १८७१ कात्तिक १७ (१८१४ को नोभेम्बर १) मा गरिएको हो तर जिलेस्पीले कात्तिक १६ (अक्टोवर ३०) कै दिनमा नालापानीमाथि हमला गर्ने आदेश दिएका थिए । पहिलो हमलामै नेपाली महिलाहरूले अदम्य बहादुरीका साथ अङ्ग्रेज फौजको प्रतिकार गरे । आफ्ना धेरै सिपाहीहरूको ज्यान गएपछि अङ्ग्रेजी सेना युद्धस्थलबाट तितरवितर भयो । सेनाको हौसला बढाउन किल्लामाथि तोपले आक्रमण गर्दै जिलेस्पी अगाडि बढे । तर नेपाली फौजको आक्रमणमा परी उनले समेत ज्यान गुमाएपछि अङ्ग्रेज फौज भागेर देहरादुन पुग्यो । यो किल्लाको पराजय र जिलेस्पीको मृत्युले कम्पनी सरकार नराम्रोसँग आत्तियो । पछि दिल्लीबाट कर्णेल माबीको नेतृत्वमा तोपसहित ठुलो फौज आई दोस्रो पटक नालापानी किल्लामाथि हमला गऱ्यो । लगातार तीन दिनसम्मको युद्धमा झन्डै ५०० जति कम्पनी सरकारका सेनाका ज्यान गएपछि अङ्ग्रेज फौज हट्न बाध्य भयो । यो युद्धमा नेपाली महिलाहरूले देखाएको वीरताको चर्चा गर्दै कप्तान इडेन वंसिटार्ट भन्छन्- **“तोप र गोलीको अनवरत वर्षाको बिच नेपाली महिलाहरू किल्लाको पर्खालमा उभिएर शत्रु उपर पत्थरको वर्षा गरिरहेको धुवाँको मुस्लो हटेका बखत अनेक पटक देखिन्थ्यो । पछि भत्केका पर्खालहरूका बिच अनेक स्त्रीहरूका घायल शरीर र लास पनि भेटिएका थिए ।”**


खलङ्गा


बलभद्र कुँवर

यसप्रकार, विजय प्राप्त गर्न नसक्ने देखेपछि अङ्ग्रेजले किल्लाभित्र पानी जाने कुलो भत्काइदियो । साथै चारैतिरबाट तोपका गोलीहरू वर्षाउन छाडेन । यो किल्लाको रक्षाका लागि बसेका ६०० जनामध्ये ५३०

जनाको ज्यान गइसकेको थियो र बाँकी ७० जनाको पनि बाँच्ने सम्भावना थिएन । यिनीहरूले यही किल्लाभित्र मर्नुभन्दा अन्य किल्लाहरूको रक्षाका लागि जानु उचित हुने सम्झिए । त्यसैले अङ्ग्रेजका तोपगोलाको पर्वाह नगरी हातमा खुकुरी बोकेर नेपालीहरू किल्लाबाट बाहिर निस्किए । उनीहरूले नजिकैको खोलामा गई पानी पिएर अर्को किल्लातिर गए । सानो सङ्ख्यामा रहेका नेपालीले अङ्ग्रेजको विशाल फौजसँग एक महिनासम्म अडिग रहन सक्ने नेपाली वीर र वीरङ्गानाको अङ्ग्रेजहरूले समेत मुक्त कण्ठले प्रशंसा गरेका छन् ।

### (घ) जैथकको युद्ध

नालापानी/खलङ्गाको विजयपछि अङ्ग्रेज फौजले नहानमाथि आक्रमण गऱ्यो । नहान किल्लाको रक्षाका लागि अमरसिंह थापाका छोरा काजी रणजोरसिंह थापाको नेतृत्वमा नेपाली फौज तैनाथ गरिएको थियो । तर नहानलाई अङ्ग्रेजले चारैतिबाट घेरा हाली अन्य स्थानहरूको सम्पर्कबाट विच्छेद गरेका हुनाले कर्णेल रणजोरसिंह थापा आफ्नो फौजका साथ जैथकतिर लागे ।

खलङ्गा र नहानबाट समेत थप फौज आएकाले जैथकको सुरक्षाका लागि जसपाउ थापाको नेतृत्वमा बसेको नेपाली फौज अझै बलियो भयो । जैथकको किल्लामा नौ पटकसम्म हमला गर्दा पनि अङ्ग्रेजले विजय गर्न सकेन । आधाभन्दा धेरै सेनाको ज्यान गएपछि अङ्ग्रेज आत्तिएर नहानतिर पलायन भयो । यो पराजयले अङ्ग्रेजको उत्साह घटेर गयो ।

### (ङ) मलाउँको युद्ध


बडाकाजी अमरसिंह थापालाई सम्पूर्ण सुदूरपश्चिमी क्षेत्रको रक्षाको जिम्मेवारी सुम्पिएको थियो र उनी मलाउँको किल्लामा थिए । देहरादुनबाट जनरल जिलेस्पीले नालापानीतर्फ र लुधियानाबाट जनरल अक्टरलोनीले काँगडा/मलाउँतर्फ आफ्ना फौजलाई एकै समयमा अगाडि बढाए । नेपालले नालापानीको किल्ला त्याग गरेपछि अङ्ग्रेजका सर्तअनुसार सन्धि गर्नु भनेर बडाकाजी अमरसिंह थापालाई काठमाडौँबाट सन्देश आएको थियो । तर उनले अङ्ग्रेजसँग झुक्न चाहेनन् ।


अमरसिंह थापा

तोप र हतियारले सुसज्जित अङ्ग्रेजको सेना अगाडि बढेपछि नालागढ, रामगढ, तारागढ, जोरजोरे आदि जस्ता किल्लाहरू नेपाली फौजले खाली गर्न बाध्य भयो । अङ्ग्रेजको फौज उत्साहित हुँदै मलाउँको किल्लातिर अगाडि बढ्दै थियो । रामगढमा आइपुग्दा नेपाली फौजले वीरतापूर्वक अङ्ग्रेजको बाटो छेक्यो । अफिसरहरूसहित धेरै सङ्ख्यामा आफ्ना सिपाहीको ज्यान गएपछि अक्टरलोनी निरुत्साहित भएर आत्तिए । केही समयपछि थप शक्तिका साथ अक्टरलोनीले रामगढमा हमला गरे । अङ्ग्रेजको विशाल शक्तिका अगाडि

नेपाली फौजले रामगढ किल्ला छाडेर मलाउँमा भेला भयो । बिस्तारै पश्चिमी मोर्चाका धेरै किल्लाहरू अङ्ग्रेजको पहुँचमा जान लागे ।

### (च) देउथलको युद्ध


भक्ति थापा

७० वर्षको उमेरका सरदार भक्ति थापाले सुरजगढ किल्लाको जिम्मेवारी लिएर बसेका थिए । अङ्ग्रेजको फौजले रैलीको टाकुरा र देउथलमा समेत आफ्नो अधिकार कायम गरेपछि सुरजगढ र मलाउँ दुबै असुरिक्षत भए । सुरजगढ र मलाउँको रक्षाका लागि देउथलबाट अङ्ग्रेजलाई धपाउनुपर्दथ्यो । तर यो कुरा कुनै पनि हालतमा सम्भव थिएन । यस अवस्थामा नेपालीका लागि आत्मसर्पण गर्ने वा देउथलमाथि हमला गरी युद्ध मैदानमा मर्नेमध्ये एउटा विकल्प छान्नुपर्दथ्यो । कुनै पनि वीर सिपाही दुस्मनको सामु आत्मसमर्पण गरी अपमानको जीवन बाँच्नुभन्दा युद्ध मैदानमा आत्मसम्मानका साथ वीरगति प्राप्त गरेर अमर हुन चाहन्छ । त्यसैले भक्ति थापाले आत्मसमर्पण नगर्ने निश्चय गरी आफ्ना छोरालाई अमरसिंह थापाको जिम्मा लगाए । आफ्ना दुबै पत्नीहरूलाई नारी-धर्म पालन गर्ने आज्ञा दिए र देउथलमा रहेको अङ्ग्रेजको फौजमाथि धावा बोले । अङ्ग्रेजका तोपको वर्षाले चारैतिर आगो लागेर पहाड नै जलेजस्तो भएको थियो भने तोपको गड्गडाहटले धर्ती नै काँपेजस्तो भएको थियो । नेपालीहरूले तोपका गोलाको कुनै पर्वाह नगरी खुँडा, खुकुरी र भालाले अङ्ग्रेजलाई आफ्नो निसान बनाउँदै तोप खोस्न कस्सिए । वीर भक्ति थापाले अङ्ग्रेजले फालेका तोपका गोली हातले समाउँदै उनीहरूतिरै फालिदिन्थे । नेपालीको प्रहारका चोटले अङ्ग्रेजहरूका लासको थुप्रो लागेको थियो । यस बखत, तोपखानाका एक जना बाहेक सबै अफिसरहरू मारिइसकेका हुनाले अङ्ग्रेजहरू डरले आत्तिएका थिए । सात सयभन्दा बढी सेनाको ज्यान गइसक्दा पनि नेपालीहरू आत्मबलका तोप कब्जा गर्ने तयारीमा थिए ।

यसै बखत अङ्ग्रेजको तोपको गोली छातीमा लागि भक्ति थापाले वीरगति प्राप्त गरे । आफ्ना सेनापतिले वीरगति प्राप्त गरेपछि नेपाली सेनामा भागाभाग भयो । भक्ति थापाको बहादुरीले प्रभावित भएका अङ्ग्रेज जनरल अक्टरलोनीले उनको लाशमाथि ससम्मान दोसल्ला ओडाई नेपालीहरूलाई बुझाइ दिए । यसरी नेपाल आमाका एक सपूतले नेपालकै रक्षाका लागि वीरगति प्राप्त गरे । आज उनी हाम्रा सामु छैनन् तैपनि उनी सबै नेपालीको हृदयमा अमर छन् ।

### (छ) अलमोडाको युद्ध

देउथल र सुरजगढ किल्ला अङ्ग्रेजको नियन्त्रणमा गइसक्दा पनि चौतारिया बम शाहको नेतृत्वको नेपाली फौजले अल्मोडाको सुरक्षा गरिरहेका थिए । अङ्ग्रेजले आफ्नो शक्ति पश्चिमी मोर्चा मै केन्द्रित गरेकाले यस

क्षेत्रमा ठुलाठुला युद्धहरू भएका थिए । काठमाडौँबाट हस्तिदल शाहको नेतृत्वमा थप फौज यो मोर्चातिर आउँदै थियो । तर फौज अलमोडा पुग्नै लाग्दा अङ्ग्रेजले बिचमै आक्रमण गऱ्यो । हस्तिदल शाहले वीरगति प्राप्त गरे । यसको लगत्तै अङ्ग्रेजको फौजले अलमोडा कब्जा गऱ्यो ।

पूर्वी मोर्चाहरूमा अङ्ग्रेजको बेइजतीपूर्ण पराजय भएको थियो तर पश्चिमी मोर्चाका देउथल र अल्मोडा समेत अङ्ग्रेजको नियन्त्रणमा गए । यस मोर्चामा अमरसिंह थापाको मातहतमा भएको झन्डै ३००० सेनामध्ये करिब २५० को सङ्ख्यामात्र बाँकी थियो । त्यसैले काजी अमरसिंह थापाले वि.सं. १८७२ जेठ १ (१८१५ मे १५) मा जनरल अक्टरलोनीसँग सन्धि गरे । यसपछि नेपाली नेपाली फौज महाकाली वारी आयो ।

| केही तिथिमितिहरू | |
|---|---|
| - वि.सं. १८७१ कार्तिक १७ (१८१४ नोभेम्बर १) | कम्पनी सरकारद्वारा युद्धको घोषणा |
| - वि.सं.१८७२ जेठ १ (१८१५ मे १५) | जनरल अक्टरलोनीसँग युद्धविराम सन्धि |

## कक्षाकार्य

तपाईंले आफ्ना साथीलाई नेपाल-अङ्ग्रेज युद्ध भएका स्थान/मोर्चाहरूको नाम भनिदिनुहोस् र त्यस मोर्चामा रहेका नेपाली तथा अङ्ग्रेजी कमान्डरको नाम तपाईंको साथीलाई भन्न लगाउनुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नालापानी/खलङ्गाको किल्लामा कति जनाको नेपाली फौज थियो ?

(ख) नेपाल अङ्ग्रेज युद्धको बेला किन मकवानपुरमा कसको कमान्डमा रहेको नेपाली फौजले अङ्ग्रेजलाई पराजित गरेको थियो ?

(ग) जैथकको युद्धले नेपालीहरूको हौसला कसरी बढायो ?.

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) नेपाल अङ्ग्रेज युद्धको पृष्ठभूमिको चर्चा गर्नुहोस् ।

(ख) देउथलको युद्धमा अङ्ग्रेजहरू आत्तिनु पर्नाका कुनै चार कारणहरू लेख्नुहोस् ।

(ग) मलाउँको युद्धबारे छोटो टिप्पणी लेख्नुहोस् ।

(घ) नेपाल-अङ्ग्रेज युद्धमा भक्ति थापाको योगदानको चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) नालापानीको युद्धमा नेपाली महिलाहरूले देखाएको वीरताको उदाहरण दिँदै "नेपाली महिलाहरूको वीरता" शीर्षकमा एउटा लेख तयार गर्नुहोस् ।

(ख) अलमोडाको युद्ध कसरी नेपाल-अङ्ग्रेज युद्धको निर्णायक बन्यो ? युद्धका घटनाहरूको आधारमा लेख्नुहोस् ।

## परियोजना कार्य

नेपाल-अङ्ग्रेज युद्धका बेलाको नेपालको नक्सा बनाई युद्ध भएका विभिन्न पाँच मोर्चाहरू देखाउनुहोस् ।

# पाठ - १० नेपाल अङ्ग्रेज युद्धका परिणाम

नेपाल अङ्ग्रेज युद्धमा नेपालीहरूले आफ्नो बहादुरी प्रदर्शन गरेका थिए । यो युद्धमा हाम्रा पूर्वजले दिएको योगदानका कारणले आज हामी विश्वमा वीर नेपालीका नामले परिचित भएका छौँ । पश्चिमी मोर्चा बाहेक अन्य स्थानहरूमा नेपाली सेनासँग अङ्ग्रेज सेना पराजित भएको थियो । यो युद्धका धेरै परिणाम थिए । त्यसमध्ये परिणामहरू निम्नअनुसार छन्:

## १. सुगौली सन्धि

पश्चिमी मोर्चाबाट नेपाल पछि हटेपछि सन्धिका सर्तहरूमा आवश्यक छलफल भयो र नेपालको तर्फबाट गजराज मिस्र र चन्द्रशेखर उपाध्याय तथा कम्पनी सरकारका तर्फबाट ब्राडशाले हस्ताक्षर गरे । यो सन्धिपत्रलाई नेपालका राजा गिर्वाणयुद्ध विक्रम शाहले १५ दिनभित्र र ब्रिटिस गभर्नर जनरलले २० दिनभित्र मोहर छाप लगाई (अनुमोदन गरी) एक अर्काका बिच आदानप्रदान गर्ने व्यवस्था गरिएको थियो । यसरी कम्पनी सरकारले राखेका एकतर्फी सर्तहरू मान्न नेपालका भारदार र राजा तयार भएनन् । तोकिएको समयमा सन्धिको स्वीकृति र अनुमोदन नभएको भन्ने कारण देखाई कम्पनी सरकारका सेनाले मकवानपुरतिरबाट नेपालमाथि ठुलो आक्रमण गर्न सुरु गऱ्यो । अन्त्यमा बाध्य भएर वि.सं. १८७२ फागुन २० (सन् १८१६

**सुगौली सन्धिका धाराहरू**

- इस्ट इन्डिया कम्पनी र नेपाल सरकारका बिच शान्ति र मैत्री सम्बन्ध कायम रहने
- युद्धभन्दा अगाडि विवादमा आएका ठाउँहरू नेपालको राजाले त्याग्ने र इस्ट इन्डिया कम्पनीले लिने
- नेपालको सिमाना पूर्वमा मेची र पश्चिममा महाकाली नदीका बिच कायम हुने
- नेपाललाई परेको क्षतिको पूर्तिका लागि कम्पनी सरकारले नेपाल सरकारलाई प्रतिवर्ष रु. २ लाख दिने
- नेपालका राजाले महाकाली पश्चिमको भूभाग र त्यहाँका जनतासँग कुनै किसिमको सरोकार नराख्ने
- नेपाल र सिक्किमका राजाबिच कुनै विवाद उठेमा कम्पनी सरकारले मिलाउने
- कम्पनी सरकारको अनुमतिबिना नेपालले कुनै पनि युरोपियन र अमेरिकनलाई नोकरी दिन नपाउने
- दुई देशहरूको सम्बन्ध राम्रो बनाउन दुवै सरकारले राजदूतको आदान-प्रदान गर्ने
- यस सन्धिपत्रमा नेपालका राजाले १५ दिनभित्र र कम्पनी सरकारका गभर्नरले २० दिनभित्र हस्ताक्षर गर्ने

मार्च ४) नेपालका राजाले सो सन्धिलाई अनुमोदन गरी कम्पनी सरकारका प्रतिनिधिलाई प्रदान गरियो र यसै दिनदेखि वैधानिक रूपले नेपाल-अङ्ग्रेज युद्धको पनि अन्त्य भयो । सुगौली सन्धिका सर्तहरू यसप्रकार थिए :

### २. नेपाल एकीकरण अभियानको अन्त्य

वि.सं. १८०१ बाट पृथ्वीनारायण शाहले थालनी गरेको नेपाल एकीकरण अभियान नेपाल- अङ्ग्रेज युद्ध अगाडिसम्म निरन्तर चलिरह्यो । यो झन्डै ७१ वर्षको अवधिमा नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म पुगेको थियो । यो युद्धले नेपालको सिमाना निश्चित गरिदिएकाले नेपाल एकीकरण अभियानको अन्त्य भयो ।

### ३. नेपालले आफ्नो भूभागको ठुलो हिस्सा गुमायो

नेपाल-अङ्ग्रेज युद्धपछि नेपालको सिमाना पूर्वमा मेची र पश्चिममा महाकाली नदीका बिच सीमित भयो । नेपालले बुटवलबाहेक महाकालीदेखि कोसीसम्मको तराई गुमाउनुपऱ्यो । समग्रमा नेपालले आफ्नो भूभागको एक तिहाइ हिस्सा गुमाउनुपऱ्यो ।

### ४. नेपालको राजनीतिमा कम्पनी सरकारको हस्तक्षेप

कम्पनी सरकारले पहिलेदेखि नै नेपालको राजनीतिमा चासो राख्दथ्यो तर उसलाई नेपालले कुनै मान्यता दिएको थिएन । तर नेपाल-अङ्ग्रेज युद्धको परिणामस्वरूप नेपालमा अङ्ग्रेजी राजदूत रहने भयो । लेफ्टिनेन्ट ह्वायलु नेपालका लागि अस्थायी राजदूत भई आए । यसबेला देखि नै नेपालको राजनीतिमा अङ्ग्रेजको प्रत्यक्ष हस्तक्षेप सुरु भयो ।

### ५. नेपालीहरूलाई कम्पनी सरकारको सेनामा भर्ना

नेपाली सेनाको बहादुरीबाट अङ्ग्रेजहरू निकै प्रभावित भएका थिए । यो युद्ध समाप्त भएपछि कम्पनी सरकारले नेपाली युवाहरूलाई आफ्नो सेनामा भर्ती गर्न सुरु गऱ्यो । हालसम्म पनि नेपालीहरूले ब्रिटिस तथा भारतीय सेनामा काम गरिरहेका छन् ।

### ६. भीमसेन थापाको पतन

भीमसेन थापाको अडानका कारणले यो युद्ध भएको हुनाले यस युद्धमा पराजयको दोष भीमसेन थापामाथि थोपरी भारदारहरूले गुटबन्दी गर्न थाले । भारदारहरूका बिच पाँडे र थापाका गुटहरू सिर्जना भए । पाँडे समूहले भीमसेन थापाविरुद्ध राजारानीसँग कानेखुसी गर्न लाग्यो । राजारानीले पनि पाँडेहरूकै मतमा लागि भीमसेन थापालाई कारबाही गर्ने मौका हेरेर बसे । उनी माथि विभिन्न आरोपहरू लगाई कैद हालियो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सुगौली सन्धिमा नेपाल र कम्पनी सरकारका तर्फबाट ककसले हस्ताक्षर गरेका थिए ?

(ख) नेपालले सुगौली सन्धिलाई कहिले अनुमोदन गरेको थियो ?

(ग) नेपालको लागि पहिलो अङ्ग्रेजी राजदूत को हुन् ?

(घ) नेपाल अङ्ग्रेज युद्धपछि नेपाल एकीकरण अभियान किन रोकियो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) नेपालले सुगौली सन्धिमा हस्ताक्षर नगरेको भए के हुन्थ्यो होला ?

(ख) नेपाल अङ्ग्रेज युद्धपछि नेपाललाई कसरी भौगोलिक क्षति भयो ?

(ग) नेपाल अङ्ग्रेज युद्धका कारणहरू लेख्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) सुगौल सन्धि कसरी एकतर्फी सन्धि थियो ? यसका सर्तहरूका आधारमा चर्चा गर्नुहोस् ।


(ख) नेपाल अङ्ग्रेज युद्धले कसरी नेपालको स्वतन्त्र अस्तित्त्व कायम राख्न सहयोग गऱ्यो ? छलफल गरी लेख्नुहोस् ।

# पाठ - ११ राणा शासनको उत्थान र पतन

नेपालमा मुख्तियार भीमसेन थापाको पतनपछि देखापरेको अस्थिर राजनीतिको पृष्ठभूमिमा राणाशासनको स्थापना भएको थियो । केही वर्षसम्मको यस्तै अन्योलको वातावरणपछि वि.सं. १९०३ सालमा नेपालमा राणाशासनको स्थापना भई वि.सं. २००७ सालसम्म जम्मा १०४ वर्ष कायम रह्यो । राणाशासनको स्थापनाका विभिन्न कारणहरू थिए । त्यसमध्ये केही कारणहरू यस प्रकार थिए :



जङ्गबहादुर राणा




## १. राजनीतिक अवस्था

राजा राजेन्द्रविक्रम शाहका साम्राज्यलक्ष्मी र लक्ष्मीदेवी नाम गरेका दुई रानीहरूले आफ्नो गुट निर्माण गरेका थिए भने । जेठी महारानी साम्राज्यलक्ष्मीले राजा राजेन्द्रविक्रम शाहलाई राज्यच्यूत गरी युवराज सुरेन्द्रलाई राजगद्धी दिलाएर आफूले नायवी चलाउन चाहन्थिन् । युवराज सुरेन्द्रविक्रम शाह व्यभिचारी, अनैतिक र आपराधिक गतिविधिमा संलग्न भइरहने हुनाले भारदार र जनताहरूले उनलाई मन पराउँदैनथे । सुरेन्द्रविक्रमको यो स्वभावबाट फाइदा उठाई कान्छी महारानी राज्य लक्ष्मीदेवीले आफ्नो छोरा रणेन्द्रलाई

राजगद्धीको उत्तराधिकारी बनाउन चाहन्थिन् । दरबारको यो अवस्थाले अङ्ग्रेज हड्सनलाई निकै फाइदा भएको थियो । उनले अर्को गुट निर्माण गरी दरबारको चियोचर्चो गर्ने र राजनीतिमा हस्तक्षेप गर्ने मौका पाए । यसैबखत जेठी महारानी साम्राज्यलक्ष्मीको मृत्यु भएकाले कान्छी महारानी लक्ष्मीदेवीको प्रभाव बढ्न थाल्यो । राजा राजेन्द्रविक्रम शाह आत्मबल, स्वविवेक र निर्णय गर्न सक्ने क्षमता कमी भएका शासक थिए । युवराजको ज्यादती, हड्सनको हस्तक्षेप, भारदारहरूको गुटबन्दी र महारानीको दबाबका कारणले राजा राजेन्द्रविक्रम शाहले आफ्ना राजकीय अधिकारहरू महारानी लक्ष्मीदेवीलाई हस्तान्तरण गरे । यस किसिमको राजनीतिक अस्थिरता राणाशासनको स्थापनाको निम्ति सहयोगी बन्न गयो ।

## २. माथवरसिंह थापाको हत्या

आफ्नो हातमा शक्ति आएपछि लक्ष्मीदेवीले आफ्नो छोरा रणेन्द्रलाई राजगद्धीको उत्तराधिकारी बनाउने अवसर खोज्न लागिन् । तर त्यसबेला नेपालको दरबारमा आफ्नो काम फत्ते गरिदिने प्रभावशाली भारदार भेट्टाउन सकिनन् । त्यसैले उनले भारतमा बसिरहेका माथवरसिंह थापाको सहयोग लिने विचार गरी उनलाई नेपाल बोलाई वि.सं. १९०१ मा नेपालको प्राइममिनिस्टर नियुक्त गरिन् । प्राइममिनिस्टरको नेपाली अर्थ प्रधानमन्त्री हो । तर माथवरसिंह थापालाई प्रधानमन्त्री नभनी प्राइममिनिस्टर भनिएको थियो । उनी नेपालको पहिलो प्राइममिनिस्टर हुन् । माथवरसिंह थापा भीमसेन थापाका भतिज हुन् र भीमसेन थापाको पतनपछि उनी आफ्नो ज्यान जोगाउनका लागि भारतमा गई शरणार्थीको जीवन बिताइरहेका थिए ।



माथवरसिंह थापा

महारानीको इच्छा आफ्नो स्वार्थ सिद्ध गर्ने भएकाले सुरेन्द्रविक्रम शाहको सट्टा रणेन्द्रविक्रमलाई राज्यको उत्तराधिकारी बनाउन माथवरसिंह थापालाई आदेश दिइन् । रानीको यो आदेश तामेली गर्नका लागि युवराज सुरेन्द्रलाई मार्नु वा बौलाहा घोषित गर्नुपर्दथ्यो । माथवरसिंह थापाले महारानीको इच्छा पूरा गर्न नसक्ने कुरा जनाए । माथवरसिंह थापालाई जिउँदो छाड्नु महारानीलाई खतरा हुने भएकाले राजा, रानी र हड्सनको समेत मिलेमतोमा वि.सं. १९०२ जेठ २ गते राति राजदरबारमा उनको हत्या गरियो । यो हत्याले राणाशासन स्थापना गर्न सहयोगीको वातावरण सिर्जना गऱ्यो ।

## ३. गगनसिंह खवासको हत्या

गगनसिंह खवास महारानी लक्ष्मीदेवीका मन पर्ने भारदार थिए । माथवरसिंह थापाको हत्यापछि रानीले आफ्नो

योजना यिनैको सहयोगमा फत्ते गर्ने विचार गरेकी थिइन् । तर वि.सं. १९०३ भाद्र ३१ गते गगनसिंहले आफ्नो घरको माथिल्लो तलामा पूजा गरिरहेको बखत राति १० बजे अज्ञात व्यक्तिले गोली हानी उनको रहस्यमयी हत्या गऱ्यो । यो हत्याकाण्ड पनि राणाशासनको उदयको एउटा कारण बन्यो ।

## ४. कोत पर्व

गगनसिंह खवासको हत्या भएकै रात हत्यारा पत्ता लगाई दण्ड दिने उद्देश्यले रानीले भारदारहरूलाई बिना हातहतियार कोतमा भेला हुने आदेश दिइन् । तर जङ्गबहादुर राणाले आफ्नो तीन पल्टन फौजले कोतलाई घेर्न लगाए र हातहतियार लिएर आएको कुनै पनि भारदारलाई कोतभित्र प्रवेश गर्न नदिने आदेश दिए । अनि आफू र आफ्ना भाइहरू हतियार बोकेर कोतभित्र प्रवेश गरे । सबै भारदार भेला भइसकेपछि रानीले वीरकिशोर पाँडे गगनसिंहको हत्यारा भएकाले उनलाई काट्नू भनी अभिमानसिंह रानालाई आदेश दिइन् । तर राजाको आदेश नभएकाले अभिमानसिंहले वीरकिशोरलाई काट्न अस्वीकार गरे । यहाँ रक्तपातको अवस्था आउन सक्ने सम्भावना देखेर अभिमानसिंह आफ्नो फौजलाई भेट्न बाहिर जान लागेको बखत ढोकामा बसेको सिपाहीले उनको मुटुमा सङ्गीनले रोप्यो । मर्ने बेलामा अभिमानसिंहले आफ्नो हातले भित्तामा रगतको छाप लगाउँदै "गगनसिंहको हत्यारा जङ्गे नै हो" भन्ने वाक्य बोले ।

अभिमानसिंहको हत्या र उनको अन्तिम वाक्यले प्रधानमन्त्री फत्तेजङ शाहका छोरा चौतारिया खड्गविक्रम शाह रिसले मुर्मुरिए । अभिमानसिंहले मर्ने बेलामा "गगनसिंहको हत्यारा जङ्गे नै हो" भनेकाले जङ्गबहादुरलाई कारबाही गर्नुपर्ने माग राख्दै चौतारिया खड्गविक्रमले जङ्गबहादुर र उनका भाइहरूमाथि आक्रमण गर्न कस्सिए । यसैबखत जङ्गबहादुरका भाइ धीरशमशेरले खड्गविक्रमको हत्या गरिदिएकाले घटना अझै रक्तपातपूर्ण भयो । यसरी प्रधानमन्त्री फत्तेजङ शाह, दलभञ्जन पाँडे, वीरकिशोर पाँडे लगायत त्यहाँ उपस्थित धेरै मानिसहरूको हत्या भयो । यो घटनामा मारिने ५५ जना भारदाहरूको नामावली इतिहासमा पाइन्छ । यो हत्याकाण्ड सकिनासाथ महारानी लक्ष्मीदेवीले जङ्गबहादुरलाई प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ (प्रधानमन्त्री एवम् प्रधानसेनापति) मा नियुक्त गरिन् ।

## ५. भण्डारखाल पर्व

कोतपर्वमा प्राय: आफ्ना विरोधीहरूको हत्या गरिसकेको हुनाले जङ्गबहादुर शक्तिशाली भएका थिए । यही मौकामा आफ्नो योजना फत्ते गर्ने मनसायले महारानी लक्ष्मीदेवीले सुरेन्द्रविक्रम र उनका भाई उपेन्द्रविक्रमको हत्या गरी रणेन्द्रलाई राजा बनाउने आदेशका साथ जङ्गबहादुरलाई पत्र लेखिन् । जङ्गबहादुरले यो अनुचित आदेशको पालना गर्न नसक्ने बरु आवश्यक परेको खण्डमा महारानीलाई नै कारबाही गर्न पछि नपर्ने भन्दै पत्रको प्रत्युत्तर दिए । जङ्गबहादुरको यो जवाफ महारानीको लागि निकै ठुलो चुनौती थियो । त्यसैले गगनसिंहका छोरा वजीरसिंहको सहयोगमा जङ्गबहादुरको हत्याको योजना भयो । सोही योजनाबमोजिम वि.सं. १९०३ कार्तिक १७ गते भण्डारखाल बगैँचामा एउटा भोजको आयोजना गर्ने अनि जङ्गबहादुर र

उनका भाइहरूलाई खानामा विष हाली मार्ने तयारी भयो । जङ्गबहादुरले यो कुरा पहिले नै गुरु विजयराज पाँडेबाट थाहा पाइसकेका थिए । त्यसैले उनले तोकिएको दिन र समयमा आफ्नो फौजद्वारा भण्डारखाल घेर्न लगाई करिब २३ जनाको हत्या गरिदिए । महारानी लक्ष्मीदेवी र उनका छोरा रणेन्द्र पक्राउ परे । केही दिनपछि महारानीलाई आफ्ना छोरा रणेन्द्रका साथ कासी पठाइयो । राजा राजेन्द्रविक्रम शाह पनि महारानी र छोरासँगै काशीतिर गए ।

## ६. अलौ पर्व

नेपालमा भएका विभिन्न षडयन्त्र एवम् हत्याकाण्डमा बाँचेका मानिसहरू पनि काशीमै गई बस्दथे । राजा राजेन्द्रविक्रम काशी निर्वासनमा गएपछि त्यहाँ रहेका नेपालीहरूले उनलाई जङ्गबहादुरका विरुद्धमा भड्काउन थाले । वास्तवमा राजापरिवारलाई नै देश निकाला गर्नु जङ्गबहादुरको दुस्साहस थियो । जङ्गबहादुरको बढ्दो अत्याचारबाट आत्तिएका राजा राजेन्द्रविक्रमले जङ्गबहादुर विरुद्ध हमला गर्ने योजना बनाई आफ्ना केही सहयोगीहरूका साथ नेपाल प्रस्थान गरे ।

राजा काशीबाट हिँडेपछि विरगन्ज नजिकैको अलौ भन्ने स्थानमा आई झन्डै १६०० जवानको एक पल्टन खडा गरे । यसको मुकाबिला गर्न जङ्गबहादुरले राजकुमार उपेन्द्रविक्रम शाह र आफ्ना भाइ बमबहादुर राणाको नेतृत्वमा त्यसतर्फ फौज पठाए । वि.सं. १९०४ साउन १४ गते जङ्गबहादुरले पठाएको फौजले राजाको फौजमाथि हमला गऱ्यो । यो हमलामा राजा पक्षका करिब १०० जनाको ज्यान गयो भने ३५ जना घाइते । राजा राजेन्द्रविक्रमलाई पक्राउ गरी काठमाडौँ ल्याएर कैदमा राखियो । यो पर्वपछि जङ्गबहादुरको शक्ति अझै बढेर आयो ।

## ७. राजा राजेन्द्रविक्रमको अदूरदर्शिता

राजा राजेन्द्रविक्रम शाहमा राजोचित गुण, शिक्षा, अनुभव र असल चरित्रको अभाव थियो । उनमा दूरदर्शिता, कुटनीति एवम् निर्णय गर्न सक्ने क्षमताको कमी भएका कारणले दरबारमा विभिन्न किसिमका गुटबन्दी र हत्याका घटनाहरू बढ्दै गए । उनको कमजोर स्वभावले रानीको प्रभाव बढ्न गयो भने युवराज सुरेन्द्रले ज्यादती गर्न लागे । कोतको हत्याकाण्ड नरोक्नु र महारानी लक्ष्मीदेवीलाई राजकीय अधिकार दिनु उनका कमजोरी र अदूरदर्शिता थिए । यसैको फलस्वरूप जङ्गबहादुर राणाले आफ्नो जहानियाँ शासनको स्थापना गर्न सफल भए ।

## ८. सुरेन्द्रविक्रम शाहको राज्यारोहण तथा वैवाहिक सम्बन्ध

राजेन्द्रविक्रम शाहले काशीमा बसी आफ्नो विरुद्ध षडयन्त्र गरेको थाहा पाएपछि जङ्गबहादुरले राजेन्द्रविक्रम शाहलाई गद्धीच्यूत गरी सुरेन्द्रविक्रम शाहको राज्यारोहण गराए । सुरेन्द्रविक्रम शाहमा राजकीय क्षमताको अभाव थियो । देशको शासनसत्ता सञ्चालन र दैनिक राजकीय क्रियाकलापहरूमा उनलाई जङ्गबहादुरको

सहयोग चाहिन्थ्यो । राजाको यस्तो लाचारीले जङ्गबहादुरलाई शक्तिशाली बनाएको थियो । उनले राजा सुरेन्द्रका दुई छोरीहरूको बिवाह आफ्ना दुई छोराहरूसँग र आफ्ना तीनजना छोरीहरूको विवाह युवराज त्रैलोक्यविक्रमसँग गराई राजपरिवारसँग आफ्नो परिवारको वैवाहिक सम्बन्ध स्थापना गरे । आफूले समेत चौतारिया फत्तेजङ्ग शाहकी बहिनीसित विवाह गरे । यसले गर्दा राणा शासन स्थायी र बलियो भयो ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. १९०२ जेठ २ | माथवरसिंहको हत्या |
| वि.सं. १९०३ भाद्र ३१ | गगनसिंह खवासको हत्या |
| वि.सं. १९०३ असोज २ | कोतपर्व |
| वि.सं.१९०३ कात्तिक १७ | भण्डारखालपर्व |
| वि.सं. १९०४ साउन १४ | अलौपर्व |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कोतपर्व कहिले भएको थियो ?

(ख) माथवरसिंह थापालाई महारानी लक्ष्मीदेवीले कुन कुन पदवीहरू दिएकी थिइन् ?

(ग) दरबारमा ककसले गुट बनाएका थिए ?

(घ) सुरेन्द्रविक्रमलाई मार्नू भनी रानीले दिएको आदेशमा जङ्गबहादुरले कस्तो जवाफ दिए ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) राणा शासनको स्थापनाका कारणहरूलाई तालिकामा देखाउनुहोस् ।

(ख) "राजेन्द्रविक्रम शाहका रानीहरूलाई राष्ट्रको कुनै चिन्ता थिएन । उनीहरू व्यक्तिगत स्वार्थमा केन्द्रित थिए ।" कसरी, पुष्टि गर्नुहोस् ।

(ग) कोतमा यति ठुलो हत्याकाण्ड हुँदा पनि रानीले किन नरोकेकी होलिन् ? आफ्नो विचार लेख्नुहोस् ।

(घ) भण्डारखाल पर्वको पृष्ठभूमिसहित चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) राणा शासनलाई किन जहानियाँ शासन भनिएको होला ? शिक्षकसँग छलफल गरी लेख्नुहोस् ।

(ख) कोतपर्व गराउनुमा तपाईं कसलाई जिम्मेवार देख्नुहुन्छ ? आफ्नो विचार लेख्नुहोस् ।

# पाठ - १२ राणा शासनकालको राजनीतिक, सामाजिक र आर्थिक अवस्था

कोतको हत्याकाण्डले जङ्गबहादुरलाई नेपालको सक्रिय राजनीतिमा ल्यायो । त्यसपछिका भण्डारखाल पर्व, अलौ पर्व एवम् सुरेन्द्रविक्रम शाहको राज्यारोहणजस्ता घटनाले उनी नेपालको राजनीतिमा स्थापित भए । राणाशासन कालको राजैतिक, आर्थिक एवम् सामाजिक अवस्था निम्नानुसार चर्चा गर्न सकिन्छ ।

## १. राजनीतिक अवस्था

राणाकालीन राजनीतिक अवस्था निरङ्कुश र जहानियाँ थियो । जङ्गबहादुर सत्तामा आएपछि सर्वप्रथम आफूलाई शक्तिशाली बनाए । त्यसपछि देशको प्रमुख शक्ति राणा वर्गमा केन्द्रित हुने प्रबन्ध गरे । जङ्गबहादुर सुरेन्द्रविक्रम शाहका अङ्ग रक्षक थिए र उनले सुरेन्द्रविक्रम शाहको गाथ-गादीको रक्षा गरेका थिए । त्यसैले जङ्गबहादुरप्रति सुरेन्द्रविक्रम शाहको अगाध विश्वास थियो । त्यसैगरी सुरेन्द्रविक्रम शाहले आफ्ना राजकीय काममा समेत जङ्गबहादुरको सल्लाह लिन्थे । अर्कोतर्फ जङ्गबहादुरले गरेका क्रियाकलाप र तिनका दूरगामी असरका विषयमा पनि सुरेन्द्रविक्रम शाहलाई कुनै किसिमको चासो र ज्ञान थिएन । त्यसैगरी राजा सुरेन्द्रविक्रम शाहले जङ्गबहादुरलाई कास्की र लमजुङको महाराज घोषित गरी श्री ३ को पदवी समेत दिए । यतिले मात्र जङ्गबहादुर सन्तुष्ट नभएकाले निम्नलिखित राजकीय अधिकारहरू समेत प्रदान गरी जङ्गबहादुरलाई अझै शक्तिशाली बनाइयो :

(अ) **न्यायिक अधिकार** : कुनैपनि व्यक्तिलाई प्राणदण्डसम्मको सजाय दिने वा कुनै पनि प्रकारको कसूर गरेको व्यक्तिलाई आममाफी दिने अधिकार श्री ३ जङ्गबहादुरमा रहने भयो ।

(आ) **प्रशासननिक अधिकार** : कुनै पनि व्याक्तिलाई सरकारी सेवा नियुक्त गर्ने, सरुवा-बढुवा गर्ने वा जागिरबाट बर्खास्त गर्ने अधिकार जङ्गबहादुर प्रदान गरियो ।

(इ) **परराष्ट्रसम्बन्धी अधिकार** : भोट, चीन र कम्पनी सरकार वा त्यस बाहेक विश्वका कुनै पनि मुलुकसँग कुनै किसिमका सन्धि सम्झौता गर्ने वा युद्धको घोषणा गर्ने अधिकार श्री ३ महाराजमा निहित हुने भयो ।

(ई) **कानुनी अधिकार** : देशमा कुनै पनि किसिमको नियम कानुन बनाउने, त्यसलाई संशोधन वा खारेज गर्ने अधिकारसमेत श्री ३ महाराजले प्रयोग गर्ने भए ।

यस्ता अधिकारहरू राजा सुरेन्द्रले जङ्गबहादुर राणालाई मात्र प्रदान गरेका थिए । तर उनले यी अधिकारहरू आफ्नो शेषपछि देशको प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफमा सर्दै जाने व्यवस्था गरे । देशको प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ जेष्ठताका आधारमा राणावर्गमा मात्र सीमित रहने गरी रोलक्रमको नियम बनाए ।

अर्कोतर्फ जनतामा भने कुनै किसिमका राजनीतिक अधिकारहरू थिएनन् । राणाशासकहरूले गरेका जस्तासुकै कामलाई पनि उनीहरूले स्वीकार गर्नुपर्दथ्यो । राणा शासनको बिरोध गर्नेलाई कठोर सजाय दिइन्थ्यो । यसप्रकार राणाशासन कालमा नेपालमा एकतन्त्रीय, जहानियाँ एवम् निरङ्कुश राजनीतिक अवस्था थियो ।

## २. सामाजिक अवस्था

राणाकालमा नेपालको समाजमा जातीय भेदभाव र शोषण थियो । जातीय असमानता अन्त्य गरी सामाजिक न्याय स्थापना गर्नका लगि सरकारबाट कुनै प्रकारका पहलहरू भएका थिएनन् । श्री ३ ले चाहेको खण्डमा कुनै पनि व्यक्तिलाई जातिच्यूत गर्न वा माथिल्लो जातिमा बढुवा गर्न सक्दथे । समाजमा जातीय भेदभाव जस्तै लैङ्गिक भेदभाव पनि कायम थियो । महिलाहरूलाई सामाजिक कार्य र निर्णय प्रक्रियामा सहभागी गराइँदैनथ्यो । बालबिवाह, बहुविवाह र अनमेल विवाह समाजमा व्याप्त थिए । चन्द्र शमशेरले वि.सं. १९७७ असार १४ मा सती प्रथाको अन्त्य गरेका थिए भने वि.सं. १९८१ कार्तिक २४ मा दासत्वमोचन गरेका थिए ।

## ३. आर्थिक अवस्था

यस कालमा देशको आर्थिक अधिकार राणावर्गमा मात्र सुरक्षित थियो । वीरशमशेरको शासनकालदेखि राणा प्रधानमन्त्रीहरूले देशको राष्ट्रिय ढुकुटीलाई आफ्नो निजी सम्पत्ति सरह प्रयोग गर्ने र देशको सम्पत्तिलाई आफ्नो नाममा विदेशी बैङ्कमा राख्न थालेका थिए ।

देशका अधिकांश मलिला र उब्जाउ भूमिहरू राणावर्ग र उनीहरूकै आफन्तका थिए । सर्वसाधारण किसानले भने त्यही जमिनमा मोहीको रूपमा काम गर्दथे । त्यस बेला मोहियानी हकको प्रावधान थिएन । कृषकले जग्गा आवादी गरे वापत तिरेको मालपोत राणाहरूले आफ्नो निजी सम्पत्तिसरह प्रयोग गर्दथे । त्यसबेला पशुपालन प्राय: सबैले गरे पनि यसलाई व्यवसाय र आम्दानीको स्रोत मानिँदैनथ्यो । घरेलु प्रविधिबाट आवश्यक केही सरसमानको उत्पादन देशभित्रै हुने गरेपनि उद्योगले खासै प्राथमिकता पाउन सकेको थिएन । कृषिको विकासका लागि चन्द्रशमशेरले चन्द्रनहरको निर्माण गराएका थिए ।

जुद्धशमशेरको शासनकाललाई आर्थिक उन्नतिको थालनीको अवस्था भन्न सकिन्छ । यिनको शासनकालमा कृषि विकासका लागि जुद्ध नहर निर्माण भयो । उद्योग परिषद्, नेपाल बैङ्क लिमिटेड, बिराटनगर जूट मिल, जुद्ध म्याच फ्याक्ट्री, बिरगन्ज र विराटनगर कटन मिल, नेपाल प्लाइउड एन्ड बबिन कम्पनी, मोरङ हाइड्रोइलेक्ट्रिक सप्लाइ कम्पनी आदि गरी २१ ओटा कम्पनी र उद्योगहरूको स्थापना यिनैको शासनकालमा भएको थियो । यातायातको विकासको लागि यिनले नेपाल-जयनगर-जनकपुर रेलको सञ्चालन समेत गरे ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. १९७७ असार १४ | सति प्रथाको अन्त्य |
| वि.सं. १९८१ कात्तिक २४ | दासत्वमोचन |

## कक्षाकार्य

सतीप्रथा र दासप्रथाको अन्त्य हुनुभन्दा अगाडिको अवस्था झल्काउने चित्र, कविता, गीत, गजल वा कथामध्ये केही तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कुन कुन घटनाले जङ्गबहादुरलाई राजनीतिमा स्थापित गरे ?

(ख) जहानियाँ शासन भनेको कस्तो व्यवस्था हो ?

(ग) सती प्रथा भनेको कस्तो प्रथा हो ?

(घ) नेपालमा दासत्वमोचन कहिले भएको थियो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) सुरेन्द्रविक्रम शाहले जङ्गबहादुरमाथि विश्वास गर्नुका कुनै चार कारणहरू लेख्नुहोस् ।

(ख) जङ्गबहादुरलाई के कस्ता राजकीय अधिकारहरू दिइएका थिए ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ग) राणाशासन कालमा देशको राजनीतिक अवस्था कस्तो थियो ? चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) राणा शासनकालको आर्थिक अवस्थाको चर्चा गर्नुहोस् ।

(ख) राणा शासनकालमा कस्तो सामाजिक अवस्था थियो ? अहिलेको सामाजिक अवस्थासँग तुलना गर्नुहोस् ।

❍❍❍

| पाठ - १३ | नेपालमा जनजागरणको आरम्भ |
|---|---|

राणाशासनकालमा राजा र प्रजा दुवैलाई दमन गरी अधिकारबाट वञ्चित गरिएको थियो । राणाहरूको अत्याचार बढ्दै गएपछि यसका विरुद्ध जनजागरणको प्रारम्भ भयो । सर्वप्रथम वि.सं. १९०६ सालमा अछाम कालिमाटीका बलदेव शाह (बाँकावीर) ले जङ्गबहादुरको अत्याचार विरुद्ध अभियान सुरु गरेका थिए । जङ्गबहादुरको ठाडो आदेशमा बाँकावीरको टाउको काटी काठमाडौँ ल्याइयो । उनको यो अभियानलाई नै राणाशासन विरुद्धको पहिलो अभियान मान्न सकिन्छ । यसपछिका जनजागरणका केही अभियानहरू यसप्रकार छन् :

## १. लखन थापाको विद्रोह


लखन थापा

कप्तान लखन थापाको जन्म गोरखाको बुङकोटमा भएको हो । उनी धार्मिक नेता समेत मानिन्छन् । देशमा जङ्गबहादुरको शासनसत्ता स्थापित भई अत्याचार बढ्दै जान लागेपछि उनले सेनाको नोकरीबाट राजिनामा दिई जङ्गबहादुरको विरुद्ध अभियानको थालनी गरे । जङ्गबहादुरको अत्याचारबाट आत्तिएका मानिसहरू लखन थापाको समूहमा आबद्ध भई विद्रोह सुरु गरे । यो समूहले केही हातहतियारहरू समेत जम्मा पारिसकेको थियो । विद्रोह बढ्दै गएपछि जङ्गबहादुरको आदेशमा यो समूहका मानिसहरूलाई गिरफ्तार गरियो । त्यसमध्ये जयसिंहलगायतलाई मनकामनाको मन्दिर अगाडि झुन्डाएर फाँसी दिइयो भने लखन थापालाई उनकै मठमा मृत्युदण्ड दिइयो ।

## २. मकैको खेती पर्व

मकै पर्व साहित्यिक माध्यमबाट राणा विरोधी जनजागरण सिर्जना गर्ने कदम हो । कौशल अड्डाका सुब्बा कृष्णलाल अधिकारीले वि.सं. १९७७ मा “मकैको खेती” भन्ने किताबको प्रकाशन गरे । यो किताबको भूमिकामा “रातो र कालो टाउके किराको प्रवेशले मकैको खेती स्वाहा भयो ।” भनेर लेखिएको थियो ।

राणा प्राइममिनिस्टर चन्द्रशमशेरले रातो र भीम शमशेरले कालो टोपी (क्याप) लगाउँथे । रातो र कालो टाउको भएका कीरा भन्ने वाक्यांश यी दुई राणाहरूप्रति लक्षित थिए । यसको तात्पर्य राणा शासन किराजस्तै खराब हो र यसले मकै अर्थात् धनसम्पत्ति सक्न लाग्यो भनेको हो भन्ने अर्थ लगायो । यही किताब

प्रकाशनको आरोपमा सुब्बा कृष्णलाल अधिकारीलाई गिरफ्तार गरी कारावासको सजाय तोकियो । केही वर्षपछि कारवास मै उनको निधन भयो ।

### ३. लाइब्रेरी (पुस्तकालय) पर्व

जनताहरू शिक्षित भए भने राणाहरूको स्वेच्छाचारी शासनमा अबरोध ल्याउन सक्छन् भनेर राणाहरूले शिक्षामा समेत प्रतिबन्ध लगाएका थिए । वि.सं. १९८७ मा भीमशमशेर प्राइममिनिस्टर भएको बेला जोगबीरसिंह, लक्ष्मीप्रसाद देवकोटा, हरेकृष्ण श्रेष्ठ लगायतका ४५ जना युवाहरूले प्राइममिनिस्टरको अनुमति लिई एउटा पुस्तकालय स्थापना गर्ने योजना बनाए । उनीहरूले पुस्तकालय स्थापना गर्नकालागि निवेदन लेखेर सबैको हस्ताक्षर गरी प्राइममिनिस्टर समक्ष पुऱ्याउने तयारी गरिरहेका थिए । तर निवेदन पुग्नुभन्दा अगाडि नै रामचन्द्र अधिकारीले पोल लगाएकाले ती सबै युवाहरू पक्राउ परे । पुस्तकालय स्थापना गर्न तम्सिने ती ४५ जना युवाहरूलाई जनही रु. १००।- का दरले जरिवाना गरियो र प्राप्त रकमको आधा हिस्सा पोल हाल्ने रामचन्द्र अधिकारीलाई पुरस्कार स्वरूप दिइयो ।

### ४. प्रचण्ड गोरखा

राणा वर्गले प्रयोग गरिरहेको राजाको अधिकार राजालाई नै फिर्ता गराई देशमा संसदीय व्यवस्थाको स्थापना गर्ने उद्देश्यले वि.सं. १९८८ मा क्याप्टेन खण्डमानसिंह, मैनाबहादुर, उमेशविक्रम शाह, खड्गमानसिंह बस्नेत, रङ्गनाथ शर्मा र लक्ष्मण राजा (जुद्धशमशेरका ज्वाइँ) लगायतका मानिसहरूले प्रचण्ड गोरखाको गठन गरे । यो सङ्गठनले तिहारको बेला सबै रोलवाला राणाहरू प्राइममिनिस्टरकोमा भेला भएको बेला डाइनामाइट विष्फोट गरी हत्या गर्ने र सत्ता कब्जा गर्ने योजना बनाएको थियो । तर घटना हुनुभन्दा एक दिन अगाडि नै लक्ष्मण राजाले यसको पोल खोलेकाले योजना विफल भयो । यो सङ्गठनमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कैद हालियो । प्रचण्ड गोरखालाई राजनीतिक दलको रूपमा विकास गर्ने लक्ष्य राखिएको थियो तर सफल हुन सकेन ।

### ५. महावीर स्कुलको स्थापना

नेपालका दरबार स्कुल, त्रिचन्द्र कलेज तथा भारतका विभिन्न स्थानहरूबाट केही नेपाली युवाहरूले शिक्षा प्राप्त गरिरहेका थिए । शिक्षाको माध्यमबाट जनजागरण ल्याउने उद्देश्यले काठमाडौँको खिन्हटोलमा महावीर स्कुलको स्थापना भयो । तर कसैले यस स्कुलका विरुद्ध पोल हालेकाले वि.सं. १९९७ कात्तिक २ गते यो स्कुलका २८ जना शिक्षकहरूलाई पक्राउ गरी विभिन्न किसिमका सजाय दिइयो ।

### ६. नेपाली नागरिक अधिकार समिति

वि.सं. १९९४ मा २१ जना युवाहरूले नेपाली नागरिक अधिकार समितिको गठन गरे । यो समितिले पुराण वाचन र पत्रपत्रिका प्रकाशनका माध्यमबाट जनचेतनाको विकास गर्ने लक्ष्य राखेको थियो । यसै अभियान

अन्तर्गत शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ लगायतका व्यक्तिहरूले काठमाडौँको इन्द्रचोकमा पुराणको आयोजना गरे । गीताको प्रवचन दिइरहेको बखत शुक्रराज शास्त्री राणाहरूको गिरफ्तारीमा परे भने गंगलाल श्रेष्ठ भाग्न सफल भए ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. १९८७ | पुस्तकालय (लाइब्रेरी) पर्व |
| वि.सं. १९८८ | प्रचण्ड गोरखाको गठन |
| वि.सं. १९९७ कात्तिक २ | महावीर स्कुलका शिक्षकहरू गिरफ्तार |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) राणाशासनको विरुद्धमा आवाज उठाउँदा किन दण्ड दिइन्थ्यो ?

(ख) राणाशासनका विरुद्ध सर्वप्रथम कसले अभियान चलाएका हुन् ?

(ग) लखन थापाको समूहका कति जनालाई मृत्युदण्ड दिइयो ?

(घ) सुब्बा कृष्णलाललाई किन कैदको सजाय तोकियो ? एक वाक्यमा लेख्नुहोस् ।

(ङ) शुक्रराज शास्त्री के आरोपमा गिरफ्तारीमा परेका थिए ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) राणाशासन विरुद्ध सर्वप्रथम कहिले र कसले विद्रोह सुरु गरेका थिए ?

(ख) प्रचण्ड गोरखा कस्तो सङ्गठन हो र यसले कसरी देशमा परिवर्तन ल्याउने योजना बनाएको थियो ? स्पष्ट पार्नुहोस् ।

(ग) कुनै किताब प्रकाशन गर्दा वा पुस्तकालय स्थापना गर्दा राणाहरू किन डराउँथे ? आफ्नो विचार लेख्नुहोस् ।

(घ) नेपाली नागरिक अधिकार समितिको छोटो परिचय दिनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) मकैको खेती भन्ने कस्तो अभियान हो र यसले राणा शासनलाई कसरी असर पार्दथ्यो ? आफ्नै वाक्यमा लेख्नुहोस् ।

(ख) राणाशासन विरुद्ध जनजागरण ल्याउन केकस्ता शैक्षिक पहलहरू गरिए ? सूची बनाउनुहोस् र शैक्षिक जागरण दिगो हुन्छ भन्ने विषयमा आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा पनि जनजागरणको लागि विभिन्न किसिमका सङ्घ/संस्थाहरू स्थापना भएका होलान् । ती सङ्घ/संस्थाका संस्थापकहरूमध्ये कुनै एक जनालाई भेट्नुहोस् र संस्थाका उद्देश्य तथा क्रियाकलापको सूची बनाउनुहोस् । यदि तपाईंको समुदायमा त्यस्ता संस्था छैनन् भने शिक्षक वा अन्य साथीहरूको सहयोगमा कुनै संस्थाका उद्देश्य तथा क्रियाकलापहरूको सूची बनाउनुहोस् ।

❍❍❍

| पाठ - १४ | राणा शासन विरुद्ध राजनीतिक आन्दोलनको थालनी |
|---|---|

जङ्गबहादुरको शासनकालदेखि नै राणाशासन विरुद्ध जनजागरण ल्याउन विभिन्न किसिमका अभियानहरू सञ्चालन भएको कुरा पूर्वपाठमा चर्चा भइसक्यो । राजनीतिक आन्दोलको थालनीका विषयमा यो पाठमा चर्चा गरिने छ ।

## १. राजनीतिक दलहरूको स्थापना

राणा शासनको अन्त्यका लागि विभिन्न राजनीतिक दलहरूले नेपाली जनतालाई सङ्गठित गर्ने, चेतना बुद्धि गर्ने तथा सङ्गठित रूपले अभियान चलाउने कार्य गरेका थिए । त्यस्ता केही दलहरू यस प्रकार थिए :

### (क) नेपाल प्रजा परिषद्

राणाशासनको अन्त्य गर्न संस्थागत र दरिलो पहलको आवश्यकता थियो । यसै उद्देश्यले वि.सं. १९९३ जेठ २३ गते टङ्कप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, रामहरि शर्मा, गङ्गालाल श्रेष्ठ, जीवराज शर्मा लगायतका युवाहरू "नेपाल प्रजापरिषद्" को स्थापना गरे । यो नै नेपालको पहिलो राजनीतिक दल हो । धर्मभक्त माथेमा राजा त्रिभुवनका व्यायाम शिक्षक थिए । उनैको माध्यमबाट राजा त्रिभुवनलाई पनि यसको जानकारी गराइयो ।


टङ्कप्रसाद आचार्य

केही कालसम्म राणा वर्गले यसको स्थापना र गतिविधिको कुनै चाल पाउन सकेको थिएन । तर वि.सं. १९९७ असार महिनामा भोटोजात्राको अवसरपारी नेपाल प्रजा परिषदले काठमाडौँका विभिन्न स्थानहरूमा राणा बिरोधी पर्चा छऱ्यो । यसले राणाहरूमा खैलाबैला मच्चियो । पर्चा छर्ने मानिस पत्ता लगाउन नसकेपछि राणा सरकारले गोरखापत्रमा सूचना निकाल्यो र पर्चा छर्ने समूहको जानकारी गराउने व्यक्तिलाई रु. ५ हजार इनमा दिने घोषणा गऱ्यो । यसै दलका सदस्य रामजी (वकपतिराज) जोशीले पोल खोलिदिएका हुनाले "नेपाल प्रजापरिषद्" का सबै नेता कार्यकर्ताहरू पक्राउ परे ।

राणा सरकारले सबै बन्दीहरू र राजा त्रिभुवनको वयान लियो र वि.सं. १९९७ माघ ६ गतेको दिनमा फैसला सुनायो । फैसला सुनाउने न्यायधीशहरू शङ्करशमशेर र बहादुरशमशेर थिए । जसबमोजिम शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठलाई सर्वस्वसहित फाँसीको सजाय तोकिएयो भने टङ्कप्रसाद आचार्य, रामहरि शर्मा, चूडाप्रसाद, गणेशमानसिं, हरिकृष्ण, गोविन्दप्रसाद, पुस्करनाथ र बलबहादुर पाण्डेयलाई सर्वस्वसहित जन्मकैदको सजाय तोकियो । त्यसै गरी जीवराज, ध्रुवनाथ र फणिन्द्रनाथ सत्याललाई

क्रमशः १८, १२ र ६ वर्ष कैदको सजाय तोकियो । यसरी सजाय पाउनेहरूमध्ये जीतबहादुर भने नाबालक भएकाले उनलाई १० वर्षसम्म काठमाडौँ उपत्यकाबाट बाहिर जान प्रतिबन्ध लगाइयो ।

### (ख) नेपाली काङ्ग्रेसको स्थापना

नेपालमा भइरहेको अत्याचारले अन्य मुलुकहरूलाई समेत प्रभाव पारिरहेको थियो । त्यस बेला भारतमा बसेका नेपालीहरूले पनि नेपालमा राजनीतिक परिवर्तनका लागि बलिदानी गर्न तयार भइरहेका थिए । वि.सं. २००३ सालमा कलकत्तामा "नेपाली राष्ट्रिय काङ्ग्रेस" को स्थापना भयो । यो पार्टीले नेपालमा आजीवन कारवासको सजाय भोगिरहेका टङ्कप्रसाद आचार्यलाई मानार्थ सभापति तथा विश्वेश्वरप्रसाद कोइरालालाई कार्यकारी सभापति तोक्यो ।

त्यस्तै सुवर्ण शमशेर, महावीर शमशेर, महेन्द्रविक्रम शाह आदिले वि.सं. २००५ सालतिर कलकत्तामा "नेपाली प्रजातन्त्र काङ्ग्रेस" को स्थापना गरे । यसरी भारतमा एकै समयमा एउटै उद्देश्य बोकेका दुईओटा सङ्गठनहरू अस्तित्वमा आए । वि.सं. २००६ चैत्र २४ (सन १९५० अप्रिल ९) मा नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाली प्रजातन्त्र काङ्ग्रेसको एकीकरण गरी मातृकाप्रसाद कोइरालाको सभापतित्त्वमा नेपाली काङ्ग्रेसको स्थापना भयो ।

### (ग) नेपाल कम्युनिस्ट पार्टीको स्थापना

देशमा राणाहरूको अत्याचार बढी रहेको बेला देशको शासनसत्तामा परिवर्तन ल्याउने चाहनाले नेपालीहरू विभिन्न दलको रूपमा सङ्गठित हुने क्रम चलिरह्यो । वि.सं. २००६ वैशाख ९ (सन १९४९ अप्रिल २२) मा कलकत्तामा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । यसको उद्देश्य देशमा जनगणतान्त्रिक सरकारको स्थापना गर्ने रहेको थियो । पुष्पलाल श्रेष्ठ, निरञ्जन गोविन्द वैद्य, नारायण विलाश जोशी, नरबहादुर कर्माचार्यलगायतका व्यक्तित्त्वहरूले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेका थिए ।

## २. चार सहिदहरू

### (क) गङ्गालाल श्रेष्ठ


गङ्गालाल श्रेष्ठ

गङ्गालाल श्रेष्ठको जन्म वि.सं. १९७५ मा पिता भक्तलाल र माता मोहनीकुमारीबाट भएको थियो । यिनले केही समय कलकत्तामा गई अध्ययन गरेपछि नेपाल आई दरबार स्कुलबाट प्रथम श्रेणीमा मेट्रिक पास गरे र त्रिचन्द्र कलेजमा उच्च शिक्षा अध्ययन गर्न लागे । दशरथ चन्दसँग भेट भएपछि यिनी नेपाल प्रजा परिषद्सँग आबद्ध भई राणा शासनको अन्त्यका लागि सक्रिय भएर लागे । अन्त्यमा वि.सं. १९९७ माघ १४ गते राति दशरथ चन्द र यिनलाई काठमाडौँका शोभा भगवती मन्दिर नजिकै गोली हानेर मृत्युदण्ड दिइयो । राणाहरूले

यिनलाई माफी मगाउनका लागि अनेक किसिमले फकाउने र धम्की दिने गरेका थिए । तर आफ्नो ज्यानभन्दा देश र जनताको स्वतन्त्रतालाई ठुलो मान्ने गङ्गालालले राणाहरूका अगाडि झुकेर जीवनको भिख मागेनन् ।

### (ख) दशरथ चन्द

दशरथ चन्दको जन्म वि.सं. १९६० मा बैतडी जिल्लामा भएको हो । यिनका पिताको नाम शेरबहादुर चन्द हो । यिनले आफ्नो प्राथमिक शिक्षा कुमाउँबाट प्राप्त गरेपछि बनारसबाट इन्टरमिडियट (हालको १०+२) सम्मको शिक्षा प्राप्त गरेका थिए । बनारसमा बस्दा यिनले केही समय "काशी प्रचारिणी समिति" मा समेत काम गरेका थिए । त्यस बेला भारतमा अङ्ग्रेजको शासन विरुद्ध आन्दोलनहरू भइरहेका थिए । दशरथ चन्द पनि भारतीय स्वतन्त्रता आन्दोलनमा सहभागी भए । भारतमा बस्दा यिनलाई नेपालको राजनीतिक, आर्थिक एवम् सामाजिक अवस्था, राणाहरूको अत्याचार र गरीबहरूको दयनीय स्थितिले पिरोल्न थाल्यो । त्यसैले उनले नेपालमा परिवर्तन ल्याउनका लागि राणा शासनको अन्त्य गर्नुपर्ने सोच बनाई बनारसमा बसिरहेका नेपाली विद्यार्थीहरूलाई सङ्गठित गरे । धर्मभक्त माथेमा र टङ्कप्रसाद आचार्यसँग सम्पर्क भएपछि यिनी काठमाडौँ आई नेपाल प्रजापरिषद्को स्थापनामा सक्रिय भए । यिनले सेवासिंह भन्ने नाम राखेर भारतबाट प्रकाशित हुने विभिन्न पत्रिकाहरूमा लेखसमेत छपाउने गरेका थिए । वि.सं. १९९७ माघ १४ गते राति गङ्गालालसँगै काठमाडौँको शोभा भगवती नजिकै यिनलाई गोली मृत्यदण्ड दिइयो । गोली हान्दा पनि यिनलाई माफी मागेमा आममाफी दिने भनेर आश्वासन र दबाब दिइएको थियो । तर अत्याचारीको अगाडि झुकेर बाँच्नुभन्दा इज्जतका साथ मर्नु राम्रो सोचेर यिनले माफी मागेनन् । माफी मागेको भए यिनको ज्यान त जोगिन सक्थ्यो तर नेपाली जनताले आजको जस्तो सम्मान गर्ने थिएनन् ।



दशरथ चन्द

### (ग) शुक्रराज शास्त्री

शुक्रराज शास्त्रीका पिताको नाम माधव राज र आमाको नाम रत्नमाया हो । यिनको जन्म वि.सं. १९५० मा बनारसमा भएको थियो । प्रारम्भिक शिक्षा गुरुकुलबाट प्राप्त गरेका यिनले पञ्जाब विश्वविद्यालयबाट शास्त्रीसम्मको अध्ययन पूरा गरेका थिए । यिनले नेपालको झलक, सत्यार्थ प्रकाश, संस्कृत प्रदीप, सत्य कल्पना, ब्राहमणसूत्र, स्वर्गको द्वार आदि जस्ता किताबहरू लेखेका थिए । भाषिक रूपले पनि यिनी अङ्ग्रेजी, नेपाली, नेवारी, बङ्गाली र हिन्दी भाषाका ज्ञाता थिए ।

शुक्रराज शास्त्रीको भारतका समाज सुधारक तथा राजनीतिक नेताहरूसँग सम्पर्क भइरहन्थ्यो । उनले "नेपाली नागरिक अधिकार



शुक्रराज शास्त्री

समिति"का माध्यमबाट विभिन्न स्थानहरूमा गीताको प्रवचन दिँदै नेपाली जनतालाई राणा शासनविरुद्ध सचेत गराउने काम सुरु गरेका थिए । काठमाडौँको इन्द्रचोकमा गीताको महत्त्वका विषयमा प्रवचन दिइरेहेका बेला उनलाई राणाहरूले गिरफ्तार गरे । यिनलाई वि.सं. १९९७ माघ १० गते मध्यरातमा टेकु पचलीमा झुन्डाएर मृत्युदण्ड दिइयो ।

### (घ) धर्मभक्त माथेमा


धर्मभक्त माथेमा

सुब्बा आदिभक्त माथेमाका छोरा धर्मभक्त माथेमाको जन्म वि.सं. १९६५ मा भएको थियो र यिनले दार्जिलिङ्ग र कलकत्ताबाट शिक्षा प्राप्त गरेका थिए । यिनी शारीरिक व्यायाम/सुसङ्गठनका शौखिन थिए । यिनले केही समय भारतमा भएको अङ्ग्रेज बिरोधी आन्दोलनमा समेत भाग लिए । उनी नेपाल आएपछि राजा त्रिभुवन र केही राणाहरूको समेत व्यायाम शिक्षक भएर काम गरेका थिए । यसले गर्दा राजा त्रिभुवनसँग यिनको प्रत्यक्ष सम्पर्क हुन गएकाले राजालाई देशको यथार्थ अवस्थाको बारेमा जानकारी गराए । वि.सं. १९९३ मा यिनैको घरमा बसेर नेपाल प्रजापरिषदको स्थापना भएको थियो । यिनलाई वि.सं. १९९७ माघ १२ गते राति काठमाडौँ सिफलमा झुन्डाएर मृत्युदण्ड दिइयो ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. १९९३ जेठ २३ | नेपाल प्रजापरिषद्को स्थापना |
| वि.सं. १९९७ कात्तिक २ | "नेपाल प्रजापरिषद" का नेता कार्यकर्तालगायत अन्य सुधारवादीहरूको गिरफ्तारी |
| वि.सं. १९९७ माघ ६ | बन्दीहरूलाई सजाय दिने फैसला |
| वि.सं. २००६ वैशाख ९ (सन् १९४९ अप्रिल २२) | नेपाल कम्युनिस्ट पार्टीको स्थापना |
| वि.सं. २००६ चैत्र २४ (सन् १९५० अप्रिल ९) | नेपाली काङ्ग्रेसको स्थापना भयो |

## कक्षा कार्य

"सहिदको योगदानले आजको नेपाल बनेको हो" भन्ने विषयमा कक्षामा वक्तृवकला प्रतियोगिताको आयोजना गर्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेपालको पहिलो राजनीतिक दल कुन हो ?

(ख) प्रजापरिषदको स्थापनाबारे राजा त्रिभुवनलाई कसले जानकारी गराएका थिए ?

(ग) राणाहरूले गोरखापत्रमा के सूचना निकाले ?

(घ) नेपाली काङ्ग्रेसको स्थापना कुन कुन दुई दलहरू मिलेर भएको थियो ?

(ङ) नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालको उद्देश्य के थियो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) नेपाल प्रजापरिषद्को पोल खोल्ने मानिसको नाम के हो र उनले किन पोल खोलेका होलान् ? सम्भाव्य कारणहरू खोजी गर्नुहोस् ।

(ख) नेपाल प्रजापरिषद्को उद्देश्य के थियो ? यसले आफ्ना उद्देश्य पूर्ति गर्नका लागि के कस्ता गतिविधिहरू गरिरहेको थियो ?

(ग) नेपाली काङ्ग्रेसको स्थापना कहिले र कसरी भएको थियो ? स्पष्ट पार्नुहोस् ।

(घ) वीर सहिदहरूलाई राणाशासकले माफी माग्नुभन्दा पनि किन माफी नमागेका होलान् ? कुनै चार कारणहरू लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) तपाईंले हाम्रा चार सहिदहरूमध्ये कुनै एक जनाको परिवारका सदस्यलाई भेट्नुभयो भने कस्ता प्रश्न सोध्नुहुन्छ ? नमुना बनाउनुहोस् ।

(ख) हाम्रा वीर सहिदहरूले आफ्नो ज्यानको बाजी थापेर देशका लागि योगदान दिए । तपाईंले भविष्यमा देशका लागि कसरी योगदान दिनुहुन्छ ? योजना बनाउनुहोस् ।

❍❍❍

| पाठ - १५ | २००७ सालको क्रान्तिका कारणहरू |
|---|---|

नेपाली जनताको अथक योगदान, राजनीतिक दलहरूको सबल नेतृत्व तथा सहिदहरूको बलिदानीको परिणामस्वरूप नेपालबाट राणा शासनको अन्त्य भयो । यो व्यवस्थाको अन्त्यका लागि वि.सं. २००७ सालमा देशमा क्रान्ति भएको थियो । यो क्रान्तिका धेरै कारणहरू थिए । तीमध्ये केही यसप्रकार थिए:

### १. राणाहरूको आन्तरिक कलह

जङ्गबहादुरले बनाएको रोलक्रमको नियम उनीहरूकै लागि घातक भयो । यही नियमको कारणले राणाहरूमा आन्तरिक कलह सुरु भयो । जसको परिणामस्वरूप धीरशमशेरका १७ भाई छोराहरू मिलर प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ रणोद्दीपसिंह र जङ्गबहादुरका सन्तानहरूको हत्या गरी देशको शासन व्यवस्था आफूहरूको हातमा ल्याए । त्यसपछि वीरशमशेर देशको प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ बने । उनी प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ भएपछि रणोद्दीपसिंहलाई गोली हानी आफूलाई सो पदमा पुऱ्याउने आफ्ना भाइ खड्गशमशेरलाई रोलक्रमबाट हटाई पाल्पामा निर्वासित गरे । त्यसै गरी प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ देवशमशेरलाई रोलवाला राणाहरूले धनकुटामा निर्वासित गरे भने पद्मशमशेरलाई राजिनामा दिन बाध्य पारे ।

राणाहरूले आफूहरूलाई ए, बी र सी गरी तीन समूहमा विभाजित गरे । "ए" समूहका राणाहरू मात्र प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफका दावेदार र उत्तराधिकारी हुन्थे । "सी" समूहका राणाहरूले यसमा चित्त नबुझाई विरोध जनाएको हुनाले यिनीहरूलाई कारबाही गरी निर्वासित समेत गरियो । यसरी कारबाहीमा परेका राणाहरू नै राणाशासन विरोधी गतिविधिहरूमा संलग्न भए ।

### २. भ्रष्टाचारी शासन

राणाशासनकालमा भ्रष्टाचार निकै मौलाएको थियो । देशको आय सबै श्री ३ (प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ) को अधीनमा हुन्थ्यो र श्री ३ ले सो आयलाई निजी रूपमा प्रयोग गर्ने एवम् आफ्ना सन्तानहरूका लागि विदेशी बैङ्कहरूमा जम्मा गरिदिने गर्दथे । श्री ३ को यस अधिकारमा कसैले कुनै किसिमले बिरोध गर्न पाउँदैनथे । देशका मलिला र उब्जाउ भूमिहरू राणावर्ग र उनीहरूको आफन्तको अधीनमा हुन्थे । राणाहरूको सम्पत्तिमा कुनै किसिमको कर लाग्दैनथ्यो । देशका सैनिक तथा निजामतीका उच्च पदहरूमा राणाहरूले मात्रै नियुक्ति पाउँथे । एउटै पदमा कार्यरत राणा र अरू मानिसहरूले पाउने तलबभत्ता र सुविधा एकै प्रकारको थिएन । यो अवस्थामा सुधार ल्याउनका लागि जनताहरू आपसमा एकबद्ध भई क्रान्तिमा लागे ।

### ३. न्यायिक समाजको सिर्जना गर्ने चाहना

राणाहरूले जनतालाई दमन गरी आफ्नो काबुमा राखेका थिए । उनीहरूले देशमा सुधारवादी नीति अवलम्बन नगरी केवल आफूहरूलाई हित हुने किसिमको दमनकारी नीति मात्रै अवलम्बन गरेका थिए । त्यसैले जनताहरूले यो अवस्थामा परिवर्तन गरी न्यायपूर्ण समाजको अवस्था सिर्जना गर्न चाहन्थे । जनताको चाहना नै यो क्रान्तिको एउटा कारण बन्न गयो ।

### ४. चेतनाको विकास

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पहुँच, यातायात तथा सञ्चारको विकास, शिक्षाको विकास आदि जस्ता कुराहरूले गर्दा मोहनशमशेरको शासनकालमा मानिसहरूमा चेतनाको स्तर वृद्धि भएको थियो । चेतनाको विकासले जनतालाई आफ्नो देशमा भएको अत्याचारको जानकारी गराउनुका साथै आफ्ना अधिकार र कर्तव्यको बोध गरायो । यही बोधले परिर्वतन र स्वतन्त्रताको आवश्यकता महसुस गरायो । अत: मानिसहरू राणा शासनका विरुद्ध एकताबद्ध भए ।

### ५. राजा त्रिभुवनको समर्थन र गद्दी त्याग


राजा त्रिभुवन

आफ्ना राजकीय अधिकारहरू राणाहरूले आफ्नो हातमा लिएपछि राजाहरू निरीह बनेका थिए । नेपालका राजाले राणाहरूको कडा निगरानीमा बस्नु पर्दथ्यो । राजा त्रिभुवनले सो राजकीय अधिकार आफ्नो हातमा लिने चाहना गरे । यसै समय राणाशासनको अन्त्यका लागि प्रजापरिषद्को स्थापनासमेत भएकाले राजाले प्रजापरिषद्लाई सहयोग र समर्थन गरे । बि.सं २००७ साल कात्तिक २२ गते बिहान नागार्जुनमा बनभोज जाने वहानामा राजा त्रिभुवन गद्दी त्यागी सपरिवार भारतीय राजदूतावासको शरणमा गए । तर राजाका माइला नाति ज्ञानेन्द्र भने मावली गएका हुनाले उतै छुटे ।

राजपरिवारले भारतीय राजदुतावासमा शरण लिएपछि प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ मोहनशमशेरले राजा त्रिभुवनलाई गद्दीच्यूत गरी ज्ञानेन्द्रको राज्यारोहण गराए । यसको तीन दिनपछि वि.सं. २००७ कार्तिक २६ गते राजा त्रिभुवन सपरिवार दिल्ली गए ।

### ६. भारतको स्वतन्त्रताको प्रभाव

भारतमा शासन चलाई रहेका अङ्ग्रेजको सहयोग र समर्थनमा नेपालमा राणाशासन चलेको हुनाले भारतमा समेत राणाबिरोधी गतिविधिहरू सञ्चालन गर्न अङ्ग्रेजले बाधा पार्दथ्यो । तर भारत स्वतन्त्र भएपछि

राणाहरूका लागि आपत्काल सिर्जना भयो । भारतीय स्वतन्त्रता सङ्ग्राममा नेपालीहरूको समेत सहभागिता भएकाले आन्दोलन र क्रान्तिसम्बन्धी अनुभव प्राप्त भएको थियो । भारतीय नेताहरूले समेत नेपालमा प्रजातन्त्रको स्थापनाका लागि प्रत्यक्ष सहयोग र समर्थन गरे । भारतीय भूमिमै नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो र २००७ सालको क्रान्तिको आधार पनि भारत मै तयार भएको थियो ।

### ७. विश्वयुद्धको प्रभाव

विश्वयुद्धमा नेपालले समेत इङ्ल्यान्डको पक्षबाट भाग लिएको थियो । यो युद्धमा सहभागी हुन गएका नेपालीहरूले अन्य मुलुकको भौतिक विकास, राजनीतिक अवस्था र नागरिक अधिकारको प्रत्याभूतिका अवस्था देखेका थिए । तर राणाहरूको जहानियाँ शासनका कारणले नेपाल भने गरिब र पछौटे मुलुक थियो । त्यसैले नेपाललाई अग्रगामी मार्गमा डोराउनका लागि राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्नुपर्छ भन्ने निश्चय गरी विश्वयुद्धबाट फर्केका व्यक्तिहरूको सहभागिता र नेतृत्वमा प्रचण्ड गोरखाको स्थापना भयो । यिनीहरू मुक्ति सेनामा समेत सहभागी भएका थिए ।

### (ज) बैरगनियाँ सम्मेलन

वि.सं.२००७ असोज १२ र १३ गते भारतको बैरगनियाँमा नेपाली काङ्ग्रेसको सम्मेलन भयो । यो सम्मेलनले नेपालमा राणा शासनको अन्त्यका लागि शसस्त्र क्रान्ति गर्ने निर्णय गऱ्यो । नेपाली काङ्ग्रेसले थिरबम मल्लको मुक्तिसेना गठन गरी विभिन्न स्थानहरूमा तालिम दिन थाल्यो ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं.२००७ असोज १२ र १३ | बैरगनिया सम्मेलन |
| वि.सं. २००७ कार्तिक २६ | राजा त्रिभुवन सपरिवार दिल्ली प्रस्थान |

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) रणोद्दीप सिंहको हत्यापछि नेपालको प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ को भए ?

(ख) राणाहरूका अगाडि नेपालका राजाहरू किन निरीह थिए ?

(ग) राजा त्रिभुवनले के वहाना गरी भारतीय राजदूतावासको शरणमा गए ?

(घ) मोहन शमशेरले किन ज्ञानेन्द्रलाई नेपालको राजा बनाए ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) राणावर्गमा भएको पारिवारिक कलहका कारण उनीहरूले भोग्नुपरेको अवस्थाको चर्चा गर्नुहोस् ।

(ख) राणाशासन के कसरी भ्रष्टाचारी शासन थियो ? आफ्ना तर्कहरू पेस गर्नुहोस् ।

(ग) भारतको स्वतन्त्रता २००७ सालको क्रान्तिका लागि कसरी सहयोगी भयो ?

(घ) "स्वतन्त्रताबिहीन आलिसान जीवन बिताउनुभन्दा स्वतन्त्रता दु:ख गरेर बाँच्न सजिलो कुरा हो ।" भन्ने विषयमा राजा त्रिभुवनको गद्दी त्यागको उदाहरण दिँदै आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) परिवारभित्रको शत्रुताले परिवार नै नष्ट गर्छ भन्ने कुरा राणाहरूकाबिच भएको आन्तरिक कलहको उदाहरण दिँदै स्पष्ट पार्नुहोस् ।

(ख) बैरगनियाँ सम्मेलनको चर्चा गर्नुहोस् ।

❍❍❍

# पाठ - १६ २००७ सालको क्रान्ति र यसका उपलब्धिहरू



थिरबम मल्ल

बैरगनिया सम्मेलनपछि नेपाली काङ्ग्रेसले थिरबम मल्लको नेतृत्वमा मुक्तिसेनाको गठन गरी क्रान्ति गर्ने तिथि तय गऱ्यो । क्रान्ति सुरु गर्नुभन्दा १/२ दिन अगाडि नेपाली काङ्ग्रेसले देशका विभिन्न स्थानहरूमा हवाइजहाजबाट पर्चा छरेर नेपाली जनताहरूलाई क्रान्तिमा सहभागी हुन आह्वान गऱ्यो । क्रान्ति योजनाबमोजिम कार्तिक २७ गतेको मध्यरातमा मुक्तिसेनाले वीरगञ्ज आक्रमण गऱ्यो र कार्तिक २८ गतेको दिनमा वीरगञ्ज पुरै मुक्तिसेनाको कब्जामा आयो । यसपछि झन्डै १२०० जनाजति राजबन्दीहरू रिहाइ गरिए भने १५० जना जति सरकारी सेनाहरू कैद गरिए । यो कारबाहीमा मुक्तिसेनाले प्रशस्त हातहतियारहरूका साथै नगद ३५ लाख प्राप्त गऱ्यो । यही आक्रमणमा मुक्तिसेनाका कमान्डर थीरबम मल्लले वीरगति प्राप्त गरे । वीरगन्जको विजयले उत्साहित मुक्तिसेनाले लगत्तै कलैया पनि आफ्नो नियन्त्रणमा लियो ।

विरगन्जपछि विराटनगर अर्को महत्त्वपूर्ण केन्द्र थियो । यो एक औद्योगिक सहर पनि भएकाले राणाहरूले यहाँ आफ्नो शक्ति केन्द्रित गरेका थिए । मेजर पूरनसिंह लामाको कमान्डको मुक्तिसेनाले विराटनगर कब्जा गऱ्यो । यसपछि नेपालको पूर्वीमोर्चा अन्तर्गत महोत्तरी, सर्लाही, वीरगञ्ज, विराटनगर, झापा एवम् अन्य पहाडी भागहरूबाट राणाशासक पलायन हुनु पऱ्यो ।

त्यसै गरी पश्चिमी मोर्चामा चलेका युद्धहरूमध्ये भैरहवा मोर्चामा डा. कुँवर इन्द्रजीत सिंह (डा. के.आई.सिंह)ले गरेको आक्रमण निकै महत्त्वपूर्ण मानिन्छ । यस मोर्चामा नेपाली काङ्ग्रेसले प्रशस्त हतियारहरू पठाउन सकेको थिएन । यस्तो अवस्थामा डा. के.आई. सिंहले आफ्नै पहलमा हतियारहरूको बन्दोबस्त मिलाई भैरहवामा आक्रमण गरे र अस्थायी सरकार गठन गरे । तर भैरहवा भने पूर्ण नियन्त्रणमा आउन सकेन ।

देशभरि नै मुक्तिसेनाको चलहपहल बढ्न थाल्यो तर काठमाडौँका लागि भने मुक्तिसेनाको कुनै कार्यक्रम थिएन । तैपनि काठमाडौँको माहौल निकै तातेको थियो । यहाँ स्वत:स्फूर्त विभिन्न प्रदर्शनीहरू भएका थिए । जनतालाई तर्साउनका लागि राणाहरूले सैनिक प्रदर्शनी गर्ने, गोली चलाउने एवम् कर्फ्यु लगाउने जस्ता क्रियाकलापहरू गरे । तर स्वतन्त्रताको लागि उर्लेको जनलहरलाई राणाका गोलीले रोक्न सकेन । काठमाडौँको जुलुस केन्द्रीय कारगार कब्जा गरी बन्दीहरूको रिहाइ गर्ने उद्देश्यका साथ अगाडि बढ्यो । तर हरिशमशेर राणाको घरबाट जुलुसमाथि गोलीका छर्राहरू बर्साउन थालिएकाले जुलुसको योजना सफल हुन सकेन ।

## १. क्रान्तिका उपलब्धि

### (क) दिल्ली सम्झौता

उता नयाँ राजा ज्ञानेन्द्रलाई अन्तर्राष्ट्रिय समर्थन नमिल्नु र क्रान्तिको ज्वाला दिनप्रतिदिन दन्कदै जानुले राणाहरूलाई अत्याएको थियो । देशको परिस्थिति आफ्नो काबुबाहिर गइसकेपछि मोहनशमशेरले मध्यस्थताका लागि भारतसँग अनुरोध गरे । वि.सं. २००७ फागुन १ (सन् १९५७ फेब्रुअरी १२) मा भारतको मध्यस्थतामा नेपाली काङ्ग्रेस, राजा त्रिभुवन र राणा गरी तीन पक्षको बिचमा दिल्लीमा एउटा सम्झौता भयो । यसैलाई दिल्ली सम्झौता भनिन्छ । यो सम्झौताले नेपालमा भएको क्रान्ति रोक्यो र नेपालमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गऱ्यो । क्रान्तिको अन्त्य, दिल्ली सम्झौता र प्रजातन्त्रको स्थापना यो क्रान्तिका मुख्य उपलब्धिहरू हुन् । यही सम्झौताका आधारमा राजा त्रिभुवन नेपाल आई २००७ साल फागुन ७ गते निम्नलिखित कुराहरूको घोषणा गरेका थिए :

- बालिगमताधिकारका आधारमा दुई वर्षभित्र वैधानिक सभाको गठन गर्ने र त्यही सभाले देशको संविधान बनाउने
- मोहनशमशेर प्राइममिनिस्टर (प्रधानमन्त्री भनिएको थिएन) रहेको १० सदस्यीय राणा काङ्ग्रेस सरकार गठन गर्ने र यसमा पाँच जना नेपाली काङ्ग्रेस र पाँच जना राणा पक्षका मन्त्रीहरू रहने
- त्रिभुवन नै नेपालका वैधानिक राजा हुने र राणा प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफले प्रयोग गर्दै आइरहेका राजकीय अधिकारहरू राजामा पुनर्वहाली गर्ने
- सम्पूर्ण राजबन्दीहरूलाई बिनासर्त रिहाइ गर्ने र उनीहरूको जफत गरिएको सम्पत्ति फिर्ता गर्ने

दिल्ली सम्झौता भएपछि नेपाली काङ्ग्रेसले मुक्ति सेनालाई आफ्ना हतियारहरू बिसाई शान्ति प्रक्रियामा आउन आह्वान गऱ्यो । सबै मोर्चाका कमान्डरहरूले यो आव्हान स्वीकार गरे । तर भैरहवा मोर्चाका कमान्डर डा. के.आई. सिंहले भने यसलाई अस्वीकार गरी क्रान्तिलाई निरन्तरता दिए । राणाहरू सत्तामा रहेसम्म नेपालमा प्रजातन्त्रको स्थापना हुन सक्दैन, त्यसैले उनीहरूलाई सधैँका लागि शक्तिहीन बनाउनुपर्छ । दिल्ली सम्झौताले राणाहरूलाई शक्तिमै स्थापित गराएकाले दिल्ली सम्झौता धोका हो भन्ने उनको तर्क थियो । उनले क्रान्ति जारी राखेका हुनाले राजा त्रिभुवनले उनलाई राष्ट्रद्रोही घोषणा गरे ।

यो घोषणापछि त्रिभुवन नेपालका बैधानिका राजा भए र राजकीय अधिकारहरू आफैँले नै अभ्यास गर्ने भए । विभिन्न समयमा भएका प्रजातान्त्रिक आन्दोलनमा राणाले बन्दी बनाई राखेका सबै राजबन्दीहरू रिहाइ भए । दुईवर्षभित्र वैधानिक सभाको गठन गर्ने र त्यही सभाले देशको संविधान बनाउने भन्ने सर्तचाहिँ कार्यान्वयन भएन । राजाले राणा काङ्ग्रेस संयुक्त सरकार गठन गरिएको घोषणा गरे । यो मन्त्रीमण्डल यसप्रकार थियो :

| मन्त्रीको नाम | जिम्मेवारी | पक्ष |
|---|---|---|
| मोहनशमशेर | प्राइममिनिस्टर | राणा |
| बबरशमशेर | रक्षा मन्त्री | राणा |
| चूडाराजशमशेर | बन मन्त्री | राणा |
| नृपजङ्ग राणा | शिक्षा मन्त्री | राणा |
| यज्ञबहादुर बस्नेत | स्वास्थ्य मन्त्री | राणा |
| बी.पी. कोइराला | गृह मन्त्री | काङ्ग्रेस |
| सुवर्णशमशेर | अर्थ मन्त्री | काङ्ग्रेस |
| गणेशमानसिंह | उद्योग तथा वाणिज्य मन्त्री | काङ्ग्रेस |
| भद्रकाली मिस्र | यातायात मन्त्री | काङ्ग्रेस |
| भरतमणि शर्मा | खाद्य मन्त्री | काङ्ग्रेस |

(ख) **राजनीतिक अन्योलको वातावरण**

राजनीतिक दलहरूमा प्रशानिक अनुभवको अभाव थियो र शासन सञ्चालनका योजनाबद्ध खाका पनि बनेको थिएन । त्यसै गरी देशका नेता-जनताका उच्च महत्त्वाकाङ्क्षाहरू थिए । सबै व्यक्ति र दलहरूले आ-आफ्ना इच्छाहरू तत्काल पूरा गर्न चाहन्थे । यसले गर्दा सरकारको फेरबदल भइरह्यो, स्थिर सरकार निर्माण हुन सकेन । एक दलले अर्को दललाई रचनात्मक सहयोग गर्नुको सट्टा सरकारका क्रियाकलापहरूमा भाँजो हाल्न थाले । राजनीतिक दलहरूका बिच आरोप प्रत्यारोपहरू हुन थाले । यसप्रकार देशमा राजनीतिक अन्योलको वातावरण सिर्जना भयो ।

(ग) **नेपालको अन्तरिम शासन विधान २००७ जारी**

नेपालमा कानुनको रूपमा वि.सं. १९१० मा जङ्गबहादुरले जारी गरेको मुलुकी ऐन मात्र थियो । प्रजातन्त्रको स्थापना भएपछि वि.सं. २००७ चैत्र १७ गते “नेपालको अन्तरिम शासन विधान २००७” को घोषणा भयो । यो नेपालको संवैधानिक इतिहासमा दोस्रो संविधान थियो । यो संविधानमा नागरिकका मौलिक हकहरूको व्यवस्था गरिएको थियो र राज्यका निर्देशक सिद्धान्तहरू स्पष्ट उल्लेख भएका थिए । देशको व्यवस्था सञ्चालनका लागि व्यवस्थापिका, कार्यपलिका र न्यायपालिकासम्बन्धी प्रावधानहरू राखिएका थिए । महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग आदि जस्ता संवैधानिक अङ्गहरूको पनि यो संविधानले व्यवस्था गरेको थियो । प्रजातन्त्रपछिको यो एउटा उपलब्धि पनि थियो ।

### (घ) प्रजातन्त्र बिरोधीहरूको चलखेल

राणा पक्षधरहरूले देशमा पुन: जहानियाँ शासन व्यवस्थाको स्थापना गर्न चाहन्थे । यही उद्देश्यका लागि भरतशमशेरको नेतृत्वमा “वीर गोरखा दल” नाम गरेको सङ्गठनको स्थापना भयो । यो दलले विभिन्न स्थानहरूमा आतङ्क मच्चाउँदै हिँडेको हुनाले यसलाई “खुकुरी दल” समेत भनिन्थ्यो । यो दलले वि.सं. २००७ चैत्र ३० गते गृहमन्त्री बी.पी. कोइरालाको निवासमा गई उनलाई आक्रमण गर्ने प्रयास गऱ्यो । नेपाली काङ्ग्रेसको पहलमा २००७ सालको क्रान्ति भई राणा शासनको अन्त्य भएकाले राणाहरू नेपाली काङ्ग्रेसप्रति आक्रमक थिए । त्यसैले नेपाली काङ्ग्रेसले देशको शान्तिसुरक्षामा खलल पारेको प्रचार गर्नका लागि नेपाली काङ्ग्रेसको नामबाट विभिन्न खाले आतङ्कवादी गतिविधिहरू समेत गर्दथ्यो ।

### (ङ) राजनीतिमा राजाको हस्तक्षेप

प्रजातन्त्रको स्थापनापछि देशको राजकीय अधिकार राणाको हातबाट राजाको हातमा गयो । यसले देशको शासन व्यवस्थामा राजालाई शक्तिशाली र सक्रिय बनायो । त्यसैले राजाले बेला बखत राजनीतिक दलहरूलाई निर्देशन दिने, दलहरूका बिचमा फाटो ल्याइदिने, आफ्नो स्वेच्छाले सरकारको फेरबदल गर्ने एवम् प्रत्यक्ष शासन गर्ने कार्य समेत गरे । राजा महेन्द्रले वि.सं.२०१७ सालमा जननिर्वाचित सरकारलाई विघटन गरी निर्वाचित प्रतिनिधि सभा भङ्ग गर्ने तथा दलमाथि प्रतिबन्ध लगाउने कार्य समेत गरे ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. २००७ कात्तिक २७ | मुक्तिसेनाले विरगन्ज आक्रमण |
| वि.सं. २००७ फागुन १ | दिल्ली सम्झौता |
| वि.सं. २००७ फागुन ४ गते | राजा त्रिभुवन दिल्लीबाट नेपाल फिर्ता |
| २००७ फागुन ७ गते | राजा त्रिभुवनले देशमा प्रजातन्त्रको घोषणा |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) वि.सं.२००७ सालमा नेपाली काङ्ग्रेसले किन जहाजबाट पर्चा छरेको थियो ?

(ख) क्रान्ति भनेको के हो ? शिक्षकसँग सोधेर लेख्नुहोस् ।

(ग) केन्द्रीय कारागार तोड्न कस्सिएको काठमाडौँको जुलुस किन त्यसै फिर्ता भयो ?

(घ) दिल्ली सम्झौता कहिले भएको थियो ?

(ङ) वीर गोरखा दललाई किन खुकुरी दल भनिएको हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) मुक्ति सेना भनेको के हो र यसले के कस्ता कामहरू गऱ्यो ? स्पष्ट पार्नुहोस् ।

(ख) वीरगञ्जमाथिको नियन्त्रण मुक्तिसेनाको लागि कसरी ठुलो सफलता भयो ? कुनै चार बुँदा रूपमा लेख्नुहोस् ।

(ग) दिल्ली सम्झौतापछि पनि डा. के.आइ. सिंहले किन क्रान्ति रोकेनन् ?

(घ) राजा त्रिभुवनले दिल्लीबाट फर्केपछि के कस्तो घोषणा गरेका थिए ? बुँदामा लेख्नुहोस् ।

(ङ) प्रजातन्त्रको स्थापनापछि देशमा कसरी राजनीतिक अन्योलको वातावरण सिर्जना भयो ? चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) "राजा त्रिभुवन दिल्ली जानु र मुक्तिसेनाले बिरगन्ज आक्रमण गर्नु केवल एउटा संयोग मात्र थियो ।" यो भनाइलाई ऐतिहासिक तथ्यहरू र आफ्ना तर्कका आधारमा स्पष्ट पानुर्हहोस् ।

(ख) अन्तरिम शासन विधान भनेको के हो ? नेपालको अन्तरिम शासन विधान २००७ नेपालको संवैधानिक इतिहासमा कसरी महत्त्वपूर्ण कदम थियो ? यसका विशेषताहरूसहित लेख्नुहोस् ।

| पाठ - १७ | २००७ देखि २०१७ सालसम्मको संसदीय राजनीतिको अभ्यास |
|---|---|

राणाशासनको अन्त्य भइसकेपछि देशको प्रशासन सुचारु रूपमा सञ्चालन हुन सकेन । प्रजातन्त्रको स्थापनापछि देशमा झन्डै ३२ ओटा राजनीतिक दलहरूको स्थापना भयो । ती दलहरूका आआफ्ना निश्चित माग र अपेक्षाहरू भएकाले आपसी एकता कायम हुन सकेन । त्यसै गरी राजनीतिक दलहरूलाई देशको शासन सञ्चालनको अनुभव समेत नभएको हुनाले यस बेलाको राजनीतिक अवस्था अस्थिर हुन गयो । त्यसकालको राजनीतिक अवस्थालाई तल चर्चा गरिएको छ :

## १. राणा-काङ्ग्रेस अन्तरिम सरकार

दिल्ली सम्झौताअनुसार मोहनशमशेरको नेतृत्वमा राणा काङ्ग्रेस अन्तरिम सरकारको गठन भयो । यो सरकार राजा त्रिभुवनप्रति उत्तरदायी थियो । राणाहरूले पहिलेको जस्तै हुकुमी शासन चलाउन चाहन्थे तर काङ्ग्रेसको तर्फका मन्त्रीहरू प्रजातान्त्रिक पद्धतिको वकालत गर्दथे । यसले गर्दा सरकारमा मतान्तर भयो । नेपाली काङ्ग्रेसले राणाहरूलाई सत्ताबाट हुत्याउने योजना बनाइरहेको थियो भने राणाहरूले सैनिक विद्रोहको माध्यमबाट नेपाली काङ्ग्रेसलाई सत्ताच्यूत गरी पुन: जहानियाँ शासनको स्थापना गर्ने सपना देखेका थिए । यसै योजनाबमोजिम राणा पक्षधरहरूले गृहमन्त्री बी.पी.लाई आक्रमण प्रयास गरे । राणाहरूले स्थापना गरेको विर गोरखा दललाई हिँसात्मक गतिविधिहरूमा संलग्न रहेको आरोप लगाई अवैध घोषणा गरियो । यही खिचातानी र द्वन्द्व चलिरहेकै बेला वि.सं. २००८ कार्तिक २० गते विद्यार्थी नेता चिनियाँकाजी उदासको गोली लागि मृत्यु भयो । मोहनशमशेरले यसको दोष नेपाली काङ्ग्रेसलाई लगाए । मोहनशमशेर सत्तामा रहेसम्म देशमा प्रजातन्त्र र जनअधिकार सुरक्षित रहन नसक्ने बिज्ञप्तीका साथ २००८ कात्तिक २५ गते नेपाली काङ्ग्रेसका तर्फबाट सरकारमा सम्मिलित सबै मन्त्रीहरूले राजिनामा दिए । यो परिस्थितिले बाध्य भई मोहनशमशेरले समेत प्रधानमन्त्रीको पदबाट राजिनामा दिनुपर्‍यो । यसरी अन्तरिम सरकार विघटन भयो । यो सरकारले गरेका केही कार्यहरू भने उल्लेखनीय छन् :

- सामन्ती र जमिनदारी प्रथाको उन्मूलनका लागि खान्गी, बेठ, बिगार आदि जस्ता प्रथाको अन्त्य गरियो ।
- भूमिसुधारलाई प्रभावकारी बनाउनका लागि विर्ता उन्मूलन गर्ने प्रयास गरियो ।
- राणा शासनकालदेखि चलेको चाडवाडको बेला जुवातास खेल्न फुकुवा गर्ने चलनमा प्रतिबन्ध लगाइयो ।
- सर्वोच्च अदालत, निर्वाचन आयोग, लोक सेवा आयोग, जनसङ्ख्या आयोग, कानुन आयोग आदिको स्थापना भयो ।
- राजपत्र (गजेट) को प्रकाशन सुरु भयो ।
- कन्या कलेजको स्थापना भयो ।

## २. नेपाली काङ्ग्रेसको एकदलीय सरकार


मातृकाप्रसाद कोइराला

राणा काङ्ग्रेस अन्तरिम सरकार असफल भएपछि राजा त्रिभुवनले मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा वि.सं. २००८ मङ्सिर १ गते नेपाली काङ्ग्रेसको एकदलीय सरकारको गठन गरे । यो सरकारमा १४ जना सदस्यहरू रहेका थिए । यसलाई एकदलीय सरकार भनिए पनि १४ जनामध्ये ६ जना मन्त्रीहरू स्वतन्त्र पक्षधर थिए । यो सरकारलाई निम्नलिखित जिम्मेवारी दिइएको थियो ।

- स्वतन्त्र र निष्पक्ष न्याय विभागको स्थापना गर्ने
- लोकसेवा आयोगलाई प्रभावकारी बनाउने
- वि.सं. २००९ सालभित्र संविधानसभाको निर्वाचन गराउने
- नागरिक अधिकारको प्रत्याभूति गराउने

यो सरकारले आफ्नो ९ महिने कार्यकालमा नेपालमा सडक सञ्जाल बारे सर्वेक्षण गराउने, प्रशासन सुधारका लागि विशेषज्ञहरूको सुझाव माग्ने तथा अमलेखगञ्जदेखि काठमाडौँ जोड्ने सडक निर्माण गर्ने काम गऱ्यो । सरकारको गठन भएदेखि नै यसले विभिन्न समस्याहरू भोग्नु परेकाले मूल जिम्मेवारीका काम भने गर्न सकेन । यो सरकारको असफलताका कारणहरू यसप्रकार थिए ।

### (क) पार्टीभित्रको किचलो

मातृकाप्रसाद कोइराला नेपाली काङ्ग्रेसको पार्टी सभापति र देशको प्रधानमन्त्री भएकाले उनले एकैसाथ दुई पदहरूको जिम्मेवारी लिएका थिए । एउटै व्यक्तिले दुईओटा पदहरूको जिम्मेवारी लिँदा उसको कार्य क्षमतामा प्रभावकारिता आउँदैन भन्दै नेपाली काङ्ग्रेसले मातृकाप्रसाद कोइरालालाई कुनै एक पदबाट राजिनामा दिन दबाब दियो । तर मातृकाले भने कुनै पनि पदबाट राजिनामा दिएनन् । यसैबिच नेपाली काङ्ग्रेसको जनकपुर सम्मेलनले मातृकालाई हटाई वी.पी. कोइरालालाई पार्टी सभापतिमा चयन गऱ्यो । मातृकालाई कारबाही गरी पार्टीको साधारण सदस्यबाट समेत निष्काशित गऱ्यो ।

### (ख) विद्रोहीहरूका क्रियाकलाप

दिल्ली सम्झौताको बिरोध गर्दै युद्ध नरोकेका कारणले डा. के.आई. सिंहलगायत अन्य केही मुक्तिसेनाका कमान्डरहरूलाई गिरफ्तार गरी कैदमा राखिएको थियो । डा. के.आई. सिंहले कैदभित्रै विद्रोह गरे । सरकार विद्रोह दबाउन सफल भएकाले के.आई. सिंह तिब्बतमा शरण लिन गए । राजा त्रिभुवनले उनलाई राष्ट्रद्रोही घोषणा गरे ।

### (ग) सुरक्षा चुनौती

मातृका सरकारको असफलताको अर्को कारण सुरक्षा चुनौती थियो । प्रजातन्त्रको स्थापनाकालदेखि नै विभिन्न किसिमका आतङ्कारी गतिविधिहरू भइरहेका थिए । मातृकाको कार्यकालमा पनि यो समस्याको समाधान हुन सकेको थिएन । यस्ता परिस्थितिहरूले बाध्य भई उनले राजिनामा दिए ।

## ३. परामर्शदातृ सरकारको गठन

मातृकाको सरकार चल्न नसकेपछि राजा त्रिभुवनले कसैलाई पनि प्रधानमन्त्री नियुक्त नगरी प्रत्यक्ष शासन गर्ने जमर्को गर्दै वि.सं. २००९ सालको साउन ३० गते केशरशमशेर जबराको नेतृत्वमा ५ सदस्यीय परामर्शदातृ सरकारको गठन गरे । यसैबेला काठमाडौँदेखि देशका विभिन्न स्थानहरूमा आन्तरिक हवाई उडानको थालनी गरियो । तर सरकारको सर्वत्र बिरोध भएकाले पुन: देशमा विद्रोह भड्कन सक्ने सम्भावना देखी राजा स्वयम्ले यसको बिघटन गरे ।

## ४. राष्ट्रिय प्रजा पार्टीको सरकार

नेपाली काङ्ग्रेसले आफूलाई कारबाही गरेपछि मातृकाले "नेपाल प्रजा पार्टी" नामक छुट्टै दलको स्थापना गरे । वि.सं. २०१० असार २ गते मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा राष्ट्रिय प्रजा पार्टीको एकमना सरकार गठन भयो । तर यो सरकारलाई कुनै पनि राजनीतिक दलले सहयोग र समर्थन गरेनन् ।

यो सरकारको कार्यकालमा नेपालको पश्चिमी क्षेत्रमा भीमदत्त पन्तको नेतृत्वमा किसान आन्दोलन भयो । भारतीय सेनाको सहयोगमा भीमदत्त पन्तलाई गोली हानेर हत्या गरियो र विद्रोह दबाइयो । भारतसँग कोसी सम्झौता सम्पन्न भयो । त्यसैगरी काठमाडौँ नगरपालिकाको चुनावमा यो पार्टीले एउटा पनि स्थान प्राप्त गर्न सकेन । यिनै कारणले गर्दा यो सरकारको अलोकप्रिय भयो ।

देशमा यसप्रकारको परिस्थिति सिर्जना भएकाले राजाले २०१० फागुन ७ को सम्बोधनद्वारा अन्तरिम संविधानको संशोधन गरी राज्यका तीनओटै अङ्गहरू आफ्नो मातहतमा लिए ।

## ५. राष्ट्रिय सरकारको निर्माण

वि.सं. २०१० फागुन ७ को घोषणाबाट राजा त्रिभुवनले मातृका सरकारको फेरबदल गरे । हुन त यो सरकारको नेतृत्व मातृकाले नै गरेका थिए तर यो सरकारमा राष्ट्रिय काङ्ग्रेसका डिल्लीरमण रेग्मी र जनकाङ्ग्रेसका भद्रकाली मिश्र सामेल भए । नेपाली काङ्ग्रेस र प्रतिबन्धित कम्युनिस्ट पार्टीले भने यो सरकारको खुलेर विरोध गरे । यो सरकारमा राष्ट्रिय काङ्ग्रेस र जनकाङ्ग्रेसले समेत प्रतिनिधित्व गरेका हुनाले यसलाई राष्ट्रिय सरकार भनियो ।

## ६. सल्लाहकार सभाको गठन

मातृका कोइरालाको प्रधानमन्त्रित्वमा रहेको राष्ट्रिय सरकारलाई सहयोग गर्ने उद्देश्यले राजा त्रिभुवनले वि.सं

२०११ वैसाख १ गते सल्लाहकार सभाको निर्माण गरे । यो सभा संसद् जस्तो देखिन्छ । तर मन्त्रीपरिषद्ले कुनै पनि विधेयक यो सभाबाट पारित नगराई सिधै राजामा पेस गर्न सक्दथ्यो । त्यसैले यो सभा पङ्गुजस्तै भएको थियो । यही सभाको विषयलाई लिएर राष्ट्रिय कचिङ्गल सुरु भयो र मन्त्रिपरिषद्मा समेत मतभेद सुरु भयो ।

यसै बखत राजा त्रिभुवन अस्वस्थ भएकाले युवराज महेन्द्रलाई राजकीय अधिकारहरू दिएर उपचारका लागि स्विटजरल्यान्ड गए । आफ्नो यही अधिकार प्रयोग गरी वि.सं. २०११ माघ ७ गते युवराज महेन्द्रले मातृका सरकारको विघटन गरी सम्पूर्ण अधिकार आफूमा निहीत गरे ।

वि.सं. २०११ चैत १ गतेबाट नेपालको राजगद्दी सम्हालेपछि राजा महेन्द्रले नेपालको दलगत राजनीति स्वार्थपूर्ण भएकाले यसलाई प्राथमिकतामा नराख्ने, नेपाली काङ्ग्रेसलाई बेवास्ता गर्ने र भारतले नेपालमाथि हस्तक्षेप गरिरहेको हुनाले भारतबाट होसियार हुँदै आन्तरिक मामिलाहरू आफैँ मिलाउने नीति अवलम्बन गरे । उनले कुनै किसिमको सरकार गठन नगरी राजकीय सल्लाहकार सभाको गठन गरे । राजाको यस प्रकारको प्रत्यक्ष शासनको सबैतिर बिरोध भयो ।

यस अवधिमा नेपालले अन्तर्राष्ट्रिय जगत्मा आफ्नो पहिचान कायम गर्ने अवसर पायो । इन्डोनेसियाको बाङडुङमा भएको असंलग्न राष्ट्रहरूको सम्मेलनमा नेपाली प्रतिनिधिहरूले सहभागिता जनाए भने वि.सं. २०१२ मङ्सिर २८ (सन् १९५५ डिसेम्वर १४) मा नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गऱ्यो ।

## ७. टङ्कप्रसाद आचार्यको सरकार



टङ्कप्रसाद आचार्य

राजाको प्रत्यक्ष शासनको सबैतिर बिरोध भएपछि वि.सं.२०१२ माघ १३ गते प्रजा परिषद्का संस्थापक अध्यक्ष टङ्कप्रसाद आचार्यको प्रधानमन्त्रित्वमा सरकार गठन भयो । यो सरकारलाई स्वतन्त्र रूपले काम गर्न प्रतिबन्ध लगाउने उद्देश्यले राजा महेन्द्रले ३ जना स्वतन्त्र मन्त्रीहरू समेत नियुक्त गरेका थिए । टङ्कप्रसाद आचार्य प्रधानमन्त्री हुनासाथ विश्वशान्तिलाई प्रोत्साहित गर्ने, उपनिवेशको बिरोध गर्ने, नेपालको विकासका लागि रुस र चीनको सहयोग लिने, राष्ट्रिय एकता कायम गर्ने, औद्योगिक विकास गर्ने आदि जस्ता आफ्ना जिम्मेवारी भएकाले सम्पूर्ण जनता र राजनीतिक दलहरूसँग सहयोगको अपिल गरे । यो सरकारले आर्थिक, सामाजिक एवम् कुटनीतिक क्षेत्रमा विभिन्न उपलब्धिमूलक कामहरू गऱ्यो । त्यसमध्ये केही तलको तालिकामा उल्लेख गरिएको छ :

| आर्थिक/सामाजिक उपलब्धि | कुटनीतिक उपलब्धि |
|---|---|
| वि.सं.२०१३ वैसाख १४ मा राष्ट्र बैङ्कको स्थापना भयो । | वि.सं. २०१३ असोज २६ मा विश्व हुलाक सङ्घ (Universal Postal Union) को सदस्यता भयो । |
| रु. ३३ करोडको बजेटमा पहिलो पञ्चवर्षीय योजनाको थालनी भयो । | वि.सं. २०१३ साउनमा रुस र जापानसँग दौत्यसम्बन्ध स्थापना भयो । |
| वि.सं.२०१३ जेठ ८ मा सर्वोच्च अदालतको स्थापना भयो । | वि.सं. २०१३ कात्तिक ५ गते भारतका राष्ट्रपतिले नेपालको भ्रमण गरे । यसभन्दा अगाडि कुनै पनि राष्ट्रका प्रमुखले नेपालको भ्रमण गरेका थिएनन् । यसै ताका चीन, स्विट्जरल्यान्ड, मिस्र आदि देशहरूसँग दौत्य सम्बन्ध स्थापना भयो । |
| वि.सं.२०१३ पौष ६ मा विराटनगर अस्पतालको स्थापना भयो । | |
| वि.सं. २०१३ फागुन १९ मा पाटनमा दुग्धशालाको स्थापना भयो । | |
| कम्युनिस्ट पार्टीमाथि लागेको प्रतिबन्ध फुकुवा भयो । | |

टङ्कप्रसाद आचार्यको निर्वाचनसम्बन्धी स्पष्ट धारणा नआएको र कर्मचारीको नियुक्ति एवम् सरुवा बढुवामा राजनीतिक हस्तक्षेप गरेको आरोप टङ्कप्रसाद आचार्यमाथि लाग्यो । आफ्नै सरकारको बिरोधमा लबिङ गर्न सुरु भयो । यस्तै चेपुवामा परेर टङ्कप्रसाद आचार्यले प्रधानमन्त्री पदबाट राजिनामा दिए ।

## ८. डा.के.आई. सिंहको सरकार



डा. के. आई. सिंह

डा. के.आई. सिंहलाई राजा त्रिभुवनले राष्ट्रद्रोही घोषणा गरेकाले उनले चीनमा निर्वासित जीवन बिताइरहेका थिए । महेन्द्रले आफ्नो राज्यारोहणपछि उनलाई आममाफी दिए र वि.सं. २०१४ साल साउन ११ गते प्रधानमन्त्री बनाए ।

के.आई. सिंह प्रधानमन्त्री बन्नासाथ उनको बिरोधमा आवाजहरू उठ्न थाले । नेपाली काङ्ग्रेस, नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजापरिषद्ले “प्रजातान्त्रिक मोर्चा” नै गठन गरेर संस्थागत बिरोध

गरे भने पत्रपत्रिकाले के.आई. सिंहको विरुद्धमा समाचार र विचारहरू छाप्न थाले । सरकारले पत्रिकाहरूमाथि प्रतिबन्ध लगाएपछि उनको विरोधमा चर्का आवाजहरू उठ्न थाले । यो सरकारले अनावश्यक खर्च नियन्त्रण गर्न र भ्रष्टाचार नियन्त्रण गर्नका लागि जङ्गी एवम् निजामतीको खर्च कटाउने र केही भ्रष्टहरूलाई कारबाही समेत गरेकाले सेना, प्रहरी र निजामती समेत सरकारसँग असन्तुष्ट भए । यस्तै बिरोधहरूका बावजुद पनि यो सरकारले देशभरिका माध्यमिक विद्यालयहरूमा शिक्षणको माध्यम नेपाली हुनुपर्ने र प्रत्येक शिक्षकले नेपाली नागरिकता लिनुपर्ने नियम बनाई कार्यान्वयन गऱ्यो । वि.सं. २०१४ कात्तिक २९ गते राजा महेन्द्रले डा. के.आइ. सिंहको सरकार भङ्ग गरे ।

## ९. राजाको प्रत्यक्ष शासन र कामचलाउ सरकार

राजा महेन्द्रले देशमा गम्भीर परिस्थिति सिर्जना भएको भन्दै डा. के.आइ. सिंहको सरकार भङ्ग गरी केही समय प्रत्यक्ष शासन सञ्चालन गरे । कुनै पनि व्यक्तिले प्रत्यक्ष शासन गर्दा देशमा निरङ्कुशता बढ्न जान्छ । राजाले राजनीतिक दलहरूको सुझावबिना स्वेच्छाले सरकार गठन र बिघटन गर्दा प्रजातान्त्रिक मर्यादामाथि आँच पुग्न गएको भन्दै राजनीतिक दलहरूले आपत्ति प्रकट गरे । समस्याको निकास खोज्नका लागि राजाले विभिन्न दलका प्रतिनिधिहरूसँग निर्वाचनबारे छलफल गरे । चुनावको मिति नतोकिएकाले प्रजातान्त्रिक मोर्चाले "भद्र अवज्ञा आन्दोलन" सुरु गऱ्यो । केही सीप नलागेपछि राजाले निर्वाचनको घोषणा गरेर यो आन्दोलन मत्थर पारे र बि.सं. २०१५ जेठ २ गते सुवर्णशमशेरको अध्यक्षतामा कामचलाउ सरकारको गठन गरे । यो सरकारलाई देशको दैनिक प्रशासन चलाउने, नयाँ संविधान बनाउने र निर्वाचन गराउने जिम्मेवारी दिइएको थियो । यो सरकारको सक्रियतामा वि.सं. २०१५ फागुन १ गते "नेपाल अधिराज्यको संविधान २०१५" बनाइयो र राजाबाट जारी गरियो ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. २००८ असार १६ | राजा त्रिभुवनद्वारा सल्लाहकार समिति गठन । |
| वि.सं. २०१२ मङ्सिर २८ (सन् १९५५ डिसेम्वर १४) | संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त । |
| वि.सं. २०१५ जेठ २ | सुवर्णशमशेरको अध्यक्षतामा कामचलाउ सरकारको गठन |
| वि.सं. २०१५ फागुन १ | "नेपाल अधिराज्यको संविधान २०१५" जारी गरियो । |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) अन्तरिम सरकार भनेको के हो ?

(ख) मोहनशमशेरले प्रधानमन्त्रीबाट राजिनामा दिनुपर्ने तत्कालीन कारण के थियो ?

(ग) के कारणले नेपाली काङ्ग्रेसमा आन्तरिक कलह सुरु भयो ?

(घ) श्री ५ महेन्द्र कहिले राजा बने ?

(ङ) टङ्कप्रसाद आचार्यको मन्त्रिमण्डलमा किन स्वतन्त्र मन्त्रीहरू समेत नियुक्त गरियो ?

(च) टङ्कप्रसाद आचार्यलाई उनको पार्टीले कस्तो दबाब दियो ?

(छ) डा. के.आई. सिंहले किन पत्रिकाहरूमाथि प्रतिबन्ध लगाए ?

(ज) कुनै पनि व्यक्तिको प्रत्यक्ष शासन किन राम्रो मानिदैन ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) २००७ सालपछि नेपालमा राजनीतिक स्थिरता कायम हुन नसक्नुका कुनै कारणहरू उल्लेख गर्नुहोस् ।

(ख) राणा काङ्ग्रेस अन्तरिम सरकारले गरेका कुनै चारओटा महत्त्वपूर्ण कामहरू लेख्नुहोस् ।

(ग) राजा महेन्द्रको शासनकालको सुरुआत अन्तर्राष्ट्रिय पहिचानका लागि कसरी उपयोगी भयो ?

(घ) टङ्कप्रसाद आचार्यले आफ्नो सरकारका के कस्ता जिम्मेवारीहरू प्रस्तुत गरेका थिए ? सूची बनाउनुहोस् ।

(ङ) प्रजातान्त्रिक मोर्चा र भद्र अवज्ञाको परिचय दिँदै एउटा अनुच्दछेद लेखनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) "परामर्शदातृ सरकारको गठन राजा त्रिभुवनको निरङ्कुश शासन सञ्चालन गर्ने चाहना थियो ।" यो भनाइको पक्ष वा विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ख) "डा. के. आई. सिंहले जनताको सूचनाको हक खोस्ने प्रयास गरे ।" के तपाईं यो भनाइसँग सहमत हुनुहुन्छ ? कसरी ?

(ग) टङ्कप्रसाद आचार्यको सरकार यस अवधिका सरकारहरूमध्ये सफल र सबल देखिन्छ भन्ने कुरालाई सप्रमाण पुष्टि गर्नुहोस् ।


## परियोजना कार्य

तपाईंको समुदायमा २००७ सालको अवस्थाका बारेमा जानेको वा सुनेको कोही व्यक्ति हुन सक्नुहुन्छ । उहाँसँग छलफल गरी २००७ सालको क्रान्तिको अवस्था झल्कने कुनै लेख/रचना तयार पार्नुहोस् । यदि आफ्नो समाजमा त्यस्तो व्यक्ति फेला पार्न सक्नुभएन भने पुस्तक, पत्रपत्रिका वा इन्टरनेटको सहयोग लिई २००७ सालको क्रान्तिमा योगदान दिने कुनै व्यक्तिका विषयमा अध्ययन गरी जीवनीमूलक छोटो परिचय तयार गर्नुहोस् ।

# पाठ - १८ आमनिर्वाचन २०१५ र प्रजातान्त्रिक सरकार

प्रजातन्त्र स्थापना भएपछि देशमा निर्वाचन हुन नसक्दा राजनीति अस्थिर थियो र विकास निर्माणका कामले तीव्रता पाउन सकेका थिएनन् । सरकार र राजाका प्राय: शक्तिसङ्घर्ष चलिरहेको थियो । त्यसैले यो निर्वाचन देशका अधिकांश समस्याहरूको समाधान थियो ।

नेपाल अधिराज्यको संविधान २०१५ बमोजिम प्रतिनिधि सभा र महासभा गरी दुई सदनात्मक व्यवस्थापिकाको प्रावधान थियो । प्रतिनिधि सभाको निर्वाचनको लागि २०१५ वैशाख १ गतेसम्ममा २१ वर्ष उमेर पुगेका मतदाताहरूको नामावली तयार गरिएको थियो । मतदाताको अनुपातको आधारमा देशलाई १०९ निर्वाचन क्षेत्रहरूमा विभाजन गरिएको थियो । त्यसै गरी महासभामा भने राजाबाट मनोनित १८ र प्रतिनिधि सभाबाट निर्वाचित १८ गरी जम्मा ३६ जना सदस्यहरू रहने प्रावधान थियो ।




२५ वर्ष उमेर पुगेको, कुनै लाभको पद धारण नगरेको, फौजदारी अभियोगमा कैद नपरेको, भ्रष्टाचारको आरोपमा सजाय नपाएको, कुनै पनि नेपाली नागरिक प्रतिनिधि सभाको निर्वाचनमा उम्मेद्वार बन्न सक्ने प्रावधान थियो । एक व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रमा समेत उम्मेद्वारी दर्ता गराउन पाउँथ्यो र सो निर्वाचन क्षेत्रमा खसेको कुल मतको छ भागको १ भाग मत प्राप्त गर्न नसकेमा उसको जमानत जफत हुन्थ्यो । यो निर्वाचनमा उम्मेद्वारले ५ हजार रुपियाँसम्म खर्च गर्न पाउँथ्यो र त्यसको फाँटवारी निर्वाचन सकिएको १ महिनाभित्र निर्वाचन अधिकृत समक्ष पेस गर्नुपर्दथ्यो ।

राजनीतिक दलहरूले निश्चित चुनाव चिन्ह पाउनका लागि देशका कुल १०९ निर्वाचन क्षेत्रहरूमध्ये कम्तीमा पनि २२ निर्वाचन क्षेत्रमा उम्मेद्वारी दर्ता गराउनुपर्दथ्यो । यो निर्वाचनमा जम्मा ९ दलले मात्र चुनाव चिन्ह पाउन सकेका थिए । यस्ता विभिन्न तयारीहरू गरिसकेपछि माघको दोस्रो हप्ताबाट राजनीतिक दलहरूलाई प्रचार प्रसार गर्ने अनुमति दिइयो ।

वि.सं. २०१५ फागुन ७ गते देशमा प्रथम पटक प्रतिनिधि सभाका लागि आमनिर्वाचन भयो । यो निर्वाचन

विभिन्न चरणहरूमा गरिएको थियो र वि.सं. २०१६ वैशाख २१ गते चुनावसम्बन्धी सम्पूर्ण कार्यक्रम सम्पन्न भयो । निर्वाचनमा कुल मतदाताको ४२ प्रतिशत मतदाताले मात्र मतदान गरेका थिए । निर्वाचनमा नेपाली काङ्ग्रेसले कूल १०९ मध्ये ७४ स्थानमा विजय प्राप्त गरेकोले दुईतिहाइ बहुमतसहित पहिलो स्थान प्राप्त गरेको थियो भने नेपाली राष्ट्रिय गोरखा परिषदले १९ स्थानहरूमा विजय प्राप्त गरी प्रमुख प्रतिपक्षी दल हुन गएको थियो । त्यसै गरी संयुक्त प्रजातन्त्र पार्टीले ५, नेपाल कम्युनिस्ट पार्टीले ४, स्वतन्त्रले ४ र अन्य दलहरूले ३ स्थान प्राप्त गरेका थिए । विभिन्न दलहरूले महिला उम्मेद्वारहरूसमेत उठाएको भए पनि डडेलधुराबाट द्वारिका देवी ठकुरानी मात्र विजय महिला थिइन् । टङ्कप्रसाद आचार्य, रङ्गनाथ शर्मा र डा. के.आई. सिंह जस्ता व्यक्तिहरूले चुनाव हारेका हुनाले धाँधली भएको आरोप लगाउँदै पुन: निर्वाचनको मागसमेत गरेका थिए ।

## १. प्रजातान्त्रिक सरकारको गठन र गतिविधिहरू


वी.पी. कोइराला

संसदीय परम्परा अनुसार नेपाली काङ्ग्रेसले बी.पी. कोइरालालाई संसदीय दलको नेता र सुवर्णशमशेरलाई उपनेता चयन गऱ्यो । त्यसैले वी.पी. नै देशको प्रधानमन्त्री हुने निश्चित भइसकेको थियो । राजा महेन्द्रले देशको राजनीति आफ्नो काबुमा राख्न चाहन्थे । तर वी.पी. कोइरालाले भने प्रजातन्त्रमा विश्वास गर्ने भएकाले राजाले उनलाई प्रधानमन्त्री बनाउन चाहँदैनथे । त्यसैले राजा महेन्द्रले सरकार गठनमा ढिलाइ गरिरहेका थिए । अन्त्यमा, वि.सं. २०१६ जेठ १३ गते बी.पी.कोइरालाको प्रधानमन्त्रीत्वमा १९ सदस्यीय मन्त्रीमण्डल गठन भयो । यो नै देशको पहिलो जननिर्वाचित सरकार हो र पहिलो जननिर्वाचित प्रधानमन्त्री वी.पी. कोइराला हुन् । यो मन्त्रिमण्डलमा द्वारिका देवी ठकुरानी स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मन्त्री बनिन् । उनी नेपालको पहिलो महिला मन्त्री हुन् । यो सरकारले असार १६ गते राजा महेन्द्रसमक्ष समथ ग्रहण गऱ्यो । साउन ९ गते संसदको संयुक्त अधिवेशनलाई राजा महेन्द्रले सम्बोधन गरे ।

## २. जननिर्वाचित सरकारका क्रियाकलाप

यो सरकार दीर्घ प्रतिक्षित र नेपाली जनताले सरकारबाट धेरै कुराको अपेक्षा गरेका थिए । साथै जननिर्वाचित सरकारले पनि आफ्नो अस्तित्त्व कायम गर्नका लागि देशमा केही काम गरेर देखाउनुपर्दथ्यो । यो सरकारले गरेका केही राम्रा प्रयासहरू यसप्रकार थिए :

(क) प्रशासनिक गतिविधिहरू

- भ्रष्टाचार नियन्त्रण गर्नका लागि "भ्रष्टाचार निवारण आयोग" को गठन गऱ्यो ।
- लोक सेवा आयोगका गतिविधिहरूलाई व्यवस्थित बनाई योग्यताका आधारमा कर्मचारीको

नियुक्ति गर्ने प्रावधान बनायो र कर्मचारीहरूको मनोबल बढाउने एवम् समर्थन पाउने उद्देश्यले कर्मचारीको तलब वृद्धि गऱ्यो ।

- मन्त्रीपरिषद्का कार्यहरूलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनका लागि हरेक हप्ता विभागीय सचिव र प्रधानमन्त्रीबिच समीक्षात्मक बैठक बस्ने प्रबन्ध मिलायो ।
- राजनीतिमा राजाको सक्रियता नियन्त्रण गरी जनप्रतिनिधिहरूलाई अधिकार सम्पन्न बनाउने उद्देश्यले कुनै पनि मन्त्री वा सचिवले राजालाई भेट्नुपरेमा प्रधानमन्त्रीबाट लिखित अनुमति लिनुपर्ने व्यवस्था गरियो ।
- न्याय सम्पादनका लागि पारिवारिक अदालतहरूसमेत चलेका थिए । पारिवारिक अदालत भनेको रजौटा वा अन्य सामन्त वर्गले आफ्नै घरमा बसेर कुनै पनि मुद्धामा निर्णय गर्ने परिपाटी हो । यो सरकारले त्यस्ता पारिवारिक अदालतहरूका साथै रजौटा उन्मूलन गरी देशका विभिन्न स्थानहरू तीनओटा उच्च अदालतको स्थापना गऱ्यो ।

### ३. आर्थिक एवम् सामाजिक गतिविधिहरू

कृषि, व्यापार र उद्योगको क्षेत्रमा आमूल परिवर्तन ल्याइ राष्ट्रिय आय बढाउनका लागि जङ्गलको राष्ट्रियकरण भयो, भूमिहीन वर्गलाई जमिनको वितरण गरियो, भूमिसुधार लागु गरियो र विर्ता एवम् जमिन्दारी प्रथाको अन्त्य भयो । विभिन्न क्षेत्रमा करको दायरा समेत निर्धारण गरिएकाले राष्ट्रिय आयमा वृद्धि भयो । रुस एवम् भारतसित सम्झौता गरी उद्योगको स्थापना गर्ने सहमति भयो । भारतसँग वि.सं. २०१७ भाद्र २७ (सन् १९६० सेप्टेम्वर ११) मा पारवाहन तथा वाणिज्य सन्धि गरियो, जसअनुसार नेपालले समुद्रसम्म पुग्ने बाटो र दुईओटा बन्दरगाह पाउने भयो ।

### (ग) कुटनीतिक गतिविधिहरू

परराष्ट्रको क्षेत्रमा पनि यो सरकारले महत्त्वपूर्ण कदमहरू चालेको थियो । रुस र भारतसँग भएका सम्झौताका कुराहरू माथि नै उल्लेख भए । चीन र भारत नेपालका छिमेकी मुलुक भएका हुनाले यी दुई देशहरूसँग समदुरीमा सम्बन्ध स्थापित गर्ने र आफ्नो स्वतन्त्र अस्तित्त्व कायम गर्ने कुरामा यो सरकार सफल भएको थियो । यस बेला चीन र भारतका बिच विवाद चर्केकाले नेपालका केही राजनीतिक दलहरूले भारतको पक्षमा नेपाल सरकारको धारणा आओस् भन्ने चाहना गरेका थिए । तर नेपाल सरकारले दुई स्वतन्त्र राज्यहरूको मामला भएकाले तटस्थ बस्ने नीति अवलम्बन गऱ्यो । यस बेला नेपाल चीन सीमा क्षेत्रमा विवाद भएकाले प्रधानमन्त्री चीन गई सो विवाद मिलाएर आए । नेपालको विकासमा चीनले आर्थिक सहयोग गर्ने समेत भयो । यसै बिच नेपाल चीन सिमा मुस्ताङमा चिनियाँ पक्षबाट एकजना नेपालीको हत्या भएकामा नेपाल सरकारले चीनको यस कार्यप्रति आपत्ति प्रकट गर्दै क्षतिपूर्ति माग गऱ्यो । चीनले पनि यस्तो घटनाप्रति माफी माग्दै आवश्यक क्षतिपूर्ति दियो ।

यसप्रकार प्रजातान्त्रिक सरकारले नेपालमा गतिलिन लागेको देखिन्छ ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. २०१५ फागुन ७ | देशमा प्रथम पटक आमनिर्वाचन |
| वि.सं. २०१६ वैशाख २१ | चुनावसम्बन्धी सम्पूर्ण कार्यक्रम सम्पन्न |
| वि.सं. २०१६ जेठ १३ | बी.पी.कोइरालाको प्रधानमन्त्रित्वमा सरकार गठन |
| वि.सं. २०१६ असार १६ | मन्त्रिपरिषद्को सपथ ग्रहण |
| वि.सं. २०१६ साउन ९ | संसद्को संयुक्त अधिवेशनलाई राजाद्वारा सम्बोधन |
| वि.सं. २०१७ भाद्र २७ (सन १९६० सेप्टेम्बर ११) | भारतसँग पारवाहन तथा वाणिज्य सन्धि |

## कक्षा कार्य

“आमनिर्वाचन २०१५” शीर्षकमा आफ्ना साथीहरूका बिच जानकारीहरू आदानप्रदान गर्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) निर्वाचनले देशको राजनीतिलाई कसरी स्थिर बनाउँछ ?

(ख) किन निर्वाचनमा निश्चित रकम खर्च गर्न पाउने भनी मापदण्ड तोकिन्छ ?

(ग) २०१५ सालको निर्वाचनमा जम्मा कति प्रतिशत मतदाताले मतदान गरेका थिए ?

(घ) वि.सं. २०१६ जेठ १३ गतेलाई नेपालको इतिहासमा किन महत्त्वपूर्ण दिन मानिन्छ ?

(ङ) संसद्को संयुक्त अधिवेशन भनेको के हो ? स्पष्ट पार्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) प्रतिनिधिसभा र महासभाका कुनै चारओटा भिन्नताहरू लेख्नुहोस् ।

(ख) संसदीय दलको नेता भनेको के हो ? के सबै पार्टीहरूले संसदीय दलको नेता बनाउँछन् ? अहिलेका संसदीय दलका नेताहरू र तिनीहरूको दलको नाम लेख्नुहोस् ।

(ग) नेपाली जनताले जननिर्वाचित सरकारबाट के कस्ता कुराहरूको अपेक्षा गरेका थिए ? जनताका कुनै चार अपेक्षाहरूको सूची बनाउनुहोस् ।

(घ) जननिर्वाचित सरकारले देशमा गरेका कामहरूमध्ये तपाईंलाई उपयुक्त लाग्ने कुनै चारओटा कामहरू लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) कुनै पनि निर्वाचनमा किन शतप्रतिशत मतदान हुन सक्दैन । यसका कारणहरू खोजी गर्नुहोस् र धेरैभन्दा धेरै मतदातालाई मतदानमा सहभागी गराउन के गर्नुपर्ला कुनै चार उपायहरू लेख्नुहोस् ।

(ख) नेपालको जननिर्वाचित सरकारले छिमेकी मुलुकहरूप्रति अवलम्बन गरेको नीतिको चर्चा गर्नुहोस् ।

## परियोजना कार्य

वि.सं. २०१५ साल र २०७४ सालको निर्वाचनको तुलना गर्दै "प्रतिनिधि सभाको निर्वाचन" शीर्षकमा एउटा लेख लेख्नुहोस् ।

❍❍❍

| पाठ - १९ | राजा महेन्द्रको प्रत्यक्ष शासन |
|---|---|

वि.सं. २०१५ सालको निर्वाचनको परिणामस्वरूप सरकारको गठन त भयो तर यो सरकार पनि लामो सयम चल्न सकेन । सरकारको अन्त्यसँगै देशबाट जननिर्वाचित सरकारको विघटन एवम् प्रजातान्त्रिक व्यवस्थाको पनि अन्त्य गरियो । त्यसपछि राजाको प्रत्यक्ष शासन सुरु भयो । राजाको प्रत्यक्ष शासन सुरु हुनाका पछाडि विभिन्न कारणहरू थिए । त्यसमध्ये केही कारणहरू यहाँ चर्चा गरिएको छ :

## १. प्रजातान्त्रिक मोर्चाको बिरोध

नेपाल प्रजापरिषदका अध्यक्ष टङ्कप्रसाद आचार्य, संयुक्त प्रजातान्त्रिक पार्टीका अध्यक्ष डा.के.आइ.सिंह एवम् प्रजातान्त्रिक महासभाका अध्यक्ष रङ्गनाथ शर्माजस्ता राजनीतिका हस्तीहरूको वि.सं.२०१५ सालको निर्वाचनमा पराजय भयो । चुनावमा पराजित भएका यी तीनैजना पार्टी अध्यक्षहरूको सहभागितामा प्रजातान्त्रिक मोर्चाको गठन भयो । यो मोर्चाले सडक र सदनबाट काङ्ग्रेस सरकारको बिरोध गर्न थाल्यो । यसले प्रजातन्त्र बिरोधीहरूको साहस बढेर आयो ।

## २. भूमिसुधार एवम् कर प्रणालीको प्रभाव

नेपाली काङ्ग्रेसको सरकार गठन हुनासाथ जनतालाई तत्काल राहत दिने उद्देश्यले सरकारले भूमिको व्यवस्थित, न्यायोचित र वैज्ञानिक वितरण गर्नका लागि हदबन्दी तोक्यो र भूमिहीन वर्गलाई भूमिको वितरण गऱ्यो । बिर्ता एवम् बेठबिगारजस्ता परम्परामा पूर्ण प्रतिबन्ध लगायो । भूमिपति एवम् जमिन्दार वर्गले सर्वसाधारणलाई शोषण गर्न नपाउने भए । त्यसै गरी सरकारले लागु गरेका विभिन्न करहरू यो वर्गले तिर्नुपर्ने भयो । त्यसैले यो वर्गले सरकारको बिरोधमा जनता भड्काउने एवम् सरकारको अवज्ञा गर्न लाग्यो ।

## ३. न्याय प्रणालीको विरोध

यो सरकार गठन हुनुभन्दा अगाडि देशका विभिन्न स्थानहरूका रजौटा एवम् सामन्तहरूले पारिवारिक अदालत गठन गरेका थिए । एकजनाको शेषपछि उसैको परिवारको अर्को सदस्यले न्याय सम्पादन गर्न सुरु गर्ने भएकाले कुनै योग्यताको पनि आवश्यकता पर्दैनथ्यो । जननिर्वाचित सरकारले यस्ता पारिवारिक अदालतहरूको अन्त्य गरी देशका विभिन्न स्थानहरूमा उच्च अदालतको स्थापना गऱ्यो । त्यसैले पारिवारिक अदालत चलाइरहेका व्यक्तिहरूले यो सरकारको अवज्ञा गर्दै विरोध सुरु गरे । बझाङमा पारिवारिक अदालत चलाई रहेका ओमजङ्गले सरकारका न्यायधीशलाई कैद गर्नेसम्मको धम्कीसमेत दिए । यो घटनालाई नेपालको इतिहासमा बझाङको विद्रोह समेत भनिन्छ ।

## ४. गोरखाको गोली काण्ड

गोरखामा राणा एवम् शाह वंशको राम्रो प्रभाव भएका कारणले यिनीहरूले त्यहाँका भूमिपतिहरूलाई सरकार

विरुद्धमा भड्काउनका लागि गोरखादल र कर्मवीर महामण्डलको परिचालन गरे । यी दुई सङ्गठनहरूको प्रेरणामा त्यहाँका भूमिपति, जमिन्दार र सामन्त वर्गले सरकारका निर्णयहरूको अबज्ञा गरे । यसको परिणामस्वरूप गोरखामा सामन्तवर्ग र सर्वसाधारणबिच सङ्घर्ष भयो । वि.सं. २०१६ कात्तिक ११ गते झन्डै ३ हजारको सङ्ख्यामा रहेका विद्रोहीहरूले बडाहाकिमको कार्यालयमा साङ्घातिक हमला गरे । यस बेला प्रहरीले गोली चलाउँदा ७ जना व्यक्तिको ज्यान समेत गयो । यो घटनाले प्रजातन्त्र बिरोधीहरू सङ्गठित हुन लागे ।

## ६. राजा महेन्द्रको सक्रियता


राजा महेन्द्र

राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्थाको अन्त्य गरी आफ्नो सक्रिय नेतृत्वमा एकदलीय शासन व्यवस्था सञ्चालन गर्ने अवसर खोजी रहेका थिए । यसैबिच, वि.सं. २०१७ मङ्सिर १९ गते एउटा जनसमुहले नारायणहिटी पुगी सरकारको विरुद्ध राजामा बिन्तीपत्र चढायो । यसले राजाको महत्त्वाकाङ्क्षामा थप सहयोग पुऱ्यायो । वि.सं. २०१७ पुस १ गते प्रधानमन्त्री बी.पी. कोइराला तरुण दलको एक कार्यक्रमलाई सम्बोधन गर्न थापाथली क्याम्पस गएका थिए । यसै बखत राजा महेन्द्रले सेनाको सानो टुकडी पठाइ बी.पी. कोइरालालाई कार्यक्रम स्थलबाट गिरफ्तार गराए । त्यसै दिन सम्पूर्ण मन्त्री एवम् राजनीतिक दलका नेताहरूलाई समेत गिरफ्तार गरे । राजाले शाही घोषणद्वारा नेपाल अधिराज्यको संविधान २०१५ को धारा ५५ को प्रयोग गरी प्रतिनिधि सभा र सरकार भङ्ग गरे । यस बेला राजाले राजनीतिक दल र सरकारलाई निम्नलिखित आरोपहरू लगाइएको थियो :

- सत्ता र शक्तिको दुरुपयोग गर्दै प्रशासनलाई बिकृत बनाएको
- राष्ट्रियहितलाई प्राथमिकता नदिई अराष्ट्रिय तत्त्वका गतिविधिहरू बढाएको
- देशमा शान्ति सुरक्षा कायम गर्न नसकेको
- अवैज्ञानिक आर्थिक नीति अबलम्बन गरेको
- राजा, राजमुकुट र संविधानप्रति आँच आउने काम गरेको
- राष्ट्रियता एवम् सार्वभौमिकतामाथि आघात पुऱ्याएको ।

यसप्रकार कैयौँ सहिदहरूको रगत र जनताको योगदानले प्राप्त गरेको प्रजातन्त्रको वि.सं. २०१७ पौष १ गते अन्त्य भयो । राजाले यसप्रकारको अप्रजातान्त्रिक कदम चालेका हुनाले पुस १ गतेलाई नेपालको इतिहासमा कालो दिन समेत भनिन्छ । यसपछि पुस १२ गते राजाले आफ्नै अध्यक्षतामा ९ सदस्यीय मन्त्रिमण्डल गठन गरे र राजाबाट २०१७ साल पौष २२ गते रेडियो नेपालबाट एउटा सन्देश दिई सम्पूर्ण राजैतिक दल र

वर्गीय सङ्गठनहरूमाथि प्रतिबन्ध लगाइयो । मुलुकको शासन पद्धति पञ्चायत प्रणालीअनुसार सञ्चालन गर्ने घोषणा गर्दै देशमा दलविहीन पञ्चायती व्यवस्थाको कार्यान्वयन गरियो ।

| केही तिथिमितिहरू | |
|---|---|
| वि.सं. २०१६ कात्तिक ११ | गोरखा गोलीकाण्ड |
| वि.सं. २०१७ मङ्सिर १९ | एउटा जनसमुहले सरकारको विरुद्ध राजामा बिन्तीपत्र |
| वि.सं. २०१७ पुस १ | जननिर्वाचित सरकारको विघटन |
| वि.सं. २०१७ पुस १२ | राजाको अध्यक्षता मन्त्रीमण्डल गठन |
| वि.सं. २०१७ पुस २२ | राजनीतिक दल तथा वर्गीय सङ्गठनहरूमाथि प्रतिबन्ध र दलबिहीन पञ्चायती व्यवस्थाको कार्यान्वयन |

## कक्षाकार्य

वि.सं. २०१७ सालमा राजा महेन्द्रले राजनीतिक दलमाथि लगाएका आरोपहरू झुठा हुन् भन्ने तर्क राख्दै कक्षामा नेताले जस्तै भाषण गर्ने अभ्यास गर्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) प्रजातान्त्रिक मोर्चामा कुन कुन दलहरूको सहभागिता थियो ?

(ख) पारिवारिक अदालतका न्यायधीशहरूको नियुक्ति कसरी गरिन्थ्यो ?

(ग) कुन दुई संस्थाहरूले गोरखाका मानिसहरूलाई सरकारका विरुद्ध भड्काएका थिए ?

(घ) बिन्तीपत्र भनेको के हो ?

(ङ) नेपालको राजनितिक इतिहासमा पौष १ गतेलाई किन कालो दिन मानिन्छ ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) भूमिपति र जमिन्दार वर्गले किन सरकारको विरुद्धमा जनता भड्काए ?

(ख) बझाङको विद्रोह भनेको के हो ? बझाङमा किन र कसरी विद्रोह भएको थियो ? स्पष्ट पार्नुहोस् ।

(ग) गोरखाको विद्रोहको कारण र परिणाम चर्चा गर्नुहोस् ।

(घ) जननिर्वाचित सरकारको भूमिसुधारसम्बन्धी कार्यक्रमको चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) नेपालमा प्रजातन्त्रको पतनका कारणहरू लेखी कुनै तीनको सङ्क्षिप्त वर्णन गर्नुहोस् ।

## परियोजना कार्य

यो पाठमा प्रयोग भएका तिथिमिति र घटनाहरूलाई समय रेखामा देखाउनुहोस् ।

❍❍❍

# पाठ - २० २००७ सालदेखि २०१७ सालको अवधिमा भएका सुधारका प्रयासहरू

प्रजातन्त्रका दश वर्ष अन्योल र अस्थिर राजनीतिको समय भए पनि योजनाबद्ध विकासको थालनी यो अवधिको निकै महत्त्वपूर्ण उपलब्धि हो । वि.सं. २०१३ साल आश्विन २२ गते पहिलो पञ्चवर्षीय योजनाको घोषणा गरि तेत्तिस करोडको बजेट प्रस्तुत भयो । यो योजनाले ग्रामीण विकास, कृषि, सहकारी, भूमिसुधार, सिँचाइ, बन, यातायात, सञ्चार, ऊर्जा, उद्योग, खनिज, पर्यटन र व्यापार, स्वास्थ्य, शिक्षा, राप्ती उपत्यका परियोजना, सर्वेक्षण, अनुसन्धान, तथ्याङ्क सङ्कलन आदिजस्ता कुराहरूलाई प्राथमिकतामा राखेको थियो । यस पाठमा यो अवधिमा भएका केही उपलब्धिहरूको चर्चा गरिने छ :

### १. आर्थिक उपलब्धि

(क) भूमि सुधार मन्त्रालय तथा भूमिसुधार आयोगको स्थापना, भूमिसुधार नीतिको कार्यान्वयन, विर्ता उन्मूलन

(ख) वार्षिक रूपमा बजेट प्रस्तुत गर्ने प्रणालीको थालनी

(ग) वि.सं.२०१३ वैसाख १४ मा राष्ट्र बैङ्कको स्थापना

(ङ) यातायातको विकासको लागि त्रिभुवन राजपथको निर्माण, अन्य राजमार्गहरू बनाउने योजना र नागरिक उड्डयन प्राधिकरणको स्थापना

### २. प्रशासनिक उपलब्धि

(क) निर्वाचन आयोग, लोक सेवा आयोग, कानुन/न्याय आयोग आदिको स्थापना

(ख) वि.सं. २०१३ जेठ ८ मा सर्वोच्च अदालतको स्थापना

(ग) वि.सं. २०१२ मङ्सिर २८ (सन् १९५५ डिसेम्बर १४) मा नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त

(घ) विभिन्न राष्ट्रहरूसँग दौत्य सम्बन्ध

(ङ) काठमाडौँ नगरपालिका तथा प्रतिनिधि सभाको निर्वाचन

### शैक्षिक उपलब्धि

वि.सं. २००७ सालमा नेपालमा ३२१ ओटा प्राथमिक र १३ ओटा माध्यमिक विद्यालयहरू मात्र थिए भने जम्मा २ ओटा क्याम्पसहरू थिए । नेपालको कुल साक्षरता जम्मा २ प्रतिशत मात्र थियो । प्रजातन्त्रको स्थापना पछि शिक्षण संस्थाहरूको स्थापनाको लहर चल्यो । यो लहरले शिक्षाको आधार तयार भयो । यसकालका

शैक्षिक उपलब्धिहरू यसप्रकार छन् :

(क) वि.सं. २००७ सालमा शिक्षा मन्त्रालयको स्थापना

(ख) वि.सं २००८ असोज ६ गते कन्या कलेजको स्थापना

(ग) वि.सं. २००९ सालमा सरदार रुद्रराज पाण्डेका अध्यक्षतामा "राष्ट्रिय शिक्षा बोर्ड" र वि.सं. २०१० चैत ९ गते "राष्ट्रिय शिक्षा योजना आयोग" को गठन

(घ) वि.सं. २०१० सालमा "राष्ट्रिय शिक्षक शिक्षण/तालिम केन्द्र" को स्थापना

(ङ) वि.सं.२०१४ कार्तिकमा देशभरिका माध्यमिक विद्यालयहरूमा शिक्षणको माध्यम नेपाली हुनुपर्ने नियम

(च) वि.सं. २०१४ सालमा "कलेज अफ एजुकेसन" को स्थापना

(छ) वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना

**३. प्रहरी र निजामतीको व्यवस्था**

(क) वि.सं. १९५५ देखि नेपाली सेनाको एउटा टुकडीलाई प्रहरीको काम गर्ने जिम्मेवारी दिइएको थियो

(ख) वि.सं. २००९ मा सोही टुकडी र मुक्तिसेनालाई मिसाएर नेपाल प्रहरीको निर्माण भयो

(ग) वि.सं. २०१२ सालमा नेपाल प्रहरी ऐन जारी भयो । यही समयबाट नेपाल प्रहरीको विधिवत स्थापना

(घ) वि.सं. २०१३ सालमा प्रहरी तालिम केन्द्रको स्थापना

(ङ) वि.सं. २०१७ सालबाट देशका विभिन्न स्थानहरूमा नेपाल प्रहरी राख्ने प्रबन्ध

(च) वि.सं.२००८ असार १ गते लोकसेवा आयोगको स्थापना

(छ) वि.सं. २०१३ सालमा निजामती सेवा ऐन जारी

(ज) योग्यताका आधारमा निजामती कर्मचारी छनौट प्रक्रियाको थालनी

यसप्रकार नेपालमा प्रजातन्त्रको स्थापना भएपछि सामाजिक, आर्थिक, न्यायिक, एवम् प्रशासनिक क्षेत्रमा उल्लेख्य सुधारहरूको थालनी भएको थियो ।

## कक्षाकार्य

यो पाठमा उल्लेख भएका आर्थिक, प्रशासनिक, शैक्षिक र प्रहरी तथा निजामतीसम्बन्धी गतिविधिका तिथिमिति र घटनाहरूलाई आफ्नो कापीमा लेखी छुट्टाछुट्टै समय रेखा बनाउनुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) २००७ देखि २०१७ सालसम्मको अवधि राजनीतिक अन्योलको अवधि भए पनि के कारणले उपलब्धिमूलक छ ?

(ख) पञ्चवर्षीय योजना भनेको के हो ?

(ग) त्रिभुवन विश्वविद्यालयको स्थापना कहिले भएको हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) प्रथम पञ्चवर्षीय योजनाका प्राथमिकताहरूको सूची बनाउनुहोस् ।

(ख) नेपालमा प्रहरी र निजामती सेवाको स्थापनाबारे एक एक अनुच्छेद लेख्नुहोस् ।

(ग) प्रजातन्त्रको स्थापना पछि देशमा के कस्ता प्रशासनिक सुधारका पहलहरू गरिए, बुँदागत रूपमा लेख्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) वि.सं.२००७ सालदेखि वि.सं.२०१७ सालको अवधिमा नेपालमा भएका सुधारहरूमध्ये तपाईंलाई कुन सुधार मन पऱ्यो ? सुधारहरूको सूची बनाई आफूलाई मन पर्ने कारण उल्लेख गर्नुहोस् ।

(ख) वि.सं.२००७ सालदेखि वि.सं.२०१७ सालको अवधिमा नेपालमा भएका शैक्षिक उपलब्धिहरू उल्लेख गर्दै दुई साथीहरूबिच संवाद तयार गर्नुहोस् ।

## परियोजना कार्य

आगामी पञ्चवर्षी योजनामा तपाईं कुन कुन क्षेत्रलाई प्राथमिकता दिइयोस् भन्ने चाहनुहुन्छ ? प्राथमिकताका हरेक क्षेत्रलाई बजेटको अनुमानित प्रतिशत छुट्टाई एउटा छोटो प्रतिवदेन तयार पार्नुहोस् ।

❍❍❍

एकाइ ३

# विश्वका सभ्यताहरू

## पाठ - १ मिस्रको सभ्यता

### १. पृष्ठभूमि

मानवले आफ्नो उत्पत्तिको समयदेखि गर्दै आएका विभिन्न किसिमका प्रगति, खोजी, अनुसन्धान, आविष्कार र विकास निर्माणका कामहरूलाई मानव सभ्यता भनिन्छ । विगतका सभ्यताको कारणले वर्तमानलाई समेत प्रभाव पारिरहेको हुन्छ । मानव सभ्यताको विकासको थालनी कविला सभ्यताबाट भएको मानिन्छ । एक परिवारका सबै मानिसहरू एउटै झुन्डमा बस्ने र अर्को झुन्डसँग कुनै किसिमको सम्पर्क सम्बन्ध स्थापित नगर्ने सभ्यता कविला सभ्यता हो । उत्पत्ति भएदेखि हालसम्म मानिसले पार गर्दै आएका जङ्गली युग, ढुङ्गे युग, धातु युग, कृषियुग, उद्योग र व्यापार युग, कम्प्युटर युग र अन्तरिक्ष युग मानव सभ्यताको विकासका विभिन्न चरणहरू हुन् र आजको युगमा मानिसले भोगिरहेको सुख, सुविधा र ज्ञान विगत्का सभ्यताको परिणाम हो । विश्वका मानव सभ्यताहरू ठुलाठुला नदीका किनारमा विकसित भएका थिए ।

### २. मिस्रको सभ्यताको परिचय

अफ्रिका महादेशको उत्तरपूर्वमा मिस्रदेश इजिप्ट [Egypt] पर्दछ । यो देश मरुभूमिको बिचमा पर्दछ तर त्यहाँबाट नाइलनदी बगेकीले यही नदीकै किनारमा मानव सभ्यता विकास भयो । यसलाई मिस्रको सभ्यता भनिन्छ । नाइल नदीको किनारमा यो सभ्यताको विकास भएको हुनाले हाल पनि मिस्रलाई नाइल नदीको देन (Gift of river Nile) भनेर चिनिन्छ ।

### ३. मिस्रको सभ्यताको युग

शासनपद्धतिका आधारमा मिस्रको सभ्यतालाई तीन भागमा बाँडिएको छ :

(क) **पिरामिड निर्माण युग** (इ.पू. ३४०० देखि २५०० सम्म)

(ख) **सामन्ती युग** (इ.पू. २४०० देखि १८०० सम्म)

(ग) **साम्राज्य विकासको युग** (इ.पू. १७०० देखि १००० सम्म)

#### (क) पिरामिड निर्माण युग

वास्तवमा पिरामिड मानिस गाडेको चिहान हो । मानिसको मृत्युपछि उसको आत्मा जीवित रहन्छ भन्ने विश्वासअनुसार मरेको लासलाई नकुहिने गरी विभिन्न किसिमका रसायनको लेदो पोतेर जमिनमा

गाडिन्थ्यो र त्यसमाथि पिरामिड निर्माण गरिन्थ्यो । यसरी सुरक्षित राखिएका लासलाई “मम्मी” भनिन्छ । लाशसँगै उसले आफ्नो जीवनमा उपभोग गरेका र अन्य चाहिने सरसामाान लगायत नोकरलाई पनि पिरामिडभित्रै गाडिन्थ्यो । पिरामिडभित्रको लास (मम्मी) सँगै “पेपिरस” भन्ने खैरो कागजमा मृतकको विवरण लेखेर राखिन्थ्यो । सर्वप्रथम ई. पूर्व ३००० मा मिस्रमा पिरामिडको निर्माण भएको थियो र सो पिरामिड जोसर नामका फारोह (राजा) ले बनाउन लगाएका थिए । पिरामिडहरूमध्ये खुफुले बनाएको गिजाको पिरामिड सबैभन्दा ठुलो र अग्लो छ । हालसम्म पनि कैयौँ पिरामिड र पेपिरसहरू सुरक्षित छन् । विश्वका सात आश्चर्यमध्ये मिस्रका पिरामिड पनि एक हो ।

### (ख) सामन्ती युग

मिस्र देशमा फारोह (राजा) का सन्तानहरू अयोग्य हुँदै गएकाले मिस्रमा अशान्ति र अव्यवस्था छाउन गयो । यत्रतत्र लुटपाट र अन्याय बढ्दै जान थाल्यो । फलस्वरूप स्थानीय धनीमानी र प्रभावशाली नायकहरूले मिस्रलाई टुक्राएर स-साना सामन्ती राज्यहरू स्थापना गरी शासन चलाउन थाले । पछि गएर थोटमस राजा र रानी हटसेपसुटले वरपरका राज्यहरू प्यालेस्टाइन, सिरिया, फोनेशिया जस्ता प्रदेश जितेर मिस्री साम्राज्य (Empire of Egypt) निर्माण गरे । त्यही समयमा सिरियाको लडाकु जाति हिक्ससले मिस्रमाथि आक्रमण गऱ्यो र त्यहाँका रैथानेहरूलाई धपायो । पिरामिड युग सामन्त राजाहरूकै युगमा सकिएकोले त्यसकालमा पिरामिड बनाउने चलन सकियो ।

### (ग) साम्राज्य विकासको युग

विभिन्न ससाना राज्यहरूमा विभाजित मिस्रलाई अहमोसले एकीकरण गरी विशाल साम्राज्यको निर्माण गरेका हुनाले यिनैको पालादेखि यहाँ सामन्ती युगको अन्त्य भई साम्राज्यवादी युगको थालनी भयो । अमेनहोतेप यस साम्राज्यका प्रथम सम्राट मानिन्छन् भने यसपछि थमोतस प्रथम र थमोतस द्वितीयले त्यहाँका साम्राज्य सञ्चालन गरे । थमोतस द्वितीयको मृत्युपछि उनका नाबालक छोराको हातमा त्यहाँको साम्राज्य आयो । यस अवस्थामा थमोतस द्वितीयकी रानी साम्राज्ञी हस्तमसुतले नायवको रूपमा ५० वर्षसम्म मिस्रको साम्राज्य सञ्चालन गरिन् । साम्राज्ञीको मृत्युपछि अमेनहोतेप तृतीय यहाँको सम्राट बने । यिनको शासनकाल प्राचीन मिस्रको इतिहासमा स्वर्णयुगले प्रसिद्ध छ । सम्राट यामोसस द्वितीयको शासनकाल पनि त्यति नै महत्त्वपूर्ण मानिन्छ । यिनले मिस्रमा अनेकौँ दरबार र मन्दिरहरूको निर्माण गराए भने नाइल नदीबाट लालसागरसम्म पुग्ने नहर निर्माण गराई सिँचाइको व्यवस्था गरे । यिनीहरूको धर्ममा पनि उत्तिकै चासो र विश्वास भएको हुनाले अमेनदेवताको ठुलो मन्दिर बनाए । त्यस मन्दिरमा युद्धहरूको प्रतीक चित्र बनाएको अझै देख्न पाइन्छ । अन्त्यमा मेसिडोनिया अलेकज्यान्डरले मिस्रलाई आफ्नो कब्जामा लिएपछि यो साम्राज्यको पतन भयो ।

## ४. मिस्रवासीको जीवन पद्धति र नीतिनियम

प्राचीन मिस्रको समाजलाई खानदानी वर्ग, बुद्धिजीवी र्ग र कृषक वर्ग गरी तीन वर्गमा विभाजन गरिएको थियो । पुरोहित र कर्मचारी खानदानी वर्गमा पर्थे र यिनीहरू धनी तथा भूमिपति थिए । मिस्रका बुद्धिजीवी वर्गले खानदानी वर्गलाई सहयोग गरी राज्य प्रशासन चलाउँथे । किसान वर्गको सङ्ख्या धेरै हुनाले र राजा भूमिको मालिक हुनाले सामन्तीहरूले सारा भूमिको तजबिज गर्दथे । भूमि जिम्मा लिएका किसानले त्यसलाई छोडेर जान पाउँदैनथे । यस वर्गले मजदुरीको काम पनि गर्नुपर्दथ्यो । पहिले पिरामिड बनाउने पनि यसै वर्गका मानिस थिए । किसानहरूले जमिनको उब्जाउ पाउँदैनथे बरु जीविकाको लागि अन्न र वस्त्र पाउँथे । मिस्रमा राजवंश, पुरोहित, जमिनदार, कारिगर, सेनापति, सामन्त, दास, नोकर, वर्गका मानिसहरू थिए । युद्धबन्दीलाई दास र नोकर बनाइन्थ्यो ।


पिरामिड


निल नदी

मिस्रको समाजमा महिलाको स्थान उच्च थियो । घर, जग्गा र धनको हक नारीमा रहन्थ्यो । धनीमानीले बाहेक अरूले बहुविवाह गर्न पाउँदैनथे । बिवाहमा चित्त नबुझे पारपाचुके गर्न सकिन्थ्यो । विवाह गर्न नाताले छेक्दैनथ्यो, मन्जुरी भए पुग्थ्यो ।

मिस्रमा राजतन्त्र थियो । राजालाई सबैको मालिक र ईश्वरको प्रतिनिधि मानिन्थ्यो । राजा राज्य, जमिन, पशु, प्राणी र जनताको मालिक मानिन्थे । राजालाई फारोह भनिन्थ्यो । पहिले उसलाई जनताले देख्नै पाउँदैनथे । राजालाई राज्य सञ्चालनमा सहयोग गर्नका लागि मन्त्रीहरूको नियुक्ति गरिन्थ्यो । यस कालमा मिस्रमा लिखित नियमकानुनको व्यवस्था भएको थियो । त्यहाँको न्याय सम्पादनका लागि न्यायाधीश राख्ने चलन भने थिएन । कुनै पनि मुद्दाको प्रारम्भिक जाँचबुझ र अनुसन्धान गरी प्रतिवेदन तयार पार्नका लागि फारोहले निश्चित व्यक्तिलाई जिम्मा दिन्थे । तर मुद्दाको अन्तिम किनारा फारोहले नै लगाउँथे । त्यसै गरी सेनाको परिचालन फारोहको निर्देशनमा सामन्तहरूबाट हुने गर्दथ्यो । सेनाका परिवार वस्नका लागि निश्चित भूमिको प्रबन्ध गरिएको थियो ।

मिस्रवासीहरूले दैवी शक्ति, जादुटुना, भूतप्रेतमा पनि उनीहरू विश्वास गर्थे र तन्त्रमन्त्रको आधारमा

बिरामीको उपचार गरिन्थ्यो । यसकालमा आयुर्वेद पद्धतिको पनि विकास भइसकेको थियो । यस पद्धतिका माध्यमले यिनीहरूले शल्यक्रिया (चिरफार) समेत गर्दथे । यिनीहरूलाई शरीरका अङ्गप्रत्यङ्गका बारेमा जानकारी थियो । वयस्क र केटाकेटीको उपचार छुट्टाछुट्टै गरिन्थ्यो ।

उनीहरू बस्ने घरमा विभिन्न चित्रहरू कुँदिएका हुन्थे । चित्रलिपि लेखेर पर्खालहरू सजाइन्थ्यो । त्यति बेला पशुपक्षीका चित्र पनि कुँदिएका पाइन्छन् ।

## ५. शिक्षा र साहित्य

मिस्रवासीहरू गद्य र पद्य दुबै रचना गर्न र लेख्न जान्दथे । फारोह यमनहोटेप ठुला वैद्य र लेखक थिए । मृत लासलाई कुहिन नदिने मम्मी मसला (रसायनिक पदार्थ) उनैले भन्ने पत्ता लगाएका थिए । उनको पुस्तकमा नैतिक शिक्षा पनि लेखिएको छ । त्यति बेलाका कथाहरू पनि त्यसमा छन् । त्यहाँ देवताको स्तुति पनि लेखिएको छ । मातापिता र मानव जातिको सेवा गर्नुपर्ने कुरा पनि त्यहाँ छ ।

मिस्रवासीहरू पाषाणकला (ढुङ्गामा बुट्टा बनाउने) मा पनि दक्ष थिए । त्यसको उदाहरण पिरामिड र विभिन्न कला अनि मन्दिरहरू हुन् । उनीहरूले गरेको सुनचाँदीको प्रयोग पनि कलात्मक देखिन्छ । खम्बाहरूमाथि विशाल प्रकोष्ठ (हल वा सभाकक्ष) बनाउने कलामा उनीहरू सिपालु थिए । महत्त्वपूर्ण घटनाहरूलाई उनीहरू ढुङ्गामा कुँदेर सम्झाउने तरिकाको प्रयोग गर्दथे । मृतकको लाससँगै चित्रकला र मूर्तिकलाहरू पनि राखिन्थ्यो । मूर्तिनिर्माण गर्नुलाई उनीहरूले ठुलो धार्मिक कार्य सम्झन्थे । मिस्री लिपिलाई अङ्ग्रेजीमा “हाइरोग्लिफस्” (Hieroglyphs) भनिन्थ्यो तर उनीहरू अक्षर चिन्दैनथे । उनीहरूलाई ज्योतिष शास्त्रको त्यति ज्ञान थिएन तापनि सूर्यका बारेमा उनीहरू धेरै जान्दथे । आकाशलाई उनीहरू पृथ्वीको छानो ठान्दथे र छिमेकी मुलुकको ज्ञान पनि राख्दैनथे । गणित शास्त्रको कामचलाउ ज्ञान उनीहरूमा थियो । जोड, घटाउ, गुणन र भाग मात्र उनीहरू जान्दथे । पात्रो बनाउन मिस्रवासीहरू निपुण थिए । ३६५ दिनको एक वर्ष, ३० दिनको एक महिना हुन्छ भन्ने उनीहरूको विश्वास थियो । त्यही चलन ग्रिक र रोमले नक्कल गरेका थिए ।

मिस्रवासीले चित्रकलाको विकास गर्दा रङ भर्ने तरिका पनि जानेका थिए । राजाको चित्र अरूको भन्दा ठुलो आकारको बनाउने चलन थियो । धातुको ज्ञान र धातुकलामा पनि यिनीहरू योग्य देखिन्छन् । उनीहरूले धातुबाट आवश्यक सामान बनाई प्रयोगमा ल्याएका थिए । लेखपढ गर्न पुरोहित वर्ग अगाडि थियो ।

## ६. आर्थिक अवस्था

मिस्रवासीहरूका प्रमुख पेसा कृषि, पशुपालन र उद्योगव्यापार थिए । नाइल नदीले मिस्रको ठुलो भूभागमा सिँचाइ गर्ने हुनाले कृषि उत्पादन निकै राम्रो थियो । गहुँ, जौ, लसुन, प्याज, मुसुरो, कपास, फलफूल आदि यहाँका प्रमुख उत्पादनहरू थिए । खेलबारी जोत्नका लागि हलोको प्रयोग गरिन्थ्यो । दासदासीहरू यहाँका प्रमुख कामदार थिए । त्यसैगरी गाई, घोडा, भेडा, बाख्रा, कुखुरा आदिको राम्रो स्याहार गरी पालिने हुनाले

पशुपालन पनि यहाँको अर्को आयस्रोत थियो । यहाँका मानिसहरूले गाईलाई पवित्र प्राणी मान्दथे र गाइको पूजा पनि हुने गर्दथ्यो । उद्योगव्यापारमा पनि यहाँका मानिसहरू निकै सिपालु र अग्रणी थिए । ढुङ्गा टल्काउने, विभिन्न आकारमा पत्थरलाई काट्ने, माटो, पत्थर र काँचका भाँडा बनाउने काममा यिनीहरू निकै सिपालु थिए । त्यस कालमा यहाँका कृषि तथा औद्योगिक उत्पादनहरूको मेसोपोटामिया, अरब र भारतसँग पनि व्यापार हुने गर्दथ्यो । यहाँको निकासी पैठारीमा व्यापारमा सन्तुलन थियो ।

मिस्रको सभ्यताबाट आधुनिक विश्वलाई भएका उपलब्धि

१. युरोप र युनानको सभ्यता मिस्रको सभ्यताबाट प्रत्यक्ष प्रभावित रहेको पाइन्छ ।

२. चित्रकला, धातुकला, काष्ठकला, पाषाणकला, मूर्तिकलाको विकासमा यो सभ्यताको प्रभाव रहेको पाइन्छ ।

३. हालको विश्वमा उत्पादन भइरहेका कतिपय बालीका बिउबिजनहरू मिस्रबाट प्राप्त भएका थिए ।

४. मृत्युपछिको जीवन र त्यसबारेको दर्शनको प्रत्यक्ष उदाहरण नै प्राचीन मिस्रको सभ्यता हो ।

५. बाँध, कुलो, नहर, सिँचाइ गर्न यही सभ्यताले सिकाएको हो ।

६. कर प्रणालीको विकास मिस्रबाटै भएको थियो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) मानव सभ्यताको परिभाषा लेखनुहोस् ।

(ख) कस्तो सभ्यतालाई कविला सभ्यता भनिन्छ ?

(ग) मिस्रलाई किन नाइल नदीको देन भनेर चिनिन्छ ?

(घ) मिस्रमा कसको शासनकालदेखि सामन्ती युगको अन्त्य भयो ?

(ङ) मम्मी भनेको के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) मानव सभ्यताको विकास कसरी भयो ? छोटकरीमा लेखनुहोस् ।

(ख) मिस्रमा सामन्ती युगको थालनी र अवस्थाका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(ग) प्राचीन मिस्रमा नारीको उच्चस्थान थियो भन्ने कुरा एउटा उदाहरण स्पष्ट पार्नुहोस् ।

(घ) मिस्रको न्याय पद्धतिको अवस्था कस्तो थियो ?

(ङ) मिस्रवासीहरूले मरेको लाशलाई किन र कसरी सुरक्षित राख्ने गर्दथे ?

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) मिस्रको प्राचीन सभ्यतालाई किन पिरामिड सभ्यता/युग भनिएको हो ? आफ्ना शब्दमा लेख्नुहोस् ।

(ख) प्राचीन मिस्रको जीवन पद्धतिको चर्चा गर्नुहोस् ।

(ग) मिस्रको सभ्यताबाट आधुनिक विश्वलाई भएका उपलब्धिहरू उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

पाना भरिने गरी विश्वको रेखाङ्कित नक्सा बनाउनुहोस् र मिस्रको सभ्यता विकसित भएका स्थानहरू देखाउनुहोस् ।

❍❍❍

# पाठ - २ बेबिलोनको सभ्यता

## १. परिचय

हालको इराक आसपासको मेसोपोटामियामा टिग्रिस र युफ्रेटस् नदी (Tigris and Euphrates rivers) को किनारमा बेबिलोनको सभ्यता विकसित भएको थियो । ईसापूर्व २००० तिर अमोर मूलका अरब जातिले मेसोपोटामिया नियन्त्रण गरी बेबिलोन सभ्यताको विकास गरेका थिए । यो जातिले सहरको विकास गरी आफ्नो सभ्यताको थालनी गरेका थिए । हम्मुरावी नाम गरेका राजा यस जातिका सबैभन्दा प्रसिद्ध राजा माानिन्छन् । यिनले एसिरिया र मारी राज्यको समेत एकीकरण गरी अमोर साम्राज्यको क्षेत्र विस्तार गरे । कानुनलाई लिखित रूपमा प्रकाशन गर्ने चलन यिनैले चलाएका हुन् । त्यसकालमा कागज र कलमको प्रचलन नभएको हुनाले हम्मुरावीले माटाको पाटीमा आफ्ना आदेशपत्रहरू लेखाएर जारी गर्ने गर्दथे । यिनले कानुनहरूको सङ्ग्रह गरी ढुङ्गामा लेखाएर राखेका थिए । विश्वको कानुनी इतिहासमा पनि यिनको महत्त्वपूर्ण भूमिका रहिआएको छ । त्यसैले बेबिलोनको इतिहासमा हम्मुरावीको शासनकाललाई “स्वर्णयुग” भनेर चिनिन्छ ।

बेबिलोनको सभ्यतामाथि अनेकौँ उतार चढावहरू आए । अमोर जातिले करिब ३०० वर्षजति शासन गरेपछि ई.पू. १७०० मा बेबिलोन कश जातिको नियन्त्रणमा गयो । यो जातिले बेबिलोन माथि करिब ६०० वर्षजति शासन सञ्चालन गऱ्यो । ई.पू. एघारौं शताब्दीतिर बेबिलोनमा एलमहरूको प्रवेश भएपछि कश साम्राज्यको अन्त्य भयो र यो जाति अन्यत्रै पलायन भयो । एलम जातिले आफ्नो साम्राज्यको भूभागलाई विस्तृत र सम्पन्न गराई शासन चलाएको देखिन्छ । ई.पू.को छैटौँ शताब्दीमा यो साम्राज्यमाथि चाल्डी वंशले आफ्नो आधिपत्य कायम गरी करिब १०० वर्षजति शासन चलायो भने ई.पू.को पाँचौ शताब्दीमा फारसी राजा कुरुष प्रथमले चाल्डी वंशलाई पराजित गरी आफ्नो आधिपत्य कायम गरे । यसप्रकार प्राचीन बेबिलोनमा अमोर, कश, चाल्डी र फारसी गरी चारवंशले शासन सञ्चालन गरेका थिए ।

## २. बेबिलोनको समाज र जीवन पद्धति

बेबिलोनको समाज तीन वर्गमा विभाजित थियो । यस समाजमा उच्च वर्ग, मध्यम वर्ग र दास वर्ग गरी तीन वर्गका मानिसहरूको बसोबास थियो । उच्च वर्गका मानिसहरूमा सामाजिक र राजनीतिक अधिकारहरू सुरक्षित थिए । पूरोहित, शासक र सामन्तहरू यस वर्गमा पर्दथे । मध्यम वर्गमा राजनीतिक अधिकार नभएपनि स्वतन्त्र थिए । यस वर्गका मानिसहरू बौद्धिक र कलात्मक क्षमतामा निकै अग्रणी थिए । व्यापारी, किसान, कालीगढ जस्ता पेसाहरूमा यस वर्गका मानिसहरू संलग्न हुन्थे । दासहरू यस समाजका निम्न

वर्गका मानिस थिए । यिनीहरूको जीवनस्तर निकै कष्ठकर थियो । यिनीहरूमा कुनै किसिमका अधिकारहरू थिएनन् । यिनीहरूले मालिकको जमिन, व्यापार व्यवसायमा काम गर्नुपर्दथ्यो । दासहरूलाई मालिकले आफ्नो सम्पत्ति सम्झिन्थे । यिनीहरूको शरीरमा डामेर र दासको चिन्ह बनाइन्थ्यो र दासको लागि निश्चित किसिमको पहिरन तोकिएको हुन्थ्यो । बेबिलोनमा नारीको स्थान उच्च थियो । पुरूष सरह नारीहरू पनि व्यापार, व्यावसाय र प्रशानिक कार्यहरूमा सरिक हुन्थे ।

यहाँका मानिसहरूमा धर्मप्रति ठुलो विश्वास थियो । पाप नलागोस् भनेर यिनीहरूले अनेक किसिमका पुण्यकार्यहरू गर्दथे । भूतप्रेत र अन्य दैवीशक्तिमा यिनीको गहिरो विश्वास थियो । यहाँका मानिसहरूले प्रकृति र अन्य देवीदेवताहरूको पूजा आराधना गर्ने गर्दथे । हरेक व्यक्तिले कुनै देवदेवीलाई आफ्ना इस्ट देवता मान्ने गर्दथे । यिनीहरू मूर्तिपूजक भएकाले आफ्ना इस्ट देवताको मूर्ति स्थापना गर्ने गर्दथे ।

## ३. बेबिलोनको शिक्षा र साहित्य

शिक्षा र साहित्यका क्षेत्रमा बेबिलोन अग्रस्थानमा पर्दछ । यहाँका मानिसहरूले काव्य र महाकाव्यहरूको सिर्जना गरी माटाको पाटीमा लेखेर सुरक्षित गर्दथे । गिलागामेस विश्वको पहिलो महाकाव्य हो र यो बेबिलोन मै सिर्जना भएको थियो । गणित, विज्ञान र ज्योतिष शास्त्रको विकास पनि यही सभ्यताबाट भएको थियो । यिनीहरूले औषधी विज्ञानको पनि राम्रो विकास गरेका थिए । नाप, तौल, समय आदिको मापन पनि यहाँबाटै सुरु भएको भयो । समयको मापनको लागि यहाँका मानिसहरूले पानीघडी र धूपघडी/सूर्यघडीको विकास गरेका थिए ।

## ४. बेबिलोनको आर्थिक अवस्था

बेबिलोनका मानिसहरूको आर्थिक जीवन कृषि, उद्योग तथा व्यापारमा निर्भर गर्दथ्यो । यहाँ नदीहरूबाट नहरको निर्माण गरी जमिनमा सिँचाइको व्यवस्था गरिएको थियो भने जमिन जोत्नका लागि हलो र गोरुको प्रयोग गरिन्थ्यो । यहाँ खाद्य तथा नगदे बाली र फलफूलको उत्पादन गरिन्थ्यो । यहाँका मानिसहरूले फलामको उत्खनन गरेका हुनाले खनिजमा आधारित उद्योगहरूको समेत विकास भएको थियो । धातुका विभिन्न किसिमका औजार बनाउने तथा लुगा बुन्ने उद्योगहरू समेत यहाँ स्थापना भएका थिए । त्यस्तै यहाँको अर्को पेसा व्यापार थियो । यहाँका मानिसहरूले जलमार्ग र स्थलमार्गको प्रयोग गरी आयात निर्यातको व्यापार गर्दथे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कुन नदीको किनारमा बेबिलोन सभ्यताको विकास भएको थियो ?

(ख) सर्वप्रथम कुन जातिका मानिसले बेबिलोन सभ्यताको थालनी गरेका थिए ?

(ग) बेबिलोनमा कुन कुन वर्गका मानिसहरूको बसोबास थियो ? लेख्नुहोस् ।

(घ) विश्वको पहिलो महाकाव्यको नाम लेख्नुहोस् ।

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) हम्मुरावीको शासनकाललाई किन बेबिलोन सभ्यतामा स्वर्णयुग भनिन्छ ?

(ख) बेबिलोनमा कुन कुन वंशले आफ्नो साम्राज्य स्थापना गरेका थिए ? ती वंशहरूको शासनकाललाई तालिकामा लेख्नुहोस् ।

(ग) बेबिलोनको सभ्यतामा दास र नारीको स्थानको चर्चा गर्नुहोस् ।

(घ) बेबिलोनका मानिसहरूको धार्मिक विश्वासको संक्षिप्त विवरण दिनुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) बेबिलोनको सामाजिक जननीवनको सङ्क्षिप्त चर्चा गर्नुहोस् ।

(ख) बेबिलोनको सभ्यताले वर्तमान समाजमा कस्तो प्रभाव पारेको छ ? चर्चा गर्नुहोस् ।

## परियोजना कार्य

पाना भरिने गरी विश्वको रेखाङ्कित नक्सा बनाउनुहोस् र बेबिलोनको सभ्यता विकसित भएका स्थानहरू देखाउनुहोस् ।

❍❍❍

| पाठ - ३ | ह्वाङ्हो सभ्यता |
|---|---|

## १. परिचय

ह्वाङ्हो सभ्यताको विकास चीनको ह्वाङ्हो नदीको किनारमा विकसित भएको प्राचीन सभ्यता हो । यो सभ्यता विश्वका अन्य सभ्यताहरूभन्दा फरक प्रकारको सभ्यता मानिन्छ । चीनमा विभिन्न वंशहरूको शासन चलेको भए पनि साङवंशका पालादेखिको मात्र क्रमबद्ध इतिहास पाइन्छ । त्यसैले इतिहासकारहरूले साङ वंशपछाडिको इतिहासलाई प्रमाणिक इतिहास मानेका छन् । ई. पू. १७६६ तिर साङ वंशले आफ्नो शासनसत्ता स्थापना गरी सभ्यताको विकास गरेको पाइन्छ । चाउ वंशका पु वाङ नाम गरेका कुनै व्यक्तिले साङ वंशलाई पराजित गरी ई.पू. ११२२ मा आफ्नो साम्राज्य स्थापना गरेको पाइन्छ । चाउ वंशले झन्डै ९०० वर्षसम्म चीनमा आफ्नो साम्राज्य कायम गऱ्यो । यो वंशको पालामा ह्वाङ्हो सभ्यताको निकै राम्रो विकास भएको हुनाले चीनको इतिहासमा यो काललाई “स्वर्णयुग” भनेर चिनिन्छ । ई.पू. दोस्रो शताब्दीको मध्यतिर हान “सी ह्वाङ् ती” नाम गरेका एक सामन्तले चाउ वंशलाई पराजित आफ्नो शासन स्थापना गरी चीनको एकीकरण गरे । हान वंशको शासन चीनमा लामो समयसम्म कायम रहन सकेन । ई.पू.२०६ मा हान वंशको पतनसँगै ताङ वंशको उदय भयो । यो वंशले चीनमा झन्डै ११०० वर्षसम्म शासन चलायो । ताङ वंशको शासनकाललाई पनि चीनको इतिहासमा “स्वर्णयुग” भनेर चिनिन्छ । यसरी हेर्दा चाउ वंशको शासनकाल पहिलो र ताङ वंशको शासनकाल दोस्रो स्वर्णयुग कायम भएका देखिन्छ । सन् ९६० मा सुङ वंशले शासन स्थापना गरेपछि ताङ वंशको पतन हुन गयो ।

## २. ह्वाङ्होको समाज र जीवन पद्धति

चिनिया समाज मुख्यतः पाँच वर्गमा विभाजित थियो । यी वर्गहरू उच्चवर्ग, मध्यम वर्ग, भूमिहीन वर्ग, दास वर्ग र मण्डेरिन वर्ग थिए । सामन्ती र पुजारीहरू उच्च वर्गमा पर्दथे र यिनीहरूले राज्यद्वारा प्रदान गरिने अनेकौं सुविधाहरू उपभोग गर्दथे । उच्च ओहदाका सरकारी पदहरू यही वर्गको नियन्त्रणमा रहन्थे । मध्यम वर्ग पेसाका आधारले शिल्पकार, व्यापारी, सैनिक आदि थिए । यिनीहरूले कृषिकार्य पनि गर्दथे । आर्थिक क्षेत्रमा यिनीहरूको राम्रै पहुँच भएको कारणले यो वर्गको सामाजिक प्रतिष्ठा पनि उच्च थियो । भूमिहीन वर्गले ज्याला मजदुरी गरेर आफ्नो जीवनयापन गर्नुपर्दथ्यो । त्यसैले यो वर्गको अवस्था कठोर र नाजुक थियो । त्यसै गरी दासहरूको वर्ग यो समाजको सबैभन्दा निम्नस्तरको वर्ग थियो । मालिकको इच्छाअनुसार यिनीहरूको किनबेच पनि गरिन्थ्यो भने दासहरूलाई देवीदेवताका मन्दिरहरूमा लगि बली समेत चढाइन्थ्यो । ह्वाङ्हो समाजको पाँचौ वर्ग मन्डेरिन वर्ग थियो । यो वर्ग भनेको शिक्षित मानिसहरूको समूह थियो । जुनसुकै वर्गका मानिसले उचित शिक्षा प्राप्त गरेपछि मन्डेरिनमा प्रवेश गर्न पाउने नियम थियो ।

चिनिया समाज पुरुष प्रधान भए पनि यो सभ्यताको थालनीतिर नारीहरूको स्थान मर्यादित र उच्च थियो । नारीहरूले शिक्षा आर्जन गरेर प्रशासनका उच्च पदहरूमा काम गर्दथे । विस्तारै समाजमा नारीको स्थान र मर्यादामा कमी आउँदै गयो । समाजमा संयुक्त परिवारको प्रचलन थियो र जेष्ठ नागरिकहरूको स्याहार तथा सेवालाई परिवारका सदस्यहरूले आफ्नो कर्तव्य मान्दथे । चिनियाहरू काठ र ढुङ्गाको प्रयोग गरेर घर निर्माण गर्दथे ।

चिनियाहरू धर्ममा विश्वास गर्ने भए पनि उनीहरूमा धार्मिक सहिष्णुताको राम्रो विकास भएको थियो । उनीहरू प्रकृतिलाई देवता मानी पूजाआजा गर्ने र पशुबली चढाउने गर्दथे । यो समाजमा नरबलीको समेत प्रचलन रहेकाले दासदासी तथा युद्धबन्दीहरूको बली दिइन्थ्यो । पितृहरूलाई उनीहरूले निकै सम्मान गर्दथे र वर्षमा एकपटक पितृपूजा गर्ने चलन थियो । उनीहरूले अनेक देवताहरूमा विश्वास गर्दथे । राङसी सबैका मूल देवता मानिन्थे ।

## ३. ह्वाङ्हो समाजको शिक्षा र साहित्य

चिनियाँ समाजमा शिक्षाको उच्च विकास भएको थियो । यिनीहरूले साङ्केतिक लिपिको प्रयोग गर्दथे भने शिक्षा लेनदेनका लागि विद्यालयहरूको स्थापना समेत भएका थिए । निश्चित तहको शिक्षा प्राप्त गरेका व्यक्तिहरूले मात्र सरकारी सेवाका लागि आवेदन दिन पाउँथे । तोकिएको परीक्षा पास गरेपछि मात्र उनीहरूले सरकारी सेवामा प्रवेश पाउँथे । चिनियाहरू साहित्य र दर्शनमा पनि निकै अग्रणी थिए । यिनीहरूले चिनियाँ भाषाको शब्दकोश समेत तयार पारेका थिए । काव्य, इतिहास, दर्शन र संस्कृतिका सम्बन्धमा कन्फ्युसिसको योगदान निकै महत्त्वपूर्ण रहेको छ ।

## ४. ह्वाङ्हो सभ्यताको आर्थिक अवस्था

चिनियाहरूको प्रमुख आयस्रोत कृषि थियो । चीनको भूमि मलिलो भएको हुनाले नदीहरूमा नहर बनाई सिँचाइ गरेर प्रसस्त खाद्य तथा नगदे वालीहरूको उत्पादन गरिन्थ्यो । फलाम तथा काठका औजारहरू प्रयोग गरी जमिनको खनजोत गर्ने प्रचलन थियो । चिया, गहुँ, धान, कोदो आदि यहाँका प्रमुख उत्पादनहरू थिए । कृषिका अतिरिक्त पशुपालन पनि यहाँका मानिसको अर्को आयस्रोत थियो । गाई, भेडा, बाख्रा, सुँगुर आदि यहाँका प्रमुख घरपालुवा जनावर थिए भने माछा मार्ने र हाँसकुखुरा पाल्ने चलन पनि यिनीहरूको थियो । त्यसै गरी माटाका भाडावर्तन बनाउने, रेसम प्रशोधन गर्ने, फर्निचर बनाउने, कागज बनाउने, धातुका हतियार बनाउने, घरेलु औजार बनाउने आदि जस्ता उद्योगहरू पनि चीनमा चलेका थिए । चीनमा नै कागजको आविष्कार भएको हुनाले वैज्ञानिक अनुसन्धानमा समेत यिनीहरूको चासो रहेको देखिन्छ । व्यापारको क्षेत्रमा पनि चीनले निकै प्रगति गरेको थियो । यहाँबाट रेशम कपडा, कागज, माटाका भाँडा, चिया आदिजस्ता चिजहरू जल तथा स्थल मार्गहुँदै भारत, अफगानिस्तान, इरान, रोम आदि स्थानहरूमा निर्यात गरिन्थ्यो भने अफिम, भोगविलाशका सामानहरू अन्य स्थानहरबाट आयात गरिन्थ्यो । चीनमा सर्वप्रथम मुद्राको आविष्कार भएको

हुनाले व्यापारका लागि मुद्राको प्रयोग हुने गर्दथ्यो ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) हवाङ्हो सभ्यता कुन नदीको किनारमा विकसित भएको थियो ?

(ख) चीनका साङ वंशको इतिहासलाई किन प्रमाणिक इतिहास मानिन्छ ?

(ग) प्राचीन चीनको एकीकरण कसले गरेका थिए ?

(घ) प्राचीन चीनमा कस्तो लिपीको प्रयोग गरिन्थ्यो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) चाउ वंशको परिचय दिँदै यो वंशको कार्यकाललाई चीनको इतिहासमा स्वर्णयुग भनिनुको कारण स्पष्ट पार्नुहोस् ।

(ख) मन्डेरिनको परिचय दिँदै कस्ता व्यक्तिहरू यसको सदस्य हुन पाउँथे, लेख्नुहोस् ।

(ग) चिनिया समाजमा धार्मिक आस्थाको चर्चा गर्नुहोस् ।

(घ) हवाङ्हो सभ्यताका मानिसहरूले अपनाउने गरेका आर्थिक गतिविधिहरूको सूची बनाई कुनै एकको परिचय दिनुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) प्राचीन चीनको समाज र जीवन पद्धति कस्तो थियो, चर्चा गर्नुहोस् ।

(ख) हवाङ्हो समाजको शिक्षा र साहित्यको व्याख्या गर्नुहोस् ।

# पाठ - ४ सिन्धु घाँटीको सभ्यता

## १. परिचय

विश्वका प्राचीन मानव सभ्यतामध्ये सिन्धु घाँटीको सभ्यता पनि पर्छ । उत्तरपश्चिम भारतको सिन्ध प्रान्त (हाल पाकिस्तान) मा मोहेन्जोदारो र लाहोर प्रान्तको हरप्पामा प्राचीन सभ्यताका अवशेष भेटिएका छन् । त्यस उत्खननबाट सिन्ध नदीतट प्राचीन सभ्यताको विकास भएको प्रमाणित भएको छ । सिन्ध नदीतटको सभ्यता सिन्ध नदीमा बाढी आएर सात पत्रसम्म पुरिएको र सभ्यता बगरमुनि परेको भन्ने पनि जानकारी पाइएको छ । यो सभ्यता ५००० विक्रमपूर्वदेखि २५०० विक्रम पूर्वसम्ममा विकास भएको अनुमान गरिएको छ ।

सिन्धु घाँटीको सभ्यता कसरी नष्ट भयो भन्ने विषयमा विद्वान्हरूका आआफ्नै राय पाइन्छन् । केही इतिहासकारहरूले सिन्धु घाँटीको सभ्यता सिन्ध नदीमा आएको बाढीले पुरेको वा पटकपटकको भूकम्पका कम्पनले क्षतविक्षत भएको भन्ने कुरामा सहमत छन् केही इतिहासकारहरूले त्यो सभ्यता जातिहरूबिचको द्वन्द्वले नष्ट पारेको भनी तर्क दिएका छन् ।

## २. भवन निर्माण र नगर योजना

मोहेन्जोदारो र हरप्पामा उत्खननबाट प्राप्त प्रतिवेदन र स्थलगत अवस्थाको बारेमा अध्ययन गर्दा ती दुबै ठाउँका सहरहरू समान प्रकृतिका रहेको पाइन्छ । ती दुबै सहरको बनावटको शैलीढाँचा पनि एउटै प्रकारको पाइयो । मोहेन्जोदारोको नगरमा गल्ली, नाली, स्नानगृह, सभागृह, सुन्दर भवन बनेका थिए । इँटको पर्खालमा दुईतले घर बनाइएका हुन्थे र घरका पर्खालमा राम्रा राम्रा बुट्टा र चित्रहरू कुँदिएका हुन्थे । त्यहाँ प्रयोग गर्ने इँटा घाम र आगोमा पोलेर पकाइएका थिए । घरमा ढोका र झ्यालका साथै माथितलामा चढ्ने सिँढी बनाइएका हुन्थे । फोहोर बग्ने ढल लगेर नालीमा जोडी सहरबाहिर पुऱ्याएर होचो ठाउँमा छोडिएका र माथिबाट इँटाले ढाकिएका हुन्थे ।

## ३. जीवन पद्धति

सिन्धु घाँटी सभ्यताकालका मानिसहरूले सुतीका कपडा लगाउँथे । सुत्ने बेलामा च्यादर (बर्को, पछ्यौरा, दोसल्ला) ओढ्थे । महिलाले दुबै काँधमा दोसल्ला लपेट्थे भने पुरुषहरूले दाहिने कोखाबाट देब्रे काँधमा पछ्यौरी सप्को हाल्थे । पुरुषहरू केही लामो कपाल पाल्थे भने नारीहरूले सुन, चाँदी, तामा, आदिका गहनाहरू लगाउँथे । यहाँका मानिसहरू जौ, गहुँ, खेती गरी त्यसकै परिकार बनाएर खान्थे । त्यस्तै तरबुजा, खरबुजा, खजुर र गर्मी ठाउँमा हुने फलको खेती गरी त्यसको पनि प्रयोग गर्थे । मांस पदार्थमा भेडा, सुँगुर,

माछा, अन्डाको प्रयोग गर्थे । सुखसयल र मनोरञ्जनमा त्रिपाशा, गोटी, जूवा, डन्डिबियो, कुस्ती, नाच, गान, बजान पनि गर्थे । कुखुराको भाले लडाउने, जनावर लडाउने र सिकार गर्नमा यिनीहरू सौखिन थिए । दौडने, कुद्ने, उफ्रने र काम गर्दा पनि उनीहरू आनन्द मान्दथे ।

### ४. धार्मिक जीवन

सिन्धु घाँटी सभ्यता कालमा निश्चित धर्मको पारख गर्न नसकिए तापनि केही चित्र र मूर्तिहरू पाइएका छन् । मन्दिर र धार्मिक स्थलबारे उत्खनन्बाट कुनै कुरा थाहा भएन । सिन्धु घाँटीका मानिसहरूले सर्प, परेवा, बाख्रा, गोरु, गैँडा, हात्ती, भैँडा आदिको पूजा गर्थे । त्यसबाट उनीहरू प्राणी, वनस्पति र प्रकृतिपूजक भएको कुरा थाहा पाइएको छ । देवदेवी उड्न सक्ने जीवको रूपमा मानेर प्वाँख बनाएर कुँदेका र वस्त्रको बनोट पनि पङ्खजस्तै पारिएको छ । लासलाई गाड्ने र नदी तीरमा जलाइ दाहसंस्कार गर्ने चलन पनि उनीहरूमा रहेको पाइन्छ । मुर्दा डढाएपछि भष्मखरानीलाई नदीमा बगाइदिने चलन पनि रहेको पाइयो ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सिन्धु घाँटीको सभ्यता कहाँ विकसित भएको थियो ?

(ख) सिन्धु घाँटीको सभ्यता कसरी लोप भएको अनुमान गरिन्छ ?

(ग) सिन्धु घाँटीका मानिसहरूले फोहोरको व्यवस्थापन कसरी गर्दथे ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) सिन्धु घाँटीको सभ्यताको नगर योजनाको परिचय दिनुहोस् ।

(ख) सिन्धु घाँटीका मानिसहरूको मनोरञ्जन गर्ने तरिका कस्तो थियो ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ग) सिन्धु घाँटीका मानिसहरूले मृत्युसंस्कार कसरी गर्दथे ?

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) सिन्धु घाँटीको सभ्यताका मानिसको जीवन पद्धति र हालको नेपालका मानिसहरूको जीवन पद्धतिको तुलना गर्दै पत्रिकाको लागि एउटा सम्पादकीय लेख्नुहोस् ।

## परियोजना कार्य

पाना भरिने गरी विश्वको रेखाङ्कित नक्सा बनाउनुहोस् र सिन्धु घाँटीका सभ्यता विकसित भएका स्थानहरू देखाउनुहोस् ।

एकाइ
४

# विश्वका क्रान्तिहरू

## पाठ - १ अमेरिकी स्वतन्त्रता सङ्ग्राम

सन् १४९२ मा कोलम्बस अमेरिका पुग्नुभन्दा अगाडि अमेरिकाको बारेमा मानिसहरूलाई जानकारी थिएन । यसको जानकारी पाएपछि स्पेन, पोर्चुगल, फ्रान्स र इङ्ल्यान्ड (बेलायत) ले अमेरिकालाई आफ्नो उपनिवेश बनाए । अठारौं शताब्दीताका इङ्ल्यान्डले अमेरिकनहरूको अहित र आफ्नो हित हुने किसिमका कानुनहरू कार्यान्वयन गर्न लागेपछि ती उपनिवेशका मानिसहरूमा स्वतन्त्रताको भावना विकास भयो । यही भावनाको परिणामस्वरूप त्यहाँका मानिसहरूले स्वतन्त्रताका लागि सङ्घर्ष गरे । यही सङ्घर्ष नै अमेरिकामा स्वतन्त्रता सङ्ग्राम हो । यो स्वतन्त्रता सङ्ग्रामपछि संयुक्त राज्य अमेरिका (United States of America) को जन्म भएको हो ।



### १. अमेरिकी स्वतन्त्रता सङ्ग्रामका कारणहरू

हरेक घटनाको पछाडि विभिन्न कारणहरू हुन्छन् । यस सङ्ग्राम को पछाडि पनि यस्तै कारणहरू थिए । त्यसमध्ये केही कारणहरू यस प्रकार थिए :

#### (क) सरकार र व्यवस्थापिकाबिच द्वन्द्व

इङ्ल्यान्डले अमेरिकामा आफ्ना १३ ओटा उपनिवेशहरू कायम गरेको थियो र उपनिवेशका आफ्नै व्यवस्थाापिकाहरू थिए । तर त्यहाँको शासन सञ्चालन गर्नका लागि इङ्ल्यान्डले गभर्नर नियुक्त गरी पठाउने गर्दथ्यो र उनी अमेरिकाप्रति जवाफदेही नभई इङ्ल्यान्डप्रति जवाफदेही हुन्थे । गभर्नरलाई विशेष अधिकार (Veto Power) समेत प्राप्त भएकाले व्यवस्थापिकाले बनाएका नियम, कानुनहरूलाई संशोधन, निलम्बन वा खारेज गर्ने अधिकार समेत उनमा थियो । गभर्नर र व्यवस्थापिका दुवैले आफूलाई सर्वशक्तिमान सोचेर एक अर्कामाथि आफ्नो नियन्त्रण कायम गर्न खोज्दथे । त्यसैले यो विषय पनि अमेरिकी स्वतन्त्रता सङ्ग्रामको एउटा कारण बन्यो ।

#### (ख) धार्मिक तथा सामाजिक कारण

इङ्ल्यान्ड र अमेरिकाका मानिसहरूले मान्ने क्रिश्चियन धर्म फरक प्रकारका थिए । इङ्ल्यान्डका मानिसहरू

प्रोटेस्टेन्ट धर्ममा आधारित अङ्ग्रेजी चर्चको प्रभावमा थिए भने अमेरिकनहरूले प्युरेटियन सम्प्रदायमा विश्वास गर्दथे । अमेरिका जाने इङ्ल्यान्डका गभर्नर र अन्य अङ्ग्रेजहरूले त्यहाँका मानिसहरूलाई प्रोटेस्टेन्ट धर्मका गतिविधिहरूमा लाग्न र प्युरेटियन धर्म त्याग्न दबाब दिन्थे । एक किसिमले अमेरिकामा इङ्ल्यान्डले धार्मिक अत्याचार गरेको थियो । आफ्नो धर्म र संस्कृतिमाथिको प्रत्यक्ष हस्तक्षेपले अमेरिकीहरू इङ्ल्यान्डसँग रिसाएका थिए । सामाजिक रूपले हेर्दा अमेरिकी समाज सरल, परिश्रमी र प्रगतिसिल थियो भने इङ्ल्यान्डको समाज भड्किलो एवम् अन्धविश्वासी थियो । यसप्रकार अमेरिका र इङ्ल्यान्डको सामाजिक सदाचार र संस्कार फरक थियो । इङ्ल्यान्डका मानिसहरूले आफ्ना उपनिवेशहरूमा आफ्नो किसिमको सामाजिक व्यवहार कार्यान्वयन गर्न चाहन्थे जुनकुरा अमेरिकीहरूका लागि सह्य भएन । त्यसैले धार्मिक तथा सामाजिक अन्तर पनि यसको एउटा कारण बन्न गयो ।

### (ग) टिकट कानुन (Stamp Act)

सप्तवर्षीय युद्धको कारणले गर्दा इङ्ल्यान्डको आर्थिक अवस्था कमजोर भएको थियो भने उपनिवेशहरूको रक्षाका लागि स्थायी सेना समेत राख्नुपर्ने भएकाले इङ्ल्यान्डलाई आर्थिक स्रोतहरूको खोजी गर्नुपर्ने आवश्यकता भयो । उपनिवेशहरूमा लाग्ने खर्चको एक तिहाइ अंश उपनिवेशहरूबाटै उठाउने उद्देश्यले इङ्ल्यान्डको संसदले सन् १७६५ मा टिकट कानुन पारित गऱ्यो । यो कानुनबमोजिम उपनिवेशका मानिसहरूले सरकारी कागजपत्र, समाचारपत्र, विज्ञापन आदिमा अनिवार्य टिकट टाँस्नुपर्ने भयो । यसरी प्राप्त रकम ती उपनिवेशहरूको हितमा खर्च नगरी सुरक्षामा खर्च गरिने भयो । इङ्ल्यान्डको सुरक्षा भनेको उपनिवेश र त्यहाँका जनताहरूको दमन हो । इङ्ल्यान्डको संसद्मा अमेरिकी प्रतिनिधि नभएकाले अमेरिकामाथि कर लगाउने अधिकार इङ्ल्यान्डलाई छैन भन्दै उपनिवेशहरूले यो करप्रणालीको बिरोध गरे र इङ्ल्यान्डको संसद्मा आफ्नो प्रतिनिधित्वको माग गरे । अमेरिकामा इङ्ल्यान्डका समानहरूको बहिष्कारसमेत हुन लाग्यो । त्यस्तै १३ ओटा उपनिवेशहरूमध्ये नौओटा उपनिवेशका प्रतिनिधिहरूले न्यूयोर्कमा एउटा सम्मेलन गरी यो कानुन रद्द गर्ने माग गरे ।

अमेरिकामा भएका टिकट कानुन बिरोधी प्रदर्शनहरूमा गभर्नरको निवास र कार्यालयमाथि हमला समेत हुन लागे । त्यसैले इङ्ल्यान्डका तत्कालीन प्रधानमन्त्री रकिंघमले यो कानुन खारेज गरी रकिङघम डिक्लेरेटरी एक्ट (Rockingham Diclaratory Act) पारित गराए । यो कानुनले उपनिवेशहरूसँग सम्बन्धित कानुन बनाउन र कार्यान्वयन गर्न इङ्ल्यान्डको संसदमा अमेरिकी प्रतिनिधिको आवश्यकता नपर्ने स्पष्ट पाऱ्यो । यो कानुनले अमेरिकी जनतामा झनै विद्रोही भावना विकसित गऱ्यो ।

### (घ) सप्तवर्षीय युद्ध

सप्तवर्षीय युद्ध सन् १७५६ देखि १७६३ सम्म फ्रान्स र इङ्ल्यान्डबिच क्यानडाका लागि गरिएको थियो । यो युद्धको परिणामस्वरूप क्यानडाबाट फ्रान्सेली शासनको अन्त्य भई इङ्ल्यान्डको शासन स्थापित भयो । यो युद्धको बेला अमेरिकी उपनिवेशहरूमा उद्योगको विकास भई हतियारहरूको उत्पादन हुन थाल्यो जसले गर्दा

अमेरिकीहरूले रोजगारीका अवसरहरू समेत प्राप्त गरे । तर युद्धको अन्त्य भएपछि कलकारखाना बन्द भए र मानिसहरू बेरोजगार बने । त्यस्तै कृषिलगायतका उत्पादनहरू घट्न गए र आर्थिक सङ्कट सिर्जना भयो । यसले गर्दा अमेरिकीहरूमा असन्तोष फैलियो । त्यसैगरी यो युद्धमा उपनिवेशका मानिसहरूले समेत भाग लिएका हुनाले उनीहरूलाई युद्ध कलाको ज्ञान पनि प्राप्त भएको थियो । अत: यो पनि अमेरिकी स्वतन्त्रता सङ्ग्रामको एउटा कारण बन्न गयो ।

### (ङ) अमेरिकीहरूलाई फ्रान्सको सहयोग

सप्तवर्षीय युद्धको समयमा इङ्ल्यान्ड र फ्रान्सका बिच अमेरिकामा मात्र नभई भारत र युरोपमा समेत युद्ध भएका थिए । यो युद्धमा फ्रान्सले इङ्ल्यान्डसँग पराजय भोग्नुपर्दा आफ्ना धेरै उपनिवेशहरू गुमाउनुपरेको थियो भने अपमान समेत सहनुपरेको थियो । फ्रान्सले यसको बदला लिन चाहन्थ्यो । त्यसका लागि उसले अमेरिकीहरूलाई इङ्ल्यान्डका विरुद्ध आर्थिक एवम् सैन्य सामग्रीहरूको सहयोग उपलब्ध गरायो ।

### (च) व्यापार कानुन

इङ्ल्यान्डको संसदले उपनिवेशहरूलाई आयात-निर्यातमा प्रतिबन्ध लगाउने कानुन बनाएको थियो । जसबमोजिम उपनिवेशहरूले चिनी, कपास र सुर्ती इङ्ल्यान्डबाहेक अन्य मुलुकबाट आयात गर्न पाउँदैनथे । फलाम र ऊनी कपडाका उद्योगहरू स्थापना गर्न उपनिवेशहरूलाई प्रतिबन्ध लगाइएको थियो । त्यस्ता चिजहरू आवश्यक परेमा इङ्ल्यान्डबाटै आयात गर्नुपर्दथ्यो । त्यसैगरी अमेरिकामा उत्पादित सामानहरू अन्य मुलुकामा पठाउँदा वा अमेरिकामै प्रयोग गर्दा पनि इङ्ल्यान्डलाई भन्सार तिर्नुपर्दथ्यो । यस प्रकारको कर प्रणालीले गर्दा अमेरिकामा उद्योगहरूको विकासमा बाधा परेको थियो र जनताहरू महँगीको मारमा परेका थिए । त्यसै गरी सन् १७६७ मा पैठारी कर कानुन (Import Duties Act) पारित गरी सिसा, कागज, रङ र चियाको आयतमा समेत कर लगाइयो । अत: यस्ता समस्या समाधान गर्नका लागि पनि उनीहरूले इङ्ल्यान्डबाट स्वतन्त्रता प्राप्त गर्ने चाहना गरे ।

### (छ) नेभिगेसन र मोलासेस एक्ट (Navigation and Molasses Act)

नेभिगेसन र मोलासेस एक्ट इङ्ल्यान्डले अमेरिकाका आफ्ना उपनिवेशहरूमाथि लगाएका व्यापारिक कानुनहरू हुन् । नेभिगेसन एक्टबमोजिम कुनै पनि अमेरिकीले इङ्ल्यान्ड वा अन्य मुलुकसँग व्यापार गर्नुपर्दा इङ्ल्यान्डका जहाजहरू मात्रै प्रयोग गर्नुपर्दथ्यो । अन्य जहाजहरूको तुलनामा इङ्ल्यान्डका जहाजहरूको भाडा पनि महँगो हुन्थ्यो । यस प्रकारको कानुनबाट अमेरिकी नागरिकहरूले अन्यायमा परेको महसुस गरे । त्यसै गरी मोलासेस एक्ट भनेको चिनीसम्बन्धी कर हो । अमेरिकीहरूले फ्रेन्च कम्पनीहरूबाट चिनीको आयात गर्ने गर्दथे । यो चिनी सस्तो र गुणस्तरीय थियो । तर इङ्ल्यान्डको संसद्ले मोलासेस एक्ट पारीत गरी फ्रेन्च कम्पनीबाट आउने चिनीमा कर बढाइदियो । यसले गर्दा यो चिनी महँगो पर्न गयो । यी दुई कानुनहरूको कारणले गर्दा अमेरिकी नागरिकहरूमा विद्रोही भावनाको विकास गरायो ।

### (ज) बोस्टन टि पार्टी (Boston Tea Party)

अमेरिकी स्वतन्त्रता सङ्ग्रामको इतिहासमा बोस्टन टि पाटी निकै महत्त्वपूर्ण घटना हो । सन् १७७० देखि इङ्ल्यान्डका अधिकारीहरूले बलपूर्वक अमेरिकीहरूसँग भन्सार असुली गर्न लागे । यो कुरा व्यापारीहरूलाई चित्त नबुझेकोले बोस्टन निवासीहरूले यसको बिरोधमा प्रदर्शन सुरु गरे । भन्सार चुहावट नियन्त्रण गर्नका लागि इङ्ल्यान्डको जहाजले भन्सारहरूको गस्ती गर्न थाल्यो तर अमेरिकीहरूले सो जहाज जलाइदिए ।

यस अवधिमा अमेरिकनहरूले चिया कानुनको बिरोधमा प्रदर्शन गरिरहेका थिए । वास्तवमा यो प्रदर्शनीमा अमेरिकीहरूले चियाको माध्यमबाट इङ्ल्यान्डको संसद्को बिरोधमा गरिएको थिए । इङ्ल्यान्डको संसद्मा अमेरिकीहरूको प्रतिनिधित्व नभएको हुनाले सो संसद्ले अमेरिकामाथि कर लगाउन पाउँदैन भन्दै No Taxation without Representation भन्ने नाराका साथ अमेरिकाका विभिन्न स्थानहरूमा प्रदर्शनहरू भइरहेका थिए र इङ्ल्यान्डले सकेसम्म उनीहरूमाथि दमन गरिरहेको थियो ।

सन् १७७३ को डिसेम्वर १६ मा प्रदर्शनकारीहरूले इस्ट इन्डिया कम्पनी (East India Company) का चियाका पोकाहरू जहाजबाट समुद्रमा फालिदिए । यसैलाई बोस्टन टी पार्टी (Boston Tea Party) भनिन्छ ।

### (झ) तत्कालीन कारण

बोस्टन चिया प्रकरणले अमेरिका र इङ्ल्यान्डभरि नै सनसनी मच्चायो । त्यसबेलाका इङ्ल्यान्डका प्रधानमन्त्री लर्ड नर्थले यस्तो उपद्रव गर्ने अमेरिकीहरूमाथि कठोर सजाय गर्ने नीति बनाई सन् १७७४ मा संसद्बाट तीनओटा कानुनहरू पारित गराए । ती कानुनहरू बोस्टन पोर्ट टि एक्ट (Boston Port Tea Act), म्यासाच्युसेट्स गभर्नमेन्ट एक्ट (Massachusetts Government Act) र क्युवेक एक्ट (Quebec Act) थिए ।

बोस्टन पोर्ट टि एक्ट (Boston Port Tea Act) अनुसार बोस्टन बन्दरगाहलाई बन्द गरियो । यसको प्रत्यक्ष प्रभाव बोस्टनवासीहरूलाई पर्न गयो । त्यसै गरी म्यासाच्युसेट्स गभर्नमेन्ट एक्ट (Massachusetts Government Act) अनुसार म्यासाच्युसेट्सको स्वायत्तता अन्त्य गरी इङ्ल्यान्डको प्रत्यक्ष निगरानीमा राखियो । यस राज्यको व्यवस्थाका लागि इङ्ल्यान्डले आफ्ना सैनिक अधिकारीहरू नियुक्त गर्‍यो र अङ्ग्रेज सैनिकहरूको सङ्ख्या पनि बढायो । यो राज्यमा आमसभा र जुलुसमा समेत प्रतिबन्ध लगाइयो । क्युवेक एक्ट (Quebec Act) अनुसार क्यानडालाई धार्मिक स्वतन्त्रता प्रदान गरियो ।

| केही तिथि मिति | |
|---|---|
| सन् १७६५ | इङ्ल्यान्डको संसद्द्वारा टिकट कानुन पारित |
| सन् १७७३ डिसेम्वर १६ | बोस्टन चिया प्रकरण |

## कक्षाकार्य

अमेरिकी स्वतन्त्रता सङ्ग्रामका कारणहरू साथीलाई सोध्नुहोस् र तपाईंले पनि साथीलाई बताउनुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) अमेरिका पुग्ने पहिलो व्यक्ति को हुन् ?

(ख) स्वतन्त्रता सङ्ग्राम भन्नाले तपाईं के बुझ्नुहुन्छ ?

(ग) अमेरिका र इङ्ल्यान्डका मानिसहरूले के कस्ता धर्महरू मान्दथे ?

(घ) इङ्ल्यान्डका अधिकारीहरूले किन सन् १७७० ताका अमेरिकी उपनिवेशहरूमा जबरजस्ती भन्सार उठाउन थाले ?

(ङ) बोस्टन टी पार्टीमार्फत् अमेरिकनहरूले के कुराको माग गरिरहेका थिए ? एक वाक्यमा लेख्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) अमोरिकामा सरकार र व्यवस्थापिकाकाबिच किन द्वन्द्व चल्यो ?

(ख) सप्तवर्षीय युद्धले कसरी अमेरिकीहरूलाई स्वतन्त्रतातर्फ उन्मूख गरायो ?

(ग) इङ्ल्यान्डले आफ्ना उपनिवेशहरूको आयात तथा निर्यात व्यापारमा किन प्रतिबन्ध लगाएको होला ?

(घ) इङ्ल्यान्डले अमेरिकी उपनिवेशहरूमा के कस्ता कुराहरूको आयात र निर्यातमा प्रतिबन्ध लगाएको थियो ? सूची बनाउनुहोस् ।

(ङ) नेविगेसन र मोलासेस एक्ट (Navigation and Molasses Act) को छोटकरीमा परिचय दिनुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

१. स्ट्याम्प कानुन (Stamp Act) भनेको के हो र यो कसरी अमेरिकी स्वतन्त्रता सङ्ग्रामको कारण बन्न गयो ?

२. एक स्वतन्त्र राज्य फ्रान्सले अर्को स्वतन्त्र राज्य इङ्ल्यान्डलाई समर्थन नगरी किन अमेरिकी उपनिवेशहरूलाई सहयोग गरेको होला ? यसको पृष्ठभूमिको आधारमा चर्चा गर्नुहोस् ।

३. अमेरिकी स्वतन्त्रता सङ्ग्रामको तत्कालीन कारणको चर्चा गर्नुहोस् ।

| पाठ – २ | अमेरिकी स्वतन्त्रता सङ्ग्राम : घटना र परिणाम |
|---|---|


जर्ज वासिङ्टन

बोस्टन टी पार्टीपछि इङ्ल्यान्डले अमेरिकाप्रति कठोर नीति अवलम्बन गऱ्यो । तर अमेरिकी जनताहरू स्वतन्त्रताको चाहनाले एकत्रित भइसकेका थिए । लर्ड नर्थका दमनकारी कानुनहरूको विरोध गर्नकालागि सन् १७७४ को अक्टोबरमा अमेरिकाका सबै उपनिवेशका प्रतिनिधिहरूले फिलाडेल्फियामा भेला भई सरकारलाई अमेरिकामाथि कुनै कर लगाउने अधिकार छैन भन्ने प्रस्ताव पारित गरे । यो भेलालाई फिलाडेल्फिया काङ्ग्रेस पनि भनिन्छ । यो भेला (फिलाडेल्फिया काङ्ग्रेस) को निर्णय अनुसार अमेरिकामाथि लगाइएका यी तीन कानुनहरू रद्द गरियोस् भनी इङ्ल्यान्ड सरकारलाई एउटा अनुरोध पत्र पठाइयो । तर इङ्ल्यान्ड सरकारले त्यस पत्रको बेवास्ता गरेपछि अमेरिकीहरूले इङ्ल्यान्डका सामानहरूको बहिष्कारबाट आफ्नो आन्दोलनको थालनी गरे । तर पनि इङ्ल्यान्डले कुनै चासो नदिएपछि अमेरिकीहरूले स्वतन्त्रता सङ्ग्राम गर्ने निर्णय गरी सन् १७७५ अप्रिल १९ को दिनबाट युद्धको थालनी गरे ।

स्वतन्त्रता सङ्ग्रामको पहिलो दिनमा अमेरिकी र इङ्ल्यान्डका सेनाका बिच लेजिङ्गटन र म्यासाच्युसेट्स (Lexington and Massachusetts) को गोली हानाहानमा कैयौँ मानिसहरूको ज्यान गयो । इङ्ल्यान्डका सेनालाई यो युद्धमा पराजित गरेकाले अमेरिकीहरूमा ठुलो उत्साह थप्यो । त्यसै गरी युद्धकै समयमा विभिन्न अमेरिकी लेखकहरूले स्वतन्त्रताका लागि युद्धमा सहभागिताको आह्वान गर्दै लेख, रचना र पुस्तकहरू प्रकाशित गरे । यसले प्रभावित भएर ठुलो सङ्ख्यामा अमेरिकी नागरिकहरू स्वतन्त्रता सङ्ग्राममा सहभागी हुन आए ।

सन् १७७६ जुलाई ४ मा उपनिवेशका प्रतिनिधिहरूको फिलाडेल्फियामा अर्को सम्मेलन भयो । यो सम्मेलन पनि पहिलो सम्मेलन जत्तिकै महत्त्वपूर्ण थियो । यो सम्मेलनले जर्ज वासिङ्टन (George Washington) को नेतृत्वमा “महादेशीय सेना” (Continental Army) को गठन गर्ने निर्णय गऱ्यो । यही सम्मेलनमा जेफर्सन (Jefferson) ले अमेरिकी स्वतन्त्रको घोषणा (Declaration of Independence) प्रस्ताव पेस गरे । यो प्रस्तावमा अब उप्रान्त इङ्ल्यान्डसँग अमेरिकीहरूको कुनै राजनीतिक सम्बन्ध नभएको र उनीहरू स्वतन्त्र भएको कुरा उल्लेख गरिएको थियो । यो घोषणा निम्नलिखित तीन सिद्धान्तहरूमा आधारित थियो :

१. सबै मानिस समान महत्वका भएकाले उनीहरूलाई बाँच्ने र स्वतन्त्र रूपमा खुसी रहने अधिकार छ ।
२. सरकारको स्रोत जनता भएकाले जनताले सम्मान पाउनुपर्छ ।

३. जनविरोधी एवम् निरङ्कुश सरकारलाई हटाउनु जनताको अधिकार हो ।

यो घोषणालाई अमेरिकीहरूले कार्यान्वयन गर्ने पहल गर्दै इङ्ल्यान्डसँगको सम्पर्क विच्छेद गरे र १३ ओटा राज्यहरू मिलाएर "संयुक्त राज्य अमेरिका" को स्थापना गरे । अमेरिकीहरूको व्यवहारले रिसाएको अङ्ग्रेजी सेनाले सन् १७७७ को सेप्टेम्बर महिनामा अमेरिकीहरूलाई पराजित गर्दै ब्रान्डिवाइन क्रीक र फिलाडेल्फिया (Brandywine Creek and Philadelphia) कब्जा गऱ्यो । तर १७७७ को अक्टोबर १७ मा अङ्ग्रेजी सेनाले साराटोगा (Saratoga) आसपासमा आत्मसर्मपण गर्न बाध्य भयो । अमेरिकी स्वतन्त्रता सङ्ग्रामको लागि यो विजय निकै महत्त्वपूर्ण भयो । यो युद्धमा फ्रान्स र स्पेनले पनि अमेरिकालाई प्रत्यक्ष सहयोग गरेका थिए ।

जर्ज वासिङ्गटनको नेतृत्वको अमेरिकी सेनाले अमेरिकाका विभिन्न स्थानहरूमा इङ्ल्यान्डलाई पराजित गर्दै गयो । फ्रान्सले अमेरिकी सेनालाई तालिम दिने, इङ्ल्यान्डविरुद्ध युद्ध लड्ने र अमेरिकालाई हतियारको आपूर्ति गरेर सहयोग गऱ्यो । सन् १७८१ अक्टोबर १९ मा इङ्ल्यान्डका सेनापति कर्न वालिस (Cornwallis) को नेतृत्वको सेनालाई अमेरिकी र फ्रान्सेली सेनाले योर्क टाउनमा घेरामा पाऱ्यो । कुनै उपाय नलागेपछि कर्नवालिसले आत्मसमर्पण गरे । यसरी अमेरिकी स्वतन्त्रता सङ्ग्राम समाप्त भयो । सन १७८२ को अन्त्यतिर इङ्ल्यान्डको सेना अमेरिकाबाट फिर्ता आयो । यो युद्धपछि फ्रान्सको पेरिसमा सन १७८३ सेप्टेम्वर ३ मा अमेरिकी र इङ्ल्यान्डका प्रतिनिधिहरूले हस्ताक्षर गरेपछि अमेरिकाले स्वतन्त्रता प्राप्त गऱ्यो ।

### १. अमेरिकी स्वतन्त्रता सङ्ग्रामका परिणामहरू

अमेरिकी स्वतन्त्रता सङ्ग्रामले अमेरिकामामा मात्र परिवर्तन ल्याएको होइन इङ्ल्यान्डको रणनीतिमा नै परिवर्तन गऱ्यो । यो घटनाले युरोपका अन्य मुलुकहरूलाई समेत प्रभावित बनायो । यसका केही परिणामहरू यसप्रकार छन् :

**(क) अमेरिकामा प्रभाव**

**(अ) राजनीतिक परिवर्तन**

यो सङ्ग्राम अमेरिकाको स्वतन्त्रताका लागि अमेरिकी भूमिमा भएको थियो । त्यसैले अमेरिकामा विभिन्न किसिमका प्रभावहरू पर्न गए । अमेरिकाका राज्यहरूलाई मिलाएर संयुक्त राज्य अमेरिकाको स्थापना गरियो । सबैभन्दा महत्त्वपूर्ण कुरा अमेरिकामाथि अमेरिकीहरूकै राज चल्न थाल्यो । जर्ज वासिङ्गटन अमेरिकाको प्रथम राष्ट्रपति बने ।

**(आ) वैधानिक परिवर्तन**

इङ्ल्यान्डका राजा जर्ज तृतीय र गर्भनरको मनोमानीमा अमेरिकाको शासन व्यवस्था सञ्चालन हुँदै आएको थियो । स्वतन्त्रतापछि यहाँ संविधानको निर्माण भई संवैधानिक सर्वोच्चता कायम भयो । अमेरिकाको संविधान

नै विश्वको पहिलो लिखित संविधान हो । राज्य व्यवस्था सञ्चालनका लागि प्रतिनिधिसभा र सिनेट रहेको दुई सदनात्मक व्यवस्थापिका रहने संवैधानिक प्रावधान बन्यो । प्रतिनिधिसभामा देशभरिका नागरिकहरूको प्रत्यक्ष मतदानका आधारमा निर्वाचित जनप्रतिनिधिहरू रहने र सिनेटमा प्रत्येक प्रदेशले अनुपातका आधारमा प्रतिनिधिहरू निर्वाचित गरी पठाउने प्रावधान बन्यो । न्याय क्षेत्रलाई निष्पक्ष एवम् वैधानिक बनाउनका लागि सर्वोच्च अदालतको स्थापना भयो ।

**(इ) सामाजिक र आर्थिक परिवर्तन**

अमेरिकी समाजमा दास प्रथा एवम् रङ्गभेदी प्रथाहरू कायम थिए । देशको स्वतन्त्रतापछि यी प्रथाहरूमा खासै परिवर्तन भने आएन । तर लैङ्गिक समानताको क्षेत्रमा भने ठुलै प्रकारको परिवर्तन आयो । अमेरिकी समाजमा पैतृक सम्पतिको उपभोगको लागि उत्तराधिकारीका चलन थियो । तर स्वतन्त्रतापछि यो प्रथाको अन्त्य गरी छोरीले समेत पैतृक सम्पत्ति पाउने प्रावधान राखियो । यसले गर्दा पैतृक सम्पत्तिमा सबै सन्तानहरूको समान अधिकार स्थापित भयो । त्यसै गरी सन् १७९१ मा अमेरिकालाई धर्म निरपेक्ष राष्ट्र घोषित गरी सबैलाई धार्मिक स्वतन्त्रता दिइयो ।

देशमा आर्थिक न्याय कायम गर्ने प्रयास पनि गरियो । अमेरिकामा इङ्ल्यान्डका नागरिकहरूले जमिनको ठुलो हिस्सा ओगटेर बसेका थिए । इङ्ल्यान्डको साम्राज्यको अन्त्य भएपछि ती मानिसहरू इङ्ल्यान्ड फर्किए, जसले गर्दा त्यहाँको जमिन भूमिहीनहरूलाई वितरण गरियो । यसपछि औद्योगिक विकासको पनि थालनी भयो ।

**(ख) इङ्ल्यान्डमा परिवर्तन**

**(अ) औपनिवेशिक नीतिमा परिवर्तन**

अमेरिकाबाट फिर्ता आउनु इङ्ल्यान्डका लागि राजनीतिक, आर्थिक एवम् सैनिक दृष्टिले ठुलो नोक्सानी थियो । उपनिवेशहरू माथिको इङ्ल्यान्डको अनुदार र कठोर नीतिको कारणले अमेरिकी स्वतन्त्रता सङ्ग्राम भएको थियो । राजनीतिक रूपमा गर्दा अन्य उपनिवेशहरूमा पनि यस्तै क्रान्ति हुन सक्छ भन्ने डरले राजनीतिक र आर्थिक रूपले खुला नीतिको अवलम्बन गऱ्यो ।

इङ्ल्यान्डले विभिन्न सजाय पाएका मानिसहरूलाई अस्ट्रेलियामा लगेर राख्ने गरेको थियो भने अमेरिकी स्वतन्त्रता सङ्ग्राम सफल भएपछि अमेरिकामा बसिरहेका इङ्ल्यान्डका नागरिकहरू अष्ट्रेलियामा गई बस्न लागे । यसले गर्दा अस्ट्रेलियाले आर्थिक क्षेत्रमा राम्रो उन्नति गर्न सफल भयो । इङ्ल्यान्ड सरकारले यसलाई स्वायत्तता समेत प्रदान गऱ्यो । त्यसैगरी यो युद्धको कारणले क्यानडा, आयरल्यान्ड र भारतका मानिसहरू पनि प्रभावित भई स्वतन्त्रताको माग गर्लान् भन्ने इङ्ल्यान्डलाई ठुलो त्रास थियो । त्यसैले इङ्ल्यान्डले क्यानडा र आयरल्यान्डलाई स्वतन्त्रता दियो । आयरल्यान्डमाथि लगाइएका व्यापारिक प्रतिबन्धहरू हटायो । भारतलाई थामथुम पार्नकालागि शासन प्रणालीमा हेरफेर र सुधार गरी जनतालाई खुसी पार्ने प्रयास भयो ।

(आ) **राजाका अधिकारहरूको कटौती**

अमेरिकी स्वतन्त्रता सङ्ग्रामको समयमा जर्ज तृतीय इङ्ल्यान्डका राजा थिए र उनको अहङ्कारी एवम् कठोर नीतिका कारणले अमेरिकी स्वतन्त्रता सङ्ग्राम भएको थियो । अमेरिकी स्वतन्त्रता सङ्ग्रामपछि इङ्ल्यान्डको संसदले राजाका अधिकारहरूमा कटौती गरी निरङ्कुशताको अन्त्य गऱ्यो । राजकीय अधिकारहरू संसद् र मन्त्रिपरिषद्ले अभ्यास गर्न लागे ।

(इ) **आर्थिक समस्या**

सप्तवर्षीय युद्धका कारणले इङ्ल्यान्डको आर्थिक अवस्था कमजोर भएको थियो । अमेरिकी स्वतन्त्रता सङ्ग्रामले यसको आर्थिक अवस्था अझै खस्काइदियो । १३ ओटै अमेरिकी उपनिवेशहरू इङ्ल्यान्डको उद्योग व्यावसाय र व्यापारका प्रमुख स्रोत थिए । तर ती गुम्न गएपछि त्यहाँका उद्योग धन्धाहरू प्रभावित हुन गए । यसको पूर्तिका लागि अन्य आर्थिक स्रोतहरूको खोजी गर्नुपर्ने भयो ।

(ग) **फ्रान्समा प्रभाव**

अमेरिकी स्वतन्त्रता सङ्ग्राममा फ्रान्सले प्रत्यक्ष सहयोग गरेको थियो । तर फ्रान्सको राजनीतिमा भने यसले कुनै किसिमको परिवर्तन भएन । फ्रान्समा लुईको निरंकुश शासन चलिरहेको थियो । त्यस स्वतन्त्रताबाट प्रभावित भएर फ्रान्समा समेत प्रजातान्त्रिक व्यवस्थाको स्थापनाका लागि क्रान्ति भयो ।

## कक्षाकार्य

पाठ पढेर अमेरिकी स्वतन्त्रता सङ्ग्रामसँग सम्बन्धित मिति र घटनाहरू टिपोट गर्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) अमेरिकी उपनिवेशका प्रतिनिधिहरूले फिलाडेल्फिया सम्मेलन गर्नुको मूल कारण के हो ?

(ख) अमेरिकी उपनिवेशहरूले इङ्ल्यान्ड सरकारलाई कस्तो पत्र पठाएका थिए ?

(ग) अमेरिकी स्वतन्त्रता सङ्ग्रामको थालनी कहिलेबाट भयो ?

(घ) संयुक्त राज्य अमेरिकाको स्थापना कसरी भएको हो ?

(ङ) अमेरिकी स्वतन्त्रता सङ्ग्रामलाई किन विश्व इतिहासको महत्त्वपूर्ण घटना मानिन्छ ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) फिलाडेल्फिया काङ्ग्रेस भनेको के हो र यसले के निर्णय गऱ्यो ?

(ख) अमेरिकी स्वतन्त्रताको घोषणा प्रस्तावमा उल्लेख गरिएका कुराहरूको सूची तयार पार्नुहोस् ।

(ग) स्वतन्त्रता सङ्ग्रामपछि अमेरिकाको राजनीतिमा भएको परिवर्तनको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

(घ) अमेरिकी स्वतन्त्रता सङ्ग्राम कसरी फ्रान्सका लागि उपयोगी भयो ? साथीसँग छलफल गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) अमेरिकी स्वतन्त्रतापछि अमेरिकामा आएका परिवर्तनहरूको चर्चा गर्नुहोस् ।

(ख) अमेरिकी स्वतन्त्रता सङ्ग्राम पछि इङ्ल्यान्डले किन आफ्नो नीतिमा परिवर्तन गर्नुपर्‍यो ? यसको कारण लेख्दै इङ्ल्यान्डले गरेका परिवर्तनहरू औँल्याउनुहोस् ।

❍❍❍

| पाठ – ३ | इङ्ल्यान्डको गौरवमय क्रान्ति |
|---|---|

इङ्ल्यान्डको गौरवमय क्रान्तिका बेला त्यहाँका राजा जेम्स द्वितीय थिए । दाजु चार्ल्स द्वितीयको मृत्युपछि सन् १६८५ मा उनी इङ्ल्यान्डका राजा भएका हुन् । जेम्स द्वितीयको अन्धविश्वासी, निरङ्कुश स्वभाव एवम् क्याथोलिक धर्मप्रतिको अन्धआस्थाका कारणले यो क्रान्ति हुन गएको हो । सन् १६८८ मा बिनारक्तपात क्रान्ति सफल भएकाले यसलाई गौरवमय क्रान्ति भनिन्छ ।

## १. क्रान्तिका कारण

### (क) जेम्स द्वितीयको अहङ्कारी स्वभाव

जेम्स द्वितीय राजगद्धीमा बस्दा इङ्ल्यान्डको परिस्थिति उनको अनुकूल थियो । तर उनको अहङ्कारी स्वभाव र कट्टर क्याथोलिक विश्वासका कारणले देशका जनता, संसद र सेना उनीसँग चिढिए । त्यसबेला उदार राजतन्त्रको खोजी भइरहेको थियो तर उनले राजाका दैवी अधिकारहरूको उपभोग गर्न थाले । दैवी अधिकार भनेको राजा भगवान हुन् र उनले जे गरे पनि हुन्छ भन्ने सोचाइ हो ।

### (ख) फ्रान्ससँगको सम्बन्ध

इङ्ल्यान्डका मानिसहरूले प्रोटेस्टेन्ट धर्ममा विश्वास गर्दथे भने फ्रान्सको राजधर्म क्याथोलिक थियो । प्रोटेस्टेन्ट र क्याथोलिक भनेका क्रिस्चियन धर्मका दुई शाखाहरू हुन् । फ्रान्सका राजा लुई चौधौँले त्यहाका प्रोटेस्टेन्टहरूमाथि अत्याचार गर्दै निरङ्कुश सासन चलाइ रहेका थिए । जेम्स द्वितीयले इङ्ल्यान्डको राजगद्दी सम्हालेपछि फ्रान्ससँग सम्बन्ध विस्तार गर्न लागे । यसले गर्दा इङ्ल्यान्डका जनताहरू उनीसँग असन्तुष्ट भए ।

### (ग) सेनाको स्थापना

इङ्ल्यान्डमा राजाको मातहतमा स्थायी सेना राख्न पाउने कुनै कानुनी प्रावधान थिएन । तर जेम्स द्वितीयले ३० हजार जति स्थायी सेनाको स्थापना गरी क्याथोलिकहरूलाई यसमा भर्ना गरे । यसले गर्दा इङ्ल्यान्डको सेना समेत उनीसँग असन्तुष्ट भयो ।

### (घ) विशेष न्यायालयको स्थापना

राजा जेम्सले क्याथोलिक धर्म मान्ने हुनाले उनले प्रोटस्टेन्टहरूको दमन गर्ने नीति अवलम्बन गरे । आफ्नो नीतिलाई मूर्तरूप दिनका लागि उनले हाइकमिसन/विशेष अदालतको स्थापना गरी क्याथोलिक न्यायधीशहरूको नियुक्ति गरे । यो अदालतको बिरोध भएपछि राजाको विशेष आदेशमा बिरोधीहरूको दमन गरियो । उनले आफ्नो आदेश पालना गराउनका लागि अर्को धार्मिक अदालत पनि गठन गरे । यति मात्र नभइ उनले राज्यका महत्त्वपूर्ण पदहरूबाट प्रोटेस्टेन्टहरूलाई हटाई क्याथोलिकहरूलाई नियुक्त गर्न थाले ।

राजाको दैवी शक्तिको बिरोध गर्नेहरूलाई कठोर सजाय दिन थालियो । उनको यस कार्यले गर्दा धार्मिक सम्प्रदायले समेत राजाको बिरोधमा आवाज उठाउन सुरु गऱ्यो ।

### (ङ) टेस्ट एक्टको उलङ्घन (Violation of Test Act)

टेस्ट एक्ट भनेको परीक्षणको नियम हो । यो नियमअनुसार कुनै पनि व्यक्ति सरकारी वा अन्य सार्वजनिक पदमा नियुक्त हुँदा उसले अङ्ग्रेजी चर्चप्रति आफ्नो विश्वास रहेको सपथ लिनुपर्दथ्यो । यो नियमअनुसार क्याथोलिकहरूलाई त्यस्ता पद वहाली गर्न सम्भव थिएन । तर जेम्स द्वितीयले राजगद्दी सम्हालेपछि यो नियमको उलङ्घन गर्दै त्यस्ता पदहरूमा क्याथोलिकहरूको नियुक्ति गर्न थाले । यसले गर्दा संसद् र अन्य व्यक्तिहरू उनीसँग रिसाए । संसद्ले यस विषयमा राजासँग स्पष्टीकरण माग्यो । तर राजाले टेस्ट एक्ट नै रद्द गर्नुपर्ने प्रस्ताव संसदमा पठाए । उनी संसद्सँग रिसाएर संसद नै स्थगित गरिदिए । यसबेलासम्म संसदमा बहुमत रहेको टोरी दल राजाको समर्थक थियो । राजाको यस्तो कार्यले गर्दा टोरी दल समेत राजाको बिपक्षमा उभियो ।

### (च) आयरल्यान्ड र स्कटल्यान्डमा धार्मिक हस्तक्षेप

आयरल्यान्ड र स्कटल्यान्डमा इङ्ल्यान्डको शासन थियो । जेम्स द्वितीयले आफ्नो धार्मिक विश्वासअनुसार यहाँको गभर्नरमा क्याथोलिकहरूलाई नियुक्त गरी पठाए र उनकै निर्देशनअनुसार सेनालगायत अन्य महत्त्वपूर्ण पदहरूबाट प्रोटेस्टेन्टहरूलाई हटाई क्याथोलिकहरूको नियुक्ति गरियो । यसले गर्दा यहाँका मानिसहरूले राजाको विरुद्धमा आवाज उठाए । उनीहरूको यस आवाजलाई कठोरतापूर्वक दमन गरियो ।

### (छ) शैक्षिक संस्थाहरूमाथि हस्तक्षेप

जेम्स द्वितीयले प्रशासनिक क्षेत्रमा मात्र नभई शैक्षिक क्षेत्रमा पनि हस्तक्षेप गर्न सुरु गरे । क्याम्ब्रिज र अक्सफोर्ड विश्वविद्यालय यहाँका चर्चित विश्वविद्यालयहरू हुन् । एकजना क्याथोलिक पादरीले आवश्यक परीक्षा उत्तीर्ण नगरेका कारणले क्याम्ब्रिज विश्वविद्यालयले उनलाई एम.ए.को उपाधि नदिएको आरोपमा राजाले त्यहाँका उपकुलपतिलाई बर्खास्त गरी कुनै क्याथोलिकलाई सो पदमा नियुक्त गरे । उनको यस्तो कार्यले इङ्ल्यान्डको सम्पूर्ण शैक्षिक क्षेत्र नै तहसनहस भयो ।


जेम्स द्वितीय

### (ज) खुनी अदालतको स्थापना/मनमथको विद्रोह

सन् १६८५ मा स्कटल्यान्डमा राजा जेम्स द्वितीयको अत्याचारका विरोधमा विद्रोह भयो । यो विद्रोहका नाइके आग्रीललाई गिरफ्तार गरी निरङ्कुशतापूर्वक हत्या गरियो । उनको हत्यापछि राजा चार्ल्स द्वितीयका ठिमाहा छोरा मन्थमथले विद्रोहको नेतृत्व गरे । सेनाको प्रयोग गरी सो विद्रोह दमन गरियो र मन्मथलाई सजाय दिनका लागि राजाले विशेष अदालतको स्थापना गरे । यो अदालतले मनमथ र उनका ३०० सहयोगीहरूलाई मृत्युदण्ड दिने फैसला गऱ्यो । अत: यो अदालतलाई खुनी अदालत

(The bloody Assizes) पनि भनिन्छ । यो अदालतको यस्तो निर्णय पनि क्रान्तिको कारण बन्न गयो ।

**(झ) धार्मिक अनुग्रहको घोषणा**

सन १६८७ मा राजा जेम्स द्वितीयले धार्मिक अनुग्रहको घोषणा (Declaration of Indulgence) घोषणा गरे । जसअनुसार कुनै पनि पदमा नियुक्तिका लागि धार्मिक बन्देजको अन्त्य गर्ने कुरा उल्लेख गरिएको थियो । यो घोषणापछि उनले देशका उच्च र महत्त्वपूर्ण पदहरूमा नियम सङ्गत भन्दै क्याथोलिकहरूलाई भर्ना गरे । यसको सबैतिर बिरोध भयो । सन् १६८८ को जुन महिनामा राजाले अर्को धार्मिक अनुग्रहको घोषणा गरे । यसबमोजिम सम्पूर्ण प्रोटेस्टेन्ट समर्थक नियमहरू रद्ध गरिएका थिए । यसको अबज्ञा गरेको आरोपमा राजाले ७ जना पादरीहरूलाई पक्राउ गरी अदालतमा मुद्दा चलाए । तर सन् १६८८ जुन ३० मा अदालतले ती पादरीहरूलाई निर्दोष सावित गरिदियो । अदालतको यस प्रकारको फैसलालाई स्वागत गर्दै इङ्ल्यान्डभरि नै खुसीयाली मनाइयो । यसै दिन ह्विग र टोरी दलका ७ जना सांसद्‌हरूले बैठक गरी जेम्स द्वितीयको अत्याचार बढेकाले उनलाई गद्दीच्युत गरी हल्यान्डका राजा विलियम अफ अरेन्जलाई इङ्ल्यान्डको गद्दी सुम्पने योजना बनाए ।



क्याथोलिक चर्च

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) जेम्स द्वितीय कसरी इङ्ल्यान्डको राजा भएका थिए ?

(ख) सन् १६८८ को इङ्ल्यान्डको क्रान्तिलाई किन गौरवमय क्रान्ति भनिन्छ ?

(ग) क्याथोलिक र प्रोटेस्टेन्ट भनेका के हुन् ?

(घ) कस्तो घटनाले टोरी दललाई राजाको बिरोधी बनायो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) कुनै पनि परिस्थिति आफैँमा अनुकूल र प्रतिकूल हुँदैन । त्यो आफूले बनाउने कुरा हो । के तपाईं माथिका वाक्यसँग सहमत हुनुहुन्छ ? इङ्ल्यान्डको गौरवमय क्रान्तिको उदाहरण दिँदै लेख्नुहोस् ।

(ख) जेम्स द्वितीय राजा हुनासाथ फ्रान्ससँग सम्बन्ध सुधार हुनुका कारणहरू के के थिए ?

(ग) राजा जेम्स द्वितीयले आयरल्यान्डमाथि गरेका व्यवहारको चर्चा गर्नुहोस् ।

(घ) जेम्स द्वितीयको शैक्षिक संस्थाहरूमाथिको हस्तक्षेपलाई उदाहरण दिएर पुष्टि गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) विशेष न्यायालय र टेस्ट एक्टको परिचय दिँदै यिनीहरू गौरवमय क्रान्तिका कारण कसरी बने भन्ने कुराको चर्चा गर्दै एक संवाद तयार पार्नुहोस् ।

(ख) कुनै पनि धर्ममाथि हस्तक्षेप गर्ने मानिसको पतन हुन्छ, भन्ने कुरालाई जेम्स द्वितीयको उदाहरण दिँदै पुष्टि गर्नुहोस् ।

❍❍❍

# पाठ - ४ गौरवमय क्रान्तिः घटना र परिणाम



राजा जेम्स द्वितीय

सन् १६८७ को जुन ३० मा बेलायमा मुक्ति दिवस मनाइरहेका बेला यहाँका ७ जना सांसदहरूले जेम्स द्वितीयका ज्वाइँ हल्यान्डका राजा विलियम र मेरीलाई इङ्ल्यान्डको राजा बन्नका लागि निम्तो गरे । यो निम्तो स्वीकार गरी विलियम र उनकी पत्नी मेरी १६८८ नोभेम्वर ५ का दिनमा १५ हजार सैनिक सुरक्षाका साथ इङ्ल्यान्ड आए । आफ्नै छोरी ज्वाईं आफ्नो राज्य हडप्न आएपछि जेम्स द्वितीय त्यहाँबाट भागेर फ्रान्स गई लुई चौधौँको शरण परे । राजा जेम्स भागेर फ्रान्स गएपछि संसदको अधिवेशन बसेर राजगद्धी खाली रहेको घोषणा गरी विलियमलाई राजा बनाउने निर्णय गऱ्यो । राजाको स्वेच्छाचारिताबाट इङ्ल्यान्डको संसद परिचित थियो । राजा बनिसकेपछि विलियम पनि जेम्सजस्तै निरङ्कुश नबनुन् भनेर संसदले विलियम समक्ष अधिकारपत्र पेस गऱ्यो । उनले यो अधिकारपत्रमा हस्ताक्षर गरेपछि गद्दी आरोहण गराइयो । यो अधिकारपत्र (Bill of Rights) इङ्ल्यान्डको राज्य सञ्चालनसम्बन्धी मौलिक नियम थियो । यसमा निम्न कुराहरू उल्लेख गरिएका थिए :

(क) **देशको कुनै पनि नियमलाई निलम्वन, खारेज वा स्थगन गर्ने अधिकार राजालाई नहुने**

(ख) **संसद्को निर्वाचनमा राजाको कुनै हस्तक्षेप नहुने र संसदमा पूर्ण वाक्स्वतन्त्रता कायम रहने**

(ग) **संसद्को स्वीकृतिबिना राजाले कुनै किसिमका कर लगाउन र सेना राख्न नपाउने**

(घ) **इङ्ल्यान्डको राजगद्दीमा प्रोटेस्टेन्ट मात्र राजा वा रानी हुने**

**गौरवमय क्रान्तिका परिणाम**

राजा जेम्स द्वितीयको पलायनसँगै इङ्ल्यान्डबाट निरङ्कुश शासनको अन्त्य भयो र गौरवमय क्रान्ति सफल भयो । यो क्रान्तिका परिणामहरू यस प्रकार छन् :

(क) **जनमतको विजय**

इङ्ल्यान्डका जनता र संसदले उदारवादी राजतन्त्रको चाहना गरेका थिए । सन १६८७ जुन ३० मा राजा जेम्स द्वितीयले गद्दी त्यागी फ्रान्स भागेपछि जनताको यो चाहना पूरा भयो । यो विजयले जनमतको विपक्षमा हुने कुनै पनि शासकको पतन हुन्छ भन्ने कुरा प्रमाणित गऱ्यो ।

#### (ख) निरङ्कुश शासनको अन्त्य

इङ्ल्यान्डमा सन् १४८५ मा हेनरी सातौँले ट्युडर वंशको स्थापना गरी निरङ्कुश शासन सञ्चालन गरिरहेका थिए । उनीपछि सन् १६०३ मा स्कटल्यान्डका जेम्स प्रथमले इङ्ल्यान्डको समेत शासन आफ्नो हातमा लिई स्टुआर्ट वंशको स्थापना गरे । यो वंशले पनि दैवी शक्तिमा विश्वास गर्दै निरङ्कुश शासन चलाइरह्यो । गौरवमय क्रान्तिले जनताको शक्ति अजेय छ भन्ने प्रमाणित गर्दै निरङ्कुश शासनको अन्त्य गऱ्यो ।

#### (ग) धार्मिक परिणाम

गौरवमय क्रान्तिको अर्को परिणाम धार्मिक प्रभाव हो । क्रान्तिको सफलतासँगै बेलायमा क्याथोलिकहरूको दमन गरियो । देशभरि नै अङ्ग्रेजी चर्चको वर्चस्व कायम गरियो । प्रोटेस्टेन्टहरूको आधिकारिक धार्मिक संस्थालाई अङ्ग्रेजी चर्च भनिन्छ । त्यसै गरी प्रोटेस्टेन्टलाई अझै बलियो र प्रभावकारी बनाउनका लागि इङ्ल्यान्डको राजगद्दीको उत्तराधिकारी प्रोटेस्टेन्ट नै हुनुपर्ने प्रावधान बनाइयो ।

#### (घ) संसदीय सर्वोच्चता कायम

इङ्ल्यान्डमा लामो समयदेखि राजा र संसदबिच शक्ति सङ्घर्ष चलिरहेको थियो । गौरवमय क्रान्तिको सफलता पछि संसदले अधिकारपत्र (Bills of Right) को प्रस्ताव ल्यायो । यसलाई विलियम अफ अरेन्जले अनुमोदन गरेपछि उनलाई संसदले राजा बनायो । सन् १६८९ मा संसदले सिभिल एक्ट पास गरी राजाको खर्चमा नियन्त्रण गऱ्यो । सोबमोजिम राजाको वार्षिक खर्च संसदले तोक्ने प्रावधान बन्यो । त्यसै साल अर्को कानुन पारीत गरी क्याथोलिक बाहेक अन्य धर्मलाई आफ्ना क्रियाकलापहरू गर्ने स्वतन्त्रता प्रदान गरियो ।

#### (ङ) फ्रान्ससँगको सम्बन्ध

गौरवमय क्रान्ति हुनुभन्दा पूर्व इङ्ल्यान्डका राजाको फ्रान्सका सम्राटसँग निकट सम्बन्ध रहेको थियो । जेम्स द्वितीय क्याथोलिक भएकाले यो सम्बन्ध अझै दरिलो भएको थियो । तर गौरवमय क्रान्तिपछि जेम्स भागेर फ्रान्समा शरण लिन गए । त्यस्तै इङ्ल्यान्डमा क्याथोलिकहरूको दमन गरियो । यी दुई घटनापछि फ्रान्स र इङ्ल्यान्डको सम्बन्ध चिसो भयो । पछिल्लो समय यिनीहरूका बिचम कहिल्यै पनि मित्रता कायम हुन सकेन । जेसुकै भए पनि गौरवमय क्रान्ति विश्वको इतिहासमा महत्त्वपूर्ण र उदाहरणीय क्रान्तिको रूपमा स्थापित भएको हो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) सन् १६८७ जुन ३० मा इङ्ल्यान्डमा किन मुक्ति दिवस मनाइएको थियो ?

(ख) जेम्स द्वितीय किन फ्रान्सको शरणमा गए ?

(ग) विलियमले आफ्नो ससुराली आउँदा पनि किन सेना लिएर आएका होलान् ?

(घ) इङ्ल्यान्डमा निरङ्कुश शासनको अन्त्य कसरी भयो ?

(ङ) गौरवमय क्रान्तिपछि इङ्ल्यान्ड र फ्रान्सको सम्बन्धमा चिसो आउनुको कारण के थिया ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) विलियम अफ अरेन्ज को हुन् र उनी कसरी इङ्ल्यान्डको राजा बने ? छोटकरीमा चर्चा गर्नुहोस् ।

(ख) जेम्स द्वितीय फ्रान्स गएपछि इङ्ल्यान्डमा के भयो ? गौरवमय क्रान्तिका आधारमा लेख्नुहोस् ।

(ग) संसदीय सर्वोच्चताको परिचय दिँदै यसका विशेषताहरू लेख्नुहोस् ।

# पाठ - ५ कृषि क्रान्ति



बेलायतमा परम्परागत कृषि खेती

सत्रौँ शताब्दीदेखि उन्नाइसौँ शताब्दीको बिचमा इङ्ल्यान्डको कृषि क्षेत्रमा भएको क्रान्तिकारी परिवर्तनलाई विश्वको इतिहासमा कृषि क्रान्ति भनेर चिनिन्छ । यो क्रान्तिभन्दा अगाडि कृषिका लागि मानिसले परम्परागत कृषि प्रविधिको अवलम्बन गर्दथे । यो समयमा खेती गर्न प्रविधि, राम्रो बिउ र मलको प्रयोग एवम् नयाँ किसिमका कृषि औजारहरूको प्रयोग गरिएको थियो र माटाको उर्वरा शक्ति बढाइएको थियो । यसको परिणामस्वरूप इङ्ल्यान्ड विश्वमा सबैभन्दा बढी कृषि उत्पादन हुने राष्ट्रको रूपमा विकसित भयो । कृषि क्रान्तिले इङ्ल्यान्डको इतिहासमा औद्योगिक क्रान्तिको थालनी गरेको थियो भन्ने केही विद्वान्हरूको मत रहेको छ ।



चार्ल्स टाउन्सेन्ड

सत्रौँ शताब्दीसम्म इङ्ल्यान्डमा परम्परागत रूपमा खेती गर्ने गरिन्थ्यो । यसरी मानवीय र पशुहरूको शक्तिमा मात्र आधारित भई खेती गर्दा उब्जनी राम्रो हुँदैन्थ्यो । वर्षभरिको उत्पादनले मुस्किलले जीवन चल्दथ्यो । जमिनको ठुलो भाग कुलिन वर्गको अधीनमा भएकाले सर्वसाधारण मानिसहरूले निकै दुःखले जीवन बिताउनु परेको थियो । कृषि क्षेत्रको सुधारमा कसैको पनि ध्यान गएको थिएन । इङ्ल्यान्डको धेरैजसो भूमि बाँझो थियो । जनसङ्ख्याको वृद्धिसँगै इङ्ल्यान्डमा खाद्यान्नको सङ्कट पर्न थालेपछि कृषिमा आधुनकीकरण गर्नुपर्ने आवश्यकता भयो ।

यो समस्या समाधानका लागि सरकारी क्षेत्रबाट पनि पहल हुनु जरुरी थियो । जेथ्रो टुल (Jethro Tull) इङ्ल्यान्डको कृषि क्रान्तिका अग्रणी व्यक्तिको रूपमा स्थापित भए । सन १७०१ मा उनले ड्रिल (Drill) मेसिनको आविष्कार गरे । यही मेसिनको आविष्कारबाटै कृषि क्रान्तिको थालनी भयो । यो मेसिनले जमिनलाई गहिरो पारेर जोत्ने र बिउ छर्ने गर्दथ्यो । मेसिनको प्रयोग गर्दा माटो हलुका बन्नुका साथै बिउको

समेत बचत हुन गयो ।

त्यसै गरी लर्ड टाउन्सेन्डको भूमिका पनि कृषि क्षेत्रमा महत्त्वपूर्ण छ । उनी कृषिमा रुचिराख्ने इङ्ल्यान्डका राजनीतिज्ञ हुन् । इङ्ल्यान्डमा पहिला एउटा जमिनमा एक वर्ष खेती गरी अर्को वर्ष त्यसलाई बाँझो राखिन्थ्यो । तर टाउन्सेन्ड (Townshend) ले जमिन बाँझो नराखी पालैपालो खेती गर्ने सिद्धान्त (Theory of Rotation of Crops) को विकास गरे । उनको सिद्धान्तअनुसार एउटै जमिनमा वर्षभरि नै गाजर, जौ, गहुँ आदिको पालैपालो खेती गर्न थालियो । यसले माटोको उर्वरा शक्तिमा वृद्धि भयो ।

कृषिभित्र पशुपालन पनि पर्दछ । पशुहरूले उत्पादन गरेको मलले खाद्यान्न बाली सप्रिन्छ । त्यति मात्रै नभएर पशुपालनलाई व्यवसायका रूपमा अगाडि बढाउनका लागि वैज्ञानिकहरूबाट विभिन्न पहलहरू भए । रोबर्ट बेकवेल र चार्ल्स कालिङ्ग (Robert Bakewell and Charles Calling) त्यसकालका महत्त्वपूर्ण पशु वैज्ञानिकहरू हुन् । रोबर्ट बेकवेलले आफ्ना प्रयोगहरूबाट भेडाको नश्ल सुधार गरे । यस परीक्षणपछि भेडाको तौल पनि बढ्न गयो र ऊन पनि धेरै उत्पादन हुने भयो । त्यसै गरी चार्ल्स कलिङले गोरुहरूको नश्ल सुधारको प्रविधि विकास गरे । यी दुई प्रविधिहरूले इङ्ल्यान्डमा मासु र उनको उत्पादनमा वृद्धि भयो ।

इङ्ल्यान्डको कृषि जगतमा सुधार ल्याउनका लागि अर्थर योङ (Arther Young) को निकै महत्त्वपूर्ण योगदान छ । उनी इङ्ल्यान्ड कृषि विशेषज्ञ तथा लेखक हुन् । उनले कृषकका अधिकार एवम् कृषिका तरिकाहरूका बारेमा लेख्ने र आफूले समेत परीक्षण गर्ने गरी सरकारको ध्यानकर्षण गराए । उनकै पहलका कारणले उद्योगहरूले कृषि सामग्रीहरूको उत्पादन गर्न लागे भने मानिसहरू प्रेरित भई कृषिलाई मूल पेसा बनाउन थाले । इङ्ल्यान्डले कृषि नीति बनाउनका लागि पनि उनको योगदान रहेको छ । त्यसैले उनलाई कृषिका अवतार समेत भनिन्छ ।

यो समयमा आइपुगेपछि सरकारले पनि कृषि क्षेत्रको सुधारका लागि विभिन्न पहलहरू गर्‍यो । कृषकहरूको जमिन ससाना टुक्रामा बाँडिएको हुनाले त्यसमा राम्रो उब्जनी हुँदैनथ्यो । ठुलो फाँटमा मात्र उब्जनीको मात्रा बढाउन सकिने हुनाले सरकारले कानुन बनाई जमिनका साना टुक्राहरूलाई मिलाएर फाँट बनायो । किसानहरूले आफ्नो जमिनका टुक्राहरू जमिन्दारलाई बेच्नुपर्‍यो ।

कृषि क्रान्तिका सकरात्मक र नकरात्मक प्रभावहरू छन् । सरकारी र निजी दुबै क्षेत्रबाट कृषि सम्बन्धी अनुसन्धानका कार्यहरूको थालनी भयो । वैज्ञानिकहरूले कृषि सामग्रीहरूको उत्पादन सुरु गरे । कृषिमा मेसिनहरूको प्रयोग भएकाले कृषकले पहिलेको भन्दा कम परिश्रममा धेरै उत्पादन गर्न थाले । व्यावसायिक खेती प्रणालीको समेत थालनी भएकाले इङ्ल्यान्डको खाद्य सङ्कट समाप्त भयो । केही समयमा नै इङ्ल्यान्डले अन्य मुलुकहरूमा खाद्यान्नको निर्यात गरेर प्रशस्त आर्थिक लाभ प्राप्त गर्न थाल्यो ।

यसका केही नकरात्मक प्रभावहरू पनि देखा परे । थोरै जमिन हुने मानिसहरूका खेत/बारी प्लट गर्न

असम्भव भएकाले उनीहरूले आफ्नो जमिन बेचेर कृषि मजदुरीमा लाग्नुपर्‍यो । यसले गर्दा जमिन्दार, कृषक र मजदुर गरी तीन वर्गहरूको सिर्जना भयो । मानिसहरू उद्योगमा काम गर्नका लागि सहरतिर आउन लागे । यसले जनसङ्ख्याको वितरणमा प्रभाव पार्‍यो ।

कृषि क्रान्तिका केही नरात्मक प्रभावहरू भएको भए पनि यसले कृषिमा नयाँ मार्ग निर्देशन गरेको हुनाले यो एक महत्त्वपूर्ण उपलब्धि नै थियो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कृषि क्रान्तिको युग भनेर कुन समयलाई चिनिन्छ ?

(ख) कृषि क्रान्तिभन्दा अगाडि कस्तो प्रकारको कृषि प्रविधिको अवलम्बन हुन्थ्यो ?

(ग) जेथ्रो टुलले इङ्ल्यान्डको कृषि क्षेत्रमा कसरी योगदान दिए ?

(घ) ड्रिल मेसिनले कसरी माटोको उर्वरा शक्ति बढाउन सहयोग गर्‍यो ?

(ङ) नश्ल सुधार भनेको के हो र यसले कसरी कृषकलाई लाभ पुर्‍याउँछ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) कृषि क्रान्तिले औद्योगिक क्रान्तिको ढोका खोलेको हो भन्ने भनाइलाई तर्कको आधारमा पुष्टि गर्नुहोस् ।

(ख) लर्ड टाउन्सेन्ड र अर्थर योङको परिचय दिँदै कृषि क्षेत्रमा उनीहरूको योगदानको चर्चा गनुहोस् ।

(ग) कृषि क्रान्तिका कुनै दुई सकारात्मक र दुई नकारात्मक पक्षहरू लेखी आफ्नै शब्दमा विस्तार गर्नुहोस् ।

| पाठ - ६ | औद्योगिक क्रान्ति |
| --- | --- |

विश्वमा भएका विभिन्न क्रान्तिहरूमध्ये औद्योगिक क्रान्ति फरक प्रकृतिको क्रान्ति हो । साधारणतया हामीले क्रान्ति भन्नाले राजनीतिक उद्देश्यका लागि गरिने युद्ध भनेर बुझ्दछौँ । तर क्रान्ति त्यति मात्र नभई मानिसको विचार तथा क्रियाकलापहरूमा परिवर्तत ल्याउनका लागि गरिने विभिन्न किसिमका घटनाहरू हुन् । औद्योगिक क्रान्तिको उद्देश्य राजनीतिक परिवर्तन नभइ औद्योगिक विकास गर्ने भएकाले यो क्रान्ति अन्य क्रान्तिहरूभन्दा फरक थियो । इङ्ल्यान्डमा औद्योगिक क्षेत्रमा भएको परिवर्तनले त्यहाँका मानिसको विचार, क्रियाकलाप र दैनिक जीवनमा समेत परिवर्तन ल्याएको हुनाले यसलाई औद्योगिक क्रान्ति भनिएको हो । सन् १७७० देखि १८३० सम्मको अवधिमा इङ्ल्यान्डको उद्योगका सबै पुराना तौरतरिकाहरूमा परिवर्तन आई नयाँ तरिकाको अवलम्बन गर्न सुरु भयो । अत: १८ औँ शताब्दीको अन्त्यदेखि १९ औँ शताब्दीको मध्यसम्म यो क्रान्ति कायम रह्यो । यस अवधिमा मेसिनको आविष्कार भएको हुनाले मानिसले गर्ने काम मेसिनले गर्न थल्यो । जसले गर्दा उत्पादनमा वृद्धि हुन गयो ।

### १. औद्योगिक क्रान्तिका कारण

इङ्ल्यान्डबाटै ओद्योगिक क्रान्तिको थालनी हुनुका कारणहरू यस प्रकार थिए :

#### (क) भोगौलिक कारण

इङ्ल्यान्ड कोइला र फलाम खानीमा सम्पन्न मुलुक हो । यो देश समुद्रले घेरिएको हुनाले बाह्य आक्रमणबाट समेत सुरक्षित भयो र व्यापार र वाणिज्यका लागि समुद्री मार्गको प्रयोग गर्न पनि सजिलो भयो । त्यसैगरी यहाँ धेरै नदीहरू भएका हुनाले आन्तरिक यातायात र व्यापारमा पनि सहजता उत्पन्न भयो । यस प्रकारको भौगोलिक अवस्थाले औद्योगिक क्रान्तिलाई सहयोग पुर्‍यायो ।

#### (ख) राजनीतिक स्थायित्व

इङ्ल्यान्डको गौरवमय क्रान्तिको सफलतापछि त्यहाँको गृहकलह पूर्ण रूपले अन्त्य भई राजनीतिक स्थायित्व कायम भयो । यो बेलादेखि इङ्ल्यान्डको शासन व्यवस्थामा मध्यम वर्गको पहुँच बढ्दै जान लाग्यो । यो वर्ग व्यापार एवम् प्रविधिमा सिपालु थियो । त्यसैले औद्योगिक क्रान्तिलाई सहयोग मिल्न गयो ।

#### (ग) इङ्ल्यान्डको साम्राज्यवादी नीति

साम्राज्यवादी नीति त इङ्ल्यान्ड मात्र नभई युरोपका अन्य मुलुकहरूले पनि अवलम्बन गरेका थिए । तर सफल हुन सकेका थिएनन् । इङ्ल्यान्डले साम्राज्यवादी नीतिमा सफलता पाएकाले एसिया, अमेरिका र अफ्रिकाका कैयौं मुलुकहरूलाई यसले आफ्ना उपनिवेश बनाएको थियो । यी उपनिवेशहरूमा इङ्ल्यान्डको व्यापारिक

एकाधिकार थियो भने उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थहरूको आपूर्तिसमेत तिनै उपनिवेशहरूबाट गरिन्थ्यो । यस प्रकार कच्चापदार्थको आपूर्ति र उत्पादित सामग्रीको बिक्री वितरणमा इङ्ल्यान्डलाई कुनै समस्या नभएका कारणले यहींबाट औद्योगिक क्रान्ति सुरु भयो ।

(घ) **शिक्षाको विकास**

शिक्षा सबै प्रकारका विकास र चेतनाको प्रमुख आधार हो । इङ्ल्यान्डमा अक्सफोर्ड, क्याम्ब्रिज आदि जस्ता ठुलाठुला विश्वविद्यालयहरू रहेकाले प्राविधिका क्षेत्रमा प्रशस्त जनशक्तिको उत्पादन भयो । त्यसैगरी वैज्ञानिकहरूका लागि उचित प्रकारको वातावरण र प्रयोगशालाहरू भएका कारणले उद्योगलाई आवश्यक पर्ने सामग्रीहरूको आविष्कार भयो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) विश्वका कुनै चारओटा राजनीतिक क्रान्तिहरूको उदाहरण दिनुहोस् ।

(ख) औद्योगिक क्रान्तिको अवधि लेख्नुहोस् ।

(ग) व्यापारिक एकाधिकार भनेको के हो र इङ्ल्यान्डले कसरी एसिया, अमेरिका र अफ्रिकामा एकाधिकार प्राप्त गर्‍यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) क्रान्तिको परिभाषा दिँदै राजनीतिक क्रान्ति र औद्योगिक क्रान्तिका कुनै चारओटा भिन्नताहरू लेख्नुहोस् ।

(ख) इङ्ल्यान्डको भौगोलिक अवस्था किन औद्योगिक क्रान्तिका लागि उपयुक्त थियो ? एक अनुच्छेदमा लेख्नुहोस् ।

(ग) इङ्ल्यान्डको साम्राज्यवादी नीति र शिक्षाले कसरी इङ्ल्यान्डमा औद्योगिक क्रान्ति हुन गयो ? छलफल गर्नुहोस् ।

(घ) औद्योगिक क्रान्तिबाट कसलाई लाभ र कसलाई हानी हुन गयो ? चर्चा गर्नुहोस् ।

(ङ) औद्योगिक क्रान्तिबाट कसरी बालश्रम शोषणले प्राथमिकता पायो ? आफ्नो विचार लेख्नुहोस् ।

(च) विश्वका अन्य क्रान्तिहरूभन्दा औद्योगिक क्रान्ति किन फरक प्रकृतिको छ ? जानकारहरूसँग अन्तरक्रिया गरी छोटो आलेख तयार पार्नुहोस् ।


❍❍❍

| पाठ - ७ | औद्योगिक क्रान्तिका क्षेत्र र परिणाम |
|---|---|

यो क्रान्तिले एक क्षेत्रमा मात्र प्रभाव नपारी जीवनका विभिन्न क्षेत्रहरूलाई समेटेको छ । मुख्यत: कपडा उद्योगबाट सुरु भएको यो क्रान्ति यातायात र सञ्चारसम्म पुगेको थियो । यसका क्षेत्रहरूलाई सङ्क्षेपमा तल चर्चा गरिएको छ ।

### (१) औद्योगिक क्रान्तिका क्षेत्र

#### (क) वस्त्र उद्योगमा परिवर्तन


चर्खा

धागो कताइ र बुनाइका लागि विभिन्न किसिमका सामग्रीहरूको आविष्कार गरी वस्त्र उद्योगबाट औद्योगिक क्रान्तिको थालनी भयो । सन् १७३३ मा जोन के (John Kay) नाम गरेका वैज्ञानिकले फ्लाइङ सटल (Flying Shuttle) को आविष्कार गरी औद्योगिक क्रान्तिको सुरु गरे । यसको प्रयोग कपडा बुन्नका लागि हुन्छ । फ्लाइङ सटल (Flying Shuttle) को आविष्कारपछि बुन्ने काममा पहिलोको भन्दा दोब्बरले प्रगति भएको हुनाले कपडाको उत्पादन बढ्यो र धागोको अभाव भयो । यसको झन्डै ३१ वर्षपछि सन १७६४ मा जेम्स हारग्रिब्स (James Hargreaves) नाम गरेका वैज्ञानिकले स्पिनिङ जेन (Spinning Jenny) को आविष्कार गरे । यो मेसिनले प्रयाप्त मात्रामा धागोको आपूर्ति गऱ्यो । एउटा स्पीनिङ जेनीले ८ जना मानिसले बराबर धागो कात्न सक्दथ्यो । फ्लाईङ सटल र स्पिनिङ जेनीका कारणले गर्दा कपडा उद्योगले अग्रगति लिन थाले । सन १७७९ मा रिचार्ड आर्कराइट (Richard Arkwritht) ले वाटर फ्रेम भन्ने पानीबाट चल्ने चर्खाको विकास गरेपछि सुती कपडा उद्योगको जग बस्यो । चर्खाको इतिहासमा सेमुअल क्रमटन (Samuel Crompton) ले सन् १७७९ मा म्युल नामको बलियो र राम्रो चर्खाको निर्माण गरी औद्योगिक क्षेत्रमा योगदान दिए । सन १७८५ देखि कताई र बुनाईको क्षेत्रमा वाष्पशक्तिको प्रयोग हुन थाल्यो । यसले गर्दा औद्योगिक उत्पादन ह्वात्तै बढ्न गयो । यही समयका वैज्ञानिकहरूले कपडा रङ्ग्याउने, कपासबाट गेडा निकाल्ने आदिजस्ता प्रविधिको विकास गरेका हुनाले इङ्ल्यान्डको कपडा उद्योग आश्चर्यजनक रूपमा वृद्धि भयो ।


वाष्प इन्जिन

#### (ख) वाष्पशक्तिको क्षेत्रमा क्रान्ति

वाष्पशक्तिको इङ्ल्यान्डको औद्योगिक विकासमा महत्त्वपूर्ण योगदान दिएको छ । सर्वप्रथमा थोमस सेभरी

(Thomas Savery) ले वाफबाट चल्ने पम्पको आविष्कार गरे । यसलाई थोमस न्युकोमेन (Thomas Newcomen) ले पछ्याए । सन १७६९ मा जेम्स वाट (James Watt) ले नयाँ किसिमको वाष्प इन्जिन (Steam Engine) बनाए । सन् १७८५ देखि कताइ र बुनाइमा यसको प्रयोग गरियो । यस बेलासम्म मेसिन चलाउन मानिसले आफ्नो शक्ति प्रयोग गर्नुपर्दथ्यो । अब वाष्प इन्जिनले मेसिन चलाउन लागेपछि काममा अझै तीब्रता आयो ।

### (ग) खनिजमा क्रान्ति

इङ्ल्यान्ड फलाम र कोइला खानीमा सम्पन्न मुलुक हो । खानीबाट निकालिएको अशुद्ध फलामको धाउ पगाल्नका लागि दाउराको प्रयोग भएकाले यहाँ वनजङ्गलको नोक्सानी भएको थियो । कोइलाको प्रयोगले वनजङ्गलको संरक्षण भयो । तर कोइला खानी भित्र अँध्यारो हुने हुँदा विष्फोटमा धेरै मजदुरहरूको ज्यान समेत जाने गरेकाले कोइला खानीहरू चलाउन निकै कठिन थियो । सन १८१५ मा हम्फ्रे डेबी (Humphrey Davy) नाम गरेका वैज्ञानिकले सेफ्टी लाइटको आविष्कार गरे । यसले खानीभित्रबाट कोइला निकाल्न निकै सजिलो भयो । डर्बी (Darby) ले फलाम पगाल्ने भट्टीको आविष्कार गरे । यसले गर्दा फलामका समानहरू बनाउन सजिलो भयो । फलामलाई प्रशोधन गरी इस्पात बनाउने प्रविधिको पनि विकास भएपछि इङ्ल्यान्डमा बलिया र राम्रा औजारहरूको उत्पादन हुन थाल्यो । दैनिक जीवनमा समेत फलामको प्रयोग आवश्यक पर्दछ । फलाम र कोइला खानीमा भएको प्रगतिले मानव विकासमा नै क्रान्तिकारी परिवर्तन ल्यायो ।

### (घ) यातायात र सञ्चारमा क्रान्ति

औद्योगिक विकासले यातायातको क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पार्‍यो । औद्योगिक उत्पादनलाई अन्य क्षेत्रमा पठाई व्यापार व्यवसाय चलाउनका लागि यातायात र सञ्चारको आवश्यकता पर्दछ । अठारौं शताब्दीको थालनीतिर इङ्ल्यान्डका इन्जियरहरूले पक्की सडक निर्माणको थालनी गरे । यसले सामानको मूल्य अलिकति सस्तो भयो र व्यापारको विस्तारमा सजिलो भयो । जल यातायातको क्षेत्रमा १७५९ देखि नै नहर निर्माण गरी नहर यातायातको थालनीको योजना भएको थियो । नहर यातायातको प्रयोगले कोइलाको मूल्य पहिलोको तुलनामा आधाले सस्तो भयो । त्यसैगरी सन १८१४ जर्ज स्टेफेन्सन (George Stephenson) ले वाष्प इन्जिनले चल्ने रेलको आविष्कार गरे । त्यसैगरी वाष्प इन्जिन जडित पानी जहाजले पनि सन् १८१९ मा एटलान्टिक महासागर पार गर्‍यो । यो जहाजको नाम सवाना (Savannah) थियो । त्यस्तै सञ्चारको क्षेत्रमा सन् १८७६ मा अलेक्जेन्डर ग्रामबेलले टेलिफोनको आविष्कार गरे ।

## २. औद्योगिक क्रान्तिका परिणाम

कुनै पनि घटनाका सकरात्मक र नकरात्मक प्रभावहरू रहन्छन् । औद्योगिक क्रान्तिले आर्थिक, समाजिक, वैज्ञानिक एवम् राजनीतिक क्षेत्रमा समेत प्रभावकरी परिवर्तन ल्याई मानव सभ्यता माथि नै ठुलो प्रभाव पार्‍यो । यसका केही परिणामहरूलाई सङ्क्षेपमा चर्चा गरिएको छ :

### (क) घरेलु तथा कुटिर उद्योगको अन्त्य

औद्योगिक क्रान्ति हुनुभन्दा पहिला सिप जानेका कालिगढहरूले सानो लगानीमा घरेलु तथा कुटिर उद्योगहरूको स्थापना गरी आफ्नो गुजारा चलाउने गरेका थिए । तर औद्योगिक क्रान्तिपछि ठुला कारखानाहरूको स्थापना भएकाले उत्पादनको मात्रा बढ्यो र सामानको मूल्य घट्यो । यसले गर्दा घरेलु उतपादनहरूले औद्योगिक उत्पादनसँग प्रतिस्पर्धा गर्न सकेनन् । अत: कालिगढहरूले आफ्ना घरेलु उद्योगहरू बन्द गरी कारखानामा मजदुरी गर्न जान बाध्य हुनुपर्‍यो ।

### (ख) आर्थिक विकास

ठुला कारखानाहरूको स्थापनाले उत्पादनमा अधिक वृद्धि भयो । यातायातको विकासले त्यो उत्पादित सामान विश्वका विभिन्न मुलुकहरूमा सस्तो मूल्यमा पुर्‍याउन सहज भयो । इङ्ल्यान्डले अन्य मुलुकहरूबाट कच्चा पदार्थ ल्याउने र तयारी वस्तुहरू बेच्ने गर्न थाल्यो । उत्पादन र व्यापार बढेको हुनाले इङ्ल्यान्डको आर्थिक अवस्था पनि बढ्दै गयो ।

### (ग) सहरीकरण र जनसङ्ख्याको असमान वितरण

औद्योगिक विकासको परिणामस्वरूप सबैलाई पायक पर्ने स्थानहरूमा कारखानाहरू स्थापित भए । मानिसहरू कारखाना चलाउन र काम खोज्नका लागि ती स्थानहरूमा आउने गरेकाले सहरीकरणको विकास भयो भने मानिसहरूले गाउँहरूलाई छाडेर सहरमा केन्द्रित हुन लागेकाले गाउँको जनसङ्ख्या घट्यो र सहरको जनसङ्ख्या बढ्यो । यसरी जनसङ्ख्याको वितरण असमान हुन गयो ।

### (घ) बेरोजगारी र मजदुरहरूको समस्या

उद्योगहरूको स्थापनाले गर्दा घरेलु उद्योगहरू बन्द भए र धेरै मानिसहरूले गर्ने काम एउटा मेसिनले मात्र गर्न थालेको हुनाले बेरोजगारहरूको सङ्ख्यामा वृद्धि भयो । कारखानामा काम गर्ने मजदुरको अभाव नभएकाले मालिकहरूले मजदुरलाई दिनमा १६ घण्टासम्म काममा लगाए । मजदुरहरूका सुविधा, स्वाथ्य र आवासमा कसैले ध्यान दिएन । यसले गर्दा मजदुरहरूको अवस्था नाजुक हुँदै गयो ।

### (ङ) वर्ग विभाजन

औद्योगिक क्रान्ति हुनुभन्दा अगाडि समाजमा कुलिन, पादरी र सर्वसाधाण गरी तीन वर्ग कायम थिए । यो क्रान्तिपछि मालिक र मजदुर गरी दुई वर्गको सिर्जना भयो । मालिक वर्गले मजदुरहरूलाई थोरै पारिश्रमिकमा लामो समय काममा लगाउँथे । मालिकहरूको अवस्था निकै राम्रो हुँदै थियो भने मजदुरहरूलाई दैनिक गुजारा चलाउन पनि कठिन परेको थियो । यही वर्ग विभाजनको कारणले पुँजीवाद, साम्यवाद,


ब्रिटिस ट्रेड युनियनद्वारा विरोध प्रदर्शन

समाजवाद आदिजस्ता सिद्धान्तहरूको प्रतिपादन समेत भयो ।

**(च) मजदुर सङ्गठनको स्थापना**

औद्योगिक क्रान्तिका कारणले मजदुरहरूको अवस्था बिग्रँदै र मालिकहरूको अवस्था सुध्रँदै गयो । मजदुर हरूले मेसिनलाई आफ्नो दुरावस्थाको कारक सम्झेर मेसिनको तोडफोड गरी आफ्नो रिस पोख्न थाले । तर सन १८१२ मा इङ्ल्यान्डको संसदले मेसिनको तोडफोड गर्नेलाई फाँसी दिने कानुन बनाएपछि मजदुरहरूले आफ्ना सुविधा बढाइदिन मालिकहरूसँग अनुरोध गरे । तर मालिकहरूले यसमा कुनै चासो दिएनन् । दिन प्रतिदिन आफ्नो अवस्था गिर्दै जान लागेपछि मजदुरहरूले संसदको ध्यानकर्षण गराए । संसद्ले पनि उनीहरूको समस्याको कुनै सम्बोधन गरेन । यसपछि मजदुरहरूले अर्कै रणनीतिको अवलम्बन गरे । यस बमोजिम उनीहरूले आफ्नो मताधिकारको माग गरी चार्टिस्ट आन्दोलन (Chartist Movement) गरे । यो आन्दोलनले उनीहरूका धेरै मागहरूको सम्बोधन भयो । फलस्वरूप सन् १८७१ मा मजदुर सङ्गठन स्थापना गर्न पाउने नियम बन्यो । त्यसपछि उनीहरूले ट्रेड युनियनमार्फत आन्दोलन गरी आफ्ना मागहरूको सम्बोधन गराउन सुरु गरे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सवाना कस्तो जहाज हो ?

(ख) औद्योगिक विकासले इङ्ल्यान्ड धनी हुँदा पनि त्यहाँका मजदुरहरू किन गरिब भएका होलान् ?

(ग) उद्योगहरूको स्थापना गाउँतिर नभएर किन सहरतिर बढी हुन्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) क्रान्तिले के कस्ता क्षेत्रहरूमा प्रभाव पार्दछ ?

(ख) जोन के को हुन् र आधुनिक उद्योगलाई उनले कसरी योगदान दिए ?

(ग) औद्योगिक क्रान्तिले वस्त्र उद्योगमा कसरी परिवर्तन गऱ्यो ? छोटकरीमा चर्चा गर्नुहोस् ।

(घ) खनिज र कपडा उद्योगको उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

(ङ) घरेलु उद्योग र औद्योगिक क्रान्तिको कस्तो सम्बन्ध रह्यो ? स्पष्ट पार्नुहोस् ।

(च) इङ्ल्यान्डको औद्योगिक क्रान्तिले बेरोजगारी समस्यको सिर्जना गऱ्यो कि समाधान गऱ्यो ? कसरी ?


(छ) के कस्ता उद्योगका लागि के कस्ता कच्चा पदार्थहरूको आवश्यक्ता पर्दछ ? सूची बनाउनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) इङ्ल्यान्डमा औद्योगिक क्रान्ति अघि के कस्ता वर्ग थिए र कसरी नयाँ वर्गको सिर्जना भयो ? के वर्गीय समाजको अन्त्य गर्न सम्भव छ ? कुनै चार कारणहरू लेख्नुहोस् ।

(ख) मजदुर सङ्गठनको आवश्यकता चर्चा गर्दै इङ्ल्यान्डमा यस्तो सङ्गठन स्थापना गर्नुपर्ने कारण र प्रयासहरूको विश्लेषण गर्नुहोस् ।

## पाठ - ८ फ्रान्सको क्रान्ति


फ्रान्सको क्रान्ति

सन् १७८९ को फ्रान्सको क्रान्ति विश्वको इतिहासमा निकै महत्त्वपूर्ण मानिन्छ । यो क्रान्तिले फ्रान्समा सामन्ती युगको अन्त्य गरी नयाँ युगको थालनी गरेको थियो । यो क्रान्तिले पुराना विचार र मान्यताहरूलाई चुनौती दिँदै नयाँ मान्यताहरूको स्थापना गर्न सकेको थियो । पुराना विचार र मान्यतामा साम्राज्यवादी सोच, कुलिन निरङ्कुशता र विशेषाधिकार सम्पन्न वर्ग थियो । नयाँ विचार र मान्यतामा समानता, मानव अधिकार र स्वतन्त्रता थियो । त्यसैले यो केवल हतियारको मात्र प्रयोग नभई नयाँ सिद्धान्त र विचारहरूको युगान्तकारी क्रान्ति थियो । कुनै पनि क्रान्ति वा विद्रोहका पछाडि अनेकन् कारणहरू हुन्छन् । त्यस्तै कारणहरूको संयोगबाट क्रान्तिको थालनी हुन्छ । यस क्रान्तिका पनि विभिन्न कारणहरू थिए । त्यसमध्ये केही कारणहरूलाई यहाँ सङ्क्षेपमा चर्चा गरिने छ ।

### १. राजनीतिक कारण

#### (क) राजतन्त्रको दुष्प्रभाव

फ्रान्समा योग्य र प्रभावशली राजाहरू नभएकाले उनीहरूको कार्य क्षमतामा कमजोरी आएको थियो । आफ्नो मूर्खता र अदूरदर्शिताका कारणले उनीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा प्रतिष्ठा गुमाएका थिए । फ्रान्सेली राज्यको सम्पूर्ण शक्ति राजामा केन्द्रित थियो, यसले उनीहरूलाई निरङ्कुश र भ्रष्ट बनाएको थियो । कुनै व्यक्तिलाई सजाय दिनका लागि अदालतमा मुद्दा नचलाई राजाज्ञाले कारबाही गरिन्थ्यो । राजा लुई सोह्रौँमा कुनै किसिमको आत्मबल र दूरदर्शिता थिएन । उनले आफ्नो नीतिलाई स्पष्टता दिन सकेको थिएनन् ।


लुई चौधौँ

लुई सोह्रौं (Louis XVI) की रानी मेरी एन्टोनी (Marie Antoinette) अस्ट्रियाकी राजकुमारी थिइन् । उनको दृढताका कारणले राजालाई आफ्नो काबुमा राख्न सकेकी थिइन् । उनी सुन्दरी, खर्चालु र विलाशी स्वभावकी भएकी

हुनाले दरबारको खर्च निकै बढेको थियो । फ्रान्सका मानिसहरूले उनको प्रभाव बढेको मन पराउँदैनथे र उनलाई घृणा स्वरूप "अस्ट्रियाकी आइमाई" भन्दथे । त्यसैले राजतन्त्र यो क्रान्तिको एउटा कारण थियो ।

### (ख) अयोग्य प्रशासकहरू

फ्रान्सको प्रशासनिक पद्धति नीतिले निर्देशित नभई आदेश र वर्गीय आधारमा चल्दथ्यो । राज्य र प्रान्तका ठूल्ठुला पदहरूको लिलामी हुन्थ्यो । ती पदहरू कुलिन, सामन्त र दरबारका नजिकका मानिसहरूले मात्र खरीद गर्न पाउँथे । कुनै पनि जागिरको लागि शैक्षिक योग्यता एवम् अन्य क्षमताको आवश्यकता थिएन केवल त्यो वर्गको मानिस भए पुग्दथ्यो ।

### (ग) न्याय पद्धति

फ्रान्सको न्याय पद्धति रीति र नीतिले भन्दा पनि शासक, प्रशासक, कुलिन, कर्मचारी र पादरीहरूको मनोवृत्तिले चलेको थियो । फ्रान्सका सबै प्रान्तहरूमा एकै प्रकारको मौलिक कानुन नभएर देशभरिमा ४०० भन्दा बढी प्रकारका नियम कानुनहरू थिए । एउटै काम कहिले बैध हुन्थ्यो त कहिले अवैध हुन्थ्यो । एक स्थानको बैध कार्य अर्को स्थानमा अबैध हुन्थ्यो । न्यायधीशहरूको नियुक्ति योग्यताको आधारमा नभई वर्गको आधारमा हुने हुनाले न्यायसंहिता र निष्पक्षताका बारेमा उनीहरूलाई कुनै किसिमको चासो र जानकारी हुँदैन्थ्यो । कुलिन, सामन्त र पादरी वर्गलाई अपराधको सजाय लाग्दैन्थ्यो ।

## २. सामाजिक कारण

क्रान्तिभन्दा अगाडि फ्रान्सेली समाज विशेषाधिकार प्राप्त (Haves) र विशेषधिकार विहीन (Haves Not) गरी प्रमुख दुई वर्गमा विभाजित थियो । पहिलो वर्गमा पादरी र कुलिन पर्दथे भने दोस्रो वर्गमा किसान, व्यापारी, दार्शनिक, शिक्षक, डाक्टर, वकिल आदि पर्दथे । देशभरिमा विशेषाधिकार प्राप्तहरूको सङ्ख्या करिब ६ लाख थियो भने विशेषाधिकारबिहीनहरूको सङ्ख्या २ करोड ४० लाखभन्दा ज्यादा थियो । यी वर्गहरूका विषयमा सङ्क्षेपमा चर्चा गरिएको छ :

### (क) विशेषाधिकार प्राप्त वर्ग

फान्सको विशेषाधिकार प्राप्त वर्गमा पादरी र कुलिन वर्ग पर्दथे । फ्रान्सेली समाजमा क्याथेलिक चर्चको ठुलो प्रभाव थियो र यसले आफ्नै राज्य सिर्जना गरे जस्तो लाग्दथ्यो । चर्चको आफ्नै न्यायालय हुन्थ्यो । यो वर्गले अधिकार विहीन वर्गबाट उनीहरूको आम्दानीको १० प्रतिशत टिथ (Tithe) लिन्थ्यो र आवश्यकताअनुसार अन्य करहरू समेत लगाउँथ्यो । तर यो वर्गले भने कुनै किसिमका कर तिर्नुपर्दैनथ्यो र अपराधमा पनि कुनै किसिमको सजाय हुँदैन्थ्यो । यो वर्ग फ्रान्सको प्रथम सभा (First Estate) सदस्य हुन्थ्यो । देशको कुल जमिनको १० प्रतिशत भूभाग यो वर्गको नियन्त्रणमा थियो । पादरी वर्गले आफूलाई धर्मको अधिकारी सोच्दथ्यो तर कुनै पनि पादरीलाई धर्ममा विश्वास थिएन । उनीहरू धार्मिक जस्तो देखिएर जनतताको शोषण गर्दथे । चर्चहरू अन्धविश्वास र अधर्मका केन्द्रहरू थिए । भी.डी. महाजनका अनुसार लुई सोह्रौँले एक पटक

भनेका थिए- "Let us at least have an Archbishop of Paris who believes in God." (पेरिसमा ईश्वरमा विश्वास गर्ने कम्तीमा एउटा आर्कविशप राख्नुपर्छ ।)

कुलिन वर्ग फ्रान्सको विशेषाधिकार प्राप्त यो वर्ग राजनीतिक र आर्थिक रूपले सम्पन्न वर्ग हो । देशको कुल भूभागको एक चौथाइ भूभाग यो वर्गको अधीनमा थियो र सो जमिनको कुनै प्रकारको कर तिर्नु पर्दैनथ्यो । फ्रान्सको द्वितीय स्टेट्समा विशेषधिकारविहीन (Second Estates) यही वर्गको प्रतिनिधित्व हुन्थ्यो । यो वर्गलाई आपराधिक गतिविधिमा पनि सजाय लाग्दैन्थ्यो । राज्यको प्रशासन, सेना र पादरी प्रमुखमा यही वर्गको नियुक्ति हुन्थ्यो । किसान वर्गले खेती लगाउने बेलामा कम्तीमा पनि हप्तामा ३ दिन र भित्र्याउने समयमा पाँच दिन यो वर्गको जमिनमा नि:शुल्क काम गर्नुपर्दथ्यो । यो प्रथालाई बेठ-बेगार प्रथा भनिन्छ । यिनीहरूले आफ्नो आयस्रोत बढाउनका लागि ढिकी, जाँतो, भट्टी बनाउँथे र किसानहरूले उनीहरूकै ढिकी, जाँतो र भट्टीमा कुटानी पिसानी गर्ने र उनीहरू कै भट्टीमा रोटी पकाउने र रक्सी पार्ने गर्नुपर्दथ्यो । त्यस वापत उनीहरूले कर उठाउने गर्दथे । साधारण वर्गलाई ढिकी, जाँतो र भट्टी राख्ने अनुमति थिएन । यो लगायतका अन्य कारणहरूले गर्दा फ्रान्सको अवस्थामा सुधार गर्नुपर्ने आवश्यकता थियो । अत: यो सामाजिक अवस्था पनि राज्यक्रान्तिको एउटा कारण बन्यो ।

### (ख) विशेषधिकार विहीन (Haves Not)

"In France nine-tenths of the population died to hunger and the tenth of indigestion." (फ्रान्सको जनसङ्ख्याको दश भागमा नौ भाग भोकले र दसौँ भाग अजीर्णले मरेको छ ।)

यो वर्गमा साधारण किसान र मध्यम वर्ग पर्दथे । फ्रान्समा निम्न किसानवर्गको सङ्ख्या अति नै धेरै थियो तर कुनै सुविधा प्राप्त थिएन । यो वर्ग फ्रान्सको तृतीय स्टेट्स (Third Estates ) मा पर्दथ्यो । आर्थिक रूपले निकै कमजोर यो वर्गका मानिसहरू किसान, अर्धदास (Serfs) र मजदुर थिए । किसान वर्गले देशको जमिनको कूल भूभागको सानो हिस्सा मात्र पाएको थियो र त्यसबाट प्राप्त रकमको झन्डै ८५ प्रतिशत करको रूपमा बुझाउनुपर्दथ्यो । कुनै किसानको मृत्यु भएमा सो मृतकको अंशको २० प्रतिशत जमिन जमिनदारलाई दिनुपर्दथ्यो र मृत्युकरसमेत तिर्नुपर्दथ्यो । खाद्यान्नको अभावले कैयौँ मानिसहरूले भोकभोकै मर्नुपर्दथ्यो ।

मध्यमवर्ग पनि तृतीय स्टेट्स नै थियो तर बौद्धिक र आर्थिक रूपले सम्पन्न भएकाले आफूलाई कुलिनभन्दा माथिल्लो तहको सम्झिन्थ्यो । यो वर्गमा शिक्षक, वकिल, दार्शनिक, डाक्टर, व्यापारी, उद्योगपति आदि पर्दथे । आर्थिक र बौद्धिक रूपले सम्पन्न भए पनि कुलिन वर्गको हेपाई, व्यापारमाथिका प्रतिबन्ध, कर, कुलिन र राज्यले ऋण लगेर फिर्ता नगर्ने परिपाटी, राजनीतिक तथा सामाजिक अधिकारमा प्रतिबन्ध आदि जस्ता कारणले यो वर्गले फ्रान्समा आमूल परिवर्तन चाहन्थ्यो । त्यसैले मध्यमवर्गको घमण्डले नै फ्रान्सको राज्य क्रान्ति भएको हो समेत भनिन्छ ।

### ३. वाह्य कारण

यो राज्यक्रान्तिमा आन्तरिक मात्र नभएर वाह्य तत्त्वहरूको प्रभाव पनि रहेको थियो । यसमा प्रभाव पार्ने वाह्य तत्त्वहरू इङ्ल्यान्ड र अमेरिका थिए । इङ्ल्यान्डमा गौरवमय क्रान्ति सफल भएपछि त्यहाँ प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएको थियो, राजाका विशेषाधिकारहरू कटौती भएका थिए र संसदीय सर्वोच्चता कायम भएको थियो। तर फ्रान्समा भने राजको निरङ्कुश सासन चलेको थियो । फ्रान्सका जनताहरूले पनि आफ्नो देशमा यस्तै प्रकारको परिवर्तन गर्न चाहन्थे ।

त्यस्तै अमेरिकी स्वतन्त्रता सङ्ग्राममा फ्रान्सले भाग लिँदा उसलाई कुनै किसिमको नाफा भएको थिएन । बरु जनधनको क्षति भएको थियो तर अमेरिकाले भने स्वतन्त्रताको उपभोग गर्न पाएको थियो । यो युद्धले फ्रान्सेली जनतामा स्वतन्त्रताको युद्ध गर्नु पर्ने आवश्यकताको महसुस गरायो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) फ्रान्सको क्रान्तिलाई किन सिद्धान्तको युद्ध भनिएको होला ?

(ख) फ्रान्सका राजाहरूको कस्तो स्वभावले उनीहरूले आफ्नो प्रतिष्ठा गुमाएका थिए ?

(ग) फ्रान्समा कुनै पनि व्यक्तिलाई के आधारमा सजाय दिइन्थ्यो ?

(घ) कस्तो योग्यता भएका व्यक्तिहरू फ्रान्सका प्रशासक बन्दथे ? एक वाक्यमा लेख्नुहोस् ।

(ङ) टिथ भनेको कस्तो कर हो ? परिचय दिनुहोस् ।

(च) फ्रान्सको क्रान्ति अघि साधारण वर्गमा कस्तो पेसाका मानिसहरू पर्दथे ? लेखनुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) फ्रान्सको क्रान्ति किन विश्व इतिहासको महत्त्वपूर्ण घटना मानिन्छ ? छोटकरीमा लेख्नुहोस् ।

(ख) मेरी एन्टोनी को हुन् र उनी कसरी फ्रान्सको क्रान्तिकी कारण बनिन् ?

(ग) “पेरिसमा ईश्वरमा विश्वास गर्ने कम्तीमा एउटा आर्कविशप राख्नुपर्छ ।” यो कसले र किन भनेको हो ? त्यस बेलाको धार्मिक अवस्थाको आधारमा चर्चा गर्नुहोस् ।

(घ) फ्रान्समा किसान वर्गको अवस्था चर्चा गर्दै त्यस्तो अवस्थाको सिर्जना हुनुका कारण लेख्नुहोस् ।

(ङ) कसरी मध्यमवर्गको घमन्डले नै फ्रान्सको राज्य क्रान्ति भएको हो ? सङ्क्षेपमा लेख्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) फ्रान्सको क्रान्तिको राजनीतिक कारणहरूको सूची तयार पारी सङ्क्षिप्त विश्लेषण गर्नुहोस् ।


(ख) क्रान्तिभन्दा अगाडि फ्रान्सको न्याय पद्धति कस्तो थियो ? उक्त समयको न्याय पद्धति प्रभावकारी बन्न नसक्नुका कारणहरू के थिए ? समीक्षा गर्नुहोस् ।

(ग) फ्रान्समा कसलाई विशेषाधिकार प्राप्त थियो ? किन ठुलो समुदायले यो प्रथालाई मन पराएन ? फ्रान्सको क्रान्तिका सामाजिक कारणहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(घ) फ्रान्सको क्रान्तिको वाह्य कारणको छोटकरीमा चर्चा गर्नुहोस् ।

❍❍❍

# पाठ - ९ फ्रान्सको क्रान्तिका बौद्धिक र आर्थिक कारण


मन्टेस्क्यु

क्रान्तिका विभिन्न कारणहरू हुन्छन् । फ्रान्सको राज्यक्रान्तिका पनि यस्तै विभिन्न कारणहरू थिए । राजनीतिक, सामाजिक र वाह्य कारणहरूको चर्चा अघिल्लो पाठमा गरिसक्यौं । अब यो पाठमा यस क्रान्तिका बौद्धिक र आर्थिका कारणहरूको चर्चा गर्ने छौँ ।

## १. बौद्धिक कारण

मानिसले जे जति प्रगति गरेको छ, त्यो सबै उसको बौद्धिक क्षमताको प्रभाव हो । आफ्नो बौद्धिक क्षमताको उचित प्रयोग गर्न सक्ने व्यक्ति वा समूहको उत्थान र नसक्नेको पतन प्राकृतिक नियम हो । बौद्धिक कारणले प्रभावित भएर घटेका घटनाहरूको परिणाम सकरात्मक र दीर्घकालीन हुन्छ । फ्रान्सको राज्यक्रान्तिको एउटा कारण विद्वानहरूको योगदान थियो । त्यस बेला मध्यम वर्गका मानिसहरू विद्वान् र दार्शनिक थिए । फ्रान्सको राज्य अवस्था गिर्दै गइरहेको बेला त्यहाँका विचारकहरूले फ्रान्सलाई अग्रगति दिनका लागि भ्रष्ट शासनको अन्त्य गरी राज्यको पुनर्संरचना गर्नुपर्ने विचार प्रस्तुत गरे । त्यस्ता केही विद्वानहरूको यहाँ चर्चा गरिने छ :

### (क) मन्टेस्क्यु (Montesquieu)

फ्रान्सको कुलीन परिवारमा जन्मेका मन्टेस्क्यु पेसाले न्यायाधीश थिए । उनी केही समय इङ्ल्यान्डमा बस्दा यी दुई देशको राजनीतिक, आर्थिक, समाजिक, न्यायिक आदि जस्ता व्यवस्थाका बारेमा गहन अध्ययन गरी सन् १७४८ मा "शक्ति पृथकीकरणको सिद्धान्त" (Principle of Separation of Power) को चर्चा गर्दै "स्पिरिट अफ लज" (Spirit of Laws) भन्ने किताबको प्रकाशन गरे । यो सिद्धान्तअनुसार सरकारका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालाई तीन फरक मानिसले स्वतन्त्र रूपमा चलाउनुपर्दछ । शक्ति पृथकीकरणको सिद्धान्त अवलम्बन गरिएमा मात्र जनअधिकारको संरक्षण हुन्छ र देश राम्ररी चल्छ । जहाँ देशका तीनओटै अङ्गहरू एउटै व्यक्तिमा हुन्छन्, त्यहाँ निरङ्कुशता हुन्छ र शासन व्यवस्था भ्रष्ट हुन्छ भन्ने कुरा व्याख्या गरेका थिए ।


### (ख) भोल्टेयर (Voltaire)

सत्रौं शताब्दीका बहुप्रतिभाशाली साहित्यकार भोल्टेयरको जन्म मध्यम वर्गीय परिवारमा भएको थियो । उनका व्यंग्यात्मक लेखाइका कारणले २३ वर्षको उमेरमा उनी जेल परे । जेलबाट मुक्त भएपछि उनी इङ्ल्यान्ड गई ३ वर्ष बसे । सन् १७३३ मा उनले अर्को किताब निकालेपछि उनलाई फ्रान्सबाट देश निकालाको सजाय दिइयो । उनले आफ्ना लेखहरूमार्फत् भ्रष्ट चर्च आलोचना गर्दै चर्च अन्धविश्वास र अज्ञानताका मूल कारण तथा स्तन्त्रताका शत्रु भएका हुनाले फ्रान्सका सबै चर्चहरू नास गर्नुपर्दछ भन्दै चेतनाको विकास गरे । उनी

प्रजातन्त्रका नभएर असल शासनका पक्षपाती थिए । प्रजातन्त्र सयओटा मुसाको शासन हो, मुसाहरूले कुनै पनि काम गर्न सक्दैनन् । त्यसैले शासन सिंह कै हुनुपर्छ तर अत्याचारी हुनुहुँदैन भन्ने उनको विचार थियो ।

(ग) **जिन ज्याक्स् रुसो** (Jean Jacques Rousseau)

यसकालका महान दार्शनिक रुसोको जन्म मध्यम वर्गीय परिवारमा भएको थियो । उनले सम्पूर्ण फ्रान्सको रूपान्तरणको आवश्यकता प्रस्टाएका थिए । उनले कन्फेसन (Confession), इमिली (Emily) र सामाजिक सम्झौता (Social Contract) नाम गरेका तीनओटा किताबहरू लेखे । उनका विचारले फ्रान्सका मानिसहरूलाई आफ्नो अधिकारका लागि क्रान्ति गर्न जागृत गरायो ।


जिन ज्याक रुसो

मानव सभ्यताको विकाससँगै मानव जीवन जटिल हुँदै गयो र यिनै जटिलताहरू समाधान गर्नका लागि राज्यको उत्पत्ति भयो । समाजका मानिसहरू मिलेर समाज कल्याणका लागि शासकको चयन गरेका हुन् । त्यसैले शासकमा कुनै पनि दैवी अधिकार र विशेष अधिकारहरू रहँदैनन् । जनआकाङ्क्षाअनुसार काम गर्नु शासकको कर्तव्य हो भन्ने उनको भनाइ थियो । "मानिस स्वतन्त्र जन्मन्छ तर जन्मेपछि ऊ सबैतिर बन्धनले कसिन्छ । (Man is born free but everywhere he is in chains)" भन्ने विचार राख्दै उनले स्वतन्त्रताको वकालत गरे ।

फ्रान्सका प्रभावशाली शासक नेपोलियन बोनापार्टले रुसोको प्रशंसा गर्दै उनी नभएको भए फ्रान्समा राज्य क्रान्ति सम्भव थिएन भनेका थिए ।

(घ) **दिदरो (Diderot)**

दिदरो यस कालका महान लेखक थिए । यिनले विश्वकोश (Encyclopedia) भन्ने किताबको लेखन र प्रकाशन गरे । यो किताबमा निरङ्कुश राजतन्त्र, धर्मको नाममा चर्चको अत्याचार, सामन्ती प्रथा, कुलिन र अकुलिन वर्ग, सामाजिक विभेद आदि विषयमा चर्चा गरिएको थियो । यो किताबले फ्रान्सका जनताहरूमा नयाँ जागरण र दृष्टिकोणको विकास गऱ्यो । जनताहरू जागृत भएपछि सरकार र चर्च आत्तिएर उनलाई कैद गरी विश्वकोशमाथि प्रतिबन्ध लगाए । तर जति गरे पनि किताबको प्रकाशन रोकिएन । भूमिगत रूपमा किताबको प्रकाशन भइ नै रह्यो ।

यीबाहेक अन्य लेखक, विचारक, पत्रकार एवम् कलाकारहरूले समेत विभिन्न रूपमा फ्रान्सका जनतालाई जागृत गराउने काम गरे ।

## २. आर्थिक कारण

फ्रान्सको तत्कालीन व्यवस्थामा कुलीन, पादरी र सामन्त वर्गलाई कुनै किसिमको कर लाग्दैनथ्यो भने मध्यम र साधारण वर्ग र कर्मचारी आदि विभिन्न किसिमका करहरू तिर्नुपर्दथ्यो । मध्यम र साधारण/किसान वर्गले

सामन्ती र कुलिनको बेठबेगारको रूपमा खेती लगाउने बेलामा हप्तामा कम्तीमा ३ दिन र बाली भित्र्याउने बेलामा पाँच दिनसम्म बिनाज्याला काम गरिदिनुपर्दथ्यो । कुनै किसानले आफ्नो जमिन बेचेमा कुल मूल्यको २० प्रतिशत रकम कर्मचारीका लागि दिनुपर्दथ्यो भने किसानको मृत्यु भएमा समेत उसको परिवारले छुट्टै कर तिरी मृतकको भागमा पर्ने जमिनको २० प्रतिशत हिस्सा जमिनदार/सामन्तलाई दिनुपर्दथ्यो ।

दरबारको जीवनस्तर निकै भड्किलो थियो । जनताको शोषण गरी लुई सोह्रौँले तीस करोडको खर्चमा भर्सैलिजको दरबार बनाएका थिए र राजपरिवार आफ्ना दासदासी एवम् जासुसहरू लगायत करिब २० हजार मानिसहरू यही दरबारमा बस्दथे । यो दरबारमा विलाशिताको केन्द्र थियो । राजा लुई सोह्रौँले १६०० र रानी मेरी एन्टोनी (Maria Antionette) ले ५०० जनामानिसलाई आफूहरूको सेवामा खटाएका थिए । दरबारमा १८०० घोडा र २०० बग्गीहरू राखिएका थिए । यो सबै प्रबन्धका लागि दरबारको खर्च वार्षिक ४० लाख डलर थियो र त्यसको बोझ जनतामा परेको थियो । साधारण वर्गले आफ्नो आम्दानी ८० प्रतिशतभन्दा ज्यादा करको रूपमा तिर्नु पर्दथ्यो । मध्यम वर्गसँग राज्य र कुलिन एवम् सामन्त वर्गले ऋण लिन्थ्यो तर फिर्ता गर्दैनथ्यो । अवैज्ञानिक कर प्रणाली, भूमिको अवैज्ञानिक वितरण, नाजुक व्यापारिक अवस्था, विभिन्न युद्धहरूमा फ्रान्सको सहभगिता, दरबारको विलासी जीवनसैली आदिजसता कारणले फ्रान्सको आर्थिक अवस्था दिन प्रतिदिन नाजुक हुँदै गएको थियो । यिनै माथिका कारणहरूले गर्दा आर्थिक अवस्थालाई नै राज्यक्रान्तिको तत्कालीन र प्रमुख कारण मानिन्छ । यो अवस्थामा सुधार ल्याउनका लागि सम्राट लुई सोह्रौँले विभिन्न पहलहरू गर्दै अर्थमन्त्रीहरूको नियुक्ति गरे । जसलाई तल छोटकरीमा चर्चा गरिएको छ :

### (अ) तुर्जो **(Turgot)**

यिनी सक्षम र दूरदर्शी व्यक्ति थिए । सन् १७७४ मा अर्थमन्त्री भएपछि यिनले कुलिन र पादरी वर्गलाई समेत भूमिकार लगाउने, बेठबेगार अन्त्य गर्ने, दरबारको खर्च कटौती गर्ने, अनावश्यक पदहरू खारेज गर्ने आदि गरे । तर सामन्ती, कुलिन, पादरी र रानीको दबाबका कारणले यिनलाई अर्थमन्त्रीबाट हटाइयो ।

### (आ) नेकर **(Nackar)**

फ्रान्सका लोकप्रिय अर्थशास्त्री नेकर सन् १७७६ मा अर्थमन्त्री भए । यो बेला फ्रान्सले अमेरिकी स्वतन्त्रता सङ्ग्राममा भाग लिएकाले आर्थिक अवस्था निकै कमजोर भयो । यो अवस्थामा सुधार गर्नका लागि यिनले पनि तुर्जोका कार्यहरूलाई निरन्तरता दिँदै कुलिन र पादरी वर्गको विशेषाधिकार अन्त्य गरे । यिनले जनतालाई देशको आर्थिक अवस्थाको जानकारी गराउने उद्देश्यले दरबारको वार्षिक खर्चको विवरण सार्वजनिक गरे । यो निकै साहसिक कार्य थियो ।

### (इ) केलोन **(Calonne)**

नेकरलाई हटाएपछि सन १७८१ मा उनलाई अर्थमन्त्री बनाइयो । यिनले आयस्रोतहरू पहिचान नगरी ३० करोड डलर ऋण ल्याई आर्थिक अवस्था सुधार गर्ने हावादारी नीति अवलम्बन गरे । अन्त्यमा फ्रान्सको आर्थिक अवस्था अझै बिग्रेपछि यिनले पनि सबै वर्गलाई कर लगाउने नीति लिए । तर उनी पनि यसमा असफल नै रहे ।

(ई) **ब्रिएन (Brienne)**

सन् १७८७ मा यिनी अर्थमन्त्री हुँदा फ्रान्सको अवस्था सुधार गर्न नसकिने भएको थियो । सबै वर्गलाई कर लगाउनु मात्रै सुधारको एक उपाय थियो । तर यो कुरा उनीबाट सम्भव नभएपछि नेकरलाई पुनः अर्थमन्त्री बनाइयो । कुलिन र पादरी वर्गले आफूहरूमाथि कर लगाउने अधिकार स्टेट्स जनरल (States General) मात्र भएको जिकिर गरे । फलस्वरूप राजा लुई सोह्रौँले बाध्य भई सन् १७८९ मा स्टेट्स जनरल (States General) को चुनाव गराउने घोषणा गरे । यो नै फ्रान्सको राज्यक्रान्तिको तत्कालीन कारण थियो ।

## कक्षाकार्य

फ्रान्सको राज्यक्रान्तिमा योगदान दिने व्यक्तिहरूको नाम साथीलाई सोध्नुहोस् र तपाईंले पनि भन्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) फ्रान्सको क्रान्तिका बेला कुन वर्गका मानिसहरू विद्वान थिए ?

(ख) फ्रान्सलाई अग्रगति दिनका लागि विद्वानहरूले के गर्नुपर्ने विचार प्रस्तुत गरे ?

(ग) मन्टेस्क्युको पेसाले के थिए ?

(घ) जिन ज्याक्स् रुसोको प्रसिद्ध किताबको नाम लेख्नुहोस् ।

(ङ) तुर्जोले अर्थमन्त्रीबाट किन राजिनामा दिए ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) शक्ति पृथकीकरणको परिचय दिँदै यसको आवश्यकताबारे चर्चा गर्नुहोस् ।

(ख) फ्रान्सको क्रान्तिमा भोल्टेयरले कसरी योगदान दिए ?

(ग) दिदरोले लेखेको किताबलाई फ्रान्समा किन प्रतिबन्ध लगाइएको होला ? कुनै चार कारणहरू खोजी गरी लेख्नुहोस् ।

(घ) क्रान्तिभन्दा अगाडि फ्रान्सको आर्थिक अवस्था कस्तो थियो ? सङ्क्षेपमा लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) फ्रान्सको क्रान्तिमा किन रुसोलाई महत्त्वपूर्ण मानिन्छ ? उनको परिचय दिँदै योगदानको प्रशंसा गर्नुहोस् ।

(ख) फ्रान्सको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि गरिएका प्रयासहरूको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

(ग) संसारभरका क्रान्तिहरू मध्यमवर्गकै अग्रतामा हुनुका कारणहरू खोजीगरी लेख्नुहोस् ।

# पाठ - १० स्टेट्स जनरलको अधिवेशन र क्रान्ति

फ्रान्सको व्यवस्थापकीय अङ्ग स्टेट्स जनरलको स्थापना सन् १३०४ मा राजा फिलिपले गराएका हुन् । सन् १६१४ पछि यसको अधिवेशन बसेको थिएन । राजा लुई सोह्रौँले यसको अधिवेशन गराउन चाहँदैनथे तर फ्रान्सको गिर्दो अवस्थाका कारणले यसको चुनाव गराउन उनी बाध्य भए । यही चुनाव नै फ्रान्सको क्रान्तिको तत्कालीन कारण बन्न गयो ।

स्टेट्स जनरलमा तीन सदनहरू हुन्थे । तीनै सदनलाई स्टेट्स (Estates) भनिन्थ्यो । स्टेट्स जनरलका १२१४ जना प्रतिनिधिहरूमध्ये प्रथम स्टेट्स पादरी वर्गका ३०८, द्वितीय स्टेट्स कुलीन वर्गका २८५ र तृतीय स्टेट्स विशेषाधिकार विहीन वर्गका ६२१ जना सदस्यहरू मिलेर बनेको थियो । प्रथम र द्वितीय स्टेट्सका सम्पूर्ण सदस्यहरूभन्दा तृतीय स्टेट्सका सदस्यहरूको सङ्ख्या धेरै हुन्थ्यो ।

## १. स्टेट्स जनरलको अधिवेशन र राष्ट्रिय सभाको घोषणा

सन् १७८९ मे ५ मा भर्सेलिज दरबारमा स्टेट्स जनरलको अधिवेशन सुरु भयो र यहीँबाटै क्रान्तिको बिरुवा अङ्कुराउन थाल्यो । यसको अधिवेशन फरक फरक भवनमा हुन्थ्यो र निर्णय गर्ने बेलामा कुल सदस्य सङ्ख्याको बहुमतका आधारमा निर्णय नगरी स्टेट्सको बहुमतको आधारमा निर्णय गरिन्थ्यो । प्रथम र द्वितीय स्टेट्समा विशेषाधिकार सम्पन्न वर्गका सदस्यहरू रहने भएकाले प्राय: यिनीहरूको एक मत हुन्थ्यो र यिनीहरूकै पक्षमा निर्णयहरू सदर हुन्थे । तर यस पटक भने तृतीय स्टेट्सले संयुक्त अधिवेशन गर्ने र सदस्य सङ्ख्याको बहुमतले निर्णय गर्ने प्रस्ताव राख्यो । प्रथम र द्वितीय स्टेट्सका सबै सदस्यभन्दा पनि तृतीय स्टेट्सका सदस्यहरूको सङ्ख्या ज्यादा हुने भएकाले यसरी निर्णय गर्दा तृतीय स्टेट्सकै पक्षमा निर्णयहरू सदर हुने भएकाले प्रथम र द्वितीय स्टेट्सका सदस्यहरूले यसको घोर बिरोध गरे । यस्तै वहस पैरवीमा महिनादिन बित्यो । यसैबिच पादरी वर्गका तीन जना सदस्यहरूले तृतीय स्टेट्सको समर्थन गरे ।

यस्तै वहस-पैरवीहरूका बिच सन १७८९ जुन १७ को दिनमा तृतीय स्टेट्सले स्टेट्स जनरलाई “राष्ट्रिय सभा (General Assembly) को घोषणा गऱ्यो ।

## २. टेनिस कोर्टको सपथ (Tennis Court Oath)

राष्ट्रिय सभाको घोषणापछि राजा लुई सोह्रौँले यसलाई भताभुङ्ग पार्ने योजना बनाए । सन् १७८९ जुन २० को दिनमा प्रतिनिधिहरू सभाहलमा जाँदा त्यहाँ ताल्चा लगाइएको थियो र सैनिकहरूले पहरा गरिरहेका थिए । सभाहल नखुलेपछि राष्ट्रिय सभाका प्रतिनिधिहरूले बेली (Bailly) को अध्यक्षतामा टेनिस कोर्टमा अधिवेशन गरी देशका लागि नयाँ संविधान नबनेसम्म आफूहरू नछुट्टिने सपथ ग्रहण गरे ।

लुई सोह्रौँ यस्तो घटनाले आत्तिएर सन् १७८९ जुन २३ मा एक शाही अधिवेशन बोलाई तृतीय सदनले गरेका सबै क्रियाकलापहरूलाई अवैध घोषित गरे । यही घोषणाबाट उप्रान्त तीनै सदनहरूको छुट्टाछुट्टा अधिवेशन बस्ने र प्रतिनिधिको बहुमतका आधारमा नभई स्टेट्सको बहुमतका आधारमा निर्णय गर्ने घोषणा गर्दै प्रतिनिधिहरूलाई आआफ्नो भवनमा जाने आदेश दिए । यो आदेश पादरी र कुलीन वर्गका हितमा भएको हुनाले उनीहरू राजाज्ञाबमोजिम आआफ्नो भवनतिर लागे तर तृतीय स्टेट्सका प्रतिनिधिहरूले भने सभाहल छाडेनन् ।

परिस्थितिलाई काबुमा राख्न सक्ने क्षमता राजामा थिएन । त्यसैले १७८९ को जुन २७ मा राजाले तीन ओटै स्टेट्सको संयुक्त अधिवेशन बोलाई तृतीय स्टेट्सले गरेका कुराहरूलाई मान्यता दिए । यसै दिन राष्ट्रिय सभाको संयुक्त बैठक बसी यसको नाम परिवर्तन गरेर “संविधान सभा” (Constituent Assembly) बनायो । यसको प्रमुख उद्देश्य संविधान बनाउनु निर्धारण गऱ्यो । यस प्रकार फ्रान्स संविधान सभाको गठन गर्ने विश्वको पहिलो मुलुक बन्यो ।

### ३. बास्तिलको पतन (Failure of Bastille)

राष्ट्रिय सभाले मान्यता पाउनु र संविधान सभाको निर्माण हुनु सामन्ती शासन व्यवस्थाका लागि चूनौतीपूर्ण कुरा थियो । त्यसैले जनप्रतिनिधिहरूलाई तर्साई पुन: पुरानै व्यवस्था कायम गर्नका लागि राजा लुई सोह्रौँले पेरिस र भर्सेलिजमा सेना तैनाथ गरे । संविधान सभाले सेना हटाउन आदेश दियो । तर राजाले सेना नहटाई अर्थमन्त्री नेकरलाई पदच्युत गरे र देश निकाला गरिदिए । यसबेलासम्म क्रान्ति सदनमा मात्र सीमित थियो । नेकरजस्ता लोकप्रिय अर्थमन्त्रीलाई कारबाही गरेपछि अब क्रान्ति सडकमा पनि सुरु भयो । पेरिस र देशका अन्य भागमा ठुल्ठुला जुलुसहरूको प्रदर्शनी हुन लाग्यो । सन् १७८९ जुलाई १४ मा झन्डै ४० हजार जति मानिसहरू भई बास्तिलको किल्लामाथि आक्रमण गरेर त्यहाँका कैदीहरूलाई मुक्त गरे । सो किल्लाका सैनिक र हतियाहरू क्रान्तिकारीहरूले आफ्नो नियन्त्रणमा लिए ।

यो घटनापछि पेरिसमा आतङ्क मच्चिएको र सुरक्षाको अवस्था कमजोर हुँदै गएको हुनाले क्रान्तिकारीहरूले शान्ति सुरक्षा कायम गर्ने जिम्मा लिइ पेरिस कम्युन (Paris Commune) को नाममा एक अस्थायी सरकारको गठन गरे । त्यसैगरी लुई सोह्रौँका सेनासँग युद्ध गर्नका लागि राष्ट्रिय रक्षक दल (National Guards) को स्थापना भयो । यी दुबै सङ्गठनहरूलाई संविधान सभाले मान्यता दियो ।

### ४. राजपरिवारमाथि नियन्त्रण

राजा, राजपरिवार, सामन्त, कुलीन एवम् पादरी वर्ग संविधान सभासँग रुष्ट थियो । जसरी पनि यो वर्गले आफ्नो अधिकार फिर्ता गर्न चाहन्थ्यो । यसका लागि विभिन्न किसिमका योजनाहरू भइरहेका थिए । राजाले विदेशी सैनिकहरू झिकाई दमन गर्ने योजना बनाएका छन् र भर्सेलिजमा भोज भइरहेको भन्ने हल्ला चल्यो ।

यस्तो हल्लाले पेरिसका महिलाहरू उत्तेजित भई थाल बजाउँदै भर्सेलिज दरबार घेर्न पुगे । रक्तपातपूर्ण अवस्थाको सिर्जना हुने देखेर राष्ट्रिय रक्षक दलका सेनापतिसमेत फौजको साथ भर्सेलिज गएर सुरक्षा प्रदान गरे । जनताको उर्लंदो लहरले आत्तिएर राजा लुई सोह्रौँ र रानी मेरी एन्टोनीले क्रान्तिकारीहरूलाई समर्थन गर्न बाध्य भए । सन् १७८९ को अक्टोवर ५ मा राजारानी र राजकुमारलाई भर्सेलिजबाट पेरिस ल्याई राखियो ।

राजपरिवार क्रान्तिकारीको नियन्त्रणमा थियो र संविधान सभाले उनीहरूका अधिकार कटौती गरिरहेको थियो । तैपनि सामन्ती व्यवस्थाका समर्थकहरूले राजतन्त्र फर्काउनका लागि विभिन्न पहलहरू गरिरहेका थिए । देशका विभिन्न स्थानहरूमा युद्ध चल्यो र रक्तपात मच्चियो । पेरिसमा क्रान्तिकारीहरूको नियन्त्रणमा रहेका राजा लुई सोह्रौँ र रानी मेरी एन्टोनीले क्रान्तिलाई समर्थन गरेजस्तो गर्दै भूमिगत रूपमा क्रान्ति बिरोधी गतिविधिहरू गरिरहेका थिए । रानी मेरी एन्टोनी अस्ट्रियाका सम्राट्की बहिनी भएकाले आफूहरू पेरिसबाट अस्ट्रिया जाने र त्यहाँको सैनिक सहयोगमा पुनः फ्रान्समाथि हमला गर्ने योजना बनाएका थिए । सोही योजनाबमोजिम उनीहरू त्यहाँबाट भाग्न सफल भए तर देशको सीमा पार नगर्दै समातिएकाले उनीहरूलाई पुनः पेरिस ल्याई बन्दी बनाइयो र संविधान सभाले सजाय स्वरूप उनीहरूलाई १० हप्ताका लागि निलम्बन गऱ्यो ।

यसैबिच सन् १७९१ सेप्टेम्बर ३० मा संविधान सभाले नयाँ संविधान जारी गऱ्यो । अन्त्यमा सन १७९३ जनवरी २१ मा राजा लुई सोह्रौँ र अक्टोवर १६ मा रानी मेरी एन्टोनीलाई फाँसीको सजाय दिइयो ।

| केही तिथिमितिहरू | |
|---|---|
| सन् १७८९ मे ५ | भर्सेल्समा स्टेट्स जनरलको अधिवेशन सुरु |
| सन् १७८९ जुन २० | टेनिस कोर्ट सपथ |
| सन् १७८९ जुन २७ | संविधान सभा (Constituent Assembly) को गठन |
| सन् १७८९ जुलाई १४ | बस्तिलको पतन |
| सन् १७८९ अक्टोवर ५ | राजपरिवार क्रान्तिकारीको नियन्त्रणमा |
| सन् १७९१ सेप्टेम्वर ३० | संविधानको घोषणा |
| १७९३ जनवरी २१ | राजा लुई सोह्रौँलाई मृत्युदण्ड |
| सन् १७९३ अक्टोवर १६ | रानी मेरी एन्टोनीलाई मृत्युदण्ड |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) स्टेट्स जनरलको बैठक एउटै भवनमा नभई फरक फरक भवनमा हुनुको एउटा कारण

लेख्नुहोस् ।

(ख) आफ्नो इच्छा नहुँदा नहुँदै पनि किन लुई सोह्रौँले स्टेट्स जनरलको निर्वाचन गराए ?

(ग) टेनिसकोर्टको सपथले किन राजा धेरै आत्तिए ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) फ्रान्सको स्टेट्स जनरलको परिचय दिँदै यसको गठन विधि लेख्नुहोस् ।

(ख) टेनिस कोर्टको सपथपछि राजाले के कस्ता दुई घोषणाहरू गरे ? त्यस्ता घोषणा गर्नुका कारणहरू के होलान् ? चर्चा गर्नुहोस् ।

(ग) राजा लुई सोह्रौँले राष्ट्रिय सभालाई मान्यता दिएपछि पनि किन पेरिस र भर्सेलिजमा सेना तैनाथ गरेका होलान् ? साथीहरूसँग छलफल गरी यसका कुनै ४ कारणहरू लेख्नुहोस् ।

(घ) पेरिस कम्युन (Paris Commune) र राष्ट्रिय रक्षक दल (National Guards) को एक अनुच्छेदमा परिचय दिनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) स्टेट्स जनरलको अधिवेशनमा के कस्तो अवस्था आइपरेकाले एक महिनासम्म कुनै निर्णय हुन सकेन ? चर्चा गनुहोस् ।

(ख) टेनिस कोर्टको सपथको परिचय दिदैं यो घटना फ्रान्सको इतिहासमा महत्त्वपूर्ण हुनुको कारण चर्चा गर्नुहोस् ।

(घ) फ्रान्सको क्रान्तिको समयमा राजालाई किन निलम्बन गरिएको होला ? घटना वृत्तान्तसहित चर्चा गर्नुहोस् ।

| पाठ - ११ | फ्रान्सेली क्रान्तिका परिणाम |
|---|---|

सन् १७८९ को फ्रान्सको क्रान्ति अठारौँ शताब्दीको युरोपको महत्त्वपूर्ण घटना थियो । यो अत्याचार विरुद्ध जनताको अर्को आवाज र नवीन विचारहरूको थालनी थियो । यसका केही परिणामहरू यस प्रकार थिए :

### १. राजतन्त्रको अन्त्य

फ्रान्सको राजतन्त्र निरङ्कुशता र सामन्तवादको प्रतीक थियो । फ्रान्सको राष्ट्रिय/संविधानसभाले विभिन्न प्रकारका नियमहरू पारित गरी सामन्तवादको अन्त्य गर्ने प्रयास गऱ्यो । लुई सोह्रौँ र मेरी एन्टोनीलाई फाँसी दिएपछि फ्रान्सबाट राजतन्त्र र सामन्तवाद सधैँका लागि अन्त्य भयो । युरोपका अधिकांश मुलुकहरूमा राजाको दैवी शक्तिमा विश्वास थियो । यो क्रान्तिपछि पालैपालो राजपरिवारका सदस्यहरूले मृत्युदण्ड भोग्नु परेपछि जनसाधारणबाट यो भ्रम हराएर गयो भने अन्य मुलुकका निरङ्कुश राजाहरू पनि सचेत भए ।

### २. मानवअधिकारको बहाली

यो फ्रान्सेली क्रान्तिको महत्त्वपूर्ण उपलब्धि थियो । सन १७८९ अगस्ट २७ मा संविधान सभाले मानव अधिकारको घोषणा गरी सबैका लागि समान किसिमको कानुनको कार्यान्वयन गऱ्यो । यो दस्तावेजले नारिकका मौलिकहरूलाई सुरक्षित गऱ्यो ।

### ३. मध्यम वर्गको सामाजिक प्रतिष्ठा कायम

फ्रान्सको क्रान्ति मध्यम वर्गका कारणले गर्दा भएको थियो । यो क्रान्ति सफल भएपछि यसको श्रेय पनि यही वर्गमा नै गयो । अर्कोतर्फ देशको राजनीति र प्रशासनमा यो वर्गको पहुँच बढ्न गएकाले समाजमा यो वर्ग प्रतिष्ठित वर्गका रूपमा स्थापित भयो ।

### ४. धार्मिक स्वतन्त्रता

धार्मिक स्वतन्त्रता भनेको आफूले चाहेको धर्म मान्ने र त्यसअनुसारका क्रियाकलापहरू गर्ने स्वतन्त्रता हो । धर्म निरपेक्षता वा धार्मिक स्वतन्त्रतामा कसैलाई पनि जवरजस्ती धर्म परिवर्तन गराउन, एक धर्मले अर्को धर्मलाई होच्च्याउन र उसका गतिवधीहरूमा बाधा पार्न पाइँदैन । फ्रान्समा क्याथोलिक चर्चको ठुलो प्रभाव थियो र क्याथोलिक धर्मलाई राज्यको मूल धर्म मानिन्थ्यो । पादरी वर्गले समाजमा अनेक किसिमका करहरू लगाउने र जनतालाई शोषण गर्ने गर्दथे । राजतन्त्रको अन्त्यपछि चर्चको प्रभाव घटेर गयो ।

### ५. नयाँ संविधान जारी

सन् १७९१ सेप्टेम्वर ३० संविधानको घोषणा गरियो । यसको परिणामस्वरूप देश कसैको इच्छाले भन्दा पनि नीतिले निर्देशित हुन लाग्यो । यसले देशको शासन व्यवस्थामा सुधार गऱ्यो । यो संविधानमा एक सदनात्मक

व्यवस्थापिका, न्याय विभाग, राज्य पुनर्संरचना आदिजस्ता प्रावधानहरू राखिएका थिए ।

### ६. शैक्षिक तथा आर्थिक सुधार

क्रान्तिभन्दा अगाडि शिक्षा सर्वसुलभ थिएन । शिक्षाको जिम्मेवारी चर्चमा थियो । निम्न/किसान वर्ग शिक्षाको अवसरबाट बञ्चित थियो । यो क्रान्तिको सफलतापछि शिक्षाको जिम्मेवारी राज्यले लियो र सबैले शिक्षाको समान अवसर पाए । यसै गरी सामन्ती व्यवस्थाको अन्त्यसँगै आर्थिक सुधारका कार्यक्रमहरू पनि कार्यान्वयन भए । सबैमाथि समान रूपले कर लगाइयो । यसले गर्दा राष्ट्रको आयस्रोतमा वृद्धि भयो । बेठबिगार आदि जस्ता परम्पराहरूको अन्त्य गरिँदा सामान्य/किसान वर्ग पनि करको चर्को बोझबाट मुक्त भयो ।

### ७. प्रजातन्त्रको उदय

राजतन्त्रको अन्त्य भएपछि फ्रान्सको समाजमा प्रजातान्त्रिक पद्धतिको अवलम्बन गरियो । राज्यका तीन अङ्गहरूले स्वतन्त्रता पूर्वक आफ्नो आफ्नो काम गर्न थाले । देशको शासन प्रणालीमा एकरूपता कायम भयो । नेपोलीयन बोनापार्टको विजयी अभियानले प्रजातान्त्रिक मूल्य र मान्यताहरूले युरोपभरि नै चर्चा पाए ।

### ८. नेपोलियन बोनापार्टको उदय

फ्रान्सको इतिहासमा नेपोलियन बोनापार्ट छुटाउन नमिल्ने नाम हो । उनको जन्म सन् १७६४ अगस्ट १४ मा कोर्सिका (Corsica) भन्ने ठाउँको एक गरिब परिवारमा भएको थियो । उनले इङ्ल्यान्डमा अध्ययन गर्दा साथीहरूले उनको गरिबी देखेर खिल्ली उडाउँथे । तर चतुर, तीक्ष्ण, साहसी, निर्भिक र आत्मविश्वासी नेपोलियन त्यस्ता कुराहरूबाट आत्तिएनन् । उनी १६ वर्षको उमेरमा द्वितीय श्रेणीको लप्टन पदबाट सैनिक सेवामा प्रवेश गरे । उनले सबै कुरालाई सम्भव देख्दथे । “असम्भव शब्द मूर्खहरूको शब्दकोशमा मात्र हुन्छ ।” भन्ने उनको भनाइ थियो । उनी विभिन्न युद्धहरूमा सहभागी हुन्थे र प्राय: विजय प्राप्त गर्दथे । एक पटक फ्रान्सको दक्षिणी भागमा रहेको तुल्दाैं (Touldon) भन्ने ठाउँमा विद्रोह भयो । यिनले सफलतापूर्वक यसलाई आफ्नो नियन्त्रणमा राख्न सकेपछि यिनको योग्यताबाट प्रभावित भई ब्रिगेडियर जनरलमा पदोन्नति गरियो ।

यसबेला फ्रान्समा राजतन्त्रको अन्त्य भएको थियो र देशको शासन चलाउनका लागि ५ जनाको डाइरेक्टरी गठन गरिएको थियो । यो डाइरेक्टरी भ्रष्ट र असक्षम भएकाले फ्रान्समा राज्य आतङ्क मच्चिएको थियो । यसैबेला नेपोलियनले डाइरेक्टरीमाथि आफ्नो प्रभाव कायम गरे । सन् १८०२ मा उनी फ्रान्सको कन्सुल बने । सन् १८०४ मा उनले आफूलाई फ्रान्सको सम्राट घोषित गरेका थिए ।

### ९. नेपोलियन कोडको कार्यान्वयन

नेपोलियन बोनापार्ट फ्रान्सका प्रभावशाली व्यक्तित्त्व हुन् । फ्रान्सको क्रान्तिपछि यहाँको शासन सत्तामा

यिनको उदय भयो । उनी देशको कन्सुल हुनासाथ न्यायिक सुधारमा पहल गर्दै कानुनको निर्माण गरे, जसलाई नेपोलियन कोड भनिन्छ । नेपोलियन कोडको कार्यान्वयनले प्रशासनिक र न्यायिक व्यवस्थालाई प्रभावकारी बनायो । यसलाई नेपोलियन बोनापार्टको निकै महत्त्वपूर्ण उपलब्धि मानिन्छ । नेपोलियन कोड तयार गर्दा समाजका जेष्ठ नागरिकहरूको भेला गराई उनीहरूका चलन र रीतिअनुसार कानुन बनाइएको हुनाले नेपोलियन कोड फ्रान्समा सर्वमान्य भयो ।

माथि उल्लेख गरिएका यो क्रान्तिका केही उपलब्धिहरू मात्र हुन् । यसबाहेक सामाजि, आर्थिक, राजनीतिक, भूमि व्यवस्था, आदि क्षेत्रमा धेरै सुधारहरू भएको देखिन्छ ।

## कक्षाकार्य

संविधान किन आवश्यक छ ? फ्रान्स र नेपालमा कहिले कहिले संविधान जारी गरिए ? नेपालको वर्तमान संविधान र फ्रान्सको संविधानका बिचमा के कस्ता समानताहरू होलान् ? शिक्षकसँग सोधपुछ गरी लेख्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) फ्रान्सको क्रान्ति किन अठारौँ शताब्दीको महत्त्वपूर्ण घटना थियो ?

(ख) फ्रान्सको राजतन्त्रलाई किन निरङ्कुशताको प्रतीक मानिन्थ्यो ?

(ग) कुन घटनापछि फ्रान्सबाट निरङ्कुशता र सामन्तवादको अन्त्य भयो ?

(घ) फ्रान्समा मानव अधिकारको घोषणा कहिले भयो ?

(ङ) सरकारका तीन अङ्गहरूको नाम लेख्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) फ्रान्सबाट राजतन्त्रको अन्त्य हुँदा अन्य मुलुकहरूलाई कस्तो प्रभाव पाऱ्यो ?

(ख) मानव अधिकार भनेको के हो र मानवअधिकारको घोषणापछि फ्रान्सेली समाजमा कस्तो प्रभाव पऱ्यो ? छोटकरीमा चर्चा गर्नुहोस् ।

(ग) फ्रान्समा विकसित भएका प्रजातन्त्रका मूल्य र मान्यताहरू कसरी युरोपभरि फैलिए ?

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) धार्मिक स्वतन्त्रता भनेको कस्तो व्यवस्था हो ? यसका विशेषता र महत्त्वको चर्चा गर्दै एउटा पत्रिकाको लागि सम्पादकीय लेखनुहोस् ।

ख) फ्रान्सको राज्यक्रान्तिपछि आर्थिक क्षेत्रमा भएका सुधारहरूको चर्चा गर्नुहोस् ।

# पाठ - १ प्रथम विश्वयुद्धका कारण

एकाइ ५

# प्रथम विश्वयुद्ध

## १. पृष्ठभूमि


सन् १९१४ विश्व सभ्यताका लागि दुर्भाग्यको सुरुआतीको वर्ष थियो । यसको थालनी युरोपेली मुलुकहरूबाट गरियो र विश्वलाई विभिन्न प्रकारले प्रभावित गरियो । यो समय युरोपेली मुलुकहरू विश्वको शक्ति केन्द्रका रूपमा परिचित थिए र तिनीहरूमा एकले अर्कालाई नियन्त्रण गर्ने प्रतिस्पर्धा चलिरहेको थियो । यही प्रतिस्पर्धामा विश्वले ठुलो नोक्सानीको समाना गर्नुपर्‍यो । यो घटनामा विश्वका सानाठुला सबै मुलुकहरू प्रत्यक्ष वा परोक्ष रूपमा सहभागी भए । त्यो घटना प्रथम विश्वयुद्ध थियो । यति ठुलो र विध्वंसक युद्ध विश्वको इतिहासमा पहिलो पटक भएको हुनाले यसलाई प्रथम विश्वयुद्ध भनिएको हो । यो युद्ध एकै पटकको एउटा घटनको परिणाम नभएर र झन्डै १०० वर्षका घटना, रिस एवम् प्रतिद्वन्द्वी भावनाको विष्फोट थियो । फ्रान्सको क्रान्तिपछि फ्रान्स पनि विश्वशक्तिको रूपमा विकसित भई इङ्ल्यान्डको साम्राज्यलाई चुनौती दिन लागेको थियो । सन १८१४ को वाटर लु (Water Loo) को युद्धमा फ्रान्सको पराजय भएपछि युरोपेली राष्ट्रहरूमा युद्धको वातावरण तयार हुँदै जान लाग्यो । यही वातावरणको परिणाम प्रथम विश्वयुद्ध थियो ।



प्रथम विश्वयुद्धका झलकहरू

## २. कारणहरू

पूर्व उल्लेख गरिएअनुसार युद्धको वातावरण सिर्जना हुनका लागि विभिन्न समयमा अनेकौं घटनाहरू घटेका थिए । ती सबै घटनाहरू यो युद्धका कारण बने । त्यसमध्ये केही कारणहरू यस पाठमा चर्चा गरिने छ :




**(क) गोप्य सन्धिहरू/गुटबन्दी**

आपसी मतभेद र अहङ्कारका कारणले युरोपेली राष्ट्रहरूले एक अर्कामा आफ्नो रिसइवी साध्य गर्नका लागि गोप्य सन्धिहरू गरी गुटबन्दीको सिर्जना गर्न थाले । यसरी गोप्य सन्धिहरू गर्दा कतिपय राष्ट्रहरूले दुई राष्ट्रहरूबिच मतभेद गराई आफ्नो स्थान उच्च राख्नका लागि दोहोरो भूमिका समेत खेलेका थिए ।

सन् १८७३ मा बिस्मार्कको पहलमा जर्मनी, अस्ट्रिया, हङ्गेरी र रुसका बिच मैत्री सन्धिबाट नै गोप्य सन्धिहरू र गुटबन्दीको थालनी भएको हो । सन् १८८२ मा जर्मनी, इटली र अस्ट्रिया-हङ्गेरीका बिच त्रिराष्ट्र सन्धि (Tripple Alliance) सम्पन्न भयो । सन् १८९० मा जर्मनीमा बिस्मार्कको पतन भएपछि यो त्रिमैत्री सन्धि प्रभावकारी हुन सकेन । रुसले यो सन्धि त्यागी सन् १८९४ मा फ्रान्ससँग सन्धि गऱ्यो । यो सन्धि जर्मनीका चान्सलर बिस्मार्कले फ्रान्सलाई एक्ल्याउने उद्देश्यले गरेका थिए । यसप्रकार सन् १८९४ सम्म आइपुग्दा युरोपमा दुईओटा गुटहरू देखा परे । एउटा गुट फ्रान्स र रुसको थियो भने अर्को गुट जर्मनी, इटली र अस्ट्रिया-हङ्गेरीको थियो । यसबेलासम्म इङ्ल्यान्डले आफूलाई विश्वको सर्वश्रेष्ठ सोच्दै कुनै पनि गुटमा

सामेल भएको थिएन । तर यस्ता शक्तिशाली गुटहरूको सिर्जना भएपछि ऊ झस्कियो । विश्वमा आफ्नो आधिपत्य र पकड कायम राख्ने चाहनामा यी गुटहरूको सिर्जनाले बाधा पार्ने देख्यो । अत: सन् १९०२ मा एसियाको जापानसँग सन्धि गऱ्यो र आफू पनि सन् १९०७ मा फ्रान्स र रुसको गुटमा सहभागी भयो । यसलाई त्रिपक्षीय मैत्री सन्धि (Tripple Entente) भनिन्छ । यो सन्धिपछि युरोपमा शक्तिशाली दुई गुटहरू देखा परे ।

| त्रिमैत्री गुट (Tripple Entente), सन् १९०७ | ↔ | मित्रराष्ट्र गुट (Tripple Alliance), सन् १८८२ |
|---|---|---|
| इङ्ल्यान्ड, फ्रान्स र रुस (एसिया जापान, चीन, नेपाल) | | जर्मनी, इटली र अस्ट्रिया-हङ्गेरी |

(ख) **सैनिकीकरण**

सैनिकीकरण भनेको राष्ट्रको प्रमुख व्यक्ति स्वत: त्यस देशको सेना प्रमुख हुने र उसको आदेशअनुसार राज्य सञ्चालन हुने व्यवस्था हो । कतिपय मुलुकहरूमा यस प्रकारको व्यवस्थामा निश्चित उमेर समूहका मानिसहरूले अनिवार्य सैनिक सेवा गर्नुपर्ने पनि हुन्छ । सैनिकीकरणको अवस्थामा राज्यका तीनै अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका एकै व्यक्तिको हातमा रहने भएकाले प्रजातन्त्र वा नागरिक अधिकारको प्रसङ्ग नै आउँदैन । देशका सबै नागरिकले सेना प्रमुखको आदेश पालन गर्न बाध्य हुन्छन् ।

त्यसबेला प्राय: सबै युरोपेली मुलुकहरू आपसी शङ्कामा रहेकाले सैनिकीकरणमा विशेष जोड दिएका थिए । यो अवस्थालाई रोक्न नसकेमा युरोपले ठुलो चुनौतीको सामना गर्नुपर्नेछ भन्ने कुरामा सबै देशहरू विश्वस्त थिए । अत: सैनिकीकरणलाई न्यून गरी विध्वंशबाट युरोपलाई बचाउन सकिन्छ कि भन्ने उद्देश्यले सन् १९०७ मा नेदल्यान्डस्को हेग (Heague) मा एउटा सम्मेलन भयो । तर राष्ट्रहरूका बिच एकमत हुन नसक्दा यो सम्मेलन अर्थपूर्ण हुन सकेन । सबै देशहरूको सैनिकीकरणको सोच र होडका कारणले युद्ध हुने पक्कापक्की जस्तै अवश्यम्भावी भएको थियो ।

(ग) **उग्रराष्ट्रवाद**

युरोपेली राष्ट्रहरूमा विकास भएको उग्रराष्ट्रवादको कारणले प्रत्येक राष्ट्रले एक अर्कालाई हेप्ने, होच्याउने र अर्को राष्ट्रको सार्वभौमिकतालाई चुनौती दिने गर्दथे । कुनै पनि राष्ट्रका क्रियाकलापहरू सर्वोपरि हितका लागि नभई आफ्नो उत्थान र अर्काको पतनका लागि हुन्थे । देशहरूको यसप्रकारको भावनाले गर्दा शान्ति सम्मेलनहरू बिथोलिने र दुस्मनी एवम् द्वन्द्व बढ्ने गरेका थिए ।

(घ) **साम्राज्यवादी नीति**

एक देशले अर्को देशको भूभाग, अर्थतन्त्र एवम् प्रशासन नियन्त्रण गरी आफ्नो किसिमको शासन व्यवस्था सञ्चालन गर्नु साम्राज्यवाद (Imperialism) हो । युरोपमा भएको औद्योगिक क्रान्तिले त्यहाँको उत्पादन

बढाएको थियो । यसले गर्दा ती मुलुकहरूले आफ्नो व्यापार बढाउनका लागि नयाँनयाँ स्थानहरूको खोजी गर्न लागे । आफ्नो साम्राज्य विस्तारका लागि रुस, फ्रान्स र इङ्ल्यान्ड अग्रस्थानमा थिए । यी तीनओटै राज्यहरूको उद्देश्य एउटै भएकाले यिनीहरूका बिच मनोमालिन्य सिर्जना हुन गयो । समयसँगै इटली र जर्मनी पनि आफ्ना साम्राज्य विस्तारमा लागेपछि एसिया, अफ्रिका र अमेरिकाका मुलुकहरूका विषयलाई लिएर यी राष्ट्रहरूका बिच विवाद हुन लाग्यो । यस प्रकारको वैमनस्यताले अन्त्यमा युद्धको रूप लियो ।

### (ङ) समाचारपत्रहरूको अफवाह

पत्रपत्रिका एवम् समाचार माध्यमहरू सामाजिक रूपान्तरणका साधन हुन् । सिर्जनात्मक कुराहरू, ज्ञानविज्ञान र सामाजिक कुरीति विरुद्धका सामग्रीहरू प्रकाशन/प्रसारण गरेर यिनीहरूले समाजमा आमूल परिर्तनको थालनी गर्न सक्छन् भने कुनै पनि गतिविधिको दुस्प्रचार र अपव्याख्या गरेर विध्वंश मच्चाउन पनि सक्छन् । त्यसैले पत्रकारितालाई राज्यको चौथो अङ्गसमेत भनिन्छ । त्यस बेला युरोपेली मुलुकहरूबाट प्रकाशन हुने समाचार पत्रहरूले अर्को देशको विरुद्धमा गलत समाचारहरू छापेर राष्ट्रहरूका बिच वैमनस्य पैदा गराएका थिए । समाचारपत्रहरूका यस्ता अफवाहले जनताहरूमा उग्रराष्ट्रवादको विकास गरिरहेको थियो । विषेशत: इङ्ल्यान्ड र जर्मनीका समाचारपत्रहरूले आफूभन्दा फरक गुटका देशहरू विरुद्ध यस्ता झूठा समाचारहरू छाप्ने गर्दथे । यसको सिको अन्य मुलुकहरूले समेत गर्दा युरोपभरि नै समाचारपत्रहरूको आतङ्क मच्चिएको थियो ।

समाचारपत्रहरूको यस्तो अफवाहले देशहरूका बिच मनोमालिन्य बढाएको कुरा सबै देशहरूले बुझेका भए पनि यिनीहरूको नियन्त्रणमा कुनै कदम नचालिएकाले यो पनि प्रथम विश्वयुद्धको एउटा कारण बन्न गयो ।

### (च) फ्रान्स र जर्मनीको भूमिसम्बन्धी विवाद

फ्रान्स र जर्मनी दुबैले साम्राज्यवादलाई आफ्नो नीति बनएका थिए । यी दुई देशहरूबिचको सन् १८७० को युद्धमा फ्रान्सका सम्राट नेपोलियन तृतीयलाई जर्मनहरूले बन्दी बनाएपछि सन् १८७१ मा यी दुई देशहरूबिच फ्र्याङ्कफर्ट (Frankfurt) सन्धि भयो । यो सन्धि अनुसार फ्रान्सले एल्सेस र लोरेन नामका आफ्ना दुई भूमिहरू जर्मनीलाई सुम्पिनु पऱ्यो । यी प्रान्तहरू फलाम तथा कोइला खानी र उद्योगमा सम्पन्न थिए । फ्रान्सले यो सन्धिबमोजिम आफ्नो भूमि गुमाउनु पऱ्यो भने उसको आयस्रोत पनि घट्यो । युद्धमा पराजित हुनु र आफ्नो आयमूलक भूमि गुमाउनु फ्रान्सको अभिमानमा धक्का लाग्नु पनि थियो । त्यसैले जर्मनीलाई युद्धमा हराई यी भूमिहरू फिर्ता लिनु र अपमानको बदला लिनु फ्रान्सको चाहना थियो । यसले गर्दा यी दुई राष्ट्रहरूका बिचको विवाद युद्धको रूपमा परिणत भयो ।

### (छ) मध्यस्थकर्ताको अभाव

दुई राज्यहरूकाबिच विवाद हुँदा मेलमिलाप गराई शान्तिपूर्ण अवस्थाको सिर्जना गर्न त्यसबेलाका युरोपेली देशहरू सक्षम भएनन् । एकातर्फ सबै देशहरूमा समान अहङ्कार थियो र उनीहरूले तेस्रो देशको मध्यस्थता

स्वीकार गर्न राजी थिएनन् भने अर्कोतर्फ तेस्रो पक्षले पनि दुई देशहरूको विवाद भएमा आफूलाई सुरक्षित सोच्दथ्यो । युरोपेली मुलुकहरूका बिच उत्पन्न समस्या समाधानका लागि एउटा निष्पक्ष न्यायालयको स्थापना गर्ने मनसायले रुसका जार निकोलस द्वितीय (Czar Nicholas II) ले सन् १८९८ मा २६ राष्ट्रका प्रतिनिधिहरू भएको एउटा सम्मेलनको आयोजना गरे । तर इङ्ल्यान्ड र जर्मनी आफ्नो स्वार्थमा अडिग रहेका कारण न्यायालयको गठन गरी शान्ति स्थापना गर्ने पहल सफल हुन सकेन ।



सिजार निकोलस

### (ज) विलियम द्वितीय (William II) को अहङ्कार

विलियम द्वितीय जर्मनीका सम्राट हुन् । उनी अदूरदर्शी, रिसाहा, घमण्डी र महत्वाकाङ्क्षी थिए । त्यसबेला बिस्मार्क जर्मनीका चान्सलर थिए । उनी निकै बुद्धिमान्, दूरदर्शी र विवेकी भएकाले उनैको पहलमा जर्मनीको एकीकरण भएको थियो । यसले गर्दा बिस्मार्क जर्मनीमा लोकप्रिय थिए भने उनको कुटनैतिक क्षमताका कारण युरोपमा पनि बिस्मार्कको राम्रो पहिचान थियो । उनी कुटनीतिमा कुशल भएकाले विभिन्न देशहरूसँग गोप्य सन्धिहरू गरी फ्रान्सलाई युरोपमा एक्लो पार्ने प्रयास गरिरहेका थिए र उनको योजनामा सफलता पनि मिल्दै थियो । तर उनको बढ्दो प्रभाव सम्राट विलियम द्वितीयलाई मन नपरेका कारणले बिस्मार्कलाई चान्सलर (Chancellor) पदबाट हटाइ कैद गरे र स्वेच्छाचारी रूपमा शासन सञ्चालन गर्न थाले । उनले देशको सत्ता आफ्नो हातमा केन्द्रित गर्नासाथ आफूलाई "विश्वविजयी वा अस्तित्त्वहीन" (Either World Power or Downfall) को घोषणा गरी विश्व समुदायलाई चुनौती दिए । जसको कारणले गर्दा युरोपेली राष्ट्रहरूले जर्मनी विरुद्ध गुटबन्दी गर्न लागे ।



विलियम द्वितीय

### (झ) बाल्कन प्रायद्वीपको समस्या

बाल्कन सागरको वरिपरि रहेका सर्बिया, ग्रिस, बुल्गेरिया र मोन्टेनिग्रोलाई बाल्कन राष्ट्रका रूपमा चिनिन्छ । उन्नाइसौँ शताब्दीमा यी राष्ट्रहरूमाथि टर्कीले आफ्नो साम्राज्य कायम गरेको थियो । टर्कीको यो साम्राज्यलाई




तत्कालीन युरोप

अटोमन साम्राज्य पनि भनिन्थ्यो । यी सबै बाल्कन राष्ट्रहरूले आपसमा मिलेर टर्की विरुद्ध स्वतन्त्रताको युद्ध गर्ने उद्देश्यले बाल्कन सङ्घ (Balkan League) को स्थापना गरेका थिए । रुसले यस क्षेत्रमा आफ्नो पहुँच बढाउँदै सर्बियालाई सहयोग गरिरहेको थियो र टर्कीको यो साम्राज्यमाथि हस्तक्षेप गर्ने अवसर खोजिरहेको थियो । त्यसैगरी जर्मनी र अस्ट्रिया हङ्गेरीले पनि "पूर्वतिर बढ" (Urge towards the East) को नारा दिइरहेका थिए । यसले गर्दा युरोपको वातावरण नै अशान्त बन्दै गइरहेको थियो । यस्तै अवस्थामा सन् १९१२ मा बाल्कन सङ्घले टर्कीसँग युद्ध गर्‍यो । यो युद्धमा टर्कीको पराजय भएकाले लण्डन सन्धि गरियो । जसअनुसार टर्कीबाट प्राप्त भूभाग यी चार राष्ट्रहरूले आपसमा बाँडेर लिए । यसै सिलसिलामा "अल्बानिया" भन्ने नयाँ राष्ट्रको पनि स्थापना भयो । यो युद्धलाई प्रथम बाल्कन युद्ध भनिन्छ ।

लण्डन सन्धिअनुसार प्राप्त भूभाग आफूलाई थोरै भएको भनी बुल्गेरियाले असन्तुष्टि प्रकट गर्‍यो । यसैबिच जर्मनी र अस्ट्रिया हङ्गेरीले बुल्गेरियालाई उक्साए भने रुसले सर्बियालाई उक्सायो । यही उक्साहटमा लागेर बुल्गेरियाले सन् १९१३ मा सर्बियामाथि आक्रमण गर्‍यो । तर अन्य बाल्कन राज्यहरूले समेत सर्बियालाई सहयोग गरेकाले यो युद्धमा बुल्गेरियाको हार भयो । यसलाई दोस्रो बाल्कन युद्ध भनिन्छ ।

बाल्कनलगायत बोस्निया हजगोभिना (Bosnia-Herzegovina) मा समेत गञ्जागोल अवस्था थियो । सन् १८७८ को बर्लिन सम्मेलनले बोस्निया-हर्जगोभिना (Bosnia-Herzegovina) लाई अस्ट्रिया-हङ्गेरीको स्वायत्त क्षेत्र घोषणा गरेको थियो, स्वामित्व भने कायम गराएको थिएन । तर सन १९०८ मा अस्ट्रिया-हङ्गेरीले यी दुई प्रदेशहरूलाई पूर्ण रूपले आफ्नो अधीनमा लियो । बाल्कनको स्वत्न्त्रताले प्रभावित भई यी दुई प्रदेशहरूले पनि अस्ट्रिया हङ्गेरीको शासन विरुद्ध विद्रोहको थालनी गरे । यहाँ सर्बियन जातिका मानिसहरूले बसोबास गर्ने भएकाले यिनीहरूले आफूलाई अस्ट्रिया हङ्गेरीको शासनबाट मुक्त गरी स्वतन्त्र हुने अथवा सर्बियाको आधिपत्य स्वीकार गर्ने उद्देश्य बनाएका थिए । अस्ट्रिया हङ्गेरीसँग विद्रोह गर्नका लागि यहाँका युवाहरूले "ब्ल्याक ह्यान्ड सोसाइटी" (Black Hand Society) नामक सङ्गठन स्थापना गरी "एकता अथवा मृत्यु" (Union or Death) भन्ने नाराका साथ विद्रोह सुरु गरे ।

(ञ) **तत्कालीन कारण**

बोस्निया-हर्जगोभिनाको समस्यासँग प्रथम विश्वयुद्धको तत्कालीन कारणले प्रत्यक्ष सम्बन्ध राख्दछ । ब्ल्याक ह्यान्ड सोसाइटीले बोस्निया-हर्जगोभिनामा विद्रोह गरिरहेकै बखत अस्ट्रिया हङ्गेरीका राजकुमार आर्कड्युक फ्रान्सिस फर्डिन्याण्ड (Archduke Fransis Ferdinand) र उनकी पत्नी सोफी चोटेक (Sophie Chotek) ले बोस्निया-हजगोभिनाको राजधानी साराजेभोको भ्रमण गरे । यो दिन वास्तवमा विश्व सभ्यतामाथि नकरात्मक प्रभाव पार्ने घटनाको दिन थियो भने अस्ट्रिया हङ्गेरीका लागि दुःखको दिन पनि थियो । सन १९१४ जुन २८ को यस दिनमा यी दम्पत्ति साराजेभोको एक समारोहमा जान लागेका थिए । त्यसै बखत ब्ल्याक ह्यान्ड सोसाइटीको कुनै सदस्यले उनीहरू चढेको मोटरमाथि बम प्रहार गर्‍यो । सौभाग्यले यसपटक

त उनीहरू बाँच्न सफल भए । तर समारोह सकेर सङ्ग्राहलयतर्फ जानलाग्दा उनीहरूले बाटो बिराए । सही बाटो पहिचान गरी मोटर घुमाउन लाग्दा ब्ल्याक ह्यान्ड सोसाइटीसँग आबद्ध १९ वर्षीय ग्याभ्रिलो प्रिन्सेप (Gavrilo Princep) ले दुई गोली चलाएर राजकुमार दम्पत्तिको हत्या गऱ्यो । यो नै प्रथम विश्वयुद्धको तत्कालीन कारण बन्न गयो ।

| केही तिथिमितिहरू | |
|---|---|
| सन् १८८२ | त्रिराष्ट्र सन्धि/गुट (Tripple Alliance) |
| सन् १९०७ | त्रिपक्षीय मैत्री सन्धि (Tripple Entente) |
| सन् १९१४ | जुन २८ साराजेभो हत्याकाण्ड |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) युरोपमा गोप्य सन्धिहरूको थालनी कसले गरे ?

(ख) सैनिकीकरणको अन्त्यको लागि युरोपेली राष्ट्रहरूले कस्तो पहल गरे ?

(ग) साम्राज्यवाद भनेको के हो ? स्पष्ट पार्नुहोस् ।

(घ) जार निकोलस द्वितीयको अन्तर्राष्ट्रिय न्यायालय स्थापना गर्ने चाहना किन पूरा भएन ?

(ङ) बाल्कन सङ्घको स्थापना किन भएको थिया ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) त्रिमैत्री सन्धिको परिचय दिँदै यो सन्धि प्रभावकारी नहुनुको कारण लेख्नुहोस् ।

(ख) युरोपका राष्ट्रहरूबिचको एकताले इङ्ल्यान्डलाई कस्तो असर पर्न सक्थ्यो ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ग) सैनिकीकरण भनेको कस्तो व्यवस्था हो ? तपाईंलाई यो व्यवस्था मन पर्छ कि पर्दैन ? कारणसहित खुलस्त पार्नुहोस् ।

(घ) "समाचारपत्रहरू सिर्जना तथा विध्वंशका शक्तिशाली साधनहरू हुन् ।" माथिको भनाइलाई आफ्ना शब्दमा स्पष्ट पार्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) "समस्याको समाधान उग्रराष्ट्रवादबाट होइन, सौहार्दपूर्ण वातावरणबाटमात्र सम्भव छ ।" आफ्ना तर्क र उदाहरणहरू दिँदै पुष्टि गर्नुहोस् ।

(ख) अन्तर्राष्ट्रिय न्यायालयको स्थापनाले कसरी विश्वशान्ति स्थापनामा सहयोग गर्छ ? साथीहरूसँग छलफल गरी एउटा लेख तयार गर्नुहोस् ।

(ग) प्रथम विश्वयुद्धको तत्कालीन कारणलाई दुई साथीहरूबिचको संवादको रूपमा लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा कुनै दुई देशबिचको युद्धमा सहभागी भएका भारतीय वा बेलायती सेनाका भूतपूर्वक सैनिकहरू हुनुहुन्छ भने उहाँहरूलाई भेट्नुहोस् । यदि तपाईंले त्यस्ता व्यक्तिहरूलाई भेट्न सक्नुभएन भने पुस्तक, पत्रपत्रिका वा इन्टरनेटको सहयोगमा कुनै एक युद्धका कारणहरू अध्ययन गरी प्रतिवेदन बनाउनुहोस् ।

❍❍❍

| पाठ - २ | प्रथम विश्वयुद्धका घटना |
|---|---|



प्रथम विश्वयुद्धको झलक

सन् १९१४ जुन २८ को साराजेभो हत्याकाण्ड अस्ट्रिया हङ्गेरी र साराजेभोमा मात्र केन्द्रित नरही यसले विश्वव्यापी प्रभाव पार्‍यो । यो घटनामा अस्ट्रिया-हङ्गेरीले सर्बियालाई जिम्मेवार ठहर गरी सर्बियामाथि आक्रमण गर्ने निर्णय गर्‍यो । यो घटनापछि युरोपका गुटहरू सक्रिय भए । यो हत्याकाण्डको केही समयपछि अस्ट्रिया हङ्गेरीले सर्बियालाई कडा चेतावनीपूर्ण आदेश पत्र पठायो । सो आदेशपत्रमा अस्ट्रिया हङ्गेरी विरुद्ध सर्बियामा भइरहेका सबै गतिविधिहरू बन्द गराउने, अस्ट्रिया हङ्गेरी विरुद्ध लागेका सबै सरकारी सेनाहरूलाई बर्खास्त गर्ने, अस्ट्रिया हङ्गेरी विरोधी गतिविधिमा लागेका व्यक्तिहरूको खोजी गरी कारबाही गर्ने, सर्बियाका अदालतहरूमा अस्ट्रिया हङ्गेरीका न्यायधीशहरू नियुक्त गर्ने आदि जस्ता कुराहरू लेखिएका थिए । सर्बियका अदालतहरूमा अस्ट्रिया हङ्गेरीका न्यायधीशहरू राख्ने कुरालाई सर्बियाले अस्वीकार गरी अन्तर्राष्ट्रिय न्यायलयमा प्रस्तुत गर्न अनुरोध गर्‍यो ।

इङ्ल्यान्ड र जर्मनीले यो समस्यालाई सर्बिया र अस्ट्रिया हङ्गेरीका बिचमा मात्र सीमित गर्ने र समाधान गर्ने चाहना गरिरहेका थिए । तर रुसले सर्बियालाई सहयोग गर्ने घोषणा गर्‍यो भने फ्रान्सले रुसको घोषणालाई समर्थन गर्‍यो । अस्ट्रिया हङ्गेरीले सर्बियाको विरुद्ध युद्धको औपचारिक घोषणा नगर्दै सन् १९१४ को जुलाई २३ मा नै रुसले अस्ट्रिया हङ्गेरीविरुद्ध आफ्ना सेना परिचालन गर्‍यो । जर्मनीले यो समस्यालाई मिलाउन चाहेको भए पनि रुस र फ्रान्स अगाडि बढेकाले ऊ पनि तटस्थ बस्न सकेन । यसैबिच अस्ट्रिया हङ्गेरीले सन १९१४ जुलाई २८ मा सर्बियामाथि आक्रमण गरी प्रथम विश्वयुद्धको विधिवत थालनी गर्‍यो ।

अस्ट्रिया-हङ्गेरीले सर्बियामाथि आक्रमण गर्ने बेलासम्म एक देशले अर्को देशलाई धम्काउने काम मात्र भइरहेको थियो । यसैबिच सन १९१४ अगष्ट ३ मा जर्मनीले रुसविरुद्ध युद्धको घोषणा गर्‍यो र ४ अगस्टमा बेल्जियम कब्जा गरी आफ्नो सेनालाई फ्रान्सतर्फ बढ्ने आदेश दियो । यो दिनदेखि सर्बिया र अस्ट्रिया हङ्गेरी बाहेकका भूमिमा पनि युद्धको थालनी भयो । सन् १८३९ को एउटा सन्धि अनुसार बेल्जियमलाई तटस्थ राख्नु पर्दथ्यो तर जर्मनीले यो सम्झौता भङ्ग गरेकाले इङ्ल्यान्डले पनि सन् १९१४ अगस्ट ४ को दिनमा जर्मनीविरुद्ध युद्धको घोषणा गर्‍यो । ७ अगस्टको दिनमा फ्रान्सको रक्षाका लागि अङ्ग्रेजी सेना फ्रान्स आइपुग्यो । २१ अगस्टको दिनमा इङ्ल्यान्ड र फ्रान्सको संयुक्त सेनाले जर्मनीका सेनाको मुकाविला गरे । तर जर्मनीको शक्ति र साहसका अगाडि यिनीहरूको केही सिप लागेन झन्डै २० हजारको सङ्ख्यामा फ्रान्सका सेनाहरूको यो

युद्धमा नोक्सानी भएको अनुमान गरिन्छ । सन् १९१४ सेप्टेम्बर ४ को मार्न (Marne) को युद्धमा फ्रान्सका दुईलाख सेनाहरू घाइते भए भने झन्डै ८० हजारको ज्यान गएको थियो । इङ्ल्यान्डका १७०० जनाको ज्यान गयो । त्यसैगरी जर्मनीका २ लाख ५० हजार सेना घाइते भए भने १५ हजारलाई युद्धबन्दी बनाइयो । जर्मनीको पेरिस कब्जा गर्ने योजना बिफल भयो ।

युद्धको यस क्रममा सर्वियालाई रुस र फ्रान्सले समर्थन गरे भने यिनीहरूलाई इङ्ल्यान्ड र जापानले समर्थन गरे । यसरी मित्रराष्ट्र (Tripple Entente) को मोर्चा बन्यो भने उता जर्मनी, अस्ट्रिया हङ्गेरी र इटलीको धुरी राष्ट्र मोर्चा (Tripple Alliance) बन्यो । तर इटलीले भने तटस्थता देखायो । तर १ वर्षपछि सन् १९१५ मे २४ मा धुरीराष्ट्र विरुद्ध युद्धको घोषणा गऱ्यो ।

सन् १९१५ मा मेसोपोटमियाको पराजयले इङ्ल्यान्डले ठुलो अपमानको सामना गर्नुपऱ्यो भने जर्मनीको हौसला बढायो । सन १९१५ को मे ७ मा जर्मनीले अमेरिकाका पनडुब्बी डुबाई १०० जना जतिको ज्यान लियो । यस बेलासम्म अमेरिकाको युद्धमा प्रत्यक्ष सहभागिता थिएन । पुन: अर्को पनडुब्बी पनि डुबाइदिएकाले सन् १९१७ को अप्रिल ६ मा अमेरिकाले पनि जर्मनीका विरुद्ध युद्धको घोषणा गरी प्रत्यक्ष रूपले युद्धमा सामेल भयो । सन् १९१७ सम्म आइपुग्दा धुरी राष्ट्रहरूको जित र मित्रराष्ट्रहरूको हार भइरहेको थियो । सन् १९१७ को मार्चमा रुसमा क्रान्ति भई साम्यवादको स्थापना भएकाले रुसले युद्धबाट हात झिक्यो । यसले गर्दा धुरी राष्ट्रहरू अझै उत्साहित भए भने मित्र राष्ट्रहरूको शक्ति क्षीण भयो ।

धुरी राष्ट्रहरूको बढ्दो प्रभावका अगाडि मित्रराष्ट्रहरूले नयाँ रणनीति अपनाउनुपर्ने भयो । अत: यिनीहरूले जर्मनी विरुद्ध संयुक्त रूपमा मुकाबिला गर्ने उद्देश्यले सन १९१८ को मार्च ३० मा जनरल फोचलाई सेनापति बनाई संयुक्त सेनाको निर्माण गरे । अब यसपछि भने धुरी राष्ट्रहरूको पराजय सुरु भयो । सन १९१८ को सेप्टेम्बर ३० र ३१ मा बुल्गेरिया र टर्कीले आत्मसमर्पण गरेपछि धुरी राष्ट्रहरूको शक्ति क्षीण भयो । सन् १९१८ को नोभेम्वर ३ मा अस्ट्रिया हङ्गेरीको आत्मसमर्पणले जर्मनीलाई एक्लो बनायो । अब यो युद्धमा जर्मनीले पराजय भोग्नुपर्छ भन्ने निश्चित हुँदै गयो भने जर्मनीका जनताहरूले सम्राट् विलियम द्वितीय विरुद्ध आन्दोलन पनि गर्न लागे । फलस्वरूप सन् १९१८ को नोभेम्वर ९ मा त्यहाँका सम्राट गद्दी छाडी हल्यान्डमा शरण लिन गए । जर्मनीको नयाँ सरकारले जनरल फोच समक्ष आत्मसमर्पण गऱ्यो । यसरी सन् १९१८ नोभेम्वर ११ मा पहिलो विश्वयुद्धको अन्त्य भयो ।

| केही तिथि मितिहरू | |
|---|---|
| सन १९१४ जुलाई २८ | अस्ट्रिया हङ्गेरीले सर्बियामाथि आक्रमण गरी प्रथम विश्वयुद्धको थालनी |
| सन् १९१८ को नोभेम्वर ९ | जर्मनीका सम्राटको गद्दी त्याग |
| सन् १९१८ नोभेम्वर ११ | प्रथम विश्वयुद्धको अन्त्य |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा जवाफ दिनुहोस् :**

(क) साराजोभो हत्याकाण्डको दोष अस्ट्रिया हङ्गेरीले किन सर्बियालाई लगायो ?

(ख) सर्बियाले अस्ट्रिया हङ्गेरीको आदेशपत्रको कुन सर्त मान्न तयार भएन ?

(ग) सर्बियाले समस्याको समाधान कसरी गर्न चाहन्थ्यो ?

(घ) जर्मनी प्रथम विश्वयुद्धको समयमा किन तटस्थ बस्न सकेन ?

(ङ) इङ्ल्यान्डले किन जर्मनीविरुद्ध युद्धको घोषणा गऱ्यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) अस्ट्रिया हङ्गेरीले सर्बियालाई पठाएको आदेशपत्रमा के लेखिएको थियो ? बुँदामा लेख्नुहोस् ।

(ख) सर्बिया र अस्ट्रिया हङ्गेरीबिचको समस्यालाई ती देशहरूका बिचमा नै सीमित गरी समाधान गर्ने इङ्ल्यान्ड र जर्मनीको चाहना किन पूरा भएन ?

(ग) प्रथम विश्वयुद्धका घटनाहरूमध्ये मार्नको युद्धलाई किन निकै महत्त्वपूर्ण मानिन्छ ? यो युद्धका घटनाहरूको चर्चा गर्नुहोस् ।

(घ) अमेरिका कसरी प्रथम विश्व युद्धमा प्रवेश गऱ्यो र रुसले किन युद्ध त्याग्नु पऱ्यो ? छोटकरीमा लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) प्रथम विश्वयुद्धमा विजय भइरहेको धुरी राष्ट्र एकाएक पराजयतिर जानुका कारण उल्लेख गर्दै संयुक्त सेनाको निर्माणदेखि जर्मनीको आत्मसमर्पणसम्मका घटनाहरू लेख्नुहोस् ।

(ख) प्रथम विश्वयुद्धका घटनाहरूलाई कथाका रूपमा लेख्नुहोस् ।

❍❍❍

| पाठ - ३ | प्रथम विश्वयुद्धका परिणाम |
|---|---|

प्रथम विश्वयुद्ध करिब ४ वर्ष ३ महिना १३ दिनसम्म चलेको थियो । युद्धमा मित्रराष्ट्रहरूको विजय भए पनि ठुलो क्षति भने बेहोर्नुपऱ्यो । वास्तवमा युद्धमा कसैको हारजित नभई केवल सभ्यताको नास हुन्छ । यो युद्धका परिणामहरू यसप्रकार छन् :

## १. मानवीय क्षति तथा नकरात्मक आर्थिक प्रभाव

जनधनको क्षति गर्दछ । प्रथम विश्वयुद्धमा झन्डै छ करोड मानिसहरूको सहभागिता थियो, त्यसमध्ये १ करोड ३० लाख मानिसले ज्यान गुमाउन पुगे भने २ करोड २० लाख जति घाइते भए । ती घाइतेहरूमध्ये ७० लाख मानिस त अपाङ्ग नै बनेका थिए । कैयौँ मानिसहरू घरबारविहीनसमेत भएका थिए । यसप्रकारको मानवीय क्षति यो विश्वले पहिलो पटक बेहोर्नुपरेको थियो ।

यस युद्धमा असङ्ख्य धनराशि पनि खर्च भएको थियो । युद्धमा संलग्न राष्ट्रहरूको प्रत्यक्षतर्फ ६० लाख अरब पाउन्ड खर्च भएको अन्दाज गरिएको छ । यसको यकिन तथ्याङ्क स्पष्ट छैन । यो युद्धमा कतिपय रकमको विबरण नराखी खर्च भएको थियो भने केही राष्ट्रहरूले बढाइचढाई विवरण पेस गरेका हुनाले खर्चको यकिन विवरण आउन नसकेको हो ।

यस युद्धले युरोपका उद्योग, भवन, खानी, सहर, आदि जस्ता पूर्वाधारहरू समेत क्षति गरेको थियो । युद्धको परिणामस्वरूप विश्वले ठुलो आर्थिक मन्दीको सामना गर्नुपऱ्यो । अनिकाल, बेरोजगारी, मुद्रस्फीति, औद्योगिक उत्पादनमा ह्रास आदि जस्ता समस्याहरू आइपर्दा नागरिकहरूसमेत करको ठुलो चपेटामा पर्नुपऱ्यो ।

## २. विश्व राजनीतिमा अमेरिकाको प्रभाव

यो युद्धअघि विश्वराजनीति र अर्थतन्त्रमा युरोपेली राष्ट्रहरूको बढ्दो प्रभाव थियो । युद्धपछि यी राष्ट्रहरू राजनितिक एवम् आर्थिक रूपले कमजोर हुँदै गए । विश्वका महाशक्ति मानिने इङ्ल्यान्ड, फ्रान्स, अस्ट्रिया, हङ्गेरी, जर्मनी, इटली र रुस निकै कमजोर अवस्थामा पुगे । यो बेला अमेरिकाले भने ती राष्ट्रहरूसँग हतियारको व्यापार गरेर प्रशस्त आर्थिक लाभ प्राप्त गऱ्यो । अर्कोतर्फ अमेरिकी भूमिमा कुनै पनि युद्ध नगरिएकाले अमेरिका शक्तिशाली राष्ट्रका रूपमा उदायो ।

## ३. राजनीतिक परिवर्तन

प्रथम विश्वयुद्धले विश्वराजनीतिमा ठुलो परिर्तन ल्यायो । रुस, जर्मनी, अस्ट्रिया, पोल्यान्ड, लिथुएनिया, लादभिया, फिनल्यान्ड, चेकोस्लोभाकिया आदि मुलुकहरूमा राजतन्त्रको अन्त्य भई गणतान्त्रिक व्यवस्थाको स्थापना भयो । युरोपमा आठओटा नयाँ राज्यहरूको सिर्जना पनि हुन पुग्यो । रुसमा बोल्सेभिक क्रान्ति भई

साम्यवादको स्थापना भयो ।

सबै राष्ट्रहरूमा आफ्नो भन्ने राष्ट्रवादी भावनाको विकास थियो । फलस्वरूप इङ्ल्यान्ड, जापान र अमेरिकाका उपनिवेशहरूमा स्वतन्त्रताका लागि आन्दोलनहरू हुन लागे । साथै स्वतन्त्र राष्ट्रहरूमा पनि यस प्रकारको भावनाको विकास भएको थियो ।

## ४. अधिनायकवादको उदय




प्रथम विश्वयुद्धको राजनीतिक परिवर्तनस्वरूप विभिन्न मुलुकहरूमा निरङ्कुश राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भयो । तर यस प्रकारको प्रजातान्त्रिक एवम् गणतान्त्रिक व्यवस्था कतिपय मुलुकहरूमा लामो समयसम्म टिक्न सकेन । धुरी राष्ट्रहरू यस युद्धमा पराजित भएकाले आर्थिक बोझको चर्को मारमा परेका थिए । त्यस्तै उनीहरूले आफ्नो पराजयको बदला लिन चाहन्थे । यस्तो अवस्थामा ती मुलुकका केही मानिसहरूले मित्रराष्ट्रका विरुद्ध चर्को नारा दिए । उग्रराष्ट्रवादी भावनाले उत्तेजित जनताहरूले त्यसको समर्थन गरेका हुनले इटली, जर्मनी र स्पेनमा अधिनायकवादको उदय भयो ।

## ५. गठबन्धनको थालनी

यस युद्धले राष्ट्रहरूबिच अविश्वास, त्रास र असुरक्षाको वातावरण सिर्जना गरेको हुनाले पुन: गठबन्धनको थालनी भयो । युद्धका विजयी राष्ट्रहरू पराजित राष्ट्रले आफ्नो शक्ति वृद्धि गरी बदला लिन सक्ने डरमा थिए भने पराजित राष्ट्रहरू सानो कुरामा पनि ठुलो राष्ट्रले पुन: हमला गर्ने पो हो कि भन्ने डरमा थिए । नवनिर्मित र स्वतन्त्र राष्ट्रहरूलाई पुन: उपनिवेश बनिएला कि भन्ने डर थियो । आफ्नो उपनिवेशबाट स्वतन्त्रता प्राप्त गरेका देशहरूले आफ्नो भूमिको ठुलो अंश दाबी गरी विद्रोह गर्न सक्ने डरमा ठुला राष्ट्रहरू थिए । यसप्रकार आपसी असुरक्षाको वातावरणले युरोपमा पुन:

आफ्नो खेमा बनाउने र सैनिकीकरण गर्ने कार्यको थालनी भयो ।

## ६. भर्सेलिजको सन्धि

जर्मनीको आत्मसमर्पणसँगै सन १९१८ नोभेम्बर ११ बाट प्रथम विश्वयुद्धको अन्त्य भयो र विभिन्न सन्धिहरूमा हस्ताक्षर गरियो । युद्धमा विजय प्राप्त गर्ने मित्रराष्ट्रहरूले पराजित धुरी राष्ट्रहरूसँग छुट्टाछुट्टै सर्तमा फरकफरक सन्धिहरू गरेका थिए । त्यसमध्ये फ्रान्सको भर्सेलिज दरबारमा सन् १९१८ जुन २८ मा जर्मनी र मित्रराष्ट्रहरूबिच भएको सन्धि भर्सेलिजको सन्धि (Treaty of Versailles) हो । यस सन्धिका सर्तहरू जर्मनीको विपक्षमा भएका र जर्मनीप्रति अन्यायपूर्ण भएकाले यसलाई अन्य सन्धिहरूभन्दा फरक तरिकाले मूल्याङ्कन गर्ने र हेर्ने गरिन्छ । यस सन्धिका सर्तहरू यसप्रकार थिए :

### (क) भूमिसम्बन्धी सर्तहरू

यो सर्तबमोजिम पहिलेदेखि नै फ्रान्स र जर्मनीका बिच विवाद रहेका एल्सेस र लोरेन प्रान्तहरू जर्मनीले फ्रान्सलाई फिर्ता गर्नुपर्ने भयो । जर्मनीकै आफ्नो भूमि सार (Saar) भने जर्मनीबाट खोसेर १५ वर्षका लागि राष्ट्रसङ्घको नियन्त्रणमा राखियो । १५ वर्षपछि यो भूमि जर्मनीमा आउने वा नआउने भन्ने निर्णय गर्नका लागि जनमत सङ्ग्रह गरिने भयो । जर्मनीका मूलभूमि मोर्सनेट (Morsnet), मालमेडी (Malmedi) र युपेन (Eupen) लाई बेल्जियममा गाभियो । यो युद्धपछि नयाँ राष्ट्रको रूपमा पोल्यान्डको स्थापना भयो । यो राष्ट्रको स्थापना हुँदा पोसेन र पर्सिया (Posen and Prussia) जर्मनीले छाड्नुपर्‍यो । जर्मनीका उपनिवेशहरू खोसेर अन्य राष्ट्रलाई बाँडियो । जर्मनीको राइन क्षेत्र (Rhine Land) मा मित्रराष्ट्रका सेना राखियो । समग्रमा जर्मनी आफ्नो कुल भूभागको १३ प्रतिशत जमिन र २५ प्रतिशत जनसङ्ख्या छाड्नुपर्ने भयो ।

### (ख) सेनासम्बन्धी सर्त

सैनिक दृष्टिले पनि जर्मनीमाथि न्यायपूर्ण व्यवहार गरिएन । जर्मनीले आफ्नो विशाल सैन्यशक्तिमा कटौती गरी जम्मा १ लाखमा सीमित गर्नुपर्ने भयो । जर्मनीलाई नयाँ भर्ती गर्नमा रोक लाग्यो । जलसेनातर्फ १५ हजार जवान र १५ सय अफिसर गरी जम्मा १६५०० को सङ्ख्यामा सीमित गर्नुपर्ने वाध्यता भयो । जलसेनाका लागि युद्धपोत र क्रुजर (Battleship and Cruiser) ६/६ ओटा राख्न पाउने भयो । हवाई सेनामा भने पूर्ण प्रतिबन्ध नै लाग्यो । यसबाहेक जर्मनीसँग भएका सम्पूर्ण युद्ध सामग्रीहरू मित्रराष्ट्रहरूलाई सुम्पनुपर्ने वा नोक्सानी गर्नुपर्ने सर्तमा जर्मनीलाई हस्ताक्षर गर्न बाध्य पारियो ।

### (ग) क्षतिपूर्तिसम्बन्धी सर्त

प्रथम विश्वयुद्धको थालनी जर्मनीले गरेको हुनाले यसको सम्पूर्ण दोष जर्मनीमाथि थोपरियो र सन् १९२१ को मे १ सम्ममा जर्मनीले क्षतिपूर्ति स्वरूप मित्रराष्ट्रहरूलाई पाँच अरब डलर क्षतिपूर्ति दिनुपर्ने भयो । युद्धको समयमा जर्मनीले विभिन्न देशहरूबाट लुटेका समानहरू फिर्ता गर्नुपर्ने र नोक्सानी भएका वस्तुहरूको क्षतिपूर्ति

दिनुपर्ने भयो ।

(घ) युद्ध अपराधसम्बन्धी सर्त

प्रथम विश्वयुद्धको दोषी जर्मनीलाई ठहर गरी त्यहाँका सम्राट विलियम द्वितीयसहित अन्य १२ जनालाई अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा चलाउने निर्णय भयो । यसै बखत विलियम द्वितीयले गद्दी त्यागी हल्यान्डमा शरण लिन गए । हल्यान्डले उनलाई मित्रराष्ट्रहरू समक्ष बुझाउन इन्कार गरेकाले उनी माथि मुद्दा चल्न सकेन । मुद्दा चलाइएका अन्य १२ जनामध्ये ६ जनालाई यसका दोषी ठहर गरियो ।



संयुक्त राष्ट्र सङ्घ

वास्तवमा भर्सेलिज सन्धि केवल फ्रान्सको हितलाई ध्यानमा राखेर गरिएको थियो । हुन त प्रथम विश्वयुद्धमा सर्वप्रथम जर्मनीले बेल्जियममाथि आक्रमण गरेको हो तर रुस र फ्रान्सले आफ्ना सेना परिचालन गरेर युद्धको वातावरण सिर्जना गरेका थिए । जर्मनीमाथि गरिएको यसप्रकारको दमनपूर्ण सन्धिको कतै पनि स्वागत गरिएन । यो सन्धि गराउन सक्रिय फ्रान्स, इङ्ल्यान्ड र अमेरिकाका राष्ट्रप्रमुखहरू विरुद्ध उनीहरू कै देशमा समेत आवाज उठेको थियो । यो सन्धि नभएर जित्नेले हार्नेलाई गरेको दमन र कायलनामा थियो भन्ने इतिहासकारहरूको विचार छ ।

## ७. राष्ट्रसङ्घको स्थापना

विश्वमा आगामी दिनहरूमा युद्धको मार रोक्नका लागि सन् १९२० जनवरी १० मा राष्ट्रसङ्घ (League of Nations) को स्थापना भएको हो । यसको स्थापना कालमा ४२ राष्ट्रहरू यसका सदस्य थिए भने दोस्रो विश्वयुद्धको सुरु हुने समयताका सदस्य सङ्ख्या ६२ पुगेको थियो । कुन राष्ट्रलाई सदस्यता दिने वा नदिने भन्ने निर्णय यसको सभा (Assembly) ले गर्दथ्यो । यसले सफलतापूर्वक काम गर्न नसकेपछि सन् १९३९ बाट दोस्रो विश्वयुद्धको थालनी भयो ।

### कक्षाकार्य

भर्सेलिजको सन्धिका विषयमा संवाद शैलीमा साथीहरूबिच पालैपालो अभ्यास गर्नुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) प्रथम विश्वयुद्ध कहिलेदेखि कहिलेम्म चल्यो ? पूरा मिति लेख्नुहोस् ।

(ख) कस्तो व्यवस्थालाई अधिनायकवाद भनिन्छ ?

(ग) प्रथम विश्व युद्धपछि पनि किन युरोपमा गुटबन्दी कायमै रहेको होला ?

(घ) भर्सेलिजको सन्धिलाई अन्य सन्धिहरूभन्दा फरक रूपले हेरिनुको कारण के हो ?

(ङ) राष्ट्रसङ्घको स्थापना कहिले भएको हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) "युद्ध कसैको जित नभएर केवल सभ्यताको हार हो ।" स्पष्ट पार्नुहोस् ।

(ख) प्रथम विश्वयुद्धको खर्चको यकिन विवरण किन स्पष्ट हुन नसकेको हो ?

(ग) प्रथम विश्वयुद्धले पारेको आर्थिक क्षतिको विवरण दिनुहोस् ।

(घ) प्रथम विश्वयुद्धका पराजित राष्ट्रहरूसँग एउटै सन्धि नगरी किन फरक फरक सन्धिहरू गरिएको होला ?

(ङ) युद्ध अपराध भनेको के हो ? भर्सेलिज सन्धिको युद्ध अपराधसम्बन्धी सर्तको चर्चा गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) प्रथम विश्वययवुद्धले युरोपेली राष्ट्रहरूलाई नोक्सनी पुऱ्याए पनि अमेरिकालाई कसरी लाभदायक भयो ? प्रथम विश्वयुद्धका परिणामहरूको आधारमा लेख्नुहोस् ।

(ख) युरोपका कुन कुन मुलुकहरूमा कसरी अधिनायकवादको उदय भयो ? के यो आवश्यक थियो ? तपाईंको विचार लेख्नुहोस् ।

(ग) भर्सेलिजको सन्धिले जर्मनीमाथि लगाएको सैन्यप्रतिबन्ध उचित थियो कि थिएन ? यसको कारण दिँदै सैन्यसम्बन्धी सर्तहरूको सूची बनाई सङ्क्षिप्त वर्णन गर्नुहोस् ।

❍❍❍

# विश्वव्यापी सङ्गठनको अवधारणा

**एकाइ ६**

## पाठ - १ दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)

अहिलेको विश्वमा विश्वव्यापी एवम् क्षेत्रीय सङ्गठनहरूको स्थापनाको क्रम तीव्र भइरहेको छ । संसारका सबै देशहरूको प्रतिनिधित्व गर्ने र सबै देशहरूलाई समान अवसर प्रदान गर्ने उद्देश्यले स्थापित सङ्गठनहरू विश्वव्यपी सङ्गठन हुन् भने निश्चित भौगोलिक क्षेत्रका राष्ट्रहरूले सामूहिक हितको प्रवर्धनका लागि सहकार्य गर्ने उद्देश्यले स्थापना गरेका सङ्गठनहरू क्षेत्रीय सङ्गठन हुन् । संयुक्त राष्ट्रसङ्घ (UNO) एक विश्वव्यापी सङ्गठन हो भने दक्षिण एसियाली सहयोग

सङ्गठन (सार्क), आसियान, युरोपेली आर्थिक समुदाय, अफ्रिकी एकता सङ्घ, असंलग्न आन्दोलन आदि क्षेत्रीय सङ्गठनहरू हुन् । हामीले यस एकाइमा दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) र एसियाली राष्ट्रहरूको सङ्गठन आसियानका बारेमा छलफल गर्ने छौँ ।




सन् १९७६ मा काठमाडौँमा आयोजित कोलम्बो परामर्शदातृ समितिको मन्त्रिस्तरीय बैठकलाई सम्बोधन गर्ने क्रममा नेपालका राजा श्री ५ वीरेन्द्रले दक्षिण एसियाली राष्ट्रहरू स्रोत र साधनमा सम्पन्न भएकाले यिनीहरूको सामूहिक प्रयोग गरी समुचित लाभ लिन र जलस्रोतको अपार धनी राष्ट्र नेपालको पानीलाई क्षेत्रीय समृद्धिमा प्रयोग गर्नका लागि दक्षिण एसियाली राष्ट्रहरूको साझा सङ्गठनको आवश्यकता औँल्याएका थिए । सन् १९८० मे २ मा बङ्गलादेशका राष्ट्रपति जियउर रहमानले विश्वले भोग्नु परेका गरिबी, आतङ्क, बेरोजगारी, अपसी द्वन्द्व, हतियारको होड, राजनीतिक तनाव आदि जस्ता समस्याको समाधान गर्न सामूहिक पहल गर्ने उद्देश्यले दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) को अवधारणा प्रस्तुत गरे ।

जियाउर रहमानको अवधारणामा यस क्षेत्रका नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, भुटान, श्रीलङ्का र माल्दिभ्सले सहमति जनाई सङ्गठनलाई मूर्तरूप दिनका लागि यी सात राष्ट्रका विदेश सचिवहरूको बैठक सन् १९८१ को अप्रिलमा कोलम्बोमा बस्यो । त्यसपछि विदेश मन्त्रीहरूको पहिलो बैठक सन् १९८३ को अगस्टमा नयाँ दिल्ली र दोस्रो बैठक सन् १९८४ को जुलाइमा मालेमा बस्यो । यो बैठकले राष्ट्रप्रमुखहरूको सम्मेलन गराई औपचारिक रूपमा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना गर्ने निर्णय गऱ्यो । फलस्वरूप सन् १९८५ डिसेम्बर ७ र ८ गते ढाकामा सम्पन्न राष्ट्र प्रमुखहरूको सम्मेलनले विधीवत रूपमा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना गऱ्यो । यही सम्मेलनलाई नै दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को प्रथम शिखर सम्मेलन मानियो ।

सन् २००७ मा नयाँ दिल्लीमा आयोजित दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को चौधौँ शिखर सम्मेलनले अफगानिस्तानलाई समेत दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को सदस्यता प्रदान गरेपछि हाल यो सङ्गठनको सदस्य सङ्ख्या बढेर ७ बाट ८ भएको छ । सन् १९८७ मा काठमाडौँमा भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को तेस्रो शिखर सम्मेलनले काठमाडौँमा यसको सचिवालय

स्थापना गर्ने निर्णय गरेको थियो ।

सार्कले आफ्ना गतिविधिहरूलाई नियमित र व्यवस्थित रूपले सञ्चालन गर्नका लागि महासचिवहरूको नियुक्ति गर्ने गर्दछ । सार्कका प्रथम महासचिव बङ्गलादेशका अबुल अहसन हुन् । सन १९९४ जनवरी १ देखि १९९५ डिसेम्बर ३१ सम्म नेपालका यादवकान्त सिलवाल सार्कको चौथो महासचिव भए भने सन् २०१४ मार्च १ देखि २०१७ मार्च १ सम्म नेपालका अर्का कुटनीतिज्ञ अर्जुनबहादुर थापाले यसको जिम्मेवारी वहन गरे । २०१७ मार्च १ देखि पाकिस्तानका अजमद हुसेन बी सियाल सार्कको तेरौं महासचिवको रूपमा कार्यरत छन् ।

त्यस्तै सार्कले आफ्ना गतिविधिहरू सञ्चालन गर्नका लागि निश्चित रकम खर्च गर्नुपर्ने हुन्छ । यो नाफामूलक नभई सहयोगमूलक सङ्गठन भएकाले यसको आयस्रोत यसका सदस्य राष्ट्रहरूले स्वेच्छिक रूपमा दिने अनुदान हो । सार्कका सञ्चालन खर्च यसका सदस्य राष्ट्रहरूले यसप्रकार बेहोर्ने गरेका छन् :

| | | | |
|---|---|---|---|
| भारत | ३०.३२ प्रतिशत | नेपाल | १०.७२ प्रतिशत |
| पाकिस्तान | २२.५२ प्रतिशत | श्रीलङ्का | १०.७२ प्रतिशत |
| बङ्गलादेश | १०.७२ प्रतिशत | भुटान | ५ प्रतिशत |
| अफगानिस्तान | ५ प्रतिशत | माल्दिभ्स | ५ प्रतिशत |

## अभ्यास

१. **तलका प्रश्नहरूको एक शब्दमा उत्तर दिनुहोस् :**

(क) सङ्गठनको परिभाषा दिनुहोस् ।

(ख) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना गर्नुपर्ने अवधारणा कहिले र कसले प्रस्तुत गरेका हुन् ?

(ग) सचिवालय भनेको के हो ?

(घ) सार्कको कुन शिखर सम्मेलनले यसको सचिवालय स्थापना गर्ने निर्णय गरेको थियो ?

(ङ) हाल दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) सचिवालय कहाँ रहेको छ ?

(च) SAARC को पूर्णरूप लेख्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) विश्वव्यापी सङ्गठन र क्षेत्रीय सङ्गठनको उदाहरणसहित परिभाषा लेख्नुहोस् ।

(ख) सङ्गठनहरू स्थापनाका उद्देश्यहरू लेख्नुहोस् ।

(ग) कोलम्बो परामर्शदार्त समितिको मन्त्रीस्तरीय बैठकमा नेपालका राजा वीरेन्द्रले कुन उद्देश्यका लागि क्षेत्रीय सङ्गठनको स्थापना गर्नुपर्ने आवश्यकता औँल्याएका थिए ?

(घ) के कस्ता समस्याहरू समाधानका लागि सार्कको अवधारणा विकास भएको हो ?

(ङ) हालका सार्क सदस्य राष्ट्रहरूको नाम लेख्नुहोस् । तीमध्ये कुन राष्ट्र सार्कको संस्थापक होइन र त्यसले कहिले सार्कको सदस्यता प्राप्त गऱ्यो खुलाउनुहोस् ।

(च) सार्कको विधिवत् स्थापनाका लागि भएका पहल र प्रयासहरूलाई बुँदामा लेख्नुहोस् ।

## परियोजना कार्य

पाना भरिने गरी सार्कको नक्सा बनाउनुहोस् र सबै देशको नाम लेख्नुहोस् ।

❍❍❍

## पाठ - २ सार्कका उद्देश्य, सिद्धान्त तथा अङ्ग

सार्क आठ राष्ट्रहरूको साझा सङ्गठन हो । यसले आफ्नो बडापत्र (Charter) मा निश्चित उद्देश्य, सिद्धान्त र अङ्गहरूको व्यवस्था गरेको छ । सार्कले आफ्नो बडापत्रका आधारमा आफ्ना नियमित गतिविधिहरू सञ्चालन गर्ने गर्दछ । बडापत्र भनेको आफ्ना गतिविधिहरूलाई नियमित र व्यवस्थित रूपले सञ्चालन गर्नका लागि सहमतिको आधारमा बनाइएको नियम हो । सार्कको बडापत्रमा जम्मा १० ओटा धाराहरू छन् । सार्कको बडापत्र जस्तै अन्य सङ्गठनहरूले पनि आफ्ना यस्तै नियमहरू बनाउँछन् । ती नियमहरूलाई विधान पनि भनिन्छ । देशहरूले बनाउने यस्ता नियमहरूको प्रमुख संविधान हो । सार्कको बडापत्रमा यसका उद्देश्य, सिद्धान्त, विभिन्न समितिहरू, आर्थिक प्रबन्ध र सामान्य प्रावधानहरू उल्लेख भएका छन् ।

### १. सार्कका उद्देश्यहरू

सार्कको बडापत्रको धारा १ अनुसार यसका उद्देश्यहरू यसप्रकार हुनेछन् :

(क) दक्षिण एसियाका जनताहरूको हितलाई अभिवृद्धि गर्ने र उनीहरूको जीवनस्तरमा सुधार ल्याउने

(ख) यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने र सबै व्यक्तिहरूलाई उनीहरूको पूर्ण सार्थकता महसुस गर्नका लागि सम्मानपूर्वक बस्ने अवसर प्रदान गर्ने

(ग) दक्षिण एसियाका राष्ट्रहरूबिचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि गर्ने र समृद्ध गर्ने

(घ) एक अर्काका समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने

(ङ) आर्थिक, सामाजिक, सांस्कृतिक, प्राबिधिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने

(च) साझा हितका विषयहरू रहेका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरूसँग सहयोग अभिवृद्धि गर्ने

(छ) अन्य विकासशील मुलुकहरूसँगको सहयोग सबल बनाउने

(ज) समान लक्ष्य र उद्देश्य भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूसँग सहयोग गर्ने

### २. सार्कका सिद्धान्त


सार्कको बडापत्रको धारा २ मा यसका जम्मा तीन सिद्धान्त उल्लेख गरिएका छन् । जो यसप्रकार रहेका छन् :

(क) सङ्गठनको ढाँचाभित्र गरिने सहयोग एक अर्काका सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रता तथा एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने तथा आपसी हितमा आधारित हुन्छ ।

(ख) यस्तो सहयोग द्विपक्षीय तथा बहुपक्षीय सहयोगको प्रतिस्थापन नभई त्यसको पूरकको रूपमा रहन्छ ।

(ग) यस्तो सहयोग द्विपक्षीय तथा बहुपक्षीय दायित्वहरू बाझिने गरी हुने छैन ।

## ३. सार्कका अङ्ग




### (क) राज्य तथा सरका प्रमुखहरूको बैठक

राज्य तथा सरकार प्रमुखहरूको बैठक वर्षको एक पटक वा सदस्य राष्ट्रहरूले आवश्यक ठानेबमोजिम बढी पनि बस्न सक्नेछ भनी बडापत्रको धारा ३ मा लेखिएको छ ।

### (ख) मन्त्रिपरिषद्

सार्क बडापत्रको धारा ४ अनुसार सार्क मन्त्रिपरिषद् रहने छ र यो मन्त्रिपरिषद्मा सदस्य राष्ट्रका परराष्ट्र मन्त्रीहरू रहनेछन् । यसको बैठक सामान्यतया वर्षको दुई पटक बस्ने छ । यसको कार्य यस प्रकार हुनेछ :

(अ) सङ्गठनको नीति निर्धारण

(आ) सङ्गठन अन्तरगत हुने सहयोगको प्रगतिको पुनरवलोकन

(इ) सहयोगका क्षेत्रहरूको निर्णय

(ई) आवश्यक परेबमोजिम सङ्गठन अन्तर्गत अन्य कुराहरूको व्यवस्था

(उ) सङ्गठनका सामान्य चासोका विषयवस्तुहरूको निर्णय

### (ग) स्थायी समिति

बडापत्रको धारा ५ अनुसार सदस्य राष्ट्रका परराष्ट्र सचिवहरू भएको एक स्थायी समिति रहने छ । स्थायी समितिको बैठक आवश्यकताअनुसार बस्ने छ । यसले समसामयिक गतिविधिहरूको प्रतिवेदन मन्त्रिपरिषद्मा पेस गर्दछ ।

### (घ) प्राविधिक समिति

सार्कको एक प्राविधिक समिति रहने छ भनी बडापत्रको धारा ५ मा व्यवस्था गरिएको छ । यो समितिमा सदस्य राष्ट्रका प्रतिनिधिहरू रहने छन् । आआफ्नो सहयोगसम्बन्धी क्षेत्रहरूको कार्यक्रमको कार्यान्वयन, समन्वय र रेखदेख गर्ने यसको जिम्मेवारी रहने छ । आवश्यक परेको बेला राष्ट्रिय प्राविधिक निकायका प्रमुखहरूको बैठक राख्ने, विशेषज्ञहरूको बैठक राख्ने र प्राविधिक क्षेत्रका महत्त्वपूर्ण कार्यालयहरूबिच सम्पर्क गर्ने यसको जिम्मेवारी हो । यसले आफ्ना कामहरूको प्रगति विवरणको प्रतिवेदन स्थायी समिति समक्ष पेस गर्दछ ।

### (ङ) कार्य समिति

सार्क बडापत्रको धारा ७ बमोजिम यसको एक स्थायी समिति रहनेछ । यो समितिमा दुई वा सो भन्दा बढी राष्ट्रका प्रतिनिधिहरू रहनेछन् तर सबै सदस्य राष्ट्रहरूका प्रतिनिधि भने रहने छैनन् ।

### (च) सचिवालय

यस सङ्गठनको एउटा सचिवालय हुनेछ भनी बडापत्रको धारा ८ मा व्यवस्था गरिएको छ । यसको सचिवालय काठमाडौँमा रहेको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एकवाक्यमा उत्तर दिनुहोस् :**

(क) सार्कको बडापत्र भनेको के हो ?

(ख) सङ्घ/संस्थाहरूले किन विधान बनाउने गर्दछन् ?

(ग) सार्कले यस क्षेत्रका नागरिकहरूलाई सम्मानपूर्वक बस्नका लागि के कुराको अभिवृद्धि गर्ने उद्देश्य बनाएको छ ?

(घ) सार्कले के कस्ता संस्थाहरूसँग आबद्ध भई काम गर्ने उद्देश्य राखेको छ ?

(ङ) सार्कका कति उद्देश्य र कति सिद्धान्तहरू रहेका छन् ?

(च) सार्कका राज्य तथा सरकार प्रमुखहरूको बैठक कहिले बस्दछ ?

(छ) सार्कको मन्त्रिपरिषद्मा को को रहन्छन् ?

(ज) सार्क स्थायी समितिको प्रमुखको काम लेख्नुहोस् ?

२. **तलका प्रश्नहरूको छोटो जवाफ दिनुहोस् :**

(क) कुनै एक संस्थाको विधान र सार्कको बडापत्रबिचका समानताहरू लेख्नुहोस् ।

(ख) सार्कले आफ्नो पहिलो सिद्धान्त के बनाएको छ ? के यसका सदस्य राष्ट्रहरूले यो सिद्धान्तअनुसार

काम गरिरहेका छन् त ? उदाहरण दिँदै स्पष्ट पार्नुहोस् ।

(ग) सार्कका उद्देश्यहरूको सूची बनाउनुहोस् ।

(घ) सार्क मन्त्रीपरिषदका कार्यहरू के के हुन् ? लेख्नुहोस् ।

(ङ) सार्क प्राविधिक समिति के कस्ता कुराहरूका लागि जिम्मेवार अङ्ग हो । सङ्क्षेपमा लेख्नुहोस् ।

# पाठ - ३ सार्क शिखर सम्मेलन तथा कार्यक्रम

सार्कले प्रत्येक वर्ष शिखर सम्मेलनको आयोजना गर्दछ । यसमा सदस्य राष्ट्रका राज्य तथा सरकार प्रमुखहरूको सहभागिता रहन्छ । सदस्य राष्ट्रहरूले आवश्यक ठानेमा वर्षमा एकपटभन्दा बढी शिखर सम्मेलनको आयोजना हुन सक्ने छ । यसले विभिन्न विषयमा छलफल गरी महत्त्वपूर्ण निर्णयहरू गर्ने गर्दछ । हालसम्म भएका शिखर सम्मेलनहरू यसप्रकार छन् :

| शिखर सम्मेलन | स्थान | मिति | निर्णय |
|---|---|---|---|
| प्रथम | ढाका | १९८५ डिसेम्बर ७ र ८ | यस सम्मेलनले सार्कको बडापत्रलाई अनुमोदन गरी विधिवत् रूपमा सार्कको स्थापना र द्विपक्षीय विवाद नउठाउने सहमतिपूर्ण निर्णय गऱ्यो । |
| दोस्रो | बेङ्गलोर | १९८६ नो. १७ र १८ | यस शिखर सम्मेलनले काठमाडौँमा सार्क सचिवालय राख्ने र प्रत्येक राष्ट्रबाट अङ्ग्रेजी अल्फावेटको आधार महासचिवको नियुक्ति गर्ने दुई महत्त्वपूर्ण निर्णय गऱ्यो । |
| तेस्रो | काठमाडौँ | १९८७ नोभेम्बर २, ३ र ४ | सार्क राष्ट्रहरूको संस्कृति आदान प्रदानका लागि सार्क श्रव्य दृश्य कार्यक्रम चलाउने, सार्क खाद्य गोदामको स्थापना गर्ने, आतङ्कवाद विरोधी महासन्धिमा हस्ताक्षर गर्ने, कृषि एवम् जलवायु विज्ञान सूचना शाखाहरू स्थापना गर्ने निर्णय गऱ्यो । यी शाखाहरू बङ्गलादेशको ढाका र भारतको नयाँदिल्लीमा रहेका छन् । |
| चौथो | इस्लामावाद | १९८८ डिसेम्बर २९-३१ | यो शिखर सम्मेलनले सन् १९८९ लाई लागुपदार्थको दुरुपयोग विरुद्धको सार्क वर्ष र सन् १९९० लाई सार्क बालिका वर्षका रूपमा मनाउने निर्णय गरी सम्पन्न भयो । |
| पाँचौं | माले | १९९० नोभेम्बर २१-२३ | लागुपदार्थको दुरुपयोग एवम् ओसार पसारलाई नियन्त्रण गर्ने र सन् १९९१-२००० सम्मलाई सार्क बालिका दशकको रूपमा मनाउने निर्णय गऱ्यो । साथै सार्कको कोष बनाउने, नेपालमा सार्क क्षयरोग केन्द्र र भारतमा सार्क अभिलेख केन्द्र स्थापना गर्ने निर्णय गरी यो सम्मेलन सम्पन्न भयो । |

| | | | |
|---|---|---|---|
| छैठौँ | कोलम्बो | सन् १९९१ डिसेम्बर ३१ | यस क्षेत्रमा गरिबी निवारणका लागि एउटा आयोग गठन गर्ने, वातावरणीय अवस्थाको प्रबर्धनका लागि वातावरण समिति गठन गर्ने, जैविक विविधताको संरक्षण गर्ने आदि जस्ता विषयमा यो शिखर सम्मेलनले निर्णय गरेको थियो । |
| सातौँ | ढाका | १९९३ अप्रिल १०-११ | यस सम्मेलनले South Asian Preferential Trade Agreement (SAPTA) लाई अनुमोदन गऱ्यो । यही सम्मेलनको निर्णयअनुसार सन् १९९३ मा काठमाडौँमा जनसङ्ख्या सम्बन्धी सार्क मन्त्रिस्तरीय बैठकको आयोजना भयो । त्यसै गरी दक्षिण एसियाली विकास कोषको योजना र परिचालनको लागि अन्तर सरकारी समूह निर्माण गर्ने निर्णय गरियो । |
| आठौँ | नयाँ दिल्ली | १९९५ मे २-४ | सन् २००० सम्ममा सार्क मुलुकहरूबाट निरक्षरता उन्मूलन गर्नका लागि सन् १९९६ लाई सार्क साक्षारता वर्षका रूपमा मनाउने र जनसङ्ख्या तथा स्वास्थ्य सम्बन्धी घोषणापत्रको अनुमोदन गर्न निर्णयका साथ यो सम्मेलन सम्पन्न भएको थियो । |
| नवौँ | माले | १९९७ मे १२-१४ | यो मालेमा सम्पन्न दोस्रो शिखर सम्मेलन थियो । यसले भारत र पाकिस्तानबिचको समस्या समाधान गर्ने, यस क्षेत्रमा शान्ति सुरक्षा कायम गर्नका लागि नेताहरूबिच निरन्तर वार्ता गर्ने, व्यापारिक उदारीकरणको नीति अवलम्बन गर्ने आदि निर्णहरू गऱ्यो । |
| दसौँ | कोलम्बो | १९९८ जुलाइ २९-३१ | दक्षिण एशियाली सौविध्य व्यापार सम्झौता अर्थात South Asian Preferential Trade Agreement (SAPTA) लाई दक्षिण एसियाली खुला/स्वतन्त्र व्यापार क्षेत्र अर्थात The South Asian Free Trade Area (SAFTA) मा परिणत गर्ने, निशस्त्रीकरणमा जोड दिने, सदस्य राष्ट्रहरूको आर्थिक व्यवस्था सबल बनाउने, विकासोन्मुख मुलुकहरूमाथि लगाइएको आर्थिक नाकाबन्दी हटाउनका लागि सम्बन्धित मुलुकहरूसँग अनुरोध गर्ने आदि जस्ता निर्णयहरू गरिएका थिए । |

| | | | |
|---|---|---|---|
| एघारौँ | काठमाडौँ | २००२ जनवरी ५ र ६ | यस सम्मेलनले बालअधिकारको संरक्षण र महिला तथा बालिकाको देह व्यापारका विरुद्ध अभिसन्धिहरू गऱ्यो । सन् २०१५ सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने, लैगिंक भेदभाव अन्त्य गर्ने, दक्षिण एसियाली आर्थिक सङ्घ (South Asian Economic Union) को स्थापना गर्ने आदि जस्ता निर्णयहरू गरेको थियो । |
| बारौँ | इस्लामावाद | २००४ जनवरी ४-६ | नेपालमा सार्क सूचना केन्द्रको स्थापना गर्ने, सन २००४ र २००५ क्रमश: सार्क जागरण वर्षं र पर्यटन वर्षका रूपमा मनाउने, विभिन्न किसिमका रोगहरूको नियन्त्रणका लागि हेल्थ सर्भिलेन्स सेन्टर अर्थात SAARC Center (HSC) र्‍यापिड डिभ्लोप्मेन्ट हेल्थ रेस्पोन्स सिस्टम अर्थात Rapid Development Health Response system(RDHRS) विकास गर्ने आदि जस्ता निर्णयहरू गर्दै यो सम्मेलनको समापन गरियो । |
| तेरौँ | ढाका | २००५ नोभेम्वर १२-१३ | यो सम्मेलनले अफगानिस्तानलाई सार्क सदस्यको रूपमा थप गर्ने र चीन तथा जापानलाई पर्यवेक्षको रूपमा मान्यता दिने, सन २००५ देखि २०१५ सम्मलाई सार्क गरिबी निवारण वर्षका रूपमा मनाउने, साफ्टालाई पूर्णरूपमा कार्यान्वयन गराउने जस्ता निर्णयहरू गऱ्यो । |
| चौधौँ | नयाँ दिल्ली | २००७ अप्रिल ३ र ४ | यो सम्मेलनले अफगानिस्तानलाई औपचारिक रूपमा सार्कमा भित्र्यायो, पर्यवेक्षको रूपमा चीन, जापान, दक्षिण कोरिया, अमेरिका एवम् युरोपेली सङ्घको सहभागिता भयो । त्यसैगरी पन्ध्रौं शिखर सम्मेलनमा इरानलाई समेत पर्यवेक्षकको रूपमा प्रवेश गराउने, भारतमा सार्क विश्वविद्यालय स्थापना गर्ने आदिजस्ता निर्णयहरू गऱ्यो । |
| पन्ध्रौँ | कोलम्बो | २००८ अगस्ट २ र ३ | गुणस्तर निर्धारणको लागि यस सम्बन्धी संस्था स्थापना गर्ने, सार्क खाद्य बैङ्कको सञ्चालन गर्ने, अपराधिक घटनाहरू नियन्त्रण गर्ने, गरिबी निवारणसम्बन्धी मन्त्री स्तरीय बैठक नेपालमा गर्ने आदि जस्ता निर्णय गर्दै यस सम्मेलन सम्पन्न भयो । |

| | | | |
|---|---|---|---|
| सोरौँ | थिम्पु | २०१० अप्रिल २८ र २९ | सन् २०१०-२०२० लाई अन्तरक्षेत्रीय सम्पर्क दशकका रूपमा मनाउनका लागि क्षेत्रीय सुरक्षा, विकास, व्यापार आदिको विकास गर्ने, सार्क संसद बैठकको अस्तित्त्वमा जोड दिने, लगानी प्रवर्द्धनका लागि सार्वजनिक-पिनजी साझेदारीलाई प्राथमिकता दिने आदि निर्णयहरू गर्दै ३७ बुँदै थिम्पु घोषाणापत्र जारी गऱ्यो । |
| सत्रौँ | अड्डु, माल्दिभ्स | सन २०११ नोभेम्बर १० र ११ | सार्क राष्ट्रहरूबिच भौतिक सम्बन्ध स्थापित गर्ने, राजनीतिक र आर्थिक विकासका लागि संवाद गर्ने उद्देश्यले "सेतुको निर्माण" (Building Bridge) भन्ने नाराका साथ २० बुँदे अड्ड घोषणापत्र जारी गर्दै यो सम्मेलन सम्पन्न भयो । |
| अठारौँ | काठमाडौँ | २०१४ नोभेम्वर २६ र २७ | यस सम्मेलनमा क्षेत्रीय उर्जा सहकार्य तथा विद्युतीकरणको प्रारूपसम्बन्धी सम्झौता, सार्क शिखर सम्मेलन प्रत्येक २ वर्षमा गर्ने, दिगो विकास लक्ष्यका लागि पहल गर्ने, सार्कलाई आगामी १५ वर्षभित्र सङ्घ बनाई अघि बढ्ने आदि जस्ता निर्णयहरू गर्दै ३६ बुँदे काठमाडौँ घोषणापत्र जारी गरियो । |

**सार्कका विभिन्न कार्यक्रमहरू**

सार्क शिखर सम्मेलनले गरेका निर्णयहरू कार्यान्वनका लागि सार्कले समय समयमा विभिन्न कार्यक्रमहरू गर्ने गर्दछ । आफ्नो स्थापना कालदेखि नै यसले सामाजिक बिकृति एवम् दूराचारहरू विरुद्ध चेतना विकासका लागि सार्क वर्षहरू घोषणा गर्दै आइरहेको छ भने सन् १९९० देखि सार्क दसकसमेत घोषणा गर्ने र त्यससम्बन्धी विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने गरेको छ । सार्कले विभिन्न देशमा आफ्ना क्षेत्रीय केन्द्रहरूको स्थापना गरी आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सन् १९९६मा दक्षिण एसियाली विकास कोषको स्थापना भयो भने सन् १९९३ देखि नै सार्क जापान विशेष कोषको सञ्चालन भएको छ । आपसी हितलाई अभिवृद्धि गर्नका लागि सार्कले दक्षिण एसियाली खेलकुद महासङ्घ, दक्षिण एसियाली सांस्कृतिक महासङ्घ, सार्क उद्योग वाणिज्य महासङ्घ, सार्क सभामुख तथा सांसद सङ्घ आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ । सार्कको माध्यमबाट नेपालले शिक्षा, स्वास्थ्य, विकास निर्माण, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा प्रशस्त फाइदा लिन सक्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सार्कका महासचिवहरूको नियुक्ति कसरी गरिन्छ ?

(ख) सार्कले किन सन १९८९ लाई लागुपदार्थ दुरूपयोग विरुद्धको वर्षको रूपमा मनाउने निर्णय गरेको होला ?

(ग) SAPTA को पूर्णरूप लेख्नुहोस् ।

(घ) कुन कुन देशमा धेरै सार्क शिखर सम्मेलनहरू भए ? लेख्नुहोस् ।

(ङ) सार्कको कुन शिखर सम्मेलनले साफ्टाको अनुमोदन गरेको थियो र कुन सम्मेलनले यसको कार्यान्वयन गर्ने निर्णय गऱ्यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) सार्कको तेस्रो शिखर सम्मेलन कहिले र कहाँ आयोजना गरियो ? यसका निर्णयहरू समेत उल्लेख गरी एक तालिका तयार गर्नुहोस् ।

(ख) तपाईँलाई सार्क बालिका वर्षको कार्यक्रम बनाउन दिइएको भए के कस्ता कार्यक्रमहरू बनाउनुहुन्थ्यो ? कुनै चार कार्यक्रमहरूको नाम लेखी चर्चा गर्नुहोस् ।

(ग) नेपालमा सार्कसँग सम्बन्धित के कस्ता कार्यक्रम र कार्यालयहरू रहेका छन् ? तिनीहरूको नाम लेखी त्यस्ता केन्द्र तथा कार्यालयहरूबाट नेपालले प्राप्त गर्न सक्ने फाइदाहरू उल्लेख गर्नुहोस् ।

(घ) सार्क शिखर सम्मेलनमा गरिबी निवारण र स्वास्थ्यसम्बन्धी भएका निर्णयहरूको सूची बनाउनुहोस् ।

# पाठ - ४ दक्षिणपूर्व एसियाली राष्ट्रहरूको सङ्गठन (ASEAN)

मलेसियाका तत्कालीन प्रधानमन्त्री दातुक टुङ्ग अब्दुल रहमानले आसियानको अवधारणा अगाडि बढाएका हुन् । यसको अङ्ग्रेजी पूर्णरूप Association of South East Asian Nations हो । यही अवधारणा बमोजिम सन् १९६७ अगस्ट ८ मा थाइल्यान्डको परराष्ट्र विभागमा इण्डोनेसिया, फिलीपीन्स, सिँगापुर, मलेसिया र थाइल्यान्डका परराष्ट्र मन्त्रीहरूको बैठक बसी "एक दृष्टिकोण, एक परिचय र एक समुदाय" भन्ने नाराकासाथ दक्षिणपूर्व एसियाली राष्ट्रहरूको सङ्गठन (ASEAN) को स्थापना गर्ने निर्णय गऱ्यो । यसैबेला उनीहरूले जम्मा ५ धाराहरू रहेको यसको बडापत्रमा समेत हस्ताक्षर गरेका थिए । यसको बडापत्रसँग सहमत हुने एवम् समान आवश्यकता र आकाङ्क्षा भएका दक्षिणपूर्वी एसियाका राष्ट्रहरूलाई आसियानको सदस्यता लिन अनुरोध समेत गरियो । यसको यही खुला अवधारणालाई स्वीकार गरी ब्रुनाइ, भियतनाम, लाओस, म्यानमार र कम्बोडियाले समेत सदस्यता लिएपछि हाल यसको सदस्य सङ्ख्या १० भएको छ । यो सङ्गठनले आपसी हितको प्रबर्द्धनका लागि विभिन्न देश एवम् सङ्घ/संस्थाहरूसँग सम्बन्ध स्थापना गर्दछ । कुन देश वा कुन संस्थासँग के कस्तो सम्बन्ध स्थापना गर्ने भन्ने निर्णय सदस्य राष्ट्रका परराष्ट्र मन्त्रीहरूको भेलाले गर्दछ ।

यसका तीन अङ्गहरू राष्ट्र तथा सरकार प्रमुखहरूको बैठक, परराष्ट्र मन्त्रीहरूको बैठक र सचिवालय हुन् । परराष्ट्र मन्त्रीहरूको बैठक यसको कार्यकारी अङ्ग हो । सचिवालयको सञ्चालनका लागि आसियानले वर्णानुक्रम अनुसार ३ वर्षका लागि महासचिको नियुक्ति गर्दछ । यसको सचविालय इन्डोनेसियाको जाकर्तामा रहेको छ । सुरुमा यसको शिखर सम्मेलन प्रत्येक १० वर्षमा गरिन्थ्यो भने हाल प्रत्येक वर्ष वा आवश्यकता अनुसार वर्षमा एक पटकभन्दा बढी पनि गर्ने सकिने प्रावधान बनेको छ । आसियानको प्रथम शिखर सम्मेलन इण्डोनेसियाको बालीमा सन् १९७६ को फेब्रुअरी २३ र २४ मा भएको थियो । हालसम्म यसका ३१ ओटा शिखर सम्मेलनहरू भए । अन्तिम सम्मेलन २०१७ को नोभेम्वर १३ र १४ मा फिलिपिन्सको मनिलामा भएको थियो ।

सन १९९१ मा यो सङ्गठनले दक्षिणपूर्व एसियालाई शान्ति, स्वतन्त्रता र तटस्थताको क्षेत्र बनाउने महत्त्वपूर्ण घोषणा गऱ्यो । यही घोषणा बमोजिम सन १९९२ मा यस क्षेत्रमा भएका सैनिक अखडाहरू समेत हटाइयो ।

## १. आसियानका उद्देश्यहरू

(क) सदस्य राष्ट्रहरूका बिच आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक सहयोगको विस्तार गर्ने

(ख) दक्षिण एसियाली क्षेत्रमा शान्ति, स्वतन्त्रता, तटस्थता र स्थायित्व कायम गर्ने

(ग) शैक्षिक, व्यावसायिक तथा प्राविधिक क्षेत्रहरूमा आपसी सहयोगको आदान प्रदान गर्ने

(घ) सदस्य राष्ट्रहरूको आर्थिक विकासका लागि सहकार्य गर्ने

(ङ) कृषि र उद्योगको विकासको लागि सहकार्य गर्ने र व्यापारको सुधार एवम् विस्तार गर्ने

(च) समान उद्देश्य भएका क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरूसँग सहकार्य गर्ने

## २. आसियानका सिद्धान्हरू

सन् १९७६ मा सदस्य राष्ट्रहरूले "दक्षिणपूर्व एसियामा सद्भाव र सहयोग सन्धि" Treaty of Amity and Cooperation in South East Asia (TAC) गरी यसका निम्न सिद्धान्तहरू निर्धारण गरेका छन् । जुन यसप्रकार रहेका छन् :

(क) सबै राष्ट्रहरूको स्वतन्त्रता, सार्वभौमिकता, समानता, भौगोलिक अखण्ता र राष्ट्रिय अस्तित्त्वको सम्मान गर्ने

(ख) कुनै पनि राष्ट्रले अर्को राष्ट्रको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने

(ग) विवादहरूको शान्तिपूर्ण समाधान गर्ने

(घ) कसैका विरुद्ध शक्तिको प्रयोग नगर्ने

(ङ) आपसमा सहयोगको प्रभाकारी आदान प्रदान गर्ने

## ३. सम्पर्क विस्तार

आसियान र यसका गतिविधिहरूलाई प्रभाकारी बनाउनका लागि यसले आपसी सम्पर्क विस्तारलाई प्राथमिकतामा राखेको छ । भौतिक, संस्थागत र व्यक्ति-व्यक्तिबिचको सम्पर्क यसका प्रमुख आधारहरू हुन् । यसले यो सम्पर्क र सम्बन्धको माध्यमबाट सन् २०२५ सम्ममा सदस्य राष्ट्रहरूका बिच राजनीतिक, आर्थिक एवम् सांस्कृतिक र सामाजिक एकता कायम गर्ने लक्ष्य राखेको छ । यो एकताको माध्यमबाट स्वच्छ प्रतिस्पर्धा, समावेशीकरण र सामाजिक एकताको भावलाई विकसित गर्ने गुरुयोजना छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) ASEAN को पूर्णरूप लेख्नुहोस् ।

(ख) आसियानको अवधारण कसले ल्याएका हुन् ?

(ग) आसियानले कुन राष्ट्र वा सङ्घ/संस्थासँग सम्बन्ध स्थापित गर्ने भन्ने निर्णय कसरी गर्दछ ?

(घ) आसियानका कति अङ्गहरू छन् र ती के के हुन् ? उल्लेख गर्नुहोस् ।

(ङ) हालका आसियानका महासचिव को छन् ? सोधखोज गरी लेख्नुहोस् ।

२. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) आसियानको स्थापना कहिले र कसरी भयो ? छोटकरीमा लेख्नुहोस् ।

(ख) इन्टरनेट वा पुस्तकहरूको सहयोग लिई आसियानमा कुन कुन राष्ट्रहरूले कहिले कहिले प्रवेश गरे भन्ने कुरा खोज्नुहोस् ।

(ग) कुनै पनि सङ्गठनको कार्यकारी अङ्गको परिचय दिँदै यसका प्रमुख कामहरू लेख्नुहोस् ।

(घ) आसियानको शिखर सम्मेलन सुरुमा प्रत्येक १० वर्षमा गरिन्थ्यो तर हाल बर्सेनि गरिन्छ ? यसरी बर्सेनि शिखर सम्मेलन गर्दा ती राष्ट्रहरूलाई हुने फाइदाहरू के के हुन् ? एक अनुच्छेदमा आफ्नो विचार लेख्नुहोस् ।

(ङ) तपाईंलाई मनपर्ने आसियानका कुनै दुई उद्देश्यहरू लेख्नुहोस् र तपाईंलाई ती उद्देश्यहरू राम्रा लाग्नुका कुनै दुई कारणहरू दिनुहोस् ।

(च) "दक्षिणपूर्व एसियामा सद्भाव र सहयोग सन्धि" Treaty of Amity and Cooperation in South East Asia (TAC) कहिले भएको थियो र यसले के कुरालाई जोड दिएको थियो ?

## परियोजना कार्य

कुनै १० ओटा क्षेत्रीय वा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरूको खोजी गरी निम्न अनुसारको तालिका बनाएर लेख्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

| क्र.सं. | सङ्घ/संस्थाको नाम | स्थापना | उद्देश्य |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## पाठ - ५ आसियानका गतिविधि

दक्षिणपूर्वी एसियाको आर्थिक, सामाजिक विकास एवम् अध्ययनका लागि बनेको यो संस्था निकै प्रभावकारी क्षेत्रीय सङ्गठनको रूपमा विकसित भएको छ । सन् २००८ डिसेम्बर १५ मा इन्डोनेसियामा भएको भेलाले यसलाई पनि युरोपेली सङ्घको जस्तै आर्थिक गतिविधिहरूमा संलग्न गराउने योजना तर्जुमा गऱ्यो । तर सन् २००७/००८को आर्थिक मन्दी भने यसको उद्देश्यका बाधक भयो । त्यसैगरी मानव अधिकार संरक्षणको क्षेत्रमा पनि यो सङ्गठनले अग्रगामी पाइला चाल्ने उद्देश्यका साथ सन २००९ मा "आसियान अन्तरसरकारी मानवअधिकार आयोग" अर्थात ASEAN Intergovernmental Commission on Human Rights (AICHR) समेत गठन गरी आसियान मानवअधिकार घोषणापत्र नै जारी गरिसकेको छ ।

### १. आसियानको विस्तार र एकीकरण (Expansion and integration of - ASEAN)

भियतनामको युद्धको अन्त्यपछि यस क्षेत्रमा शक्ति सन्तुलन भएकाले सन् १९७० को दशक यो संस्थाका लागि उपयोगी नै भयो । सन् १९७६ मा इन्डोनेसियाको बालीमा भएको यसको प्रथम शिखर सम्मेलनले औद्योगिक परियोजनाका सम्झौताहरूमा हस्ताक्षर गर्दै "सद्भाव र सहयोग सन्धि" (Treaty of Amity and Cooperation) गरी घोषणापत्र जारी गऱ्यो । सन् १९९० को दशकमा अमेरिका र रुसबिचको शीत युद्धको अन्त्य भएपछि आसियान व्यापार र सुरक्षा क्षेत्रको एक नेतृत्वदायी भूमिकाका रूपमा स्थापित हुने प्रयास गऱ्यो । सन् १९९० मा चीन, जापान र दक्षिण कोरियाको समेत सहभागितामा यसले पूर्वी एसियाको आर्थिक एकाइका रूपमा आफूलाई विकसित गर्ने पहल गरेको थियो तर जापानको असहमतिका कारणले यो योजना सफल हुन सकेन । सन १९९२ मा आसियान खुला/स्वतन्त्र व्यापार क्षेत्रको सम्झौता (ASEAN Free Trade Area (AFTA) भयो । परिणामस्वरूप यस क्षेत्रको व्यापार र आर्थिक अवस्थामा ठुलो परिवर्तन आयो । सन् १९९७ देखि "चियाङ माई पहल" (Chiang Mai Initiative) मार्फत् चीन, जापान र दक्षिण कोरिया पनि आसियानका आर्थिक गतिविधिहरूमा संलग्न रहे । यसलाई "आसियान जोड तीन" (ASEAN Plus Three) को संयोजन समेत भन्नुपर्ने हुन्छ । यो समूहले मानव अधिकार र व्यापारको क्षेत्रमा नभई शान्ति र स्थिरतामा पनि विशेष पहल गरेको छ । सन १९९५ को डिसेम्बरमा १५ मा दक्षिणपूर्व एसियाली आणविक शस्त्रास्त्र मुक्त क्षेत्र सम्बन्धी सन्धिमा हस्ताक्षर गर्न यसका सदस्यहरू राजी भए ।

### २. आसियान नीति (ASEAN Way)

आसियानले कुनै पनि समस्याको शान्तिपूर्ण रूपमा समाधान गर्ने आफ्नो नीति तय गऱ्यो । यस नीतिबमोजिम सर्वप्रथम कुनै विषयमा निर्णय गर्दा स्थानीय परम्परा, संस्कृति र चलनको मर्यादालाई सम्मान गर्ने निर्णय भयो । आसियानको यो नीतिलाई अन्तर्राष्ट्रिय जगत्ले समेत प्रशंसा गर्दै द्वन्द्व निरूपणको उत्कृष्ट नीति

मानेको छ । आसियान नीतिले सल्लाह, समझदारी, अहस्तक्षेप र पीडित एवम् तल्लो वर्गको हितलाई ध्यानमा राख्दछ । सहयोग, सद्भाव र संयोजनको माध्यमबाट जस्तासुकै समस्याको पनि शान्तिपूर्वक समाधान गर्न सकिन्छ भन्ने यसको प्रमुख विश्वास हो ।

यो सङ्गठनको प्रभावकारिताको उच्च मूल्याङ्कन गर्दै सन् २००६ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभामा यसलाई पर्यवेक्षकको रूपमा निम्ता गरियो । यसै अवसरमा संयुक्त राष्ट्र सङ्घले यो सङ्गठनलाई आफ्नो "संवादको साथी" (dialogue partner) को उपाधिले सम्मानित समेत गर्‍यो ।

### ३. आसियान समुदाय (ASEAN Community 2015)

निश्चित उद्देश्यमा सीमित रहेको यो सङ्गठन विस्तारै विस्तारित हुँदै गयो । यसले सदस्य सङ्ख्यामा भन्दा आफ्नो गुणस्तर र कार्यक्षमतामा वृद्धि गर्दै गयो । यसको सन २०१५ को क्वालालम्पुर सम्मेलनले सम्मेलनले "आसियान दृष्टिकोण २०२०" (ASEAN Vision 2020) लाई अझै व्यवस्थित गर्नका लागि आफ्ना समुदाययहरू निर्धारण गरी अगाडि बढ्ने योजना बनायो । ती समुदायहरू यस प्रकार छन:

(क) आसियान राजनीति सुरक्षा समुदाय (ASEAN Political-Security Community)

(ख) आसियान आर्थिक समुदाय (ASEAN Economic Community)

(ग) आसियान सामाजिक सांस्कृतिक समुदाय (ASEAN Socio-Cultural Community)

#### (क) आसियान राजनीति सुरक्षा समुदाय (ASEAN Political-Security Community)

आसियानले बलियो राजनीतिक सुरक्षा सिर्जना गर्ने लक्ष्यका लागि आफ्नो बडापत्रमा आधारित भई सुरक्षा कार्य योजना तयार गरेको छ । राष्ट्रिय र क्षेत्रीय सुरक्षाका लागि सुरक्षा सामग्रीहरूको आपूर्ति र निर्माणमा कटौती गर्ने कार्य योजनाले लक्ष्य बनाएकोछ । समुद्री सुरक्षामा सामूहिक पहल गर्ने, मानवीय रूपले सहयोग गर्ने र आतङ्कवाद विरुद्ध सहकार्य गर्ने यो कार्य योजनाको प्रमुख केन्द्र हो ।

#### (ख) आसियान आर्थिक समुदाय (ASEAN Economic Community)

आसियान आर्थिक समुदायको प्रमुख लक्ष्य भनेको एकीकृत आर्थिक पहलको थालनी हो । सन् २००७ को सिङ्गापुर सम्मेलनले आर्थिक समुदाय स्थापनाको गुरुयोजना तय गरेको थियो । यसले एकीकृत बजार व्यवस्थापन र उत्पादन, प्रतिस्पर्धी आर्थिक क्षेत्र, व्यवसायिक विकासको क्षेत्र तथा विश्वव्यापी एकीकृत आर्थिक क्षेत्रको विकासलाई जोड दिएको थियो । यसको लागि आसियान बैङ्किङ योजना र एकीकृत आर्थिक मार्गचित्र तय गरेको छ ।

व्यापार र व्यावसाय समृद्धिको एउटा आधार हो । अत: अस्ट्रेलिया, न्यूजिल्यान्ड र भारतसँग समेत स्वतन्त्र व्यापारको थालनी भएको छ । यसको लक्ष्य नै एसियाली स्वतन्त्र व्यापार हो । पर्यटन अर्को यसको क्रियाकलाप हो । यसले भिसा नीतिलाई सहजीकरण गर्ने नीतिका साथ क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष गरी

जनशक्ति परिचलन गरेको छ ।

### (ग) आसियान सामाजिक सांस्कृतिक समुदाय (ASEAN Socio-Cultural Community)

आसियानले जनता केन्द्रित गतिविधिहरू सञ्चालन गर्ने उद्देश्यले सामाजिक र सांस्कृतिक समुदायको स्थापना गरी सहभागितामूलक र सौहार्दपूर्ण समाजको सिर्जनामा जोड दिएको छ । यस प्रकारको समुदायको सिर्जना गर्नका लागि मूल रूपमा मानव विकास, सामाजिक कल्याण, सामाजिक न्याय, अधिकारको संरक्षण, वातावरणीय स्थिरता आदि कुराहरूलाई दृष्टिगत गरिएको छ ।

## ४. आसियान वैदेशिक सम्बन्ध (ASEAN Foreign relation)

आसियानले दर्जनौं मुलुक, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरूसँग आवद्ध हुने र विश्वव्यापी सञ्जाल बनाउने यसको लक्ष्य भएकाले चीन, जापान, दक्षिण कोरिया, भारत, अस्ट्रेलिया र न्युजिल्यान्डलाई आफ्ना निश्चित कार्यक्रमहरूको साझेदार बनाइसकेको छ । आफ्नो उद्देश्यबमोजिम पूर्वी एसियाली सम्मेलनहरूमा पनि यसको प्रत्यक्ष वा अप्रत्यसहभागिता रहिआएको छ । अन्तर्राष्ट्रिय सम्बन्ध र सञ्जाल स्थापित गर्ने उद्देश्यले आसियानका विभिन्न सम्मेलनहरूमा क्षेत्रीय र विश्वव्यापी मुद्धाहरूमा छलफल हुने गर्दछ ।

## ५. आसियान र वातावरण (ASEAN and Environment)

आसियान वातावरणका सम्बन्धमा पनि सचेत सङ्गठन हो । यसले वातावरण संरक्षणसम्बन्धी कार्य योजना बनाउने र छलफलहरू चलाउने गरेको छ । वायु प्रदूषण नियन्त्रण गर्ने, प्लास्टिक उत्पादनमा नियन्त्रण गर्ने, वन संरक्षण गर्ने आदि जस्ता वातावरणसम्बन्धी सन्धिमा यसले हस्ताक्षर समेत गरेको छ ।

## ६. आसियान र शिक्षा (AEAN and Education)

आसियानका सदस्य राष्ट्रहरूले शिक्षा क्षेत्रमा प्रशस्त लगानी गरी व्यवसायिक र साधारण शिक्षाको विकासमा जोड दिएका भए पनि व्यावसायिक शिक्षाको स्तर भने खासै बढ्न सकेको छैन । यस क्षेत्रमा शिक्षाको समुचित विकासका लागि आसियानका शिक्षा मन्त्रीहरूले निम्न प्राथमिकताहरूमा प्रतिबद्धता जनाएका छन् :

(अ) आसियानका नागरिकहरूमा चेतनाको विकास गर्ने

(आ) शिक्षाकै माध्यमबाट आसियानलाई परिचित गराउने

(इ) आसियान विश्वविद्यालय सञ्जाल बनाई शिक्षाको स्तर वृद्धि गर्ने

(ई) आसियान विश्वविद्यालय सञ्जालको माध्यमबाट उच्च शिक्षाको प्रबन्ध मिलाउने ।

यस क्षेत्रको शैक्षिक विकासको लागि दक्षिणपूर्व एसियाली इन्जिनियरिङ शिक्षा विकास सञ्जाल परियोजना एक स्वशासित सञ्जालको रूपमा विकसित भएको छ । सिङ्गापुरले आसियान मुलुकका विद्यार्थीहरूका लागि विभिन्न तहहरूमा छात्रवृत्ति उपलब्ध गराएको छ ।

## ७. आसियान र संस्कृति (ASEAN and Culture)

संस्कृति मानव जीवनको आधार हो । त्यसैले आसियानले एकअर्काको संस्कृतिको सम्मान र संरक्षणका लागि सांस्कृतिक विभिन्न माध्यमबाट कार्यक्रमहरूको आदाप्रदान र संरक्षण गर्ने पहल गरेको छ । यसअन्तर्गत खेलकुद तथा शैक्षिक गतिविधिहरूसमेत समावेश गरिएका छन् । त्यसैगरी आसियान सम्पदा उद्यानको समेत स्थापनाले यसको सांस्कृतिक गतिविधिमा अझै टेवा पुऱ्याएको छ ।

## ८. आसियान र सञ्चार (ASEAN and Media)

आसियानले अन्तर्राष्ट्रिय जगतमा आफ्नो पहिचान कायम राख्न र सूचनाहरूको आदाप्रदानको लागि पनि कदम चालेको छ । यसको लागि सन १९७८ मा "आसियान सूचना तथा संस्कृति समिति" समेत बनेको छ । प्रभावकारी सूचना प्रवाह गर्नु यसको मुख्य जिम्मेवारी हो । सन २०१४ आसियानका विदेश मन्त्रीहरूको भेलाले आसियान सञ्चार गुरुयोजना समेत तयार गऱ्यो ।

यसप्रकार आसियान विश्वको एक प्रभावकारी र सफल सङ्गठनको रूपमा विकसित भएको छ । यसले अन्तर्राष्ट्रिय स्तरका व्यक्ति तथा संस्थाहरूबाट समेत सम्मान प्राप्त गर्न सकेको छ । यो केवल १० ओटा राष्ट्रको मात्र सङ्गठन नभएर यसका सम्मेलनहरूमा विश्वव्यापी एवम् अन्य क्षेत्रीय सङ्गठनहरूबाट समेत पर्यवेक्षकको रूपमा प्रतिनिधित्व हुने गरेको छ । यसले विश्वव्यापी मुद्दाहरूमा आफ्ना विचारहरू अभिव्यक्त गर्ने गर्दछ ।

यति हुँदाहुँदै पनि विश्वसमुदायले यसका केही कमजोरी औंल्याएका छन् । यी मुलुकहरू आपसी सीमासम्बन्धी विवाद मिलाउन सफल भएका छैनन् । कम्बोडिया र थाइल्यान्डको सिमा समस्या, मलेसियाका केही भूमिहरू माथि फिलिपिन्सको दावी, बेलाबेला एक मुलुकले अर्को मुलुकमाथि गर्ने सैनिक हमला, दक्षिण चिनिया समुद्र (South China Sea) माथि भियतनाम, मलेशिया र ब्रुनाइको दावी आदि आसियानको असफलताका क्षेत्रहरू हुन् । मानव अधिकारको क्षेत्रमा पनि इन्डोनेसियालाई मानवअधिकार हनन गरेको आरोप लागि रहन्छ । इन्डोनेसियाको पश्चिमी पपुवा प्रान्तमा चलिरहेको पृथकतावादी आन्दोलनमा सन् १९६० देखियता ५ लाखभन्दा धेरै आदिवासीहरूको ज्यान जाने गरी हमला गरिएको आरोप इन्डोनेसियाले सधैं भोग्नुपरिरहेको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) आर्थिक मन्दी भन्नाले के बुझिन्छ ?

(ख) आर्थिक मन्दी कसरी आसियानको लागि बाधक भयो ? एक वाक्यमा लेख्नुहोस् ।

(ग) आसियानको बाली सम्मेलन किन महत्त्वपूर्ण मानिन्छ ?

(घ) "चियाङ माई पहल" (Chiang Mai Initiative) पहल आसियानको आर्थिक विकासमा किन महत्त्वपूर्ण मानिन्छ ?

(ङ) आसियान नीतिलाई संयुक्त राष्ट्र सङ्घले कसरी सम्मानित गऱ्यो ?

(च) आसियानले आफ्ना सम्मेलनहरूमा के कस्ता विषयमा छलफल चलाउँछ ?

(छ) पृथकतावादी आन्दोलन भनेको कस्तो आन्दोलन हो ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) "आसियान अन्तरसरकारी मानवअधिकार आयोग" अर्थात् ASEAN Intergovernmental Commission on Human(AICHR) भनेको कस्तो आयोग हो र यस्ता आयोगका उद्देश्यहरू के हुन सक्छन् ? साथीहरूसँग छलफल गरी एक अनुच्छेद लेख्नुहोस् ।

(ख) आसियानका अन्य साझेदार राष्ट्रहरूको नाम लेख्नुहोस् ।

(ग) आसियान नीतिको छोटकरीमा परिचय दिनुहोस् ।

(घ) "आसियान दृष्टिकोण २०२०" (ASEAN Vision 2020) लाई प्रभावकारी बनाउनका लागि आसियानले कस्तो रणनीती अवलम्बन गरेको छ ? चर्चा गर्नुहोस् ।

(ङ) आसियान र शिक्षा भन्ने विषयमा सङ्क्षिप्त छलफल गर्नुहोस् ।

(च) आसियानले सीमा र मानव अधिकार सम्बन्धी के कस्ता विषयहरूमा विश्वसमुदायको आलोचना खेप्नु परिरहेको छ ? एक निबन्ध तयार गर्नुहोस् ।

## परियोजना कार्य

विभिन्न पुस्तक, पत्रिका एवम् इन्टरनेटको सहयोगमा भियतनामको युद्धसम्बन्धी तथ्यहरू सङ्कलन गर्नुहोस् र एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

❍❍❍

एकाइ ७

# प्रयोगात्मक क्षेत्र

## पाठ - १ ऐतिहासिक खोज

### १. परिचय

विभिन्न किसिमका तथ्य र तथ्याङ्कहरूको सत्यता प्रमाणित गरेपछि मात्र इतिहासको लेखन गरिन्छ । काल्पनिक कुराहरूले इतिहासमा कुनै महत्त्व राख्दैनन् । अतः इतिहासले विगतका गतिविधिहरूलाई यथार्थ रूपमा वर्णन गर्दछ । अतः इतिहास विगतका घटनाहरूको प्रामाणिक अध्ययन र लेखन हो । विभिन्न किसिमका आधार, तरिका र स्रोतहरूको सहयोगमा विगतका तथ्य तथ्याङ्कहरूको अन्वेषण, अनुसन्धान र खोजी गर्नु नै ऐतिहासिक खोज हो । संसारका हरेक चिज वस्तुहरूको आफ्नो इतिहास छ र त्यसको खोजी गर्ने काम हामीले गर्दछौँ । हाम्रो कक्षामा रहेको मेचको पनि लामो इतिहास छ । मेच बनाइएको काठ पहिले कुनै जङ्गलमा कुनै जातको रुखका रूपमा थियो । त्यो रुख सानो बिरुवा छँदा हावा, पानी, बाढी, घाम, पशु, पक्षी, किरा, फट्याङ्ग्राले पटकपटक मुन्टा, पात, बोक्रा जरा खाएर, टोकेर दुःख दिएका थिएका पनि हुन सक्छन् । तर सौभाग्यले ठुलो र आकर्षक रुख भयो । कुनै दिन सो रुख ढालियो अनि विभिन्न प्रक्रियाहरू पूरा गरी मेच बनाइयो । ऐतिहासिक खोजमा यी सबै कुराहरूको तथ्यपूर्ण खोज गरिन्छ । ऐतिहासिक खोज गर्दा समय, स्थान, कारण (परिवेश), घटना, परिणाम र भविष्यमा पर्न सक्ने असरको समेत अन्वेषण गरिन्छ ।

### २. पूर्वजहरूको खोज

हामीभन्दा अघिल्लो पुस्ताका मानिसहरू हाम्रा पूर्वज हुन् । वर्तमान विश्वमा देखिएका र अनुभव गरिएका सम्पूर्ण कुराहरू पूर्वजको योगदानका परिणामहरू हुन् । हाम्रो अस्तित्त्व पूर्वजको योगदानको कारणले गर्दा स्थापित भएको हो । त्यसैले हामीलाई आजको अवस्थामा ल्याइपुऱ्याउने पूर्वजहरूको खोजी गर्नु, उनीहरूको सम्मान गर्नु र हाम्रा पूर्वजहरूका बारे आफ्ना सन्ततिलाई सिकाउनु हाम्रो कर्तव्य हो । पूर्वजको इतिहास थाहा पाउँदा हाम्रो सम्मान बढ्छ । आफ्नो परिचय र पहिचान कायम रहन्छ । पूर्वजको योगदानको कदर हुन्छ । हामीले भविष्यमा गर्नुपर्ने कुरामा मार्गनिर्देशन हुन्छ । हाम्रा सन्ततीहरूले आफ्ना पूर्वजका बारेमा सिक्ने अवसर पाउँछन् । आफ्नो धर्म, संस्कृति र सभ्यताले निरन्तरता पाउँछ । आफ्ना नातागोता चिनिन्छ र सम्पर्क बढ्छ भने सहयोगको आदानप्रदान पनि हुन्छ । आफ्नो इतिहास हरायो भने हामी कसका सन्तान, पहिले कस्ता दुःखसुख परे, हामीलाई पुर्खाहरूले कसरी उन्नतितिर लगाइदिए भन्ने कुरा हराउँछ । हाम्रो आफ्नो इतिहास हरायो भने पराइको इतिहास मान्नुपर्छ र हामीले दास बन्नुपर्ने बेला आउँछ । आफ्नो इज्जत, मर्यादा, अस्तित्त्व,

व्यक्तित्व बनाउन हामीले आफ्ना पुर्खाहरूको खोजी गर्नुपर्छ नत्र हाम्रो इज्जत घट्छ र परिचय हराउँछ । हामीले आफ्ना पुर्खाहरूको खोजी गर्नका लागि निम्नलिखित कुराहरू थाहा पाउनु पर्दछ ।

**परिचयः** परिचय भनेको आफना पूर्वजको नाम, थर, पेसा र नातासम्बन्धका विषयमा जान्नु हो ।

**भूगोल :** भूगोल भनेको स्थान वा ठाउँको जानकारी हो । यस अन्तर्गत पूर्वज हरू कुन कुन स्थानहरूमा बासोबास गरेका थिए, हाल हाम्रो परिवार कहाँ बसोवास गरिरहेको छ, त्यसभन्दा पहिले कहाँ कता बस्थ्यौं, हाम्रा पुर्खाका अरू सन्तान कहाँ बस्छन्, यहाँबाट बसाइँसराइ गरी हाम्रा वंशजहरू अन्यत्र कुन कुन स्थानमा गएका छन् भन्ने कुराको जानकारी हो ।

**काल :** काल भनेको समय हो । हाम्रा पूर्वजहरू कुन स्थानमा कति काल बसे, यस ठाउँमा बसेको कति पुस्ता भयो, यहाँबाट अन्यत्र बसाइसराइ गरेर गएको कति पुस्ता भयो भन्ने जस्ता कुराहरूको जानकारी कालको जानकारी हो ।

**पेसा/योगदान :** हाम्रा पूर्वज ले कुन कुन समयमा के कस्ता काम गरे भन्ने कुराको जानकारी पेसा वा योगदान हो ।

**लिखत :** हाम्रा पुर्खाले आफ्नो जमानामा राजा, रजौटा, सुब्बा, मुखिया, जिम्मावाल, तालुकदार, द्वारे, जस्ता कुनै पद वा अन्य सुविधाहरू पाएका भए त्यस पदको नियुक्तिपत्र, बहालीपत्र, रसिद, फार्से, पुर्जी, आदि खोज्नुपर्छ । त्यस्ता कुराहरू थाहा पाउने हाम्रा ज्येष्ठ व्यक्तिहरूको खोजी गरी उहाँहरूसँग सोधेर विवरण लिनुपर्छ । त्यसपछि बल्ल लेख्न सुरु गर्न सकिन्छ । अब पुर्खाको इतिहास खोजी गरेर लेख्ने बेलामा तलका बुँदाहरूलाई मुख्य आधार बनाउनु पर्दछ ।

आफ्ना पुर्खाहरूको खोजी गर्दा आफ्नो समुदायका बारेमा पनि खोजी गर्नुपर्छ र त्यसै ठाउँमा बस्नुको कारण पनि लेख्नुपर्छ । आफ्ना पुर्खाहरूको जीवनकालमा के कस्ता घटना वा काण्डहरू घटे, त्यसबारे पनि लेख्नुपर्छ । पुर्खाहरूको नामावली सूची (चार्ट) मा तयार पार्न सकिन्छ । चार्ट तयार पारेर मात्र पुग्दैन, पुर्खाहरूको पुरुषार्थ क्रियाकलापको सप्रमाण वयान गर्नुपर्छ । आफ्ना पुर्खाहरूको खोजी गर्ने काम कति समय लाग्छ, खर्चबर्च कति लाग्छ, कति जना मानिस चाहिन्छन्, कुन कुन ठाउँ क्षेत्रमा घुम्नुपर्छ र त्यसबाट केके कुराको ज्ञान पाइन्छ भन्ने एउटा परियोजना तयार पार्नुपर्छ । त्यसलाई अनुसन्धान प्रस्ताव भनिन्छ । अनुसन्धान प्रस्तावमा निम्नलिखित कुराहरू पर्दछन् :

१. परिचय (आफू र आफ्ना पुर्खाहरूको परिचय विवरण), पृष्ठभूमि :

२. आफ्ना पुर्खाहरूको खोजी गर्नुको उद्देश्य :

३. आफ्ना पुर्खाहरूको खोजी गर्दा प्रयोग गरेका विधिहरू । जस्तै :
   (क) स्थलगत भ्रमण, (ख) प्रमाण सङ्कलन, (ग) अन्तरवार्ता, (घ) फोटो, (ङ) नक्सा आदि

४. खोजी गर्नुपर्ने कारण र औचित्य (नखोजेमा के हुने ?)

५. विवरण (पुर्खाहरूको वर्णन परेको मूल खण्ड)

६. उपलब्धि (पुर्खाहरूको खोजी गर्दा केके नयाँ र महत्त्वका कुरा थाहा भयो ?)

७. निष्कर्ष (पुर्खाहरूको खोजीको ऐतिहासिक सारवस्तु)


**आफ्नो समुदायका ऐतिहासिक घटनाहरूको सङ्कलन**

समुदायमा राजनीतिक, सामाजिक, आर्थिक, विकास निर्माण आदि सम्बन्धी विभिन्न क्रियाकलापहरू भइरहेका हुन्छन् । यस्ता निरन्तर प्रक्रियाहरूको परिणामस्वरूप समाजले अग्रगति लिएका हुन्छ नयाँ कुराहरू स्थापित हुँदै जान्छन् । हाम्रो समाजमा भएका विगतका यस्ता सबै घटना र गतिविधिहरू ऐतिहासिक घटनाहरू हुन् । यस्ता हरेक घटनाका निश्चित मिति, पृष्ठभूमि, कारण, ती घटनामा संलग्न व्यक्तिहरू, घटना विवरण, त्यस्ता घटनाले समाजमा पारेका परिणामहरू हुन्छन् । हाम्रो समुदायका ऐतिहासिक घटनाहरूको सङ्कलन गर्दा सम्भव भएमा माथिका सबै कुराहरूको सङ्कलन गर्नुपर्दछ । आफ्नो समुदाय (स्थान, भूगोल), काल (मिति), कारण, घटना र परिणामहरू भने इतिहासका निकै महत्त्वपूर्ण पक्षहरू भएकाले यिनीहरूलाई छुटाउन मिल्दैन अर्थात् माथिका कुराहरूको अभावमा इतिहास बन्न सक्दैन । यसरी विभिन्न घटनाहरूको सङ्कलन गर्दा आवश्यक स्रोतहरूको समेत उल्लेख र संरक्षण गर्नुपर्दछ । तलको नमुनाका आधारमा हाम्रो समुदायका ऐतिहासिक घटनाहरूको सङ्कलन गर्न सकिन्छ ।

| मिति | कारण | घटना विवरण | परिणाम | कैफियत/स्रोत |
|---|---|---|---|---|
| २००७ चैत्र ४ | गोविन्दराम शर्माले माग गरेकाले | ग्राम पंचायत तानसेन, पाल्पाले चन्द्रकोट लिग्दीमा स्कुल स्थापना गर्नका लागि दयानिधि शर्मालाई जिम्मेवारी प्रदान | स्कुलको स्थापना | टोल समितिद्वारा लेखिएको पत्र |
| | | | | |

**आफ्नो वंशावली चार्ट निर्माण**

कुनै पनि मानिसका पूर्वजहरूको उत्पत्ति भएदेखि हालसम्मका विभिन्न व्यक्तिहरूको नामावलीलाई वंशावली भनिन्छ । यसमा पूर्वजका योगदान, बसोबास गरेका स्थान, बसाइँसराइ आदि कुराहरूको उल्लेख समेत गरिन्छ । पुरानो पुस्तामा महिलाहरूको नाम राख्ने परम्परा देखिँदैन । सम्भव भएसम्म महिलाहरूको विवरण पनि संलग्न गर्दा इतिहास खोज गर्न सजिलो हुन्छ । वंशावली चार्ट बनाउने विभिन्न नमुनाहरू हुन्छन् । त्यसमध्ये एउटा नमुना यहाँ प्रस्तुत गरिएको छ ।


रतन पाध्य
करिब १३औं पुस्तापछि
बालानन्द पाध्य
षडानन्द पाध्य
काशिराम
सिद्धु
कमलापति
चक्रपाणि
पदमपाणि
दारम (न:सन्तान)
पशुपति (वर्मा गएका)
उदानन्द
चक्रपाणि
पदमपाणि
चूडामणि
दधिराम
गङ्गाराम (वर्मा गएका)
चिन्तामणि/ नन्दकला
जयलाल (वर्मा गएका)
गोविन्द/ चित्रकला
जयलाल/ पवित्रा
विष्णुदत्त/ बालिका
गोपाल/ सीता
आशा
कुस्माखर/ लक्ष्मी
टीकानिधि/टीका कुमारी, सरस्वती
बाबुराम/बिमला
सुजन
सुरुचि
रेशम/ इन्दिरा
सीता
सावित्रा
केशव
दीपेन्द्र/ शान्ति
छवि/ अमृता
स्व. राधिका
पुष्पा
उषा
प्रशान्त
प्रशान्त

## अभ्यास :

१. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) इतिहास के हो र यसमा काल्पनिक कुराहरूले मान्यता नपाउनुको कारण के हो ?

(ख) ऐतिहासिक खोज भनेको कस्तो खोज हो ?

(ग) हामीले आफ्ना पूर्वजको खोजी गर्दा हुने कुनै चारओटा फाइदाहरू लेख्नुहोस् ।

(घ) हामीले आफ्ना पुर्खाहरूको खोजी गर्नका लागि के के कुराहरू थाहा पाउनु पर्दछ ? सूची बनाई लेख्नुहोस् ।

(ङ) अनुसन्धान प्रस्ताव भनेको के हो र यसमा के कस्ता कुराहरू समेटिनुपर्दछ ?

(च) माथिको वंशावली चार्टमा कति पुस्ताको नामावली पाइन्छ ?

## प्रयोगात्मक कार्य (यस कार्यअन्तर्गत शिक्षकको निर्देशनमा निम्नलिखित कार्यहरू गर्ने)

१. तपाईंले आफ्ना पूर्वजहरूको खोजी गर्नका लागि एउटा अनुसन्धान प्रस्ताव तयार गर्नुहोस् ।

२. तपाईंको समुदायमा विगत पाँच वर्षको अवधिमा घटेका विभिन्न घटनाहरू सङ्कलन गरी आफ्नो समुदायको पाँच वर्षको इतिहास लेख्नुहोस् ।

३. तपाईंको आफ्नो वंशावली चार्ट बनाउनुहोस् ।

४. तपाईंको परिवार वा वंशका कुनै जेष्ठ नागरिको सहयोगमा आफ्नो बंशको विवरण तयार गरी तलको नमुनामा लेख्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

### मेरो वंशावली विवरण

वंश/थर :

उत्पत्ति भएको स्थान:

वंशका सबैभन्दा पुराना मानिसको (मूल व्यक्ति) नाम :

मूलव्यक्ति र उनका सन्तानको पेसा:

बसाइँसराइ भएका स्थानहरू:

बसाइँसराइ गर्नुपर्ने कारण:

हाल रहेको स्थान:

हालको स्थानमा आएका व्यक्ति:

यस स्थानमा आएर बसेका अन्दाजी वर्ष:

यस स्थानमा आउनु पर्नाको कारण:

५. तपाईंको गाउँमा वन, खानेपानी, साँध सिमाना, लेनदेन, विवाह, सम्बन्ध बिच्छेद आदि विषयमा कुनै समयमा कुनै विवाद परेको हुनसक्छ । त्यस विषयमा तपाईंको समुदायका ज्येष्ठ नागरिकसँग सोधी खोजी गरी त्यसको निराकरण कसरी भएको थियो भन्ने समेतको विवरण तयार पारी कक्षामा सुनाउनुहोस् ।

६. आफ्ना पुर्खाहरूको नामसूची तयार पारी वंशाबलीको चार्ट तयार पार्नुहोस् ।

७. पृथ्वीनारायण शाह, राजेन्द्रलक्ष्मी, बहादुर शाह र भीमसेन थापाको समयमा नेपाल एकीकरणको सिलसिलामा भएका विभिन्न युद्धहरूको सूची बनाउनुहोस् ।

| क.सं. | मिति | युद्ध भएको स्थान | परिणाम |
|---|---|---|---|
| १. | वि.सं. १८०० | नुवाकोट | पराजय |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

८. नेपाल एकीकरणको पहिलो, दोस्रो र तेस्रो चरणका मिति र घटनाहरूलाई छुट्टाछुट्टै समय रेखा (Time Line) मा देखाउनुहोस् ।

९. कक्षामा पृथ्वीनारायण शाह सम्बन्धी, पृथ्वीजयन्तीका अवसरमा प्रकाशितपत्र पत्रिकाहरूको कटिङ जम्मा पारी विभिन्न आकार दिई आकर्षकरूपमा प्रदर्शन गनुहोस् ।

१०. आफ्ना गाउँ टोलमा रहेको कुनै एक प्रशिद्ध धार्मिकस्थल वा मन्दिरका वारेमा अध्ययन गरी तलका बुँदाको आधारमा प्रतिवेदन तयार गर्नुहोस् ।

- धार्मिक स्थलको परिचय
- अध्ययनको उद्देश्य
- अध्ययन विधि
- पत्ता लगाइएका तथ्य
- अध्ययनको निष्कर्ष

११. पाना भरिने गरी नेपालका तीन ओटा नक्सा बनाउनुहोस् । त्यसमध्ये पहिलो नक्सामा बाइसे, दोस्रोमा चौबिसे र तेस्रोमा उपत्यका र पूर्वी राज्यहरू देखाउनुहोस् ।

१२. तपाईंको आफ्नो समाजका समाज सुधारमा सक्रिय कुनै महिलाको परिचय दिँदै उहाँले गरेका कामहरूको सूची बनाउनुहोस् ।

१३. सुगौली सन्धिपूर्वको नेपालको नक्सा बनाई नेपाल अङ्ग्रेज युद्ध भएका विभिन्न पाँच मोर्चाहरू देखाउनुहोस् ।

१४. तपाईंको समुदायमा पनि जनजागरणको लागि विभिन्न किसिमका सङ्घ/संस्थाहरू स्थापना भएका होलान् । ती सङ्घ/संस्थाका संस्थापकहरूमध्ये कुनै एकजनालाई भेट्नुहोस् र संस्थाका उद्देश्य तथा क्रियाकलापको सूची बनाउनुहोस् । यदि तपाईंको समुदायमा त्यस्ता संस्था छैनन् भने शिक्षक वा अन्य साथीहरूको सहयोगमा कुनै संस्थाका उद्देश्य तथा क्रियाकलापहरूको सूची बनाउनुहोस् ।

१५. पुस्तक, पत्रपत्रिका वा इन्टरनेटको सहयोग लिई २००७ सालको क्रान्तिमा योगदान दिने कुनै व्यक्तिका विषयमा अध्ययन गरी तलको नमुनामा जीवनीमूलक छोटो परिचय तयार गर्नुहोस् ।

नाम :

जन्म :

स्थान :

मुख्य योगदान :

समाजमा पारेको प्रभाव :

**राष्ट्रले गरेको सम्मान**

१६. वि.सं. २०१५ साल र २०७४ सालको निर्वाचनको तुलना गर्दै "प्रतिनिधि सभाको निर्वाचन" शीर्षकमा एउटा लेख लेख्नुहोस् ।

१७. पाना भरिने गरी विश्वको रेखाङ्कित नक्सा बनाउनुहोस् र प्राचीन सभ्यता विकसित भएका स्थानहरू देखाउनुहोस् ।

१८. पाना भरिने गरी दुईओटा विश्वको नक्सा बनाउनुहोस् र एउटामा प्रथम विश्वयुद्धमा सहभागी देशहरू र अर्कोमा दोस्रो विश्वयुद्धमा सहभागी देशहरू देखाउनुहोस् ।

१९. पाना भरिने गरि एसिया महादेशको नक्सा बनाई आसियान र सार्क सदस्य राष्ट्रहरूको नाम लेख्नुहोस् ।

❍❍❍